## अध्याय एक

# शोध परिचय

### १.१ विषय परिचय

प्रस्तुत शोधपत्रको शीर्षक *डिल्लीरमण शर्मा अर्ज्यालको खण्डकाव्यकारिता* रहेको छ । कवि डिल्लीरमण अर्ज्याल विशेषतः पद्य कविताको फाँटमा चर्चित नाम हो । आफ्नो जीवनको विद्यार्थी कालदेखि नै साहित्यमा विशेष अभिरुचि राख्ने अर्ज्यालले साहित्य लेखनको अभ्यास पनि जीवनको पूर्वार्धबाट नै गरेको पाइन्छ । अर्ज्यालले वि.स. २०१३ देखि संस्कृत भाषामा कविता सिर्जना गरी साहित्यको क्षेत्रमा पाइला टेकेका थिए । औपचारिक रूपमा वि.स.२०२० मा संस्कृत भाषामा लेखिएको **श्रीरङ्गस्तुति** नामक खण्डकाव्य प्रकाशित भएको थियो । यो नै अर्ज्यालको पहिलो प्रकाशित साहित्यिक कृति हो । नेपाली भाषामा भने वि.स.२०४६ सालदेखि कलम चलाएको पाइन्छ । उनको नेपाली भाषामा लेखिएको पहिलो कृति **वेदनिधि** (२०४६) (शोककाव्य) हो । जीवनयापनका क्रममा शिक्षक पेसा छाने पनि अर्ज्यालले साहित्य साधनामा पनि समय दिएको देखिन्छ । उनी झण्डै पाँच दशकदेखि साहित्य सिर्जनामा लाग्दै आएको पाइन्छ । उनले कथा, निवन्ध, समालोचना, संस्मरण आदि विधामा  कलम चलाएको पाइए पनि उनको प्रमुख विषय क्षेत्र कविता नै भएको देखिन्छ ।

स्रष्टा एवम् द्रष्टा व्यक्तित्वका धनी अर्ज्यालले नेपाली भाषासाहित्यको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । प्रस्तुत शोधपत्रमा यिनै साहित्यकार अर्ज्यालका पाँचवटा खण्डकाव्यहरूमध्ये तीनवटा (**थोपल, रेडक्रस परिचय** र **नेपाल दर्शन**)को मात्रै विधातत्त्वका आधारमा व्याख्या विवेचना गरिएको छ ।

### १.२ समस्याकथन

वि.स.२०२० देखि नै साहित्यका क्षेत्रमा प्रवेश गरेका अर्ज्याल पद्य कवितालेखनमा बढी सक्रिय देखिन्छन् । उनले सङ्ख्यात्मक तथा गुणात्मक दुबै दृष्टिले केही राम्रा कृतिहरू प्रदान गरेर नेपाली साहित्यको संवर्धन गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा अध्ययन भए तापनि समग्र खण्डकाव्य कृतिको ठोस रूपमा अध्ययन हुन सकेको छैन

। यस परिप्रेक्ष्यमा प्रस्तुत शोधपत्रमा खण्डकाव्यकार अर्ज्याल र उनका खण्डकाव्यसँग सम्बद्ध रही निम्नलिखित समस्याको समाधान गर्ने काम गरिएको छ -

क) कवि डिल्लीरमण शर्मा अर्ज्यालको परिचय के कस्तो छ ?

ख) उनका खण्डकाव्यमा के कस्ता विषयवस्तुहरू प्रयोग गरिएका छन् ?

ग) उनले खण्डकाव्यमा प्रयोग गरेको लय तथा भाषाशैली के कस्तो रहेको छ ?

घ) उनका खण्डकाव्यहरूको संरचना के कस्तो रहेको छ ?

ङ) अर्ज्यालको खण्डकाव्यगत प्रवृत्ति के कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

समस्याकथनमा उठेका समस्याहरूको समाधानका लागि यस शोधकार्यका उद्देश्यहरू निम्न लिखित छन् :

क) कवि डिल्लीरमण शर्मा अर्ज्यालको परिचय दिनु ।

ख) उनका खण्डकाव्यमा प्रयोग गरिएका विषयवस्तु केलाउनु ।

ग) उनले खण्डकाव्यमा प्रयोग गरेको लय तथा भाषाशैली खोतल्नु ।

घ) उनका खण्डकाव्यहरूको संरचनाको निरुपण गर्नु ।

ङ) अर्ज्यालको खण्डकाव्यगत प्रवृत्तिहरू खोतल्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

डिल्लीरमण शर्मा अर्ज्याल लामो समयदेखि साहित्य र साहित्येतर क्षेत्रमा महत्त्वपूर्ण योगदान दिँदै आएका व्यक्तित्व हुन् । विशेषगरी कविता विधासँग अर्ज्यालको सान्निध्यता बढी देखिन्छ । ‘डिल्लीरमण शर्मा अर्ज्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन’ शीर्षकमा शोधकार्य भइसकेको छ । तर पनि उनको खण्डकाव्यकारिताको बारेमा अध्ययन र विश्लेषण गरेर कुनै खास कृति प्रकाशन

गरिएको पाइँदैन । यहाँ उनका बारेमा हालसम्म भएका अध्ययन सम्बन्धी सन्दर्भलाई कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

घनश्याम कँडेलले **गङ्गाजमुना** (२०५८) कविता सङ्ग्रहमा 'सम्मति' शीर्षक लेखमा साहित्य र कलाका दृष्टिले पिछडिएको धादिङ जिल्लामा अद्यापि साधनारत साहित्यिक व्यक्तित्वका रूपमा डिल्लीरमण शर्मा अर्ज्यालको नाम आदका साथ लिनु पर्ने भन्दै सम्मानभाव प्रकट गरेका छन् । यस लेखले पनि अर्ज्यालको समग्र काव्यकारिताका उद्घाटन गर्न सफल भएको भने छैन ।

घनश्याम कँडेलले **छन्दपरिचय** (२०५८) कृतिमा प्रकाशित 'सम्पत्ति र शुभेच्छा' शीर्षक लेखमा डिल्लीरमण शर्मा अर्ज्याललाई छन्दका शास्त्रीय नियमहरूसित सुपरिचित रहेको उल्लेख गर्दै यस कृति प्रकाशन हुनुलाई ज्यादै ठूलो स्तुत्य कार्यको संज्ञा दिएका छन् । यति कुराले मात्रै अर्ज्यालको  काव्यकारिताको पूर्ण मूल्याङ्कन हुन सकेको देखिँदैन ।

रामचन्द्र लम्सालले **छन्दपरिचय** (२०५८) कृतिमा 'केही शब्द' शीर्षक लेखमा प्राथमिक कालदेखि नै नेपाली साहित्यको सेवामा धादिङ जिल्ला निरन्तर समर्पित रहेको उल्लेख गर्दै यस क्रममा दैवज्ञकेशरी अर्ज्यालदेखि डिल्लीरमण शर्मा अर्ज्यालसम्मका थुप्रै साहित्यिक स्रष्टा सर्जकको उल्लेखनीय भूमिका रहेको विचार व्यक्त गरेका छन् । नेपाली साहित्यको कविता विधाको विकासमा अर्ज्यालको भूमिकालाई सबैले सम्झनुपर्ने कुरामा उनले जोड दिएका छन्  ।

राष्टकवि माधवप्रसाद घिमिरेले **छन्दपरिचय** (२०५८)  कृतिमा प्रकाशित 'सम्मति' शीर्षक लेखमा छन्दमा लय हुन्छ भन्दै यस कुरालाई डिल्लीरमण शर्मा अर्ज्यालले पनि आफ्नो कृतिमा अनुशरण गरेकोमा साधुवाद प्रकट गर्दै कदर गरेका छन् ।

रविलाल अधिकारीले **जीवनको कथाव्यथाहरू** (२०५८) नामक संस्मरण सँगालोको भूमिकामा यस सङ्ग्रहमा प्रस्तुत संस्मरणले शिक्षा आर्जन गर्न चाहने प्रतिभाहरूलाई प्रभावकारी प्रेरणा प्रदान गर्ने भन्दै भाषिक सरलता, सहजता र गाउँले जनजीवनको प्रभावजस्ता कारणले यी संस्मरणहरू ज्यादै आकर्षक रहेका छन् भनी अर्ज्यालको कथाकौशलको प्रशंसा गरेका छन् ।

रामहरि लम्सालको 'धादिङ साहित्यकारको अध्ययन' त्रि.वि. स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र (२०५९)मा धादिङका साहित्यिक प्रतिभाहरूमध्ये डिल्लीरमण शर्मा अर्ज्याललाई उल्लेखनीय प्रतिभा हुन् भन्दै उनलाई मूलतः संस्कृत छन्दमा कविता लेख्न मन पराउने कविका रूपमा चित्रित गरेका छन् ।

घनश्याम कँडेलले **मुटु खायो** (२०६०) गीत सङ्ग्रहमा प्रकाशित 'सम्मति' शीर्षक लेखमा डिल्लीरमण शर्मा अर्ज्याल धादिङका असल शिक्षक र कुशल लेखकका रूपमा सुपरिचित रहेको उल्लेख गर्दै सेवा निवृत्त जीवनमा पनि पहिले जस्तै सक्रियताका साथ साधनारत रहेकोमा खुसी प्रकट गरेका छन् ।

बद्री खनालले **रेडक्रस-परिचय** (२०६१) खण्डकाव्यको भूमिकामा लोकलयमा आवद्ध गीति सङ्ग्रहदेखि लिएर व्याकरण जस्तो दुरूह विषयमा समेत कलम चलाएका डिल्लीरमण शर्मा अर्ज्याल मोफसलमा बसेर पनि साहित्य सिर्जनामा निष्काम कर्मको उदात्त भावनाबाट प्रेरित भई लागिपरेको भन्दै उनको जीवन आजको उपभोक्तावादी संस्कृतिमा हुर्केका व्यक्तिहरूका लागि प्रेरणादायी हुने कुरा उल्लेख गरेका छन् ।

विष्णराज आत्रेयले **श्रीमद्भागवत्माहात्म्य** (नेपाली गद्यानुवाद कथा) (२०६२) कृतिमा 'माहात्म्यको माहात्म्य' शीर्षक लेख प्रस्तुत गर्दै अर्ज्याल वंशको धेरै लामो इतिहास रहेको चर्चा

गरेका छन् । यस क्रममा धादिङे अर्ज्याल शाखाका डिल्लीरमण शर्मा अर्ज्याललाई उमेरले वन्दनीय र ज्ञानले अभिनन्दनीय व्यक्तित्वका रूपमा चर्चा गरेका छन् ।

यसरी माथि प्रस्तुत गरिएका पूर्वकार्यहरूमा विभिन्न लेखक व्यक्तित्वहरूले अर्ज्यालका बारेमा सामान्य समीक्षा, साहित्यिक इतिहासलेखन, अन्तर्वार्ताका साथै पुस्तकको भूमिका खण्डमा सङ्केतात्मक र सूचनात्मक अध्ययन प्रस्तुत गरे पनि उनका समग्र काव्यकृतिको बारेमा कसैले पनि विस्तृत अध्ययन गरेको देखिँदैन । तर यस्ता पूर्वकार्यहरूले प्रस्तुत शोधकार्यलाई सामान्य सहयोग भने पुऱ्याएका छन् । यस शोधपत्रमा उनका प्रकाशित खण्डकाव्यहरूको विस्तृत रूपमा अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

साहित्यकार डिल्लीरमण शर्मा अर्ज्यालको खण्डकाव्यकारिताको मूल्याङ्कन गर्ने, उनका काव्यहरूले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानको लेखाजोखा गर्ने, उनका कविता र खण्डकाव्यहरूको अध्ययनबाट प्राप्त सत्यतथ्य जानकारीको आधारमा उनको खण्डकाव्यकारिताको विश्लेषणात्मक निरुपण गर्ने कार्य आजसम्म नभएको सन्दर्भमा यस शोधपत्रको औचित्य र महत्त्व स्वतः सार्थक बन्न पुग्दछ ।

## १.६ शोधकार्यको सीमाङ्कन

संस्कृत अनि नेपाली साहित्यका गद्य र पद्य दुबै विधामा कलम चलाएका साहित्यकार डिल्लीरमण शर्मा अर्ज्यालले भाषा व्याकरण सम्बन्धी कृतिहरू पनि प्रकाशित छन् । तर यस शोधपत्रमा भने अर्ज्यालले नेपाली भाषामा लेखेका खण्डकाव्यहरूमध्ये तीनवटा (**थोपाल, रेडक्रस परिचय** र **नेपाल दर्शन**)को मात्रै व्याख्या विवेचना गरिएको छ । यो नै यस शोधकार्यको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन तथा शोधविधि

प्रस्तुत शोधपत्रमा सामग्री सङ्कलनका लागि मूलत : पुस्तकालयीय अध्ययन पद्धतिको प्रयोग गरिएको छ । कृतिको व्याख्या विवेचनाका लागि अर्ज्यालका प्रकाशित पुस्तकाकार कृति र फुटकर लेखरचनाहरूको अध्ययनबाट सामग्री सङ्कलन गरिएको छ । साथै शोधनायक डिल्लीरमण शर्मा अर्ज्यालसँग प्रत्यक्ष भेटघाट गरी लिखित तथा मौखिक अर्न्तर्वाता लिनुका साथै उनका परिवारका

सदस्यहरू अनि विभिन्न विद्वान्हरूसँग पनि सम्पर्क गरी मौखिक जानकारीका माध्यमबाट पनि आवश्यक सामग्री सङ्कलन गरेर अर्ज्यालको खण्डकाव्यकारिताको अध्ययन गरिएको छ ।

प्रस्तुत शोधमा सामग्री अध्ययनका क्रममा व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यसैगरी विश्लेष्य सामग्रीको विवेचनाका लागि पहिला पूर्वीय तथा पाश्चात्य खण्डकाव्यको सैद्धान्तिक विधातात्त्विक स्वरूपको निरूपण गरी त्यसका आधारमा सामग्रीको विवेचना गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : डिल्लीरमण शर्मा अर्ज्यालको जीवनी र व्यक्तित्व

अध्याय तीन : खण्डकाव्यको सैद्धान्तिक स्वरूप

अध्याय चार : डिल्लीरमण शर्मा अर्ज्यालका खण्डकाव्यहरूको विवेचना

अध्याय पाँच : उपसंहारः सारांश तथा निष्कर्ष

यी प्रत्येक खण्डभित्र आवश्यकता अनुसार शीर्षक/उपशीर्षकहरू समावेश गरी शोधपत्रको रूपरेखा तयार गरिएको छ

## अध्याय दुई

# डिल्लीरमण शर्मा अर्ज्यालको जीवनी र व्यक्तित्व

यस अध्यायमा कवि डिल्लीरमण शर्मा अर्ज्यालको जीवनी तथा व्यक्तित्वका विविध पाटाहरूलाई देखाइएको छ । उनको जन्मदेखि आजसम्मका जीवनीका महत्त्वपूर्ण पक्षहरूलाई चित्रण गर्नुका साथै साहित्यिक र साहित्येत्तर व्यक्तित्वका बारेमा पनि यहाँ चर्चा गरिएको छ ।

## २.१ डिल्लीरमण शर्मा अर्ज्यालको परिचयात्मक जीवनी

कवि डिल्लीरमण शर्मा अर्ज्यालको जीवनमा भएका गतिविधिको वर्णन यस खण्डमा गरिएको छ । उनको जन्मदेखि आजसम्मका महत्त्वपूर्ण जीवनीका पाटाहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

### २.१.१ जन्म र जन्मस्थान

डिल्लीरमण शर्मा अर्ज्यालको जन्म वि.स. १९८८ चैत्र ७ गते शनिवारको दिन धादिङ जिल्लाको नलाङ गा.वि.स. वडा नं. २ अन्तर्गत आबृछाप भन्ने गाउँमा भएको हो । पिता वेदनिधि अर्ज्याल र माता अयोध्यादेवी अर्ज्यालका माहिला पुत्रका जन्मेका यिनको न्वारनको नाम, जन्मकुण्डलीको नाम, नागरिकता प्रमाणपत्रको नाम र घरमा बोलाउने नाम सबै डिल्लीरमण शर्मा अर्ज्याल नै रहेको छ ।[१]


### २.१.२ वंशपरम्परा

आत्रेय गोत्रमा जन्मिएका साहित्यकार डिल्लीरमण शर्मा अर्ज्यालका पूर्वजहरू धादिङ जिल्लाको नलाङ गा.वि.स कै स्थानीय बासिन्दा थिए । यिनको वंशपरम्परालाई निम्नलिखित रेखाचित्रमा प्रस्तुत गर्न सकिन्छ :[२]

---

[१] डिल्लीरमण शर्मा अर्याल, **नेपाल दर्शन**, (धादिङ : कवि स्वयम् २०६७) ।

[२] डिल्लीरमण शर्मा पौडेल "डिल्लीरमण शर्मा अर्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन",(काठमाडौँ : त्रि.वि.नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित शोधपत्र, २०६२), पृ.९ र १२ ।




### .१.३ बाल्यकाल

डिल्लीरमण शर्मा अर्ज्यालको बाल्यकाल आफ्नै जन्मस्थानको प्राकृतिक सुन्दर परिवेशको काखमा खेल्दै र रम्दै बितेको थियो ।[३] मध्यम वर्गीय शिक्षित परिवारमा जन्मिएका अर्ज्यालले बाल्यावस्थादेखि नै सहज रूपमा घरमै पढ्ने वातावरण प्राप्त गरेका थिए । आफ्ना पिता नै पण्डित भएकोले उनैबाट अक्षरारम्भ गरी वेद लगायतका थुप्रै धार्मिक पुस्तकहरूको अध्ययन गर्न थालेको देखिन्छ । गाई, बाख्रा

३ ऐजन,पृ.९ ।

चराउन वनजङ्गल जाने कामबाट पनि अर्ज्यालको बाल्यकाल अछुतो रहेन । बाल्यावस्थादेखि नै शालीन र जिज्ञासु स्वभाव भएका अर्ज्यालको बाल्यकाल घरपरिवारको न्यानो मायाका कारण सुखद तरिकाले बितेको थियो ।[४]

### २.१.४ शिक्षादीक्षा

डिल्लीरमण शर्मा अर्ज्याल उपाध्याय ब्राह्मण कुलमा जन्मिएको हुनाले संस्कृत भाषासँग सम्पर्क बढ्न गयो जुन स्वाभाविक थियो । त्यतिबेलाको समयमा ब्राह्मण कुलमा जन्मेका वटुकहरूलाई अनौपचारिक रूपमा घरमै विभिन्न धार्मिक ग्रन्थहरूको अध्ययन गराउने प्रचलन रहेको थियो । सोही प्रचलनअनुसार अर्ज्यालले आफ्ना पिताबाट वि.स.१९९२ मा अक्षरारम्भ गरी १२ वर्षको उमेरसम्म रुद्री, चण्डी, वेदलगायत ज्योतिषशास्त्रको समेत अध्ययन गरेका थिए ।[५] यसैगरी वि.स.२००३ मा गोरखा जिल्लाको नामजुङ गाउँ निवासी ज्योतिष फणीन्द्रप्रसाद न्यौपानेसँग उनले केही महिना ज्योतिष सम्बन्धी शिक्षा लिएका थिए । वि.स. २००८ सालमा ६ महिनासम्म नेवारपानी धादिङमा शिक्षा ग्रहण गरेका अर्ज्याल त्यसपछि मैधी उखुबारीका टीकादत्त भट्ट गुरुसँग लघुकौमुदी, अमरकोष, रघुवंश महाकाव्य, शिशुपालवध महाकाव्य आदि संस्कृत ग्रन्थहरूको अध्ययन गरेका थिए ।[६]

औपचारिक शिक्षा लिने क्रममा अर्ज्यालले वि.स. २०१२ मा सुनसरी जिल्लाको धरानस्थित पिण्डेश्वर संस्कृत माध्यामिक विद्यालयमा भर्ना भएका थिए ।[७] त्यहाँ औलोको प्रकोपले धेरै जना थला परेपछि बस्न नसक्ने ठानी केही समय पश्चात अर्ज्याल धरान छोडी बनारसतिर लागे । बनारसमा पुगेर रामानुज संस्कृत महाविद्यालयबाट साहित्यमा पूर्वमध्यमा उत्तीर्ण गरे । त्यसपछि पटना विश्वविद्यालयबाट व्याकरणमा उत्तरमध्यमा तह उत्तीर्ण गरी वि.स. २०१८ मा अध्ययनकै सिलसिलामा अर्ज्याल मथुरा बृन्दावनमा पुगे । त्यहाँ पुगेर श्री रङ्गलक्ष्मी संस्कृत महाविद्यालयमा भर्ना भई पढ्न थाले । यसै महाविद्यालयबाट वि.स.२०१९ मा उनले साहित्य विषयमा शास्त्री उत्तीर्ण गरे । शास्त्रीको पढाइ

---

[४] ऐजन ।

[५] ऐजन, पृ.१० ।

[६] ऐजन ।

[७] ऐजन, पृ.१२ ।

पुरा गरी वि.स.२०२० मा नेपाल फर्किएका अर्ज्याल त्यसपछि बि.एड उत्तीर्ण गरी आचार्यसम्म अध्ययन गरेको देखिन्छ ।[८] यससँगै अर्ज्यालको औपचारिक शिक्षा लिने क्रममा पूर्णविराम चिह्न लाग्न पुगेको देखिन्छ ।

### २.१.५ पारिवारिक जीवन

वि.स. १९९७ मा मैदी गा.वि.स., अमरावती निवासी लक्ष्मीकान्त भट्टराईकी सुपुत्री विष्णुकुमारीसित डिल्लीरमण शर्मा अर्ज्यालको प्रथम विवाह भएको थियो । यसबेला उनी केवल ९ वर्षका थिए । विष्णुकुमारीबाट लामो समयसम्म कुनै सन्तान नभएपछि वि.स.२०२५ मा ३६ वर्षको उमेरमा नलाङ गा.वि.स.बडा नं.६ अर्चले निवासी विष्णुप्रसाद तिमिल्सिनाकी सुपुत्री सीतासँग यिनको दोस्रो विवाह भएको थियो ।[९] दुई पटक विवाह बन्धनमा बाँधिए पनि अर्ज्यालको जीवन अत्यन्त सफल र सन्तोषजनक रहेको छ । उनको दाम्पत्य जीवन सुखमय हुनुमा दुबै पत्नीहरूको सहनशीलता र गुणवत्ताले महत्त्वपूर्ण भूमिका खेलेको छ । आफ्नो जीवनका हरेक सुख र दुःखमा दुबै पत्नीहरूबाट पर्याप्त साथ र सहयोग पाएको अर्ज्याल स्वयम् स्वीकार गर्छन् ।


अर्ज्यालको दोस्रो विवाहपश्चात दुबै श्रीमतीबाट सन्तान प्राप्त भएको देखिन्छ । जम्मा ९ सन्तानमध्ये जेठी श्रीमती विष्णुकुमारीबाट जेठी अम्बिका, माहिली राधिका, साहिँली सुशीला र कान्छी सावित्री गरी चारवटी छोरीहरू भएका छन् । कान्छी श्रीमती सीताबाट दुर्गा, उमा र कल्पना गरी तीन छोरीहरू तथा रमेश र माधव गरी दुई छोरहरू भएका छन् ।[१०] हाल उनका सबै छोराछोरीहरूको विवाह भइसकेको छ । अर्ज्यालका सन्ततिहरूलाई वृक्षारेखामा यसरी देखाउन सकिन्छ :

---

[८] डिल्लीरमण शर्मा अर्याल, **नेपाल दर्शन**, पूर्ववत् ।

[९] डिल्लीराज पौडेल, पूर्ववत् पृ.११ ।

[१०] ऐजन ।




### २.१.६ पेसामा सङ्लग्नता

ग्रामीण मध्यमवर्गीय ब्राह्मण परिवारमा जन्मेका डिल्लीरमण शर्मा अर्ज्यालको आर्थिक स्तर सामान्य छ । यिनको परिवार कृषिमा आश्रित थियो । साथै यिनका बुबा गाउँका पण्डित तथा ज्योतिषी भएकाले आफ्ना छोराछोरीलाई आर्थिक कठिनाइ हुन दिएनन् । यिनका दाजुभाइ सबै हुर्किसकेपछि भने आर्थिक अवस्थामा उल्लेख्य प्रगति हुँदै गएको पाइन्छ । हातमा सीप र जाँगर भएर डिल्लीरमण शर्मा अर्ज्यालका पनि सन्तानले राम्रो बाटो लिएपछि भने यिनको आर्थिक अवस्था मजबुत देखिन्छ ।

डिल्लीरमण शर्मा अर्ज्यालले वि.स.२०२० भाद्र १३ गते बिहिवारदेखि संस्कृत माध्यमिक पाठशाला नेवारपानी धादिङमा शिक्षकको रूपमा नियुक्त भई जागिरे जीवनमा प्रवेश गरेका थिए ।[११] यस पाठशालामा यिनी प्रधानाध्यापक भई १२ वर्ष ३ महिना १९ दिनसम्म अध्यापन कार्यमा सङ्लग्न रहेका थिए । अर्थात वि.स. २०३२ पौष १ गतेदेखि लागू हुनेगरी शिक्षा समितिले यिनलाई भैरवी माध्यमिक विद्यालय सुनौलाबजार, धादिङमा सरुवा गऱ्यो । त्यहाँ यिनले ३ वर्ष जति सेवा गरेका थिए । त्यसपछि वि.स.२०३५ भाद्र २५ गते शिक्षा समितिले यिनलाई नयाँ सदरमुकाम धादिङबेंसीस्थित

[११] पूर्ववत्, पृ.१३ ।

नीलकण्ठ माध्यमिक विद्यालय (हाल उच्च मा.वि.)मा सरुवा गऱ्यो । यस विद्यालयमा वि.स.२०३८ देखि २ वर्षसम्म प्रधानाध्यापक समेत भएर काम गरेका अर्ज्याललले वि.स. २०५६ पौष १ गतेदेखि लागू हुने गरी स्वेच्छिक अवकाश लिएका थिए । त्यसपछि यिनी वि.स. २०५७ मा एक वर्ष धादिङ बोर्डिङ स्कुलको आग्रहबमोजिम सो स्कुलमा अध्यापन कार्यमा सङ्लग्न रहेका थिए । हाल यिनी पेसागत जीवनबाट अवकाश लिई घरमै बसी साहित्य साधनमा सक्रिय रहेका छन् ।

## २.१.७ व्यक्तिगत रुचि तथा स्वभाव

डिल्लीरमण शर्मा अर्ज्याललले विशेषत: अध्ययन र लेखनका अतिरिक्त सामाजिक सेवाप्रति रुचि लिने गरेको पाइन्छ । अर्ज्याललले आफूले भोगेको, देखेको र मनमा लागेको कुरालाई साहित्यमा उतार्ने गरेको पाइन्छ । अध्ययनशील, परिश्रमी, साहित्यको साधना गर्ने, सहयोगी, स्वावलम्वी, भावुक आदि अर्ज्यालका व्यक्तिगत स्वभावहरू हुन् भने दाल, भात, तरकारी, दूध, रोटी उनका मन पर्ने परिकारहरू हुन् । सादा जीवन र उच्च विचारको सोच भएका अर्ज्याल नेपाली राष्ट्रिय पोशाक दौरा सुरुवाल र टोपी मन पराउछन् ।[१२] सामाजिक कुरीति र कुसंस्कारको सधै विरोध गर्ने अर्ज्यालमा सरल र सहज स्वभाव भए पनि हक्की र साहसी पनि देखिन्छन् ।

## २.१.८ विभिन्न सङ्घसंस्थामा संलग्नता

माध्यमिक तहमा पढ्दादेखि नै साहित्यिक क्रियाकलापमा रुचि लिएका अर्ज्याल वि.स.२०१३ बाट नै साहित्य सृजना गर्न थालेको देखिन्छ । त्यसपछिका दिनमा अर्ज्यालको परिचय बिस्तारै बिस्तारै बढ्दै जान थाल्यो । उनी खासै धेरै साहित्यिक सङ्घसंस्थामा भने सङ्लग्न रहेको पाइँदैन । उनी सङ्लग्न भएका साहित्यिक एवम् अन्य सङ्घसंस्थाको नामावली यसप्रकार छन् :[१३]

सम्पादक - आँखुको सुसेली ( प्रकाशक कर्मचारी मिलन केन्द्र, धादिङ )

अध्यक्ष - धादिङ साहित्य समाज

अध्यक्ष - वन तथा वातावरण समाज, धादिङ

---

[१२] पूर्ववत्,पृ.१७ ।

[१३] ऐजन ।

अध्यक्ष - बहुउद्देश्यीय सहकारी संस्था

अध्यक्ष - नेपाल शिक्षक सङ्घ

### २.१.९ पुरस्कार तथा मानसम्मान

भषा, साहित्य, कला र संस्कृति भनेका कुनै पनि राष्ट्रका मौलिक पहिचान हुन् । भाषा, साहित्य, कला र संस्कृति जति सशक्त हुन्छ त्यति नै त्यस देशको छवि अर्न्तराष्ट्रिय स्तरमा उच्च हुने गर्छ । यिनै भाषा, साहित्य, कला र संस्कृतिलाई माथि उठाउन त्यस देशका नागरिकको महत्वपूर्ण भूमिका रहन्छ । नेपाल पनि भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा उच्च कोटिमा पर्ने गर्छ । यसको श्रेय यहाँका प्रतिभावान् नागरिकहरूमा पर्न जान्छ । यस्ता प्रतिभावान् नागरिकमध्ये डिल्लीरमण शर्मा अर्ज्याल पनि एक हुन्, जसले नेपाली भाषा साहित्यका माध्यमबाट राष्ट्रलाई महत्त्वपूर्ण योगदान गरेका छन् । यस्ता प्रतिभा जसले राष्ट्रको शिरलाई नै माथि उठाउन सहयोग गरेका छन्, तिनलाई सम्मान गर्नु राज्य र गैरराज्य दुबै पक्षको दायित्व हुने गर्छ । यस्तो कार्यले ती प्रतिभाहरूलाई काम गर्न थप हौसला प्राप्त हुने गर्दछ । डिल्लीरमण शर्मा अर्ज्याललाई पनि विभिन्न सङ्घसंस्थाले उनको साहित्यिक र अन्य क्षेत्रमा पुऱ्याएको योगदानलाई कदर गर्दै सम्मान तथा पुरस्कार प्रदान गरेका छन् । अर्ज्यालले हालसम्म प्राप्त गरेका पुरस्कार तथा सम्मानको विवरण निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :[१४]

| क्र.स. | मिति | संस्था | पुरस्कार तथा सम्मान |
|---|---|---|---|
| १ | वि.स. २०५२ फाल्गुन | शिक्षा समिति, धादिङ | तक्मा प्रदान गरी सम्मान गरेको |
| २ | वि.स. २०५३ फाल्गुन ६ गते | भैरवी मा.वि. सुनौलाबजार, धादिङ | अभिनन्दन गरेको |
| ३ | वि.स. २०५३ वैशाख ३० गते | नेपाल शिक्षक सङ्घ, धादिङ | अभिनन्दन गरेको |
| ४ | वि.स.२०५६ आश्विन १९ गते | नीलकण्ठ उ.मा.वि. धादिङबेंसी, धादिङ | सम्मानपत्रसहित अभिनन्दन गरेको |

[१४] पूर्ववत्, पृ.१८ ।

| | | | |
|---|---|---|---|
| ५ | वि.स. २०५६ चैत्र ११ गते | नीलकण्ठ उ.मा.वि. धादिङबेंसी, धादिङ | प्रशंसापत्रसहित सम्मान गरेको |
| ६ | वि.स. २०५७ चैत्र ४ गते | कर्मचारी मिलन केन्द्र, धादिङ | सम्मानपत्र प्रदान गरी सम्मान गरेको |
| ७ | वि.स. २०५७ चैत्र २५ गते | धादिङ बोर्डिङ स्कुल, धादिङ | अभिनन्दनपत्र प्रदान गरी सम्मान गरेको |
| ८ | वि.स. २०६१ मङ्सिर ६ गते | पहलमानसिंह स्वाँर स्मृति प्रतिष्ठान | तारामानसिंह अम्बिकादेवी स्वाँर शिक्षा सम्मान पुरस्कार प्रदान गरेको |
| ९ | वि.स. २०६१ चैत्र २५ गते | अर्ज्याल सेवा समिति, धादिङ | सम्मानपत्र प्रदान गरी सम्मान गरेको |
| १० | वि.स.२०६२ कार्तिक १५ गते | त्रिवेणी साहित्य समिति, धादिङ | सम्मानपत्र प्रदान गरी सम्मान गरेको |

यसरी अर्ज्यालले नेपाली भाषा साहित्यको क्षेत्रमा र अन्य क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै विभिन्न सङ्घसंस्थाले थुप्रै पुरस्कार प्रदान गरेको पाइन्छ ।

### २.१.१० साहित्यिक प्रेरणा तथा प्रकाशन

डिल्लीरमण शर्मा अर्ज्यालको समग्र साहित्यिक लेखनलाई हेर्दा उनी सबैभन्दा बढी कविता विधासँग नजिकिएको पाइन्छ । त्यसपछि कथा, निबन्ध, संस्मरण, समालोचना, व्याकरण आदि विधासँग पनि उत्तिकै मोह रहेको देखिन्छ । साहित्यिक लेखनको प्रेरणा स्रोतका रूपमा आफ्नै आन्तरिक खुबीलाई मानेका अर्ज्यालले वि.स. २०१३ बाट नै संस्कृत भाषामा कविता लेख्न थालेका थिए ।[१५] ब्राह्मण परिवार त्यसमा पनि बुबा नै पण्डित तथा ज्योतिष भएको हुँदा अर्ज्यालको पनि संस्कृत भाषासँग सानैदेखि सामीप्यता बढ्न गएको थियो । त्यसको परिणामस्वरूप यिनले संस्कृत भाषामा कविता सृजना गर्न थालेको देखिन्छ । कविता, निबन्ध, कथा, संस्मरण, समालोचना, व्याकरण विधामा समेत कलम चलाउन

[१५] ऐजन ।

खप्पिस अर्ज्यालको प्रसिद्धि भने काव्यविधाबाटै सर्वत्र फैलिएको देखिन्छ । उनले हालसम्म प्रकाशन गरेका पुस्तकाकार कृतिहरूलाई कालक्रमिक रूपमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

| क.स. | विधा | कृति | प्रकाशन मिति |
|---|---|---|---|
| १ | खण्डकाव्य | श्रीरङ्गस्तुति (सस्कृत भाषामा लेखिएको) | वि.स.२०२० |
| २ | शोककाव्य | वेदनिधि | वि.स.२०४६ |
| ३ | व्याकरण | धातुपरिचय | वि.स. २०४७ |
| ४ | व्याकरण | व्याकरण परिचय | वि.स.२०५२ |
| ५ | व्याकरण | परिमार्जित तथा परिवर्तित व्याकरण | वि.स.२०५३ |
| ६ | व्याकरण | छन्द परिचय | वि.स.२०५७ |
| ७ | खण्डकाव्य | थोपल | वि.स. २०५७ |
| ८ | संस्मरण | जीवनका कथा व्याथाहरू | वि.स.२०५८ |
| ९ | कविता सङ्ग्रह | गङ्गा जमुना | वि.स.२०५८ |
| १० | कथा सङ्ग्रह | अष्टचिरञ्जीवी | वि.स.२०५९ |
| ११ | गीतिसङ्ग्रह | मुटु खायो | वि.स.२०६० |
| १२ | खण्डकाव्य | रेडक्रस परिचय | वि.स.२०६१ |
| १३ | कथा सङ्ग्रह | श्रीमद्भागवतमाहात्म्य (गद्यानुवाद कथा) | वि.स.२०६२ |
| १४ | निबन्ध सङ्ग्रह | विद्यार्थीहरूको कर्तव्य | वि.स.२०६२ |
| १५ | अनुसन्धानमूलक कृति | अर्ज्याल वंशक्रम | वि.स. २०६२ |
| १६ | कथा सङ्ग्रह | महाभारत विराटपर्व (गद्यानुवाद) | वि.स.२०६३ |
| १७ | खण्डकाव्य | धादिङ-मण्डल-परिचय(संस्कृत भाषामा लेखिएको) | वि.स.२०६३ |
| १८ | शोककाव्य | अयोध्यादेवी | वि.स.२०६६ |

| | | | |
|---|---|---|---|
| १९ | अन्य | हस्तलिखित संस्कृत त्रिशद्श्लोकी र दशश्लोकी (अनुवाद) तथा हस्तलिखित संस्कृत जन्मोत्सवविधि र लक्ष्मीपूजाविधि | वि.स.२०६६ माघ |
| २० | खण्डकाव्य | नेपाल दर्शन | वि.स.२०६७ |
| २१ | महाकाव्य | जनआन्दोलन | वि.स.२०६७ |
| २२ | कविता सङ्ग्रह | मेलम्चीको तिर्खा | वि.स.२०६७ |
| २३ | कविता सङ्ग्रह | गुरू दक्षिणा | वि.स.२०६७ |

## २.२ डिल्लीरमण शर्मा अर्ज्यालको व्यक्तित्व

यस शीर्षकअन्तर्गत कवि अर्ज्यालका साहित्यिक र साहित्येतर गरी दुई व्यक्तित्वको चर्चा गरिएको छ । यी दुबै शीर्षकलाई छुट्टाछुट्टै शीर्षकअन्तर्गत चर्चा गरिएको छ ।

### २.२.१ डिल्लीरमण शर्मा अर्ज्यालको साहित्यिक व्यक्तित्व

डिल्लीरमण शर्मा अर्ज्याल कविता विधामा स्थापित भए पनि उनी साहित्यका अन्य विधाहरूमा समेत कलम चलाउँदै आएका छन् । यसखाले सङ्लग्नताले गर्दा उनको साहित्यिक व्यक्तित्वलाई बहुविधा क्षेत्रमा रहेको भनी स्वीकार्नुपर्छ । त्यसैले उनको साहित्यिक व्यक्तित्वलाई निम्नानुसार बाँडेर हेर्न सकिन्छ :

#### २.२.१.१ कवि व्यक्तित्व

डिल्लीरमण शर्मा अर्ज्यालले आफ्नो साहित्यलेखनको प्रारम्भ कविता विधाबाट गरेको देखिन्छ । वि.स. २०१३ तिरबाटै उनले कवितालेखनारम्भ गरेका थिए । तर उनको नेपाली साहित्यमा प्रकाशित पहिलो कविता 'सिंहदरबार' हो जुन वि.स.२०३१ म प्रकाशित भएको थियो ।[१६] अर्ज्यालको हालसम्ममा तीनवटा मात्र कवितासङ्ग्रह प्रकाशित भएको छ जुन **गङ्गा-जमुना** (२०५८), **मेलम्चीको तिर्खा** (२०६७) र **गुरू दक्षिणा** (२०६७) आदि शीर्षकमा रहेका छन् । उनका कवितामा विविध खाले विषयवस्तुलाई

[१६] शोधनायकले दिएको जानकारी अनुसार ।

कलात्मक भाषाका माध्यमबाट प्रस्तुत गरिएको हुन्छ । अर्ज्यालका कविताले कतै प्राकृतिक सेरोफेरो, कतै राष्ट्रिय राजनीति, कतै सामाजिक सांस्कृतिक बेथिति अनि उनको जीवन भोगाइका विविध पाटाहरू समेटेको पाइन्छ । उनका प्राय कवितामा शोषण मुक्त समाजको कल्पना र शोषक वर्गप्रति तीक्ष्ण व्यङ्ग्य प्रहार गरेको पाइन्छ । यिनै सेरोफेरोमा अर्ज्यालको कवि व्यक्तित्व प्राप्त गर्न सकिन्छ ।

### २.२.१.२ खण्डकाव्यकार व्यक्तित्व

डिल्लीरमण शर्मा अर्ज्यालले संस्कृत र नेपाली दुबै भाषामा खण्डकाव्य रचना गरेका छन् । उनको कलम खण्डकाव्य लेखनमा पनि राम्ररी निखारिएको देखिन्छ । वि.स.२०२० मा संस्कृत भाषामा लेखिएको **श्रीरङ्गस्तुति** शीर्षकको खण्डकाव्य पहिलोपटक प्रकाशित भएको थियो । नेपाली भाषामा प्रकाशित पहिलो खण्डकाव्य भने **वेदनिधि** (२०४६) हो । त्यसपछि उनका **थोपल**, **रेडक्रस परिचय, अयोध्यादेवी** र **नेपाल दर्शन** जस्ता खण्डकाव्यहरू प्रकाशित भइसकेका छन् । यी खण्डकाव्यहरू नेपाली समाज र प्राकृतिक यथार्थको सेरोफेरोमा घुमेका छन् । मानवीय पीडा, राष्ट्रिय तथा प्राकृतिक पक्षको चित्रण, मानविय कल्याणमा सक्रिय सङघसंस्थाको प्रशंसा लगायतका विषयवस्तुलाई समेट्दै अर्ज्यालले खण्डकाव्यको सिर्जना गरेको देखिन्छ ।

### २.२.१.३ महाकाव्यकार व्यक्तित्व

फुटकर कविता र खण्डकाव्य रचनामा दरिएका डिल्लीरमण शर्मा अर्ज्यालले महाकाव्य पनि लेखेका छन् । हालसम्म उनको एउटा मात्र महाकाव्य प्रकाशित छ । त्यो **जनआन्दोलन** (२०६७) हो । यस महाकाव्यमा राष्ट्रियता, मानवीय मुल्य, सामाजिक जागरण, कुरीतिप्रतिको तीव्र विरोध जस्ता विषयहरू समेटिएको पाइन्छ । नेपालमा भएको जनआन्दोलनलाई नै शीर्षकका रूपमा राखेर यस महाकाव्यको सिर्जना भएको देखिन्छ ।

### २.२.१.४ कथाकार व्यक्तित्व

कविता विधामा आफ्नो ख्याति देखाउन सफल डिल्लीरमण शर्मा अर्ज्यालले हालसम्म एउटा कथासङग्रहको प्रकाशन पनि गरिसकेका छन् । सो कथासङग्रहको नाम **अष्टचिरञ्जीवी** रहेको छ । यस कथासङग्रहमा आठवटा कथाहरू सङ्ग्रहित रहेका छन् । यी कथाहरू पुराणमा उल्लेख गरिएका अष्टचिरञ्जीवीहरूका जीवनीमा आधारित छन् । सबै कथाहरूमा सरल र सरस भाषाशैलीको प्रयोग

गरिएको छ । यी कथाहरूमा नीति, कर्तव्य र आदर्श जस्ता पक्षलाई कसैले पनि छाड्नु हुँदैन भन्ने सन्देश रहेको पाइन्छ ।

### २.२.१.५ व्याकरणकार व्यक्तित्व

डिल्लीरमण शर्मा अर्ज्याल साहित्यका अनेक विधामा कलम चलाउनुका साथै भाषा व्याकरणका क्षेत्रमा पनि उल्लेखनीय योगदान पुऱ्याएका छन् । उनका व्याकरणिक कृतिमध्ये पहिलो कृति **धातु परिचय** (नेपाली व्याकरण वि.स.२०४७) हो । उनी संस्कृत व्याकरणका राम्रा ज्ञाता भएको कारणले त्यसको प्रभाव नेपाली भाषा व्याकरणमा पर्नु स्वभाविक हो । उनका अन्य व्याकरणिक कृतिहरूमा **व्याकरण परिचय** (वि.स.२०५२), **परिमार्जित तथा परिवर्तित व्याकरण परिच** (वि.स.२०५३), **छन्द परिचय** (वि.स.२०५७) आदि रहेका छन् । यी कृतिहरूमध्ये **धातु-परिचय** मा नेपाली धातुहरूको सम्पूर्ण परिचय छ भने **व्याकरण परिचय** मा नेपाली भाषाको सम्पूर्ण नियमहरूको सामान्य परिचय दिइएको छ । **परिमार्जित तथा परिवर्तित व्याकरण परिचय** मा भने त्यही व्याकरणलाई केही संशोधन र परिवर्तन गरी प्रस्तुत गरिएको छ । त्यसैगरी **छन्द-परिचय** कृतिमा नेपाली भाषाका छन्दहरूको परिचय दिइएको छ । यस कृतिमा अर्ज्यालले संस्कृत भाषामा रहेका छन्दका नियमहरूलाई नेपाली भाषामा लेखिएको छ ।

### २.२.१.६ निबन्धकार व्यक्तित्व

डिल्लीरमण अर्ज्यालले निबन्ध विधामा पनि कलम चलाएको पाइन्छ । निबन्ध सँगालोका रूपमा भने हालसम्म उनको कुनै पनि कृति प्रकाशित भएको छैन । उनले लेखेका निबन्धहरू फुटकर रूपमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । ती निबन्धहरूमा समसामयिक राजनैतिक, सामाजिक एवं सांस्कृतिक विषयप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

त्यसैगरी अर्ज्यालको **जीवनका कथा-व्यथा** नामक संस्मरणात्मक कृति पनि प्रकाशित भएको छ । यस कृतिमा उनका जीवनका सुख-दुःखका कथा व्यथाहरू समेटिएका छन् । यसबाट उनको निबन्धकार व्यक्तित्व पनि झल्किन पुगेको छ ।

### २.२.१.७ सम्पादक व्यक्तित्व

डिल्लीरमण शर्मा अर्ज्यालले आफूभित्रको प्रतिभालाई विभिन्न क्षेत्रमा प्रयोग गरेर देखाएका छन् ।

उनले आफू जागिरे छँदा र अरू बेला पनि विभिन्न पत्रपत्रिकाको सम्पादन गरेको पाइन्छ ।[१७] उनीद्वारा सम्पादित पत्रपत्रिका तथा स्मारिकाहरूको सूची निम्नलिखित रहेको छ :

| क.स. | पत्रपत्रिका | समय |
|---|---|---|
| १ | आँखुको सुसेली | २०५४–२०६७ सम्म (वार्षिक पत्रिका) |
| २ | विसौनी | २०५४–२०५९ सम्म (वार्षिक पत्रिका) |

### २.२.१.८ समालोचक व्यक्तित्व

डिल्लीरमण शर्मा अर्ज्यालमा समालोचक व्यक्तित्व पनि रहको छ । समालोचना मूलक कृति प्रकाशन नभए पनि उनले थुप्रै फुटकर समालोचनाहरू पत्रपत्रिकामा प्रकाशित गरेका छन् । त्यस्ता फुटकर समालोचनाहरूको सूची यसप्रकार छः

| क.स. | शीर्षक | कृति अथवा पत्रिका | मिति |
|---|---|---|---|
| १ | शङ्कै शङ्कामा कवि किसान | जनमत (केबलपुरे किसान विशेषाङ्क) | २०६० |
| २ | कवि/कवित्व | कविवर माधव घिमिरे (अभिनन्दन ग्रन्थ) | २०६० |
| ३ | कीर्ति कमाउन 'म' साहित्यमा निरन्तर लागिरहेको छु | मधुपर्क | २०६० चैत्र |
| ४ | सहमति र शुभेच्छा | महाभारत आदिपर्व (गद्यमा) | २०६१ |
| ५ | सावित्री स्मृतिकाव्यः छोटो चर्चा | आँखुको सुसेली | २०६१ |
| ६ | वनको क्रन्दन | मधुपर्क | २०६१ |

## २.२.२ डिल्लीरमण शर्मा अर्ज्यालको साहित्येतर व्यक्तित्व

डिल्लीरमण शर्मा अर्ज्यालको व्यक्तित्व बहुमुखी रहेको छ । उनका हरेक व्यक्तित्वको छुट्टाछुट्टै रूपमा चर्चा गर्नु सान्दर्भिक हुन्छ । अर्ज्यालको साहित्येतर व्यक्तित्वहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

---

१७ पूर्ववत् ।

#### २.२.२.१ शारीरिक व्यक्तित्व

डिल्लीरमण शर्मा अर्ज्यालको शारीरिक उचाइ ५ फिट ४ इन्च रहेको छ । गहुँगोरो वर्ण, काला तेजिला आँखा, लामो अनुहार, ठूलो र चौडा निधार, पातलो केशले सजिएको गोलो टाउको, उठेको लामो नाक, नेपालीको औसत उचाइअनुसार ठिकैको कद नै अर्ज्यालको बाह्य शारीरिक व्यक्तित्व हो । हँसिलो र ठूलो एवम् लामो अनुहारले उनको शारीरिक व्यक्तित्वलाई सधै आकर्षक बनाएको देखिन्छ ।

बोलचाल र व्यवहारमा अर्ज्याल सधै सरल ढङ्गले प्रस्तुत हुन्छन् । सधै स्वावलम्बी भएर बाँच्न चाहने अर्ज्यालको स्वाभिमान उच्च रहेको छ । तन्दुरूस्त, जाँगरिलो, चलाख अनि हँसिलो अनुहारका धनी अर्ज्यालको आन्तरिक व्यक्तित्व पनि निश्छल र निष्कलङ्क प्रकृतिको रहेको छ । कुनै काममा लागेपछि त्यसलाई पुरा गरेर मात्र विश्राम लिनु, अरूलाई दुखः पर्दा सहयोग गर्नु, रिस राग नहुनु, सरल र मिजासिलो स्वभाव हुनु आदि अर्ज्यालमा पाइने शारीरिक व्यक्तित्वका विशेषता हुन् ।

#### २.२.२.२ जागिरे व्यक्तित्व

जीविकोपार्जन गर्ने क्रममा डिल्लीरमण शर्मा अर्ज्यालले जागिर पनि खानुपर्‍यो । शास्त्री तहको अध्ययन पूरा गरिसकेर वि.स.२०२० भाद्र १३ गते संस्कृत माध्यमिक पाठशाला, नेवारपानी धादिङमा अध्यापकका रूपमा नियुक्त भई उनले जागिरे जीवनको सुरूवात गरेको थिए । त्यहाँ १२ वर्ष ३ महिना १९ दिनसम्म अध्यापन गरेपछि वि.स.२०३२ मङ्सिर २९ गते अर्ज्याल सरूवा भएर भैरवी माध्यमिक विद्यालय, सुनौलाबजार, धादिङमा गए । त्यस विद्यालयमा करिव ३ वर्ष जति सेवा गरेपछि वि.स.२०३५ भाद्र २५ गते उनी नयाँ सदरमुकाम धादिङबेसीस्थित नीलकण्ठ मा.वि.(हाल उच्च मा.वि.) मा सरूवा भए । त्यहाँ अर्ज्यालले दुई वर्ष जति प्रधानाध्यापक समेत भई सेवा गरेका थिए । वि.स.२०५६ पौष १ गतेदेखि लागू हुनेगरी अर्ज्यालले जागिरे जीवनबाट स्वेच्छिक अवकाश लिएका थिए । त्यसपछि वि.स.२०५७ मा धादिङ बोर्डिङ स्कुलको आग्रहबमोजिम एक वर्ष सो स्कुलमा समेत अध्यापन गरेका थिए ।

यसरी विभिन्न शैक्षिक संस्थामा आवद्ध भएर उनले लगभग ४० वर्ष अध्यापकका रूपमा सेवा गरेका थिए । अर्ज्यालले जागिरे जीवनमा थुप्रै अनुभव सँगाले पनि विकृति र विसङ्गतिमा उनी कहिल्यै

मुछिएनन् । स्वच्छ, निष्कलङ्क र उदार शिक्षकको छवि बनाउन सक्नुलाई अर्ज्यालको सफल जागिरे जीवनको दृष्टान्तका रूपमा लिन सकिन्छ ।

### २.२.२.३ सामाजिक व्यक्तित्व

डिल्लीरमण शर्मा अर्ज्याल सानै उमेरदेखि दीन दुःखीहरूप्रति दयाभाव राख्दथे । उनको भावना विशाल छ । उनीभित्रको सामाजिक भावनाले उनको व्यक्तित्वलाई झन् उचाइमा पुऱ्याउने काम गरेको छ । बाँचुन्जेल समाजको भलाइका लागि केही न केही काम गरिरहनुपर्छ भन्ने उनको विचार आफैमा महान् देखिन्छ । उनले कतिपय संङ्घसंस्था स्थापना र विकासमा ठूलो योगदान दिएका छन् । प्रगतिशील विचारलाई आत्मसात गर्ने अर्ज्याल गरिब, असहाय, निमुखाको सहयोगार्थ पनि क्रियाशील देखिन्छन् । उनले शिक्षणसंस्था स्थापना गर्ने, साहित्यिक संङ्घसंस्थाको शुभारम्भ गर्ने जस्ता थुप्रै काम गरेको पाइन्छ ।[१८] अर्ज्यालको अझ ठूलो योगदान वन संरक्षणमा रहेको छ । धादिङमा गाईवस्तु चर्ने र मनपरी घाँस दाउरा काटेर वन विनास भएको ठाउँमा उनी एक्लैको पहलमा पर्खाल लगाएर रूखविरुवा हुर्काइ उल्लेखनीय उदाहरण प्रस्तुत गरी “हरियो वन नेपालको धन” भन्ने भावना भरिदिएको देखिन्छ ।[१९] उनी आफ्नो जागिरे जीवन र साहित्यिक गतिविधिबाट बचेको समय आफ्नै टोल, छरछिमेकलाई दिएर मातृभूमिप्रतिको आफ्नो कर्तव्य पूरा गर्न चाहन्छन् । यसरी हेर्दा अर्ज्यालको जीवन सामाजिक व्यक्तित्वको रूपमा पूर्ण सफल देखिन्छ ।

### २.२.२.४ धार्मिक व्यक्तित्व

डिल्लीरमण शर्मा अर्ज्यालमा धार्मिक आस्था आनुवंशिक रूपमा नै प्राप्त भएको पाइन्छ । घरमा बाबु र परिवारका अन्य सदस्यमा धार्मिक आस्था भएकाले उनीमा पनि सानैदेखि धर्मप्रति झुकाव बढ्न गएको थियो । उनी नेपाल र नेपालीलाई चिनाउने मुख्य वस्तु नै यहाँका विभिन्न धर्म, संस्कृति, जातजाति भएको र यसलाई समयानुसार परिमार्जन गर्दै लानु पर्दछ भन्ने मान्यता राख्दछन् । धर्मका

[१८] डिल्लीराज पौडेल, पूर्ववत्, पृ.२४ ।

[१९] ऐजन ।

नाममा अतिवादको प्रदर्शन गर्ने र अन्धविश्वास फैलाउनेप्रति भने उनको कडा विरोध रहेको छ ।[२०] संस्कृतबाट आचार्य सम्मको अध्ययनले गर्दा पनि उनमा धार्मिक व्यक्तित्वको स्पष्ट छाप रहेको पाइन्छ ।

### २.२.२.५ राजनैतिक व्यक्तित्व

डिल्लीरमण शर्मा अर्ज्यालले विद्यार्थी जीवनमा राजनीतितर्फ खासै चासो राखेको पाइँदैन । तर समयको गतिसँगै उनको सोचमा समेत परिवर्तन हुन पुगेको देखिन्छ । वि.स.२०४६ मा प्रजातन्त्र पुनर्स्थापनापछि भने उनले आफ्ना कविताहरूमा राजनीतिक दलहरूको गुणगान गाउन थालेको पाइन्छ तर देशको वर्तमान स्थिति र नेताहरूको सङ्कीर्ण सोचाइ देखेर उनमा राजनीतिप्रति वितृष्णा पैदा भएको अर्ज्याल स्वयम् स्वीकार गर्छन् ।[२१] यसको प्रत्यक्ष प्रभाव उनका साहित्यिक रचनामा समेत देख्न पाइन्छ । यसबाट उनको राजनीतिक व्यक्तित्व पनि बुझ्न सकिन्छ ।

[२०] पूर्ववत्, पृ.२३ ।

[२१] ऐजन, पृ. २५ ।

## अध्याय तीन

# खण्डकाव्यको सैद्धान्तिक स्वरूप

### ३.१ साहित्यको सन्दर्भमा खण्डकाव्य

जीवनजगत्बाट प्राप्त अनुभूतिको भाषाद्धारा गरिने ललित अभिव्यक्ति नै साहित्य हो । अभिव्यक्तिकला र प्रविधिको भिन्नताले गर्दा साहित्यका विभिन्न विधागत रूपमा निर्धारण भएको पाइन्छ । यस क्रममा लय वा छन्दका आधारमा साहित्यलाई स्थूल रूपमा दुई प्रकारले वर्गीकरण गरेको देखिन्छ । कविता र तिनका भेदहरू पद्यअन्तर्गत पर्दछन् भने आख्यान, कथा, उपन्यास र निबन्धहरू गद्यअर्न्तगत पर्दछन् । नाटक विधा गद्य, पद्य दुबै हुने गर्दछ । आधुनिक नाटक विधा भने प्रायः गद्यात्मक नै गएको पाइन्छ ।

खण्डकाव्य, साहित्यको एक प्रमुख शाखा कविताविधाको एक उपविधा हो । त्यसैले खण्डकाव्यको सैद्धान्तिकस्वरूप पहिल्याउन प्रथमतः साहित्य र कवितालाई चिन्नु आवश्यक हुन्छ । विद्वान्हरूले साहित्य शब्दको व्युत्पत्ति दुई प्रकारले गरी यसका दुई अर्थ लगाएका छन् ।[२२] "शब्द र अर्थ, कल्पना र भावना, अनुभूति र अभिव्यक्तिको एकत्र सहभाव र सह-अस्तित्व भएको रचना साहित्य हो" । साहित्य शब्दको अर्को व्युत्पत्तिगत अर्थ "प्राणी वा मानव मात्रको कल्याणको भावनाको पवित्र उद्देश्यले युक्त रचना नै साहित्य हो" भन्ने हुन्छ ।[२३]

साहित्य शब्दको उपर्युक्त व्युत्पत्तिअनसार मानवकल्याणको अभिप्रायले युक्त शब्द र अर्थको सद्भावमा गरिने अभिव्यक्ति साहित्य हो भन्ने बुझिन्छ । संस्कृत काव्य चिन्तनमा साहित्यलाई काव्य शब्दद्वारा चिनाइएको छ । काव्य शब्दको सामान्य अर्थ कविको कर्म वा भाव हो । ऋग्वेदमा कवि शब्दले विश्वस्रष्टा परमेश्वरलाई र काव्य शब्दले उसको विश्वसृष्टिलाई बुझाउँथ्यो भने त्यसको अर्थसङ्कोच हुँदै जाँदा काव्य शब्दले कविकृत भाषिक वा काव्यार्थमय त्यस सृष्टिलाई बुझाउन थाल्यो जसलाई आज साहित्य भनिन्छ । साहित्यका बारेमा पूर्व पश्चिम दुवैतिर विशद् अध्ययन गरिएको छ । संस्कृत साहित्यमा भरतमुनि (ई.पु प्रथम) देखि काव्यचिन्तनको परम्परा सुरु भएको हो ।

---

[२२] हिमांशु थापा, **साहित्य परिचय**, चौ.सं.(काठमाडौं : साझा प्रकाशन, २०५०), पृ.२-३ ।

[२३] ऐजन ।

पूर्वमा साहित्यलाई बाह्य तव र आन्तरिक तत्त्वका आधारमा विवेचना गरिएको छ । भामह, दण्डी, वामन, कुन्तक, भोजराज आदि आचार्यहरूले साहित्यका बाह्यतत्व अलङ्कार रीति आदिलाई साहित्यको मुख्य तत्व मानेका छन् । त्यसैगरी आनन्दबर्द्धन, विश्वनाथ, जगन्नाथ आदि काव्यमनिषीहरूले साहित्यका अन्तरङ्ग तत्वमाथि जोडदिँदै ध्वनि, भाव, रस आदिलाई नै काव्य मानेका छन् । रसात्मवादी विश्वनाथ भन्छन् "आह्लादकारी भाव व्यक्त गर्ने शब्द नै काव्य हो" ।[२४] यी दुई परिभाषाबाट रमणीय अर्थ निकाल्ने शब्द काव्य हो भन्ने  र रसमय अभिव्यक्ति नै साहित्य हो भन्ने कुराको बोध हुन्छ । प्रसिद्ध पाश्चात्य काव्य चिन्तक एवम् दार्शनिक विद्वान् अरिस्टोटलका विचारमा 'कला प्रकृति वा जीवन जगत्को काल्पनिक वस्तुपरक पुनः सिर्जन हो'[२५]  अरस्तुको यस भनाइका आधारमा साहित्य प्रकृतिको दुरुस्त अनुकरण नभएर त्यसको काल्पनिक पुनर्रचना हो भन्ने बुझिन्छ ।

नेपाली साहित्यका वरिष्ठ समालोचक कृष्णचन्द्रसिंह प्रधानका दृष्टिमा 'साहित्य एक सत्य हो एक कल्पन र एक अभिव्यक्ति कल्पना मात्रै होइन, जो पूर्णतया मिथ्या हो, सत्य मात्र होइन जो पूर्णतया विज्ञान हो, दुवैको अयथार्थ अतिबाट मुक्त साहित्य हुनाले यो वास्तविक जीवनकै सुन्दरतम अभिव्यक्ति हो' ।[२६]  यस परिभाषाअनुसार साहित्य सत्य र कल्पना मिश्रित यथार्थ जीवनको सुन्दरतम अभिव्यक्ति हो भन्ने बुझिन्छ ।

यसरी पूर्वपश्चिम दुवैतिर साहित्यलाई लिएर अनेक छलफल भएका छन् । विभिन्न परिभाषा र धारणाहरू व्यक्त भएका छन् तापनि प्रत्येक परिभाषाले साहित्यलाई चिनाउन सकेको देखिदैंन । अनुभूति प्रधान अमूर्त साहित्यले विश्वब्रह्माण्डलाई विषय बनाउन सक्छ । साहित्य युग समाज र परिवेशसँगै परिवर्तन हुने गतिशील वस्तु हो । त्यसैले साहित्य कुनै एक शब्द, कुनै एक काल र युगमा बाँधिएर सीमित हुन सक्दैन । बहुविध प्रकारको प्रकृति र जीवनजगत्का अनेक पाटाहरू उद्घाटन गर्न खोज्दा सयौँ हजारौँ कृति तयार हुन सक्छन् । एउटै विषयका बारेमा लेखिने साहित्यिक रचना लेखक र व्यक्तिपिच्छे पृथक पृथक हुन सक्छन् । यो मानव सभ्यता र जीवनसँगै चल्दै जाने अनन्त प्रक्रिया हो । यसरी साहित्य गतिशील र व्यापक वस्तु भए पनि चलिरहेको युगसम्मका साहित्यिक मान्यता र

---

[२४] जगन्नाथ, **रसगङ्गाधर**, ते.सं.(वाराणसी : चौखम्बा विद्याभवन, सन् १९८८), पृ. ५-६ ।

[२५] वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** भाग १, ते.सं.(काठमाडौं : साझा प्रकाशन, २०४८) पृ.५० ।

[२६] टंकप्रसाद न्यौपाने, **साहित्यको रूपरेखा**, दो.सं.(काठमाडौं : साझा प्रकाशन, २०४९), पृ.१५ ।

सृजनाहरूलाई आधार मानेर भन्नुपर्दा "साहित्य जीवनजगत्को सम्पर्कबाट उत्पन्न मानवीय अनुभूतिहरूको सौन्दर्यपूर्ण भाषाका माध्यमद्वारा व्यक्त गरिने कलात्मक अभिव्यक्ति हो ।"


नाट्यचित्त मै केन्द्रित संस्कृत साहित्यका प्रथम काव्याचार्य भरतमुनिले नाट्य साहित्यलाई श्रव्य, पाठ्य र दृश्य गरी तीन भागमा बाँडेका छन् । छैटौं शताब्दीका भामहसम्म साहित्यका गद्य र पद्य दुई भेद देखाइएको देखिन्छ । सातौ शताब्दीका आचार्य दण्डीले गद्य, पद्य तथा गद्यपद्य मिश्रित चम्पू गरी ती नभागमा साहित्यलाई विभाजन गरे । चौधौँ शताब्दीका काव्यचिन्तक विश्वनाथले साहित्यका श्रव्य र दृश्य दुई भेद देखाएका छन् । उनले नाटकोत्तर विधालाई श्रव्य भेदमा राखे भने नाटक र यसका भेदहरूलाई दृश्य भेदमा राखे । माथिको वर्गीकरण अनुसार कविता विधा श्रव्य पद्य भेदमा पर्दछ ।

### ३.१.१ साहित्यको एक विधाका रूपमा कविता

कविता वाचन-श्रवण गरेर कानका माध्यमबाट आस्वादन गरिने रचना हो । यसैले कवितालाई श्रव्य विधा मानिएको हो । कविताको यस श्रव्य गुणले सामान्यतया फुटकर कविताको सङ्केत गर्दछ तर कविताका बृहत् आयामभित्र खण्डकाव्य र महाकाव्य समेत अटाउँछ । त्यसैले खण्डकाव्यलाई कविताकै सापेक्षतामा हेर्नुपर्ने हुन्छ र कवितालाई चिनाइसकेपछि खण्डकाव्यलाई चिनाउन सजिलो हुन्छ । कविता साहित्यकै एक विधागत भेद भएकाले साहित्यका सापेक्षतामा कविताको विधागत स्वरूप अपेक्षाकृत स्पष्ट रूपमा चिनिन सक्छ । कविता पद, शब्द, पाउहरूको विशिष्ट विन्यास भएकाले यसलाई पद्य भनिएको हो । लयकै आधारमा अरूमा विधाबाट कविता छुट्टिन्छ । छन्दका अभावमा कविता अस्तित्वको सङ्कटमा पर्न सक्छ । पाश्चात्य साहित्यबाट विकसित गद्य कविताले पनि लयलाई छोड्न नसक्नुले कविताको पेवा लय नै रहेको तथ्य प्रष्ट हुन्छ । लय विशिष्टताले गर्दा आफ्नो मौलिक अस्तित्व प्राप्त गर्दै आएको कविता साहित्यको एक प्रमुख विधा हो । यसका विभिन्न भेदहरू छन् ।

#### ३.१.१.१ कविताका विविध रूप र आयाम

विषयको आयाम, अनुभूतिको मात्रा र संरचनाका आधारमा कविताका निम्नलिखित भेद छन:-



लघुत्तम लघु मझौला बृहत्तर् बृहत्तम

**क) लघुतम कविता**

जीवनको क्षणविशेषका भाव विचार वा अनुभूतिको एक झुल्का हृदयका भावको एक उत्ताललाई सम्पूर्णतामा अभिव्यक्त गरिने कविताको सबभन्दा सानो एकाइ नै लघुतम कविता हो । जीवनजगत्का अनुभवलाई रागात्मक र कलात्मक किसिमले भाषाका माध्यमबाट भन्ने क्रममा लयात्मकता अँगालिँदा प्रकट हुने कविता विधाको स्वयम्मा पूर्ण रहने लघुतम (सबभन्दा सानो) एकाइ वा श्रेणीलाई नै मुख्यतः लघुतम कविता भनिन्छ ।[२७] न्यूनतम दुई पङ्क्तिदेखि अधिकतम आठ/दस पङ्क्तिमा पूर्ण हुने कविताको यस भेदमा अनुभूति ज्यादा तरल भएर आएको हुन्छ । त्यसकारण गीतका टुक्रा, गजलका टुक्का, शायरी, सुक्ति, उक्तिहरू, हाइकु र मुक्तक जस्ता रूपलाई लघुतम रूप भन्न सकिन्छ ।

**ख) लघु कविता**

कविताको लघुतम रूपभन्दा विस्तृत र मध्यम रूपभन्दा संक्षिप्त आकार प्रकार भएको रचना लघु कविता हो । कविता काल्पनिक अनुभूतिले जब आख्यानको झिल्कालाई समाउन पुग्दछ, तब कविताले लघु रूप फेला पार्दछ ।[२८] कविता भन्नासाथ भावकका हृदयमा झुल्किने कविताको यही लघु रूप बुझिन्छ । यसमा लघुतम रूपका तुलनामा अनुभूतिको विस्तार बढी नै भएको हुन्छ । सूक्ष्माख्यानको आभास पाइने भए पनि लघु कविता अनुभूतिको प्रवलतामा स्वतः निर्माण भएको पाइन्छ । न्यूनतम दुई श्लोक हुनु यसको आकार-प्रकार हो ।

**ग) मध्यम कविता**

कविताका साना-ठुला पाँच रूपहरूमध्ये मध्यमरूपअन्तर्गत खण्डकाव्य पर्न आउँछ । 'कविताको लघुरूप भन्दा ठुलो महाकाव्यभन्दा सानो र छोटो आयाम तथा विस्तारमा आफ्नो निजी विशेषता लिएर

---

२७ वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता-४** ,चौ.सं.(काठमाडौँः साझा प्रकाशन, वि.स.२०६०) पृ.२८ ।

२८ कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, (काठमाडौं : क्षितिज प्रकाशन, २०६४), पृ.३१२ ।

संरचित कविताको रूप नै मध्यम रूप हो' ।[२९] कविताको यस प्रकारको रूपमा जीवनको एक खण्डको अभिव्यक्ति हुन्छ । आख्यान र अनुभूतिको सन्तुलित तथा व्यवस्थित अभिव्यक्तिगत हुन्छ । आख्यान र अनुभूतिको सन्तुलित तथा व्यवस्थित अभिव्यक्तिगत संरचना प्राप्त गर्दा कविताको मझौला रूप अत्यन्त सशक्त र सफल बन्न पुग्दछ ।

**घ) बृहत् कविता**

विषयको विस्तृत आयामलाई पक्रेर सिङ्गो जीवनको चतुर्वर्गको समाख्यान गर्ने, मझौला काव्यभन्दा विस्तृत र बृहत्तर महाकाव्य भन्दा संक्षिप्त कलात्मक महाकाव्य नै कविताको बृहत् रूप हो । कुनै पनि स्रष्टा, प्रतिभाभित्र खेलिरहेका अनुभूतिहरूले जब बृहत् आख्यानको सहायता लिन्छन् तब त्यो अभिव्यक्ति कविताको मझौला रूपमा नअटाएर बृहत् रूप लिन पुग्दछ अर्थात स्रष्टाका अनुभूतिहरू जब मझौला रूपमा अटाउँदैनन तब बृहत् आख्यानको खोजी गर्न उनीहरू दौडिने गर्दछन् । रस समग्रताको अभिव्यक्ति, पञ्चसन्धिको निर्वाह महाकाव्यका आवश्यक मूर्त हुन् । सर्गबन्धन हुने हुनाले यसलाई सर्गबन्ध पनि भनिन्छ ।

**ङ) बृहत्तर कविता**

युगजीवनको प्रस्तुति, सिङ्गो मानव सभ्यता संस्कृति र समकालीन समाजको चित्र प्रस्तुत गर्ने ललित महाकाव्यभन्दा बृहत्तर संरचना भएका विकासशील एवम् आर्ष महाकाव्य नै कविताको सबभन्दा ठुलो रूप हो । यस प्रकारका महाकाव्यमा सिङ्गो जाति, समाज तथा सिङ्गो युगको व्यापक र विराटपूर्ण चित्रण गरिएको पाइन्छ । पूर्वीय सभ्यताको **रामायण** बृहत्तर रूप हो भने **महाभारत** बृहतम रूप हो । त्यसैगरी पाश्चात्य सभ्यताका होमरका **इलियड** र **ओडिसी** बृहत्तर महाकाव्यका मानवीय सम्पत्ति हुन् ।

## ३.१.२ कविताको मझौला रूप खण्डकाव्य

महाकाव्य कविताको बृहत् रूप हो र फुटकर कविता लघुरूप हो भने यी दुईका मध्यबिन्दुमा अवस्थितखण्डकाव्य कविताको मझौला रूप हो भन्ने कुरा माथि उल्लेख भइसकेको छ । यो विषयको आयाम, संरचना र आख्यानको स्थितिका दृष्टिले पनि कविताको मध्यम रूप हो ।

[२९] कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ.११३ ।

लघु कविताले एक प्रहर र एक क्षण विशेषको अनुभूतिलाई अँगालेको हुन्छ । महाकाव्य सिङ्गो जीवनको बहुविध पक्षको उद्घाटन गर्दै विषयको विशाल फाँटमा चाहारिरहेको हुन्छ । त्यहाँ समग्र रसको अभिव्यक्ति, पञ्चसन्धिको ढाँचामा कथावस्तुको विकास, वर्गचतुष्टयको काव्यात्मक प्रस्तुति भएको हुन्छ । यस दृष्टिले खण्डकाव्यले सिङ्गो जीवनको एक देश, आँखीझ्यालबाट चियाउँदा देखिने सानो संसार र एक दृश्यलाई आफ्नो विषयवस्तु बनाएको छ । कविताको यो मझौला रूपअर्न्तगत खण्डकाव्य, कोषकाव्य, गाथा, लहरीकाव्य, सवाईकाव्य, लामा कविता आदि पर्दछन् र यी कविताको मझौला रूपको प्रभाव वा सम्पर्क धेरै बृहत्रूपसँग मिल्ने हुन्छ । यसैले कविताको लघु रूप र बृहत् रूपको बीचमा बसेर मझौला रूपको काम गरिरहेको अवस्था नै कविताको मझौला रूप हो भन्न सकिन्छ । कुनै एक रसको परिपाक, कुनै सन्धिको निर्वाह र कुनै वर्गको प्रतिपादन गर्ने खण्डकाव्य, विषयको आयामको दृष्टिले पनि मझौला काव्य देखापर्दछ । लघु कविता अनुभूतिको अभिव्यक्तिसँगै स्वतः संरचित हुन्छ । आख्यानको आभास वा सूक्ष्माख्यानको स्थिति रहने हुँदा लघु कवितामा अनुभूति र आख्यान छुट्टिएका हुँदैनन् । त्यसैले त्यहाँ संरचनाको आयोजना गरिरहनु पर्दैन । आख्यान र अनुभूतिको सन्तुलित तथा व्यवस्थित अभिव्यक्तिगत संरचना प्राप्त गर्दा कविताको मझौला रूप सशक्त र सफल बन्न पुग्दछ । कविताको मझौला रूप मानिने खण्डकाव्यदेखि अनुभूतिको मात्रा विस्तृत हुँदै गएको हुन्छ । अनुभूतिको विस्तृत अभिव्यक्तिको आरम्भ खण्डकाव्यदेखि हुनाले त्यसलाई छताछुल्ल पोखिनबाट जोगाएर मूर्तरूप दिन आख्यानको सहारा लिनुपर्ने हुन्छ । यस स्थितिमा कविले अनुभूतिलाई आख्यानमा उनेर प्रबन्धन गर्ने काम गर्दछ । आख्यानका विकल्पमा भाव तथा विषयका आधारमा पनि अनुभूतिको संयोजन खण्डकाव्यमा हुन सक्छ । यस दृष्टिले खण्डकाव्यमा अनुभूतिको प्रवाहलाई अड्याउन आख्यान निर्विकल्प रूपमा आउने गर्दछ । यसरी खण्डकाव्यको संरचनाको आधारमा पनि खण्डकाव्य कविताका अन्य रूपभन्दा छुट्टै किसिमको देखिन्छ ।

खण्डकाव्यलाई आख्यानको स्थितिका आधारमा पनि मझौला काव्य मान्न सकिन्छ । खण्डकाव्यमा अनुभूतिलाई आख्यानमा उनेर प्रबन्धन गरिने कुरा उल्लेख भइसकेको छ । यसरी व्यवस्थित गर्दा अनुभूति र आख्यानको सन्तुलित प्रयोग भएमा खण्डकाव्य सशक्त बन्दछ । अनुभूतिको प्रबलता र आख्यानको दुर्बलता भएमा सुन्दर खण्डकाव्य बन्न सक्दैन । त्यसैले खण्डकाव्यमा अनुभूति र आख्यानको सन्तुलन हुनु आवश्यक छ । महाकाव्यमा आख्यान विस्तृत रूपमा आएको हुन्छ । लघु कवितामा आख्यानको आभास मात्र पाइन्छ । खण्डकाव्यमा जीवनको एक खण्डसँग सम्बन्धित आख्यान

आउने गर्दछ । खण्डकाव्यमा महाकाव्यमा जस्तो आख्यान विर्विकल्प रूपमा आएको हुँदैन । भाव र विषयका सहकारितामा आख्यान विना पनि कविताको मझौला रूपको सृजना भएको देखिन्छ । खण्डकाव्यमा महाकाव्य भन्दा सानो र लघुकविताभन्दा ठूलो आख्यान आउने हुनाले यस आधारमा पनि खण्डकाव्य कविताको मध्यम रूप भित्र पर्दछ भन्ने स्पष्ट हुन्छ ।

### ३.१.२.१ खण्डकाव्यसम्बन्धी पूर्वीय चिन्तन


पद्य कविताको एक प्रबन्धात्मक उपभेद खण्डकाव्य हो । संस्कृत साहित्यमा खण्डकाव्यबारे चर्चा गर्ने प्रथम आचार्य विश्वनाथ हुन् । भरतमुनि, भामह र दण्डीले खण्डकाव्यका बारेमा छुट्टै चर्चा नगरी साहित्यलाई समष्टि रूपमा मात्र अध्ययन गरेको देखिन्छ । भरतमुनिले आफ्नो चिन्तनलाई नाटकमा मात्र केन्द्रित गरे । सर्वप्रथम छैटौँ शताब्दीका काव्याचार्य भामहले काव्यलाई 'वृत्तबन्ध' र 'अवृत्तबन्ध' गरी दुई भागमा विभाजन गरे ।[३०] भामहका अनुसार छन्दोबद्ध कविताको एक भेद खण्डकाव्यलाई वृत्तबन्धअन्तर्गत राख्न सकिन्छ ।

सातौँ शताब्दीका आचार्य दण्डीले भामहकै वर्गीकरणलाई अनुसरण गरेका छन् । संस्कृत साहित्यशास्त्रको परम्परामा सर्वप्रथम आठौँ शताब्दीका काव्यचिन्तक रुद्रटका अनुसार पुरुषार्थचतुष्टय ( धर्म, अर्थ, काम, मोक्ष) मध्ये कुनै एकको, अनि सम्पूर्ण रसको असमग्र वा कुनै एक रसको पूर्ण अभिव्यक्ति गरिएको रचना लघुकाव्य हो भनेका छन् । यसैगरी पुरुषार्थ चतुष्टय र समग्र रसको अभिव्यक्ति भएको काव्यलाई महान काव्य भनेका छन् । उनले लघुकाव्यको उदाहरणका रुपमा 'मेघदूत'लाई नै प्रस्तुत गरेको हुनाले परवर्ती आचार्य विश्वनाथले पनि रुद्रटले बताएको लघुकाव्यलाई नै खण्डकाव्य भनेका छन् भन्ने अड्कल गर्न सकिन्छ ।[३१] यसैले रुद्रटको लघुकाव्यको लक्षणसँग मिल्दोजुल्दो हुने हुनाले खण्डकाव्यलाई लघुकाव्यअन्तर्गत राख्न सकिन्छ ।

[३०] भामह, **काव्यालङ्कार**, (पटना : विहार राष्ट्रभाषा परिषद्, १९१९), पृ.१० ।

[३१] महादेव अवस्थी, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श** ,(काठमाडौँः इन्टलेक्चुअल्ज बुक प्यालेस, २०६४ ), पृ.३८ ।

नवौँ शताब्दीका आचार्य आनन्दबर्द्धनले पद्यकाव्यलाई मुक्तक र प्रबन्ध गरी प्रथमतः द्विधा विभाजन गरेर पुनः मुक्तकका पाँच भेद तथा सर्गबन्धका पाँच भेद देखाएका छन् ।[३२] उनको विभाजन निम्नानुसारको रहेको छ -




आनन्दबर्द्धनको पद्यकाव्यका उक्त दश भेदहरूको व्याख्या गर्ने सन्दर्भमा 'ध्वन्यालोकलोचन'का टीकाकार अभिनव गुप्तले प्रबन्धकाव्यको एक भेद खण्डकाव्यको पनि चर्चा गरेका छन् । गुप्तका अनुसार कवितात्मक रूपमा सिङ्गो कथाको एक खण्डको क्रमबद्ध वर्णन गरिएको आफैमा पूर्ण रचना खण्डकाव्य हो । खण्डकाव्य पनि लयबद्ध भाषामा जीवनको एक खण्डको क्रमबद्ध वर्णन भएको स्वतन्त्र रचना हो । आनन्दबर्द्धनको काव्यको विभाजन र अभिनवगुप्तको लोचन टीकाको व्याख्यालाई हेर्दा प्रबन्धकाव्य देखा पर्दछ । यही निकटताका कारणले नै परवर्ती युगमा पद्य प्रबन्धको एक भेदका रूपमा खण्डकाव्यको खण्ड शब्दलाई यथावत रूपमा ग्रहण गरी आख्यान विधासँग ज्यादा सम्बन्ध राख्ने 'कथा'

[३२] ऐजन ।

शब्दका सट्टा 'काव्य' शब्द राखी खण्डकाव्य भन्ने नामकरण विश्वनाथद्वारा गरिएको हो ।

पूर्वीय काव्यचिन्तनको परम्परालाई सुव्यवस्थित र सुस्पष्ट बनाउने आचार्य विश्वनाथ हुन् । चौधौँ शताब्दीका विश्वनाथले 'साहित्य दर्पण' नामक आफ्नो लक्षण ग्रन्थमा साहित्यका विधाहरूको साहित्यशास्त्रीय चिन्तन गरेका छन् । खण्डकाव्यलाई खण्डकाव्यकै संज्ञा तोकेर सैद्धान्तिक अध्ययन गर्ने प्रथम आचार्य विश्वनाथ नै हुन् । उनी खण्डकाव्यको परिभाषा गर्दै भन्दछन्-'काव्य वा महाकाव्यको एकदेशको अनुसरण गर्ने रचना खण्डकाव्य हो ।[३३] विश्वनाथले भावक(श्रोता) पाठक(दर्शक)का आधारमा काव्यलाई श्रव्य र दृश्य गरी दुई भागमा विभाजन गरेका छन् । यस वर्गीकरण अनुसार पद्य वा कविता श्रव्यकाव्यअन्तर्गत पर्दछन् । यिनले पद्यलाई मुक्तक र प्रबन्ध गरी दुई भागमा वर्गीकरण गर्दै प्रबन्ध भेदअन्तर्गत काव्य, खण्डकाव्य, कोषकाव्य र महाकाव्यलाई राखेका छन् । यिनका अनुसार 'काव्य' भनेको प्रबन्ध काव्यको त्यो भेद हो, जो संस्कृत, प्राकृत वा अपभ्रंश भाषामा निबद्ध हुन्छ एवम् यसमा सर्गबन्ध आवश्यक छैन र पञ्चसन्धि पूरैको आवश्यकता पर्दैन साथै यो एकार्थ प्रवण वा एकान्वितिपूर्ण हुन्छ ।[३४] खण्डकाव्य भनेको काव्यको एकदेशको अनुसरण गर्ने पद्य प्रबन्ध हो भन्ने उनको मत रहेको पाइन्छ ।

विश्वनाथका विचारमा शृङ्खलित इतिवृत्त नभएको परम्परा असम्बद्ध श्लोकहरूबाट निर्मित काव्य नै कोषकाव्य हो ।[३५] यसैगरी विश्वनाथका मतमा सर्गबद्ध, पञ्चसन्धियुक्त, महान् उद्देश्य र महान् चरित्र प्रबन्धकाव्यको एउटा भेद महाकाव्य हो ।[३६] विश्वनाथको यस वर्गीकरणले कविता वा यसको छुट्टै उपविधाका रूपमा खण्डकाव्यलाई चिनाएको छ । कविताको एक भेदको नाम खण्डकाव्य नै हो भनेर तोक्ने प्रथम आचार्य विश्वनाथ हुन् । यिनी नै खण्डकाव्यका खास चिन्तकका रूपमा चिनिन्छन् ।

उनका अनुसार सर्गबद्धता र समग्र सन्धिको प्रयोग आवश्यक नभएको र एकार्थप्रवण वा एकान्वितिपूर्ण पद्य रचना 'काव्य' हो । त्यसै काव्यको सर्वदेशीयतासँग सम्बद्ध रचना महाकाव्य हो र

---

[३३] विश्वनाथ, **साहित्य दर्पण**, (वाराणसी : चौखम्वा विद्याभवन, सन् १९०९), पृ.५५५ ।

[३४] ऐजन, पृ.५५४ ।

[३५] ऐजन ।

[३६] ऐजन, पृ.५४९ ।

यही महाकाव्यको एकदेशको अनुसरण गर्ने प्रबन्ध काव्यको एउटा भेद खण्डकाव्य हो ।

उपर्युक्त यस विचारले जीवन समग्रतालाई नभई जीवनको एकदेशीयतालाई विषवस्तु बनाई रचिएको पद्यप्रबन्ध नै खण्डकाव्य हो भन्ने कुरातर्फ सङ्केत गरेको छ । विश्वनाथका यही मान्यता खण्डकाव्यसम्बन्धी पूर्वीय दृष्टिकोण हो । यही मान्यतालाई केन्द्रबिन्दु बनाएर अहिलेसम्म पनि खण्डकाव्यको अध्ययन गर्ने परम्परा चलिरहेको छ ।

### ३.१.२.२ खण्डकाव्य सम्बन्धी पाश्चात्य चिन्तन

खण्डकाव्यको स्वरूपलाई चिनाउने परम्परागत शब्द पाश्चात्य साहित्यमा पाइँदैन तर यससँग मिल्दाजुल्दा कविताका प्रकार भने त्यहाँ पाइन्छन् । महाकाव्य र फुटकर कविताको विस्तृत चर्चा गरिएको पाइए पनि यी दुईका बीचको अवस्थामा देखापर्ने खण्डकाव्यको चर्चा नपाइने हुँदा पाश्चात्य जगतमा देखा पर्ने लामो कविता नै खण्डकाव्यको नजिक देखापर्दछ । लघु कविता र बृह्त कविताका बीचको आयाममा संरचित कविता रूपको नामलाई नै कविताको मझौला रूप मान्नुपर्छ जुन खण्डकाव्यको निकट हुन्छ ।[३७] बीसौँ शताब्दीमा आएपछि यस्ता मझौला रूपका कवितालाई पश्चिममा लामो कविताको संज्ञा दिएको पाइन्छ ।

यस किसिमका लामा कवितामा शोककाव्य (एलिजी), गाथाकाव्य (लिरिकल ब्यालेड), छन्दोबद्ध रोमाञ्चकाव्य (मेट्रिकल रोमान्स ), पद्य नाट्यकाव्य (पोएट्रिक ड्रामा, सेटायर), चरित्रकाव्य (क्यारेक्टर), पत्रकाव्य (इपिस्टल), व्यङ्ग्यकाव्य (पोएट्रि सेटायर), ऋतुकाव्य, गोपकाव्य, लामो कविता (लङ पोएम) पर्दछन् र यसका रूपाकृतिगत लमाइ खण्डकाव्य समान देखिन्छन् ।[३८]

कविताको वर्गीकरणका सम्बन्धमा यी सबै कवितालाई बीसौँ शताब्दीमा आएर लामो कविताका रूपमा स्वीकारिएको देखिन्छ । यी लामा कविताले अँगाल्ने ढाँचा खण्डकाव्यको मूल ढाँचासँग मिल्दोजुल्दो देखिन्छ । जीवनको एक खण्डलाई झल्काउने आख्यानको प्रयोग खण्डकाव्यमा रहन्छ तर कतिपय कविहरूले आख्यान निरपेक्ष काव्य पनि लेख्ने गरेको पाइन्छ । त्यसलाई भने कोषकाव्य भनिन्छ र यसलाई वैकल्पिक ढाँचाका रूपमा स्वीकार्नु पर्छ । पश्चिममा लामा कवितालाई आख्यानात्मक लामो

[३७] महादेव अवस्थी,पूर्ववत्, पृ.४४ ।

[३८] ऐजन, पृ.४५

कविता र आख्यानेतर लामो कविता भनेर छुट्याइएको पाइन्छ । शोककाव्य आख्यानात्मक र आख्यानरहित दुवै हुन्छन् । प्रयोगवादी युगमा रचिएका लामा कवितालाई आधारभूत रूपमा लामो कविता भनिएको छ । यस वादको आगमनभन्दा अघि मानिएका शोककाव्य, चरित्रकाव्य आदि भने आ-आफ्नै नामले चिनिन्छन् । प्रयोगवादी युगका लामा कविता भने आख्यानरहित रूपमा सिर्जिएका छन् । जसको प्रभाव नेपाली प्रयोगवादी कविमा परेको छ । सुरुमा आख्यानरहित ढाँचामा देखिएका लामा कविता पछि आएर आख्यानात्म्क रूपमा पनि देखिन थाले ।

यसैले गर्दा लामा कवितालाई आख्यान सापेक्ष र निरपेक्ष गरी दुई प्रकारका मान्नु पर्ने देखिन्छ । लामो कविता पश्चिमी साहित्यमा १९ औँ शताब्दीको अन्त्य र २० औँ शताब्दीको सुरुवातमा देखिएका विविध नवप्रयोगहरूबाट सिर्जिएको हो । नयाँ प्रयोगहरूको परिणामबाट प्रयोगवादी लामो कविता जन्मिएकाले यसलाई उत्तरस्वच्छन्दतावाद वा प्रयोगवाद भन्ने गरिन्छ ।[३९] विभिन्न किसिमका वादहरूको समष्टि प्रयोगबाट प्रयोगवाद जन्मिएको हो । प्रतीकवादबाट सुरु भएर अतियथार्थवाद, विसङ्गतिवाद, अस्तित्ववाद आदि कला-शिल्प देखिएका विभिन्न नवप्रयोगहरूको समष्टि रूप नै प्रयोगवाद हो र यस वादकै एक अंश लामो कविता हो । पश्चिमी साहित्यको स्वच्छन्दतावादी युगसम्म शोककाव्य, चरित्रकाव्य, ऋतुकाव्य, गाथाकाव्य आदि ढाँचाहरू प्रचलित थिए तर यी काव्यहरूको परम्परालाई भाच्दै नयाँ किसिमका प्रयोगशीलतालाई अँगालेर कविता लेखिन थालियो । १९ औँ शताब्दीको अन्त्यसँगै थालिएका यस्ता कविताहरू नै प्रयोगवादी कविता हुन् जसमा प्रयोगवादी लामा कविता पर्दछन् ।[४०]

पाश्चात्य जगत्मा देखापर्ने यी लामा कविताहरूमा प्रयोगवादी चेतनाको बाहुल्यता रहेको पाइन्छ । विशेष गरी अवचेतन मनका सूक्ष्म अनुभूतिहरूलाई अवेतन लेखनकै माध्यमद्वारा प्रस्तुत गरिने हुँदा कविताको मझौला रूपसँग अनुभूति विस्तारित हुने अवस्था रहन्छ । अवचेतन मनका भावप्रवाहको विस्तारित अमूर्त लेखनलाई लामा कविता भनिन्छ । यस्ता लामा कवितामा विभिन्न प्रतीक र बिम्बको प्रयोग गरिने हुँदा कविता अमूर्त लेखनमै टुङ्गिन जान्छ । प्रयोगवादी लामो कविताको रचनामा आख्यानको प्रयोग नगरे पनि अवचेतन मनको विस्तारित अभिव्यक्ति दिँदा त्यहाँको अन्तर्कथा रहेको

[३९] ऐजन, पृ.४६ ।

[४०] ऐजन ।

हुन्छ । त्यसैले कथानकहीन अन्तर्कथा रहनु यसको अर्को विशेषता हो । यस्ता कवितामा चरित्ररहित अन्तर्पात्र रहेका हुन्छन् र त्यस्ता चरित्रमा स्वतसाहचर्यशील क्षणहरूको मुक्त सम्बन्धयुक्त चित्रण रहेको हुन्छ ।[४१] यस्ता कवितामा संरचनाहीन अन्तःसंरचना रहन्छ । अवचेतन मनको एकालापपूर्ण अभिव्यक्ति प्रयोगवादी लामो कवितामा हुन्छ त्यो प्रवृत्ति आख्यानात्मक लामो कवितामा पनि देखिन्छ । यस्तो अभिव्यक्ति आख्यानरहित लामो कवितामा विकीर्णता र तुमूलतापूर्ण देखिन्छ । सुनिनु तर नबुझिनु लामो कविताको विशेषता हो । यस्ता कविताले व्यष्टिमा अर्थ दिने गर्दछन् ।

यसरी लघु रूप र बृहत् रूपका बीचको लमाइमा पर्ने पूर्वीय तथा पाश्चात्य साहित्यका सम्पूर्ण कविता काव्यहरूलाई एउटै साझा नाम खण्डकाव्य भन्न सकिन्छ । मुक्तक र फुटकर जस्ता छोटा रूप वा लघु रूप तथा दीर्घतर कलात्मक महाकाव्य र दीर्घतम विकसनशील महाकाव्य जस्ता लामा रूपका बीचमा मझौला खालको आकार-प्रकार भएका जति पनि कविताका मध्यम रूप भेटिन्छन्  ती सबैलाई खण्डकाव्य संज्ञाद्वारा साझा रूपमा चिन्न सकिन्छ ।

### ३.१.२.३ नेपाली साहित्यमा खण्डकाव्य सम्बन्धी चिन्तन

नेपाली साहित्यका विद्वान्हरूले पनि खण्डकाव्यबारे आ-आफ्ना धारणाहरू व्यक्त गरेका छन् । नेपाली भाषामा साहित्यशास्त्रीय चिन्तनको परम्परा भनेको संस्कृत साहित्य चिन्तन नै हो । यद्यपि पछिल्लो समयमा पाश्चात्य साहित्यिक चिन्तनको पनि प्रभाव परेको छ । यसैले समष्टिमा पूर्वीय र पाश्चात्य चिन्तनका प्रभावबाट नै नेपाली भाषामा साहित्यशास्त्रीय चिन्तन अघि बढेको छ ।

नेपाली भाषामा साहित्यशास्त्रीय चिन्तनअन्तर्गत खण्डकाव्यका सन्दर्भमा चिन्तन गर्ने महत्त्वपूर्ण विद्वान् सोमनाथ हुन् । उनका अनुसार “काव्यको एक टुक्रा जस्तो कथानक लिएर शृङ्खलित रूपमा बीचैबाट उठेर बीचैमा टुङ्गिएको सर्गबन्धन सन्धिबन्धनहरू नभएको छोटो काव्यलाई खण्डकाव्य भनिन्छ ।”[४२]

[४१] पूर्ववत्, पृ.४७ ।

[४२] सोमनाथ सिग्द्याल, **साहित्य प्रदीप**,(काठमाडौं: नेपाल एकेडमी, २०१६), पृ. १०९ ।

प्रयोगात्मक नेपाली शब्दकोशमा "फुटकर कविताभन्दा ठूलो र महाकाव्यभन्दा सानो एक प्रकारको प्रबन्धकाव्य नै खण्डकाव्य हो"[४३] भनी खण्डकाव्यलाई चिनाइएको छ ।

केशवप्रसाद उपाध्यायले "खण्डकाव्यमा जीवनका एक अंश विशेषको झलक प्रस्तुत गरिन्छ । यसमा एउटै सीमित कालखण्डमा वा अल्पअवधिमा घटित एउटै घटना एउटै चरित्र र एउटै प्रभाव उपस्थित हुन्छ, यसमा एउटै रसको अभिव्यक्ति एउटै छन्दमा गरिनु अपेक्षित छ"[४४] भनी उल्लेख गरेका छन् ।

खण्डकाव्यसम्बन्धी चिन्तनकै क्रममा मोहन हिमांशु थापा ले "खण्डकाव्यमा मानव जीवनको एक पक्षको चित्रण हुन्छ, एउटा तथ्यको उद्‌घाटन हुन्छ र एउटा यथार्थताको विश्लेषण हुन्छ"[४५] भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् ।

सिद्धान्त र साहित्य भन्ने आफ्नो ग्रन्थमा भानुभक्त पोखरेलले खण्डकाव्यका बारेमा यस्तो टिप्पणी गरेका छन्- "कविताहरूमा पूर्वापर सम्वन्ध, एकान्विति अथवा कथात्मकता भए पनि खण्डकाव्य एक रसात्मक, द्रूतगामी सानो काव्यकृति हो" ।[४६]

खण्डकाव्यसम्बन्धी चिन्तनलाई पहिल्याउने क्रममा कवि माधवप्रसाद घिमिरे भन्छन्[४७] "यहाँ निर्झरले खोलालाई बोलाउँछ लघुकाव्य बन्छन्, खोलाले नदीलाई बोलाउँछ ललित महाकाव्य बन्छन्, नदीले सागरलाई बोलाउँछ, बृहदाकार महाकाव्य बन्छन्" ।

वासुदेव त्रिपाठी ले खण्डकाव्यबारे टिप्पणी गर्दै यस्तो भनेका छन्- "खण्डकाव्यलाई कविता विधाको त्यस्तो मझौला आयामको उपविधागत भेद भन्न सकिन्छ । जसमा कुनै आख्यान अँगालेर वा

[४३] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई,**प्रयोगात्मक नेपाली शब्दकोश**, (काठमाडौंः विद्यार्थी प्रकाशन, २०६८), पृ.२०७ ।

[४४] केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश**, चौ.सं.,(कामाडौंः क्षितिज प्रकाशन, २०४४), पृ.५२ ।

[४५] मोहन हिमांशु थापा, पूर्ववत्, पृ.५२ ।

[४६] भानुभक्त पोखरेल, **सिद्धान्त र साहित्य**, (विराटनगरः कुलचन्द्र शर्मा, २०४०), पृ. १३३ ।

[४७] माधव घिमिरे, **पच्चीस वर्षका खण्डकाव्य**, सम्पा.,(काठमाडौं : ने.रा.प्र.प्र., २०३९), पृ.७ ।

नअँगाली जीवन जगत्को एक अंश वा भागलाई अन्वितिपूर्वक बद्ध वा मुक्त भाषिक लयका माध्यमबाट कथन गरी संरचित गरिन्छ ।"[४८]

खण्डकाव्यसम्बन्धी नेपाली विद्वानहरूका उपर्युक्त दृष्टिकोणबाट के स्पष्ट हुन्छ भने नेपाली साहित्यमा पनि यसबारे प्रशस्त चिन्तन गरिएको छ । मानव सभ्यता र समाजमा आएको परिवर्तनसँगै साहित्यको स्वरूप र दृष्टिकोणमा पनि परिवर्तन भइरहन्छ । पूर्वीय पाश्चात्य वा विश्वसाहित्यका कृतिहरूमा त्यस्तो परिवर्तन भएकै छ । परिवर्तनशील साहित्यसँगै त्यस बारेका चिन्तन र अध्ययनमा पनि स्वाभाविक रूपमा परिवर्तन हुन्छ भन्ने कुरा पूर्वका भरतमुनिदेखि विश्वनाथ अझ  उत्तरवर्ती जगन्नाथसम्मका काव्यपरिभाषा र लक्षणग्रन्थले देखाइसकेका छन् । यी सबै विद्वानहरूका दृष्टिकोण बेग्लाबेग्लै भए पनि खण्डकाव्यले जीवनको एक अंशको पूर्ण र क्रमबद्ध अभिव्यक्ति गर्दछ भन्ने कुरामा सबैको एकमत देखिन्छ र त्यो एकमत संस्कृत साहित्यशास्त्री विश्वनाथका खण्डकाव्यसम्बन्धी मान्यताबाटै अनुप्राणित छ ।

निष्कर्षमा भन्नुपर्दा गद्य र पद्य जुसुकै लयमा लेखिए पनि कवितात्मक लयविधान गरी मानवजीवन वा अन्य कुनै विषयको एउटा टुक्रो वा पाटोसँग सम्बन्धित भई श्रृङ्खलाबद्ध रूपमा प्रस्तुत गरिएको आख्यानात्मक मझौला प्रबन्धकाव्य नै खण्डकाव्य हो ।

## ३.२ खण्डकाव्यका तत्त्वहरू

कविता विधा र यसका उपविधाहरूका बारेमा यहाँसम्म गरिएको चर्चाबाट खण्डकाव्यलाई कविता विधाको एक दरो उपविधाका रूपमा लिने गरिन्छ । यसका संरचक तत्त्वहरू पनि आफ्नै किसिमका छन् । तत्त्व भन्नाले कुनै वस्तु, रचना, पदार्थका, अङ्गावयव वा संरक्षक घटकहरूलाई चिन्न सकिन्छ । साहित्यमा रहने गुण, धर्म, सामग्री र अङ्गावयव आदि साहित्यका तत्त्वका रूपमा स्वीकारिन्छन् । जीवनको शारीरिक संरचनाका आधारमा हेर्ने हो भने भुसुना, कमिला, मानिस र हात्तीमा निकै भिन्नता देखिन्छ तापनि यी चारै जीवहरू प्राण वा आत्माका दृष्टिले समान मानिन्छन् । त्यस्तै कविता विधाका अन्य उपविधाको काव्यिक संरचनामा भिन्नता भए पनि केन्द्रीय आत्मतत्त्व एउटै रहेको हुन्छ । यस आधारमा भाव, भाषा र लयचाहिँ कविताका उपविधागत सबै रूप वा भेदका प्रमुख अङ्ग हुन् । यसका

---

[४८] वासुदेव त्रिपाठी र अन्य(सम्पा), पूर्ववत्, पृ.५३ ।

साथै शीर्षक, कल्पना, विचार, सङ्गीत, कथनपद्धति कविताकै अङ्ग मानिन्छन् । यसर्थ कविताको आत्मपक्ष भाव चिन्तन हो भने शरीर वा संरचनापक्ष भाषा नै हो । साहित्यको एक विधा कविता र कविताको एक प्रमुख उपविधा 'खण्डकाव्य' आकारप्रकार, आख्यानगत सीमितता, चरित्रगत अल्पता, बहुलता, युगबोधगत सीमितता र व्यापकता आदिका दृष्टिले महाकाव्यभन्दा सानो हुन्छ । कविता, खण्डकाव्य र कविताका अन्य रूपमा आकार, आयाम र संरचनातत्त्वमा केही भिन्नता देखिए पनि कविताका सबै रूप वा उपविधाको आत्मा वा भावपक्ष एकै हुने कुरा निश्चित छ ।

कवितालाई कलापक्ष र भावपक्ष गरी दुई चिरा पारी चिनाउन पनि सकिन्छ । कविताको भावपक्षअन्तर्गत अनुभूति, संवेदना, विचार, दर्शन, चिन्तनजस्ता पक्षहरू पर्दछन् भने कलापक्षअन्तर्गत भाषा र लयजस्ता बाह्यतत्त्वहरू पर्दछन् । कविता विधाकै सशक्त उपविधा खण्डकाव्यलाई यसमा प्रयोग भएको विभिन्न काव्यात्मक ढाँचाका रूपमा पनि छुट्याउने गरिन्छ । यही ढाँचाहरूको निरुपणपछि खण्डकाव्यका तत्त्वहरू निर्धारण गर्नुपर्ने देखिन्छ । यी तीन ढाँचाहरूलाई वासुदेव त्रिपाठीका अनुसार पहिलोमा धेरथोर (सूक्ष्म वा स्थूल) आख्यानीकरणमा आधारित लयबद्ध भावद्वारा जीवनको एक देश वा एकांशलाई प्रस्तुत गरी निर्माण गरेको पाइन्छ । दोस्रो ढाँचामा कुनै स्थान, प्रसङ्ग, घटनाविशेष, व्यक्तित्व विशेष, भावविशेष वा विचार विशेषलाई केन्द्रबिन्दु मानी प्रवाहित भएको कवितात्मक अभिव्यक्तिको मध्यम रूप पर्दछ । यसै क्रममा आउने तेस्रो ढाँचा प्रयोगवादी धारामा प्रचलित 'लामो कविता' हो । यसमा प्रयोगवादी अति क्लिष्टताबाहेकचाहिँ पाश्चात्य लामो वा दीर्घ कविताकै अनुशरणक्रम बढी छ ।[४९] यिनै आन्तरिक र बाह्य बनोटको ढाँचा वा पक्षका आधारमा खण्डकाव्यका तत्त्वहरू यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

### ३.२.१ शीर्षक

कुनै पनि साहित्यिक रचनाको शीर्षक हुन्छ र शीर्षक भनेको कृतिको नामकरण हो । यसलाई प्रमुख तत्त्वका रूपमा हेरिन्छ । खण्डकाव्यमा मात्र होइन जुनसुकै विधा र उपविधाका रचनाहरूमा पनि शीर्षकको आवश्यकता पर्दछ । शीर्षकबाट नै लेखकले आफ्नो रचनाको नामकरण गरेको हुन्छ । त्यही

[४९] ऐजन । पृ.५४-५५ ।

नामलाई सम्बन्धित कृतिको शीर्षकले चिनिन्छ । खण्डकाव्यका शीर्षकहरू विभिन्न आधारमा राखिन्छन्[५०]

क) पात्र विशेषका नाम, नायक नायिकाका नाम वा यी दुबैमध्यै कुनै एकको नामका आधारमा शीर्षक राखिएको हुन्छ । (उदाहरणः राजकुमार प्रभाकर, मुनामदन, कुञ्जिनी आदि)

ख) खण्डकाव्यका मुख्य विषयवस्तु वा भावका आधारमा शीर्षक राखिएको हुन्छ । (उदाहरणः वैराग्यशतक, नासमझको गाँठो आदि) ।

ग) पात्र नाम वा विषयवस्तुको मिश्रण गरेर शीर्षक राखिएको हुन्छ । (उदाहरण : सीता हरण, रावणजटायु युद्ध आदि)

घ) यी आधारहरूमध्ये केहीलाई वा सबैलाई मिसाएर पनि शीर्षक राखिएको हुन्छ । (उदाहरणः नयाँ सत्यकली संवाद आदि)

### ३.२.२.कथावस्तु तथा भाव

कथावस्तु भन्नाले पात्रद्वारा गरिने कार्य र त्यही कार्य गर्ने क्रममा घट्ने घटना भन्ने बुझिन्छ । खण्डकाव्यका लागि कथावस्तु आवश्वक मानिन्छ । कथावस्तुसम्बन्धी चर्चाको थालनी पूर्वीय संस्कृत साहित्यशास्त्रका सन्दर्भमा नाटक र महाकाव्यलाई आधार बनाएर भरतमुनिदेखि र पाश्चात्य साहित्यका सन्दर्भमा अरिस्टोलबाट भएको हो । संस्कृत साहित्मा दण्डीले कथावस्तुका ख्यात, उत्पाद्य र मिश्रित गरी तीन श्रोत देखाइएका छन् । ख्यातअन्तर्गत पुराण, इतिहास र दन्त्यकथा पर्दछन् भने उत्पाद्य भनेको लेखकले नै उब्जाएको काल्पनिक कथा हो । यी दुई ख्यात र उत्पाद्यको मिश्रण भएमा त्यो मिश्रित कथावस्तु हुन्छ ।

पाश्चात्य विद्वान् अरिस्टोटलले दुःखान्त नाटकको चर्चाका परिप्रेक्ष्यमा कथावस्तुबारे आफ्नो दृष्टिकोण राखेका छन् । यिनले कथावस्तुका श्रोतका रूपमा दन्त्यकथा, इतिहास र काल्पनिक कथालाई

[५०] महादेव अवस्थी, पूर्ववत्, पृ.१२६ ।

लिएका छन् ।[५१] यिनले दन्त्यकथालाई विशेष मन पराएकाले प्रख्यात कथावस्तुतिर नै उनको झुकाव रहेको देखिन्छ । सम्भाव्यताको नियमअन्तर्गत इतिहास र काल्पनिक कथामा पनि सफल हुन सक्छन् भन्ने उनको विश्वास रहेको देखिन्छ । यसका साथै कथानक कार्यकारण शृङखलामा आबद्ध हुनुपर्छ । आदिमध्यान्तयुक्त हुनुपर्दछ भन्ने उनको मत रहेको देखिन्छ । खण्डकाव्यमा भावनाको आख्यानीकरण हुने र आख्यानभित्र कथावस्तु समेटिने भएकाले कथावस्तु खण्डकाव्यको प्रमुख तत्त्व हो । यसको कथावस्तु शृङखलित र सुनियोजित हुनुपर्दछ । यसमा स्वतन्त्र स्थूल घटनाहरू एक भन्दा बढीको आवश्यकता नपर्ने भए पनि एउटै घटनाभित्र कार्यकारणका रूपमा रहेका सूक्ष्म घटनाहरू रहन सक्छन् । कथावस्तुकै आधारमा खण्डकाव्यमा अन्य तत्त्व निर्देशित हुने भएकाले कथावस्तुमा गत्यात्मकता हुनु आवश्यक छ । कथावस्तु अघि बढ्दै जाँदा त्यसले पाठक, श्रोतामा संशय र उत्सुकता उत्पन्न गराउन सक्नुपर्छ । खण्डकाव्यको कथावस्तुमा अनावश्यक घटनाहरूको गुम्फन हुनुहुँदैन ।[५२]

भावविधान पनि खण्डकाव्यको एक प्रमुख तत्त्व हो । खण्डकाव्यको विषयवस्तुमा जीवनजगत्को चित्रण गरिएको हुन्छ । कुनै पनि रचनाकारले साहित्यिक कृतिको रचना गर्दा जीवनजगत्बाट प्राप्त गरेका अनेक भावहरूमध्ये कुनै एक भावलाई रचनाको केन्द्रीयभावका रूपमा व्यक्त गरेको हुन्छ । भावविधानमा कविको मनोलोकको अभिव्यक्ति हुन्छ । उसभित्र हुने लोभ, क्रोध, मोह, आक्रोश, आश्चर्य, त्रास, करुणा जस्ता सञ्चारीभाव आउने गर्दछन् । यस्ता सञ्चारीभावद्वारा केन्द्रियभाव परिपुष्ट भई कृतिमा रहेको अङ्गरस परिपाकमा पुग्दछ र त्यस कृतिले पाठक वा श्रोतालाई चरम आनन्दानुभूति प्रदान गर्दछ । रचनामा व्यक्त केन्द्रीयभाव बढी सघन, तीव्र आकर्षक, स्थानोचित र प्रभावशाली भएमा मात्र कृतिको काव्यात्मक मूल्य झल्किन्छ । त्यसैले खण्डकाव्यमा पनि रचनाकारले आफ्ना अनेकौं सहचारीभावलाई एकत्रित गर्दै केन्द्रीय भावलाई यथासम्भव उत्कर्षमा पुऱ्याउने काम गर्दछ । यसरी भावविधान रस रूपमा परिणत हुन्छ ।

खण्डकाव्यमा कथावस्तु आवश्यक भएझैं पात्र वा चरित्र पनि अनिवार्य देखिन्छ । पात्रले कथावस्तुलाई गति प्रदान गर्ने काम गर्दछ । कथावस्तुका सम्पूर्ण घटनाहरू पात्रमा निहीत हुन्छन् । अरिस्टोटलले भने अनुसार चरित्र त्यसलाई भनिन्छ जसले कुनै व्यक्तिका रुचि अरुचिको प्रदर्शन गर्नुका

---

[५१] वासुदेव त्रिपाठी, पूववत् । पृ.५८ ।

[५२] ऐजन ।

साथै कुनै नैतिक प्रयोजनलाई व्यक्त गर्दछ ।[५३] यिनले पात्रमा हुनुपर्ने केही गुण देखाइएका कछन् । उनका अनुसार पात्रमा भद्रता (चरित्रगत भद्रता), औचित्य (भूमिका अनुसार पात्रको औचित्य), जीवनअनुरूपता (चरित्र जीवनअनुरूप हुनुपर्दछ), एकरूपता (पात्रको स्वभावमा एकरूपता), सम्भाव्यता (पात्रले के कस्तो बोल्नु र गर्नु सम्भव छ भन्ने सम्भाव्यता उसमा हुनुपर्दछ), अनुकृतिमूलक वैशिष्ट्य, (गरित्रचित्रण अनुकृतिमूलक भएर पनि विशिष्ट हुनुपर्दछ) यसरी अरिस्टोटलले पात्रको स्थिरता देखाउँदै उनीहरूमा आकस्मिक परिवर्तन गर्नु हुँदैन भन्ने दृष्टिकोण राखेका छन् ।

खण्डकाव्यलाई काव्यत्व प्रदान गर्ने कथावस्तु पछिको अर्को तत्त्व चरित्र भएकाले यसमा पात्र सशक्त, जीवन्त र संवेद्य हुनुपर्दछ । खण्डकाव्यमा नायक वा नायिकाको प्रमुख भूमिका रहने गरी व्यवस्था हुन सक्छ । यी बाहेक अन्य सहनायक नायिका तथा प्रतिनायक नायिकाको र अरु पात्रको पनि व्यवस्था हुन सक्छ, तर यिनीहरूलाई मुख्य चरित्रकै सेरोफेरोमा चित्रण गर्नुपर्छ । मोहनराज शर्माले पात्रलाई अझ सूक्ष्म र कलात्मक पाराले हेरेका छन् । उनले चरित्रलाई लिङ्गका आधारमा पुरुष र स्त्री, कार्यका आधारमा प्रमुख र सहायक, प्रवृत्तिका आधारमा व्यक्तिगत र वर्गगत, स्वभावका आधारमा गतिशील र गतिहीन, आसन्नताका आधारमा मञ्चीय र नेपथ्य तथा आबद्धताका आधारमा बद्ध र मुक्त गरी विभिन्न प्रकारमा वर्गीकरण गरेका छन् ।[५४] खण्डकाव्यले मुख्य चरित्रको जीवनको एक खण्डको मात्र पूर्ण अभिव्यक्ति गर्दछ, सम्पूर्ण जीवनको होइन । मुख्य चरित्रकै मात्र सम्पूर्ण जीवनलाई अभिव्यक्ति गर्न नसक्ने भएकाले खण्डकाव्यमा अनावश्यक पात्रहरूको घुँइचो हुनुहुँदैन ।

### ३.२.३.परिवेशविधान

परिवेश भनेको देश, काल र वातावरण हो । परिवेशविधान भन्नाले कथावस्तुका घटना एवम् पात्रसँग सम्बन्धित देश, काल र परिस्थितिको चित्रण भन्ने बुझिन्छ । खण्डकाव्यमा कुनै खास परिवेश विशेषको व्यापक चित्रण नगरी त्यसको संक्षिप्त साङ्केतिक वर्णन गरिन्छ । रचनाको उद्देश्यअनुरूप परिवेशको चयन गरी त्यसैभित्र कथावस्तुलाई प्रस्तुत गरिएको हुन्छ । पात्रको मनस्थितिलाई परिवेशले प्रभावित पार्न सक्ने भएकाले यसलाई खण्डकाव्यको एक तत्वका रूपमा लिइन्छ । पात्रको व्यक्तित्व,

---

[५३] पूर्ववत् ।

[५४] मोहनराज शर्मा, **शैली विज्ञान**, (काठमाडौं : ने.रा.प्र.प्र, २०४८), पृ.७२ ।

परिवार, पारिवारिक पृष्ठभूमि, भाषा, भाषिक समाज, सामाजिक परम्परा, प्रकृति, ऋतु र अन्य भौगोलिक विशेषतादेखि लिएर पात्रका क्रियाकलापमा घटने पृष्ठभूमि आदि साराका कुरा परिवेशद्वारा प्रभावित हुन्छन् ।[५५] खण्डकाव्यमा कथावस्तु र परिवेशको चित्रण गरी कथावस्तु र पात्रका बीचमा सम्बन्ध स्थापित गर्न आवश्यक भएकाले आख्यानात्मक खण्डकाव्यका लागि परिवेश अभिन्न तत्त्व हुन आँउछ ।

खण्डकाव्य उपयुक्त कथावस्तु, पात्रविधान र परिवेशविधानमा आधारित हुने भए पनि आख्यान विकल्पी संरचना भएको खण्डकाव्य पनि रचिएको देखिन्छ आख्यानीकरण विना नै कुनै एक वस्तु वर्णनमा मात्र सीमित रहेर खण्डकाव्य रचना हुन सक्ने भए पनि यस्ता खण्डकाव्यहरू कम प्रभावशाली रहेको पाइन्छ । त्यसैले एक प्रभावशाली खण्डकाव्यका निम्ति आख्यानात्मक संरचना प्रमुख तत्त्वका रूपमा रहेको देखिन्छ ।

**३.२.४.लयविधान**

कविताको विधागत परिचय दिने मुख्य तत्त्व नै लय हो । साहित्यका अरू विधाबाट कवितालाई पृथक गर्ने आधारभूत तत्त्व पनि लय नै हो । त्यसैले लय कविता विधाका साथै त्यसका एक उपविधाका रूपमा रहने खण्डकाव्यको पनि एक मुख्य तत्त्व हो । कविताका पङ्क्तिमा प्रयुक्त वर्ण, मात्रा तथा अक्षरको वितरण क्रम तथा तिनको अडान वा विरामको स्थिति लयविधान हो । लयविधान कविताका हरफहरूमा प्रयुक्त भाषिक स्वर व्यञ्जनवर्णको सम-विषम प्रक्रियाबाट निर्मित चरण, पाउ वा पङ्क्तिको गतिक्रम र यतिविधानमा आधारित हुन्छ । कविताका पङ्क्तिहरू दोहोरिदैं जाँदा वा पङ्क्तिगत अनुप्रास मिल्दै त्यो पङ्क्तिदेखि माथि श्लोक वा अनुच्छेदका स्तरमा पुग्दा पङ्क्तिमा देखिने वार्णिक, मात्रिक, नियमित आवृत्तिको स्थिति नै छन्द वा लय हो । यस्ता नियमित पङ्क्तिपुञ्ज छन्दका ढाँचा हुन् । खण्डकाव्य एउटा मझौला आयामको कविता कृति हो । त्यसमा सर्ग उपसर्गको विभाजन हुन पनि सक्छ वा नहुन पनि सक्ने हुनाले आद्योपान्त एउटै लय ढाँचा वा भिन्नभिन्न लय ढाँचाको प्रयोग हुन सक्छ । नेपाली खण्डकाव्यकमा प्रयुक्त लयढाँचा दुई किसिमको देखापर्छ- बद्ध लय र मुक्त लय । कविताका श्लोकमा प्रत्येक पाउमा निश्चित वर्ण मात्रा र अक्षरको वितरणमा आधारित रहने लय बद्ध लय हो । यसलाई छन्द पनि भनिन्छ । बद्ध लयमा सममापी आवृत्ति रहन्छ । नेपाली खण्डकाव्यमा बद्ध

[५५] ऐजन ।

लयका तीन प्रकारको प्रयोग भएको पाइन्छ । वर्णमात्रिक, वार्णिक र मात्रिक । वर्णमात्रिक, वार्णिक र मात्रिक छन्दमा विरचित बराबर पङ्क्तिबाट उच्चरित लय बद्ध लय हो ।

मुक्त लयमा संरचित कवितामा भने हरेक पङ्क्तिहरू बराबर अक्षरमा हुनुपर्छ भन्ने छैन । मुक्त लयलाई गद्यकवितात्मक लय पनि भन्ने गरिन्छ । पङ्क्तिहरूका बीचमा नियमितता भए पनि वा कम नियमितता देखिए पनि त्यो लय नै हो र त्यसैलाई मुक्त लय भनिन्छ । एक भाव समष्टिलाई एक श्लोकमा आबद्ध गर्ने यस्ता कविहरूले कवितामा बिजोडी हरफलाई नै श्लोक वा अनुच्छेद बनाएको पाइन्छ । यसरी कवितामा वर्णमात्रिक, मात्रिक, र मुक्त जस्ता लयव्यवस्था हुन्छन् । खण्डकाव्य पनि कविता विधाकै एक उपविधा भएकाले यसका लागि पनि यीमध्ये कुनै न कुनै प्रकारको लयविधान आवश्यक हुन्छ ।

### ३.२.५.बिम्ब तथा प्रतीकविधान

खण्डकाव्यमा कथन गरिएको मुख्य भाव विचारकै सहचर छायाँजस्तो भई आउने अर्को अर्थलाई बिम्ब भनिन्छ ।[५६] विम्ब एक प्रकारको अलङ्कार नै हो र कृतिको  भाव परिपोषक वा भावव्यञ्जक तत्त्व पनि हो । विम्बहरू रचनामा खास गरी उपमानका रूपमा आउने गर्दछन् । विम्बहरू रचनाका गहना भएकाले खण्डकाव्यमा पनि यिनको प्रयोग स्वाभाविक रूपले गर्नुपर्दछ । पूर्वीय साहित्य शास्त्रले विम्बलाई अर्थालङ्कारका रूपमा लिएको पाइन्छ । खण्डकाव्यमा भन्नुपर्ने विषयलाई चमत्कारपूर्ण ढङ्गले प्रस्तुत गर्न विम्बको प्रयोग गरिन्छ । राजनीति, धर्म, संस्कृति, समाज, प्रकृति आदि विविध विषयबाट विम्बको ग्रहण गर्न सकिन्छ ।

खण्डकाव्यमा बिम्बका अतिरिक्त प्रतीकको पनि प्रयोग गरिन्छ । कुनै अनुपस्थित वस्तुलाई अर्को उपस्थित वस्तुद्वारा झल्काउने कुरा नै प्रतीक हो । प्रतीकविधान वा व्यञ्जनाशक्तिले खण्डकाव्यको मूल्यलाई निकै बढाउँछ । खण्डकाव्यमा रचनाकारले आफ्ना कतिपय कुराहरू प्रतीकद्वारा व्यक्त गर्दछ । कृतिमा सोझै व्यक्त गर्न नसकिने कुराहरूलाई रचनाकारले प्रतीकको प्रयोग गर्दा तिनलाई भावकले सहज रूपमा बुझ्ने गरी प्रस्तुत गर्नुपर्दछ । यसरी खण्डकाव्यले विम्ब र प्रतीक प्रयोगद्वारा कवितात्मक उचाई प्राप्त गर्दछ ।

---

[५६] महादेव अवस्थी, पूर्ववत्, पृ. ५१ ।

### ३.२.६.संरचना/सर्गविधान

विश्वनाथले देखाएको 'काव्य' भेदकै पृष्ठभूमिका खण्डकाव्यलाई नियाल्दा यसमा सर्ग योजना भए वा नभए पनि हुने देखिन्छ । खण्डकाव्यको बाह्य संरचनामा आउने सर्गले एकातिर सृजना वा अनुभूति प्रवाहलाई र अर्कातिर त्यस प्रवाहको विश्रामलाई जनाइरहेको हुन्छ । अनुभूतिको एक-एक प्रवाह एक-एक सर्ग हो । त्यसलाई एकै चोटी ह्वात्तै पोख्न खोज्दा खण्डकाव्य विशृङ्खल हुन्छ । अनुभूतिको त्यस प्रवाहलाई जीवनको एक अंशसँगै सम्बद्ध आख्यानमा उनेर अघि बढाउँदै कथावस्तुलाई सर्ग, अध्याय आदिमा बाँडिन्छ । आख्यानसँग मिसिएको अनुभूतिलाई सर्ग-सर्गमा बाँडेर लैजानु नै खण्डकाव्यको वाह्यप्रबन्ध हो । सर्गबद्ध प्रबन्धन मूलतः महाकाव्यमा गरिन्छ । संस्कृत काव्यशात्रीहरूले खण्डकाव्यमा सर्गबद्धतालाई अस्वीकार गरेका छन् । यसै मान्यतामा सर्गविहीन खण्डकाव्यहरू लेखिए पनि प्रयोगमा सर्गबद्ध खण्डकाव्यहरू पनि देखिएका छन् । न्यूनाधिक भए पनि सर्गबन्धन खण्डकाव्यमा अपेक्षित छ । यसरी अनुभूति र आख्यान अनि यी दुवैको परस्पर अन्वितिबाट निर्मित कथावस्तुलाई सर्गबद्ध गर्नु खण्डकाव्यको बाह्यप्रबन्ध हो । बाह्यप्रबन्धअन्तर्गत काव्यका श्लोक-श्लोकको संरचना छन्द वा लयबद्ध भाषा, शीर्षक आदि पनि पर्दछन् । पञ्चसन्धिका सबै सन्धि नभए पनि खण्डकाव्यमा केही सन्धिको प्रयोगबाट गरिने कथावस्तुको योजनाले पनि काव्यको संरचना र सर्गबन्धनलाई नै लक्षित गरेको हुन्छ ।

### ३.२.७. रसविधान

पूर्वीयकाव्यशास्त्रमा भावका अस्तित्वलाई स्वीकारिएको पाइन्छ । सत्य वस्तु प्रचुर मात्रामा पाइन्छ । भाव भन्नाले कवितामा प्रयुक्त शब्दशब्दको शक्ति मानिन्छ ।[५७] प्रत्येक विषयमा भावको अस्तित्व रहेकाले कवितामा पनि यो रहेको पाइन्छ । आख्यानीकृत जुन रूपमा जीवनजगत्को कथन गरिए पनि त्यसको चुरोस्वरूप केन्द्रीय कथ्यचाहिँ भाव नै हो । भावले नै विभिन्न अनुभूतिको बोध गराउँछ । खण्डकाव्यमा जीवनजगत्को एक पक्षको मात्र चित्रण हुने हुनाले कथावस्तु पनि प्रायः एउटै रसप्रवाहमा गतिशील हुन्छ । श्रृङ्गार, वीर, शान्त, करुण, अद्भूत र हास्य रसमध्ये कुनै एक रसको मात्र प्राधान्य खण्डकाव्यमा हुनेगर्दछ । जसरी मानवशरीरमा केन्द्रीय भाग मुटु मानिन्छ त्यसरी नै रसलाई

[५७] **श्रीमद्भागवद्गीता**, (गोरखपुर : गीता प्रेस) २/१६

कविताको मुटुका रूपमा मानिन्छ । भावले नै भावकमा रसानुभूतिको अनुभव गराउने हुँदा कविताको एक महत्त्वपूर्ण अङ्गका रूपमा रसको/भावको संयोजन हुनु आवश्यक देखिन्छ

### ३.२.८ भाषाशैली

भाव अभिव्यक्ति गर्ने माध्यम भाषा हो भने भाषिक अभिव्यक्तिको तरिका शैली हो । कुनै काम गर्ने प्रणाली, काम गराइको ढाँचा, परिपाटी, छन्द आदिलाई शैली भनिन्छ ।[५८] कुनै पनि कृतिमा शैली साधन मात्र हो । त्यति हुँदाहुँदै पनि यसको ज्यादै महत्व रहेको हुन्छ । भाषाको स्वाभाविक प्रयोगले यथोचित परिवेशको निर्माण गरेको हुन्छ ।[५९] भाषा र शैलीबीच घनिष्ट सम्बन्ध रहेको हुन्छ । लेखकको योग्यता र क्षमतामा शैली जन्मन पुग्दछ भन्ने मानिन्छ । शाब्दिक प्रयोग र भाषिक उच्चताका दृष्टिले शैली सरल र अलङ्कृत गरी दुई प्रकारका हुन्छन् । शैलीका भेदहरू रचना विधानका आधारमा घटनाप्रधान, चरित्रप्रधान, प्रतीकात्मक र परिवेशका आधारमा ग्रामीण र सहरियाजस्ता पाइन्छन् । व्यक्तिपिच्छेको शैली फरक फरक हुन्छ । खण्डकाव्य शास्त्रीय छन्द, मुक्त छन्द र लोकलयमा पनि रचित हुन सक्छ ।[६०] खण्डकाव्यमा विभिन्न विम्ब र प्रतीकहरूको प्रयोग गरिएको हुन्छ । आलङ्कारिक, प्रश्नात्मक भाषाशैलीको प्रयोगले खण्डकाव्यलाई ओजिलो पार्दछ । यसर्थ भाषाशैली खण्डकाव्यको अपरिहार्य तत्व हो ।

## ३.३ खण्डकाव्यको विश्लेषण गर्ने आधार

कविता विधाको एक महत्वपूर्ण उपविधा खण्डकाव्यमा आफ्नो बेग्लै पहिचान पाइन्छ ।[६१] खण्डकाव्यमा जीवनका कुनै एक खण्डको वर्णन गरिने हुनाले यसलाई एकदेशीय पनि भनिएको पाइन्छ । खण्डकाव्य कविताको मझौला रूपमा चिनिने काव्य भएकाले यसको स्वरूप र अन्य पक्षमा केन्द्रित भई गरिने अध्ययन-विश्लेषण यसअन्तर्गत पर्दछ । अर्थात खण्डकाव्य भनेर नामकरण गरिइसकेको कृति के कति मात्रामा उक्त नामबाट चिनाइनु उपयुक्त हुन्छ भनी विभिन्न कोणबाट केलाउने कार्य वा

---

[५८] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश**, (काठमाडौँः ने.प्र.प्र.,२०४०) पृ. १२६७।

[५९] मोहनराज शर्मा, पूर्ववत्, पृ.७९ ।

[६०] मोहन हिमांशु थापा, पूर्ववत्, पृ. ५६ ।

[६१] टंकप्रसाद न्यौपाने, **साहित्यको रूपरेखा**, दो.सं. (काठमाडौँः साझा प्रकाशन, २०४९), पृ. १२१ ।

प्रक्रिया नै विश्लेषण वा विवेचनाका रूपमा चिनिन्छ ।[६२] विभिन्न सष्टाहरूबाट रचिएको खण्डकाव्यको विश्लेषण समालोचनाका विभिन्न सिद्धान्त, प्रणाली र वादहरूका आधारमा गर्न सकिन्छ ।[६३] तापनि साहित्यिक खण्डकाव्यकृतिको विश्लेषणका लागि निम्नानुसारका आधारलाई अघि सारेको पाइन्छ । ती आधारहरू यस प्रकार छन् :

(क) कृतिगत सन्दर्भ (प्रेरणा, लेखन तथा प्रकाशन)

(ख) शीर्षकीकरण र विषयवस्तुको स्रोत

(ग) प्रबन्धविधान

(घ) भावविधान

(ङ) लयविधान

(च) उक्तिढाँचा

(छ) भाषाशैली

(ज) छन्दविधान

(झ) विम्बालङ्कार योजना

(ञ) संरचना

(ट) परिवेशविधान

(ठ) पात्रविधान

सामान्यतया खण्डकाव्यको विश्लेषणका लागि उपर्युक्त तत्त्वहरूमाथि सूक्ष्म अवलोकन गरी काव्यात्मक कसीमा घोट्ने काम गरिन्छ । यी तत्वहरूको आधारभूमिमा रचिएको खण्डकाव्यलाई सबै

---

[६२] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश**, पूर्ववत्, पृ.१२३४ ।

[६३] महादेव अवस्थी, पूर्ववत्, पृ. १८७ ।

दृष्टिकोणले एउटा उपयुक्त र सुसङ्गठित खण्डकाव्यको कोटिमा राखेर हेर्न सकिन्छ । उपर्युक्त खण्डकाव्यको विश्लेषण गर्ने आधारभूत तत्त्वहरूलाई छोटकरीमा व्याख्या गरिएको छ :

### ३.३.१ कृतिगत सन्दर्भ (प्रेरणा, लेखन तथा प्रकाशन)

कुनै खण्काव्य लेखिनका लागि कुन कुराले प्रेरणा दियो भन्ने कुरा मुख्य हुन आउँछ । कृति रचनाका लागि स्रष्टाले पाएको कच्चा पदार्थको स्रोत नै प्रेरणाको रूपमा आउँछ । यस किसिमको स्रोत प्राप्त गरिसकेपछि खण्डकाव्यकारले के कस्तो परिवेशमा कति समयमा आफ्नो रचना पुरा गर्न सक्यो भन्ने कुराको लेखाजोखालाई यहाँ प्रस्तुत गरिन्छ । यतिमात्र होइन प्रकाशनको तयारी कसरी भयो र कसले गऱ्यो भन्ने जस्ता कुराहरूको सर्सर्ती चर्चा-परिचर्चा यसअर्न्तगत गरिन्छ ।

### ३.३.२ शीर्षकीकरण र विषयवस्तुगत स्रोत

खण्डकाव्यकारले आफ्नो रचनामा कुन विषयलाई उठाएको छ भन्ने कुराको चर्चा यस उपशिर्षकमा गरिन्छ । खण्डकाव्यका विषयहरू सामाजिक, पौराणिक, ऐतिहासिक, आर्थिक, धार्मिक, प्राकृतिक आदि पाइन्छ । यिनीहरूमध्ये विश्लेषण गर्न तयार पारिएको खण्डकाव्यको विषयगत परिधि र सीमाको सूक्ष्मावलोकन विश्लेषणका क्रममा गरिन्छ । विषयवस्तुको चुरोबाट वा विषयलाई बोकी हिँड्ने पात्र वा परिवेश कुनबाट शीर्षकीकरण भएको छ भन्ने कुराको लेखाजोखा यसै खण्डमा गरिन्छ ।

### ३.३.३ प्रबन्धविधान

प्रबन्धविधान आख्यानीकरणसँग सम्बन्धित रहेको पाइन्छ । खण्डकाव्यमा प्रस्तुत गरिने विषयवस्तुको श्रृङ्खलाबद्ध प्रबन्धविधान यस उपखण्डमा गरिन्छ जसले गर्दा खण्डकाव्यका सर्गहरूको सम्बन्ध स्थापित हुनपुगेको पाइन्छ । यसखालको प्रबन्धविधानले पाठकहरूमा विषयगत स्पष्ट खाका निर्माण हुने देखिन्छ ।

### ३.४.४ भावविधान

भावविधान पनि कविता विधाका प्रमुख विशेषतामध्ये एक हो । कवितामा विषयवस्तु भएर मात्र पुग्दैन । त्यसलाई भावनाको उचित मिश्रणद्वारा आकर्षक पार्नु पर्दछ जसले गर्दा कवितामा श्रुतिमधुरता थपिन्छ । यसैले भावकको अर्न्तहृदयलाई एकाग्र पार्दै चट्ट छुन सक्दछ ।

### ३.३.५ लयविधान

'लय' भनेको कलासँग सम्बन्धित एक तत्त्व हो । यसले कुनै पनि कुराको प्रस्तुतिलाई सङ्केत गरेको पाइन्छ । खण्डकाव्यमा लयको उचित प्रयोगको अपेक्षा गरिन्छ । 'बद्ध' र 'मुक्त' गरी लयका दुई प्रकार भेटिन्छन् । लय जस्तोसुकै प्रकारको भए पनि लेखिएका हरफहरूलाई पढ्न सहज तरिका अपनाउने भन्ने कुरा लयसँग गाँसिएको हुन्छ ।

### ३.३.६ उक्तिढाँचा

उक्तिढाँचालाई कथनपद्धति पनि भनिन्छ । स्रष्टाले आफ्नो खण्डकाव्यमा प्रथम पुरुषको पात्र 'म' को प्रयोग गरेर विषयवस्तुको प्रतिपादन गरेको छ भने त्यो प्रथम पुरुषात्मक कथनपद्धतिका रूपले चिनिन्छ । त्यस्तै कविले आफ्ना भनाइ आफूले सोझै नराखी राम र श्यामजस्ता पात्र प्रयोग गरेर लेखेको भए त्यो तृतीय पुरुषात्मक कथनपद्धति मानिन्छ । तर, प्रथम र तृतीय पुरुषात्मक मिश्रण गरिएको पद्धति मिश्रितकथन पद्धतिका नामले चिनिन्छ ।

### ३.३.७ भाषाशैली

साहित्य भन्नु भाषिक कला पनि हो । कविता आफैंमा सुललित पद भएकाले कविताको भाषाशैली सौन्दर्यपूर्ण भइदिओस् भन्ने अपेक्षा गरिन्छ । भाषा र शैलीबीच घनिष्ट सम्बन्ध हुन्छ । शैलीविज्ञानले कुनै पनि रचनाकारको विशिष्ट रचनाकौशल वा अभिव्यक्तिलाई शैली मान्दछ । शाब्दिक दृष्टि र भाषिक उच्चताका दृष्टिले शैली दुई प्रकारको मानिन्छ ।[६४] रचना विधाका आधारमा शैली घटना प्रधान, चरित्रप्रधान, प्रतीकात्मक र परिवेशका आधारमा ग्रामीण, सहरिया, पत्रात्मक, व्यावसायिकजस्ता भेद, उपभेद पाइन्छन् ।[६५]

### ३.३.८ छन्दविधान

कविताका श्लोकमा प्रत्येक पाउमा रहने 'लय' बद्धलय हो । यसैलाई 'छन्द' पनि भनिन्छ ।

---

[६४] भानुभक्त पोखरेल, **'सिद्धान्त र साहित्य'** (विराटनगरः कुलचन्द्र शर्मा, २०४०), पृ. १३३-१३४ ।

[६५] शान्तिस्वरूप गुप्त, **पाश्चात्य काव्य शास्त्रको सिद्धान्त**, दो.सं. (दिल्ली : अशोक प्रकाशन, सन् १९९२), पृ.३५३ ।

नेपाली खण्डकाव्यमा बद्धलयको प्रयोग गरिएको पाइन्छ । बद्धलयका पनि तीन भेद पाइन्छन् :[६६]

(क) वर्णमात्रिक

(ख) मात्रिक र

(ग) वार्णिक/लोकलय

छन्दमा रचिएका कविताहरूमा निश्चित अक्षरमा पुगेर विश्राम गर्नुपर्ने नियम पाइन्छ । जसले कविता वाचन र श्रवणमा मिठास थप्ने विश्वास गरिन्छ ।

### ३.३.९ बिम्बालङ्कार प्रयोग

बिम्ब शब्दले कुनै कुराको आभाष वा झलक भन्ने बुझाउँछ । खण्डकाव्यमा अभिव्यक्त भावको सहचर छायाजस्तो भई आउने अर्थलाई बिम्ब भनिन्छ । जीवनजगत्का विभिन्न क्षेत्रमा उचित सामग्रीको छनोट गरेर बिम्ब राखिन्छ । खण्डकाव्यमा दुईखाले बिम्ब भेट्न सकिन्छ ।[६७] : (क) कृतिव्यापी बिम्ब र (ख) स्थानीय बिम्ब । कृतिव्यापी बिम्ब व्यञ्जनात्मक किसिमको भई व्यापक प्रतीकधर्मी पनि हुने गर्दछ । स्थानीय बिम्बचाहिँ कृतिको त्यस ठाँउमा भावको सौन्दर्य बढाउने खालको हुन्छ ।[६८] त्यसरी नै खण्डकाव्यमा विभिन्न सङ्केत (जस्तै : प्रकृतिको व्यक्तिविधान, अपशकुन, सुक्ति, उखान आदि) र सन्दर्भको प्रयोग गरी अलङ्करणको विविध प्रविधिको प्रयोग गरिएको हुन्छ ।[६९] यसखाले प्रयोगले खण्डकाव्यको भावलाई झन गहकिलो पार्न सघाउँछ ।

### ३.३.१० संरचना

संरचनाले बनोटलाई सङ्केत गरेको पाइन्छ । कुनै पनि खण्डकाव्यको निर्माण श्लोकसङ्ख्याको समुच्च रूपबाट गरिन्छ । प्रायःजसो खण्डकाव्यमा सर्गयोजना पन्छाइएको हुन्छ सर्ग वा खण्ड वा छल

---

[६६] महादेव अवस्थी, पूर्ववत्, पृ ४९ ।

[६७] ऐजन ।

[६८] ऐजन ।

[६९] ऐजन ।

वा विश्राम आदि नामबाट चिनिने यस प्रकारका बनोटले खण्डकाव्यको पठनलाई चुस्त पार्ने त छदै छ, स्वरूपमा पनि भिन्नै विशेषता थप्न मद्दत गर्दछ ।

### ३.३.११ परिवेशविधान

परिवेश स्थान, कालसँग सम्वन्धित छ । खण्डकाव्यमा वर्णित विषयवस्तुलाई परिवेशमा ढालेर अघि बढाउँदा त्यसको प्रयोगले बढी सार्थकता प्राप्त गर्न सकेको पाइन्छ । परिवेश ग्रामीण, सहरी, साँझ, बिहान, मध्याह्न, रातिजस्ता नामबाट चिनिन्छन् । विषयगत प्रस्तुतिमा यसले धेरै प्रभावकारिता थप्ने काम गर्दछ ।

### ३.३.१२ पात्रविधान

खण्डकाव्यमा काव्यकारले कथावस्तु अनुकूलको पात्र सिर्जना गरेको हुन्छ । कथावस्तुको घटना र कार्यव्यापारको अन्तरक्रियाका लागि पात्रको आवश्यकता पर्दछ । पात्रलाई विभिन्न कोणबाट वर्गीकरण गरेको पाइन्छ । तिनीहरू :

लिङ्गका आधारमा - पुरुष र स्त्री,

कार्यका आधारमा - प्रमुख र सहायक,

प्रकृतिका आधारमा - प्रतिकूल र अनुकूल,

स्वभावका आधारमा - गतिशील र गतिहीन,

जीवन र चेतनाका आधारमा -कार्यगत र व्यक्तिगत,

आसन्नताका आधारमा - मञ्चीय र नेपथ्यगत, तथा

आबद्धताका आधारमा - बद्ध र मुक्त हुन्छन् ।[७०]

खण्डकाव्यको विश्लेषण गर्न माथि लिखित यी आधारहरूलाई मुख्य रूपमा प्रयोग गर्ने चलन पाइन्छ । तर डिल्लीरमण शर्मा अर्ज्यालका खण्डकाव्यहरूको विश्लेषण गर्ने क्रममा यी आधारहरूमध्ये पनि प्रमुख

[७०] मोहनराज शर्मा, पूर्ववत्, पृ.७२ ।

मानिएका कृतिगत सन्दर्भ (प्रेरणा, लेखन र प्रकाशन) विषयवस्तुगत विचार र शीर्षकीकरण, प्रबन्धविधान, भावविधान, भाषाशैली, लय र छन्दविधान, विम्बालङ्कायोजना र सर्गयोजनालाई प्राथमिकता दिइएको छ । यसरी गरिएको अध्ययनबाट डिल्लीरमण शर्मा अर्ज्यालका खण्डकाव्य कृतिहरूका यथार्थ पक्षहरू बाहिर आएका छन् भन्ने विश्वास गर्न सकिन्छ ।

## अध्याय चार

# डिल्लीरमण शर्मा अर्ज्यालका खण्डकाव्यहरूको विवेचना

डिल्लीरमण शर्मा अर्ज्याल भारतका विभिन्न विद्यालयमा आयोजना हुने साहित्यिक कार्यक्रमबाट साहित्यरचना गर्ने प्रेरणा र ऊर्जा प्राप्त गरेदेखि नै सुरुमा फुटकर कविताहरूको रचना गर्न थालेको बुझिन्छ ।[७१] संस्कृत भाषामा वि.स.२०२०मा नै **श्रीरङ्गस्तुति** नामक खण्डकाव्य प्रकाशित भएको थियो । नेपाली भाषामा प्रकाशित खण्डकाव्यहरूमा **वेदनिधि** (शोककाव्य)(२०४६), **थोपल** (२०५७), **रेडक्रस परिचय** (२०६१), **अयोध्यादेवी** (शोककाव्य)(२०६६) र **नेपाल दर्शन** (२०६७) आदि पाँचवटा रहेका छन् । तर यहाँ तीनवटा खण्डकाव्यहरू(**थोपल, रेडक्रस परिचय** र **नेपाल दर्शन**) को विवेचना खण्डकाव्यका मानक तत्त्वका आधारमा गरिएको छ ।

### ४.१.थोपल खण्डकाव्यको विवेचना

वि.स. २०५७ आषाढ २९ गते आदिकवि भानुभक्त आचार्यको १८७औँ जन्म जयन्तीको पुनीत अवसरमा **थोपल** खण्डकाव्यको प्रकाशन गरिएको थियो । यस खण्डकाव्यको लेखन भने वि.स. २०४४ मा भएको बुझिन्छ ।[७२] प्रस्तुत कृतिको विवेचना विभिन्न कोणबाट तलका उपशीर्षकमा गरिएको छ ।

#### ४.१.१.प्रेरणा, लेखन तथा प्रकाशन

कवि डिल्लीरमण शर्मा अर्ज्यालको नेपाली भाषामा प्रकाशित दोस्रो खण्डकाव्य **थोपल** हो । यस काव्यको स्वरूप तयार पार्ने क्रममा कविलाई धादिङ आवासीय अङ्ग्रेजी मा.वि.का प्रधानाध्यापक बाबुराम पाण्डेबाट निकै ठूलो प्रेरणा मिलेको देखिन्छ ।[७३] यस खण्डकाव्यकाे लेखन वि.स. २०४४ मा भए पनि प्रकाशन चाहिँ वि.स. २०५७ आषाढ २९ गते आदिकवि भानुभक्त आचार्यको १८७ औँ जन्म

---

[७१] शोधनायकले शोधार्थीलाई दिएको जानकारी अनुसार ।

[७२] डिल्लीरमण शर्मा अर्ज्याल, 'दुई शब्द' **थोपल**, (धादिङ :सरस्वती छापाखाना,२०५७) ।

[७३] ऐजन ।

जयन्तीको पुनीत अवसरमा भएको थियो । कवि स्वयम् प्रकाशक रहेको यस खण्डकाव्यको प्रथम प्रकाशन एक हजार प्रति भएको थियो ।

### ४.१.२ शीर्षकीकरण र विषयवस्तुको स्रोत

प्रकृतिको सुन्दर छटाले भरिएको हाम्रो देश नेपाल त्यही प्राकृतिक सुन्दरताको प्रतिनिधित्व गर्ने कविको गृहजिल्ला धादिङ अन्तर्गत पर्ने 'थोपल' (विन्दुकेशरी) नदीका नामबाट यस खण्डकाव्यको शीर्षकीकरण गरिएको छ । यस खण्डकाव्यको नामकरण अभिधार्थमा नै गरिएको छ । प्रकृतिको यथार्थपरक प्रस्तुति गर्ने क्रममा कविले थोपल नदीका माछाहरू क्रूर मान्छेले गर्दा छट्पटी छट्पटी मृत्युको मुखमा जान बाध्य भएको कुरा उठाएका छन् । यसलाई प्रतीकात्मक अर्थमा पनि हेर्न सकिन्छ । नदीलाई समाज र माछा भनेका त्यही समाजमा बस्ने सोझा साझा निर्दोष जनताका रूपमा हेर्न सकिन्छ । ती क्रूर मान्छे भनेका समाजमा अन्याय र अत्याचार गरी भाँडभैलो मच्चाउने नेता, शोषक र सामन्तीहरू हुन् । यसरी प्रतीकात्मक रूपमा पनि अर्थ लगाए तापनि अन्तःसङ्गतिका दृष्टिले भने अभिधार्थलाई नै प्रमुख मानिन्छ ।

**थोपल** खण्डकाव्यको विषयवस्तुका रूपमा प्रकृतिलाई लिइएको छ । प्रकृतिपरक विषयवस्तुलाई अँगालेको यस खण्डकाव्यलाई कविकल्पनाद्वारा सजाइएको छ । विशेषगरी धादिङको प्राकृतिक पक्षको चित्रण गर्दै त्यसको महिमागान गर्नु यस खण्डकाव्यको प्रमुख ध्येय रहेको देखिन्छ ।

### ४.१.३ प्रबन्धविधान

**थोपल** डिल्लीरमण शर्मा अर्ज्यालद्वारा नेपाली भाषामा लेखिएको पहिलो प्रकृतिपरक खण्डकाव्य हो । यस खण्डकाव्यमा सशक्त आख्यानात्मक प्रबन्धविधान नगरिए पनि आख्यान पक्षलाई वेवास्ता भने गरिएको छैन । आख्यानात्मक कथावस्तुलाई विभिन्न सर्गहरूमा राखेर प्रस्तुत गरिएको छ । यस खण्डकाव्यभित्र समेटिएको आख्यान पक्षलाई हेर्दा यो खण्डकाव्य लघु प्रबन्धकाव्यका रूपमा रहेको देखिन्छ । यस खण्डकाव्यमा जम्माजम्मी तीनवटा सर्गहरू रहेका छन् भने पृष्ठ सङ्ख्या १८ रहेको छ । एउटा सर्गाको कथावस्तु कुनै न कुनै रूपमा अर्को सर्गसँग गाँसिएकै देखिन्छ । प्राकृतिक सुन्दरताको चित्रण गर्ने क्रममा कल्पना पक्षको पनि भरपुर प्रयोग गर्दै कविले यस खण्डकाव्यको सिर्जना गरेको

देखिन्छ । प्रकृतिलाई नै मानवीकरण गरी ‘म’ पात्र खडा गरिएको छ । ‘म’ पात्र अर्थात ‘थोपल’ नदीका अनुभवलाई यस खण्डकाव्यमा कथावस्तुका रूपमा तन्काइएको छ । पूर्वीय काव्यपरम्पराको शृङ्खलालाई निरन्तरता प्रदान गर्दै छन्दोबद्ध रूपमा काव्यात्मक अभिव्यक्ति प्रदान गरिएको यस खण्डकाव्यको प्रथम सर्गमा जम्माजम्मी ३३ वटा श्लोकहरू रहेका छन् । यस खण्डकाव्यको प्रथम सर्गमा ‘म’ पात्र अर्थात ‘थोपल’ नदीले आफ्नो जन्मस्थल (शिर) पहिले धादिङ (हाल नुवाकोट) जिल्लाको सामरी भन्ज्याङ र अन्त्य (विलीन) त्रिशुली नदीमा भएको कुरा अभिव्यक्त गर्दै त्रिशुलीबाट विभिन्न थरीका माछाहरू पैँचो ल्याई तालिमसमेत दिएर पालेको कुरा प्रस्तुत गरेको छ । त्यसैगरी मान्छे भनाउँदा अविवेकी पापीहरूले विभिन्न माध्यमद्वारा आफ्नो पानीमा रमाइरहेका निर्दोष र निरीह माछाहरूलाई समाप्त पारिदिएको दुखेसो पनि पोखेको पाइन्छ । आफ्नो जन्म र अन्त्यका बारेमा ‘म’ पात्र अर्थात ‘थोपल’ नदीले यस खण्डकाव्यको पहिलो सर्गको पहिलो श्लोकमा नै यस्तो अभिव्यक्ति दिएको पाइन्छ :

मेरो जन्म त सामरीतिर भयो अन्त्यै त्रिशुलीतिर

त्यो भन्ज्याङ सदाभरी झलझली सम्झी रहेको छु र ।

ठूलो उन्नति गर्न कोसिस गरें इच्छा भयो निष्फल

ठूला ठालु भनाउँदा घुमी-घुमी गर्थे कुरा केवल ॥

(सर्ग १, श्लो.१)

प्रथम सर्गमा रहेका ३३ वटा श्लोकमध्ये ३० वटा श्लोकहरूमा माछालाई मार्ने विभिन्न तरीकासहित त्यस्तो कार्यमा सरिक निर्दयी मानवको चरित्र चित्रण चरिएको छ । साथै माछाले बाँच्नका लागि गरेका थुप्रै असफल प्रयासलाई पनि बडो कारुणिक रूपमा प्रस्तुत गरिएको छ । अन्य तीन श्लोकमा भने थोपल नदीको जन्म कहाँ भयो ? कहाँ अन्त्य भयो ? ‘थोपल’ नाम कसरी राखियो ? जस्ता कुराहरूको चर्चा गरिएको छ । यस खण्डकाव्यको दोस्रो सर्गको प्रारम्भमै सामरी भन्ज्याङदेखि त्रिशुलीबीचको प्राकृतिक सुन्दरताको परिचय दिइएको छ । थोपल नदीको दुबै किनारमा सुन्दर घना जङ्गल मात्र पालिएको थिएन त्यसका अतिरिक्त त्यहाँ अनेक किसिमका चराचुरुङ्गी पनि पालिएका थिए भन्दै मानववंशका कुलङ्गारहरूले जङ्गल मात्र नमासेर त्यसमा आनन्दपूर्वक रहेका चराचुरुङ्गीसमेतको बिउ नै नराखी भुसुक्कै मासिदिएको भन्ने दुखेसो पनि दोस्रो सर्गमा समेटिएको छ । म पात्र अर्थात

थोपल नदीले आफ्ना दुवै किनारमा पालेका सुन्दर हरियाली वनजङ्गलमा बाघ, भालु जस्ता वन्यजन्तुका साथै सुन्दर फूल फुलेका अनि त्यस्ता फूलहरूमा भमरा भुनुनु गर्दै झुम्मिने गरेको कुरालाई पनि प्रस्तुत गरिएको छ । यसैगरी विभिन्नखाले फलफूल, जडिबुटीलगायत मँयूर नाच्ने गरेको, कोइलीको सुमधुर आवाज, ढुकुरका जोडीको मायाप्रेम आदि कुराहरूको पनि सुन्दर चित्रण यस सर्गमा भएको छ । त्यस्तै वनमा स्वतन्त्रतापूर्वक रहने चराचुरुङ्गीहरूलाई निर्दयी व्याधाले विभिन्न तरिकाले मार्ने गरेको कारुणिक पक्षलाई यस सर्गमा रहेका ७४ श्लोकमध्ये करिब आधाजति श्लोकहरूमा प्रस्तुत गरिएको छ । चराहरूले प्राणत्याग गर्दाको क्षण सबैभन्दा कारुणिक रूपमा प्रस्तुत गरिएको छ । उदाहरणका रूपमा तलका श्लोकहरूलाई लिन सकिन्छ ।

कसैको टाउकै क्याच्च गिदी बाहिर निक्लिए ।

इन्तु न चिन्तु छन् कोही लौकिक भोग छोड्दिए ॥

(थोपल, पृष्ठ ११, श्लोक ४४)

कसैका भाँचिएका छन् पखेटा नै दुबैतिर ।

आन्द्रा-भुँडी कसैका छन् निक्लेका भ्यात्त बाहिर ॥

(थोपल, पृष्ठ ११, श्लोक ४६)

**थोपल** खण्डकाव्यको तेस्रो सर्गमा प्रबन्धविधानको अर्को मोड रहेको छ । यस सर्गमा थोपल नदी (म पात्र)ले आफू विभिन्न खोल्सा-खोल्सीहरूलाई बटुल्दै ठूलो भएको तथा आफ्नो आन्तरिक इच्छा मानवहरूले आफ्नो खेर गएको पानीबाट सिँचाइ, बिजुली, उद्योगहरू, घट्ट र मिलहरूको स्थापना एवं वर्षायाममा विभिन्न ठाउँमा आफूमाथि पुल हालेर वारिपारि आवज-जावत गर्ने छन् भन्ने थियो तर कतिपय ठाउँमा सिँचाइ र एकाध मिल र घट्टबाहेक आफ्नो पानीको सदुपयोग मानवले गर्न नसकेकोमा 'म' पात्र (थोपल नदी) ले दुखेसो पोखेको पाइन्छ । आफ्नो पानी सदुपयोग राम्ररी भएको खण्डमा धेरै प्रगति मात्रै नभएर धादिङ अमरपुर बन्ने कल्पना म पात्रले यसरी गरेको देखिन्छ :

मेरो पानी यदि सदुपयो-गै हुने हो भने ता

के के हुन्थ्यो प्रगति अहिले को छ आदर्श नेता ?

पक्कै हुन्थ्यो अमरपुर यो बेस धादिङबेंसी

आई बस्थिन् प्रतिदिन यहीं अप्सरा नै सुकेशी ॥

(थोपल, पृष्ठ १५, श्लोक १२)

**थोपल** खण्डकाव्य एउटा प्रकृतिपरक खण्डकाव्य हो । यस खण्डकाव्यले प्राकृतिक पक्षको राम्रो चित्रण गरेको छ । प्रकृतिलाई मानवीकरण गरी म पात्र अर्थात थोपल नदीलाई केन्द्रीय पात्रको जिम्मेवारी दिइएको छ र म पात्रकै केन्द्रीयतामा यस खण्डकाव्यको कथावस्तु अगाडि बढेको छ । यसका अतिरिक्त शिकारी, चराचुरुङ्गी, नेताजस्ता सहायक र गौण पात्रहरू पनि यस खण्डकाव्यकामा आएका छन् । पात्रका हिसाबले हेर्दा म पात्रले एक्लै कथावस्तुलाई अगाडि बढाएको छ । यस कोणबाट हेर्दा थोरै पात्र मात्रै यस खण्डकाव्यमा प्रस्तुत गरिएको छ । यिनै पात्रहरूको प्रत्यक्षापरोक्ष भूमिकामा थोपल खण्डकाव्यको कथानकले पूर्णता पाएको छ ।

### ४.१.४ परिवेशविधान

पात्रद्वारा भोगिएको जीवनजगत्को केन्द्रविन्दु नै परिवेश हो । परिवेशले देश, काल र परिस्थितिलाई जनाएको हुन्छ । पात्रको मनस्थितिलाई परिवेशले प्रभाव पार्दछ । खण्डकाव्यमा आवश्यकता र स्वाभाविकतालाई हेरी परिवेशको उपयोग गरिन्छ । कथावस्तुका घटना एवम् पात्रसँग सम्बन्धित देश, काल र परिवेशको चित्रण खण्डकाव्यमा गरिन्छ । परिवेश बाह्य र आन्तरिक गरी दुई किसिमको हुने गर्दछ । गाउँ, ठाउँ, समाज बाह्य परिवेश हुन् भने मनमा उठेका उद्दिग्नता, खुलदुली, पीडा आदि आन्तरिक परिवेशका रूपमा रहेको हुन्छ ।

प्रकृतिलाई मुख्य विषयवस्तु बनाएर लेखिएको **थोपल** खण्डकाव्य परिवेशविधानका दृष्टिले महत्त्वपूर्ण रहेको छ । यस खण्डकाव्यको स्थानगत परिवेश नेपाल नै हो । त्यसमा पनि धादिङ जिल्लालाई यस खण्डकाव्यले आफ्नो परिवेशका रूपमा चयन गरेको छ । सौन्दर्य, पवित्रता र रमणीयताले उद्वेलित गराएर नै यो काव्य रचना गर्ने प्रेरणा मिलेको देखिन्छ । यस काव्यमा यिनै प्राकृतिक सुन्दरतालाई खलल् पुऱ्याउने मानवीय खल पात्रको चरित्रमा पनि कविको दृष्टि पुगेको

देखिन्छ । माछा र चराचुरुङ्गीको बर्बर हत्याका कारण पाठकको मनमा एउटा मर्माहत अवस्थाको सिर्जना हुने हुँदा पाठकहरू भावुक बन्न पुग्दछन् । यही मानसिक पीडा र मनोवैज्ञानिकतालाई यस खण्डकाव्यको आन्तरिक परिवेशको रूपमा लिन सकिन्छ । त्यसैगरी स्थानिक परिवेशलाई बाह्य परिवेशका रूपमा हेर्न सकिन्छ, जसलाई काव्यभित्रका अंशको उदाहरणबाट निम्नानुसार प्रस्तुत गर्न सकिन्छ -

मेरो जन्म त सापरीतिर भयो अन्त्यै त्रिशुलीतिर

त्यो भन्ज्याङ सदाभरी झलझली सम्झी रहेको छु र ।

ठूलो उन्नति गर्न कोसिस गरें इच्छा भयो निष्फल

ठूलाठालु भनाउँदा घुमी-घुमी गर्थे कुरा केवल ॥

(थोपल, पृष्ठ १, श्लोक १)

हावा पानी अति असल हो स्वास्थ्यको लागि राम्रो

धादिङलाई अमरपुर नै भन्दछन् बेश हाम्रो ।

भस्के माटो भसभस हुँदै बग्छ पानी परे त

ढुंगा मूढा पतकर सबै बग्छ ढाकेर खेत ।

(थोपल, पृष्ठ १७, श्लोक २४)

माथिका कविताका श्लोकहरूमध्ये पहिलोमा सामरी र दोस्रो श्लोकमा धादिङ जिल्लाको चर्चा भएको हुँदा यिनमा स्थानिक परिवेश प्रयोग भएको स्पष्ट हुन्छ ।

यस काव्यमा प्रकृतिलाई मानवीकरण गरिएको छ । उदाहरणका लागि निम्नलिखित श्लोकहरूलाई लिन सकिन्छः

मेरा सहायक सबै सहयोग दिन्छन्

खोला अनेक थरिका म-सँगै मिसिन्छन् ।

मेरै विभिन्न बनका रुखपात मासे

नेपालको धन अमूल्य समस्त नासे ॥

(थोपल, पृष्ठ १८, श्लोक २६)

नेपालीहरूको सांस्कृतिक परिवेश झल्काउने काम पनि यस खण्डकाव्यले गरेको छ । सांस्कृतिक परिवेश झल्कने एउटा उदाहरण यस प्रकार छः

नामै न्वारनको जुराई गुरुले हेरी विचारी फल

हो राखी शुभ विन्दुकेशर नदी बोलाउने थोपल ।

(थोपल, पृष्ठ १, श्लोक २)

बाह्य परिवेशका रूपमा रहेको प्राकृतिक सुन्दर परिवेशको चित्रण पनि कविले यस खण्डकाव्यमा गरेका छन् । प्राकृतिक परिवेश झल्कने एउटा उदाहरण यसरी प्रस्तुत गर्न सकिन्छ ।

नेपालका धन वनैवन औ नदी छन्

छाँगा झरी झरझरी मन मुग्ध पार्छन् ।

योग्यै छ पर्यटन निम्ति जहाँ अनेक

आओस् यहाँ सकल मानवमा विवेक ॥

(थोपल, पृष्ठ १८, श्लोक २७)

यसरी प्राकृतिक सुन्दरताको चित्रण गर्दै कविले यस्ता प्राकृतिक सुन्दरतालाई दुष्ट मानवले कसरी नष्ट गर्दछन् भन्ने कुरा पनि यस खण्डकाव्यमा प्रस्तुत गरेका छन् । समग्रतामा प्राकृतिक, सांस्कृतिक, स्थानिक आदि विविध परिवेश यस खण्डकाव्यमा प्रस्तुत गरिएको छ ।

### ४.१.५ रसविधान

रस शब्दको प्रयोग विभिन्न शास्त्रहरूले विभिन्न अर्थमा गरेका छन् । दर्शनशास्त्रमा पदार्थको गुणको रूपमा रसलाई उल्लेख गरिएको छ । आयुर्वेदमा यसलाई औषधीहरूको अनिवार्य गुण मानिएको छ । रस शब्दको सामान्य अर्थले पनि भनाइलाई निकै रसिलो र चनाखो बनाएको हुन्छ । यति मात्र नभएर 'रस नै ब्रह्म हो' भनेर उपनिषद्ले ईश्वरलाई रसको रूपमा लिएको पाइन्छ । यही आनन्दको प्रतीकका रूपमा ईश्वरलाई प्रयोग गरिएको रस शब्दले साहित्यशास्त्रसँग विशेष सम्बन्ध राख्दछ किनभने साहित्यले रसलाई आनन्दको पर्यायवाची शब्दको रूपमा लिएको छ ।[७४] त्यसैले रस साहित्यमा अनिवार्य तत्त्वका रूपमा रहन गएको छ । रसविधानका दृष्टिले 'थोपल' खण्डकाव्यमा करुण र शान्त रसको प्रयोग अधिक भएको देखिन्छ । यसका अतिरिक्त बीभत्स, शृङ्गार आदि रसको पनि प्रयोग यस खण्डकाव्यमा गरिएको छ । यस खण्डकाव्यमा देखिएका रसका केही दृष्टान्तलाई निम्नानुसार देखाउन सकिन्छ :

**करुण रस**

उत्ताना बिचरा पकापक लडे व्यर्थै गयो जीवन
दौडादौड भयो टिपाटिप गरे थुप्रो बनाए धन ।
जो होचो उसको दिएर मुखमा घोचो भने झै भयो
माछा मानिसको परेर वशमा क्या जिन्दगी नै गयो ॥

(थोपल, पृष्ठ २, श्लोक ९)

उपर्युक्त श्लोकमा निर्दयी मानवले गर्दा माछाले ज्यान गुमाउनु परेको कारुणिक दृश्य प्रस्तुत गरिएको छ । यसर्थ प्रस्तुत श्लोकमा करुण रसको प्रयोग भएको देखिन्छ ।

**शान्त रस**

स्वर्गै जस्तो झलमल हुने गाउँ पाखा पखेरा
जस्ले गर्दा तलतल झरी बस्तछन् लेर डेरा ।

---

[७४] हेमाङ्गराज अधिकारी, **पूर्वीय समालोचनासिद्धान्त**, चौ.सं.(काठमाडौं : कर्जना प्रिन्टिङ्ग प्रेस, २०५०) पृ. २८ ।

रम्रो नाच्ने छमछम गरी अप्सरा खोज्नलाई

द्यौता झुक्की अलमल परी आउँछन् बस्नलाई ॥

(थोपल, पृष्ठ १५, श्लोक ९)

यस श्लोकमा कविले आफ्नो गाउँ पाखा पखेरालाई स्वर्गसित तुलना गर्दै राम्रो नाच्ने अप्सराको खोजीमा देउता पनि अलमल परी झुक्किएर यस ठाउँमा आउने कुराको उद्घाटन गरेका छन् । यसबाट प्राकृतिक सुन्दरताले आत्मिक आनन्द र शान्ति प्राप्त हुने कुराको संकेत पाइन्छ ।

**बीभत्स रस**

कसैका भाँचिएका छन् पखेटा नै दुवैतिर ।

आन्द्रा-भुँडी कसैका छन् निक्लेका भ्यात्त बाहिर ॥

(थोपल, पृष्ठ ११, श्लोक ४६)

प्रस्तुत श्लोकमा दुष्ट मानवले स्वतन्त्रपूर्वक बाँचेका चराहरूको निर्मम हत्या गर्दाको क्षणमा देखिएको चराहरूको बीभत्स दृश्यलाई प्रस्तुत गरिएको छ ।

**शृङ्गार रस**

ढुकुर-कुर छेकेर पोथीलाई घुमी-वरी ।

तम्बे ढुकुर कुर्लन्छन् प्रेमको वशमा परी ॥

(थोपल, पृष्ठ ८, श्लोक २१)

माथिको श्लोकमा ढुकुरका जोडीको माया प्रेमको कुरा उठाएर शृङगारिक भाव प्रस्तुत गरिएको छ ।

यसरी समग्रमा भन्नुपर्दा यस खण्डकाव्यमा मुख्य रूपमा करुण रसलाई परिपाकावस्थामा पुऱ्याउन अन्य सहायक रसको पनि उपस्थिति रहेको देखिन्छ ।

### ४.१.६ संरचना/सर्गविधान

सर्गविधान काव्यको बाहिरी संरचना हो । यसले काव्यलाई विभिन्न खण्ड वा अध्यायमा बाँडेको हुन्छ । कवि डिल्लीरमण शर्मा अर्ज्यालद्वारा रचित **थोपल** खण्डकाव्य तीन सर्गमा विभाजित छ जसलाई कविले प्रथम, द्वितीय र तृतीय सर्ग भनी नामकरण गरेका छन् । जम्माजम्मी १८ पृष्ठमा फैलिएको यस खण्डकाव्यमा श्लोक सङ्ख्या भने जम्मा १३४ रहेको छ । सर्गगत समेटिएका श्लोकहरूमा प्रथम सर्गमा ३३ वटा श्लोकहरू रहेका छन् । द्वितीय सर्गमा ७४ वटा श्लोकहरू रहेको पाइन्छ भने तृतीय तथा अन्तिम सर्गमा २७ वटा श्लोकहरू रहेको देखिन्छ । पहिलो र तेस्रो सर्गमा चार-चार पङ्क्तिको एक श्लोक रहेको छ भने दोस्रो सर्गमा दुई-दुई पङ्क्तिको एक श्लोक रहेको छ । अतः प्रस्तुत खण्डकाव्यको सर्ग सर्गले लिएको पृष्ठ, सर्गमा रहेका श्लोकसङ्ख्या तथा छन्दलाई तालिकामा यसरी देखाउन सकिन्छ-

| सर्ग | पृष्ठदेखि पृष्ठसम्म | सर्गले लिएको जम्मा पृष्ठ सङ्ख्या | श्लोक सङ्ख्या |
|---|---|---|---|
| एक | १ – ६ | ६ | ३३ |
| दुई | ७ – १३ | ७ | ७४ |
| तीन | १४– १८ | ५ | २७ |
| जम्मा | १८ | १८ | १३४ |

माथि प्रस्तुत तालिकालाई हेर्दा यस खण्डकाव्यको सर्गयोजना श्लोकगत दृष्टिले हेर्दा सन्तुलन नमिलेजस्तो देखिए पनि पृष्ठगत आधारमा भने सन्तुलन लगभग मिलेको नै देखिन्छ ।

### ४.१.७ छन्द तथा लयविधान

कवि डिल्लीरमण शर्मा अर्ज्याल वर्णमात्रिक छन्दमा सिद्धहस्त रहेको देखिन्छ । छन्दका दृष्टिले **थोपल** खण्डकाव्यलाई हेर्दा प्रथम सर्गमा रहेका ३३ वटा श्लोकमध्ये १ देखि ३२औँ श्लोकसम्म शार्दूलविक्रीडित छन्द र ३३औँ श्लोकमा उपजाति छन्द प्रयोग भएको छ । दोस्रो सर्गमा रहेका ७४ वटा श्लोकमध्ये १ देखि ७३औँ श्लोकसम्म अनुष्टुप् छन्दको प्रयोग भएको छ भने ७४ औँ श्लोकमा मालिनी

छन्दको प्रयोग भएको देखिन्छ । त्यसैगरी तेस्रो तथा अन्तिम सर्गमा रहेका २७ श्लोकहरूमध्ये १ देखि २५औँ श्लोक मन्दाक्रान्ता छन्दमा र बाँकी दुई श्लोक भने वसन्ततिलका छन्दमा लेखिएको पाइन्छ । कविले यस खण्डकाव्यमा प्रयोग गरेका छन्द र लयगत आवृत्ति अनुप्रासलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### शार्दूलविक्रीडित छन्द

क्रमशः 'म' गण, 'स' गण, 'ज' गण, 'स' गण, दुई 'त' गण र अन्त्यमा एउटा दीर्घ हुने उन्नइस अक्षरको छन्दलाई 'शार्दूलविक्रीडित' भनिन्छ । यसको छ र बाह्र अक्षरमा विश्राम हुन्छ । यसको लक्षण : बन्ला यो 'मसाजासतातगुरु' ले शार्दूलविक्रीडित (म-SSS, स-IIS, ज-ISI, स-IIS, त-SSI, त-SSI, गुरु-S)।[७५] यस खण्डकाव्यमा प्रयोग भएका शार्दूलविक्रीडित छन्दका श्लोकहरूमध्ये एउटा श्लोक निम्नानुसार प्रस्तुत गरिएको छ :

लज्जाले कति अप्सरा लुकि-लुकी स्वर्गीय आनन्दमा
गर्थे इन्द्रसमेत स्वर्गतिरका आएर यै तीरमा ।
मान्छे जाति अनेक साधन लिई खोलाभरी घुम्दछन्
कोही जाल लिई सरासर गई झ्वाम्लाङ्ग हुर्याउँछन् ॥

(थोपल, पृष्ठ १, श्लोक ४)

### उपजाति छन्द

चार पाउमध्ये कुनै एक पाउ वा दुई, तीन पाउ उपेन्द्रवज्राका र त्यसरी नै बाँकी इन्द्रवज्राका भएर एक श्लोक पूरा भयो भने त्यसलाई 'उपजाति' छन्द भनिन्छ । यसमा समान अक्षर, समान विश्राम

[७५] देवी नेपाल, **छन्द पराग**, (काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६२), पृ.८१ ।

र समान भाव समेटिन सक्ने दुई छन्दको मिश्रण हुने हुनाले बाँकी सबै कुरा 'इन्द्रवज्रा' र 'उपेन्द्रवज्रा' छन्दअनुकूल हुन्छन् ।[७६] यसको लक्षण यस प्रकारको हुन्छ :

त्यो इन्द्रवज्रा र उपेन्द्रवज्रा (इन्द्रवज्रा – त-SSI, त-SSI, ज-ISI, गुरु-S, गुरु-S)

दुवै मिलेमा उपजाति हुन्छ । (उपेन्द्रवज्रा – ज-ISI, त-SSI, ज-ISI, गुरु-S, गुरु-S)

यस खण्डकाव्यमा प्रयोग भएका उपजाति छन्दका श्लोकहरूमध्ये एउटा श्लोक निम्नानुसार प्रस्तुत गरिएको छ :

पापी कथाको कति गान गर्ने ? अर्को कुराको अब बीज छर्ने ।

अर्को छ इच्छा परिपूर्ण गर्ने दुवै किनारा रुखले त भर्ने ॥

(थोपल, पृष्ठ ६, श्लोक ३३)

**अनुष्टुप् छन्द**

आठ अक्षरको एक पाउ हुने छन्दलाई अनुष्टुप्  भनिन्छ । यसमा छन्दमा जस्तो गणव्यवस्था हुँदैन । निश्चित ठाउँमा ह्रस्व वा दीर्घको निर्धारित वर्ण प्रयोग गर्नु नै अनुष्टुप्को विशेषता हो । यसको लक्षण यसप्रकार हुन्छ :[७७]

छैटौँ अक्षरमा दीर्घ सर्वत्र लघु पाँचमा

द्विचतुष्पाउमा ह्रस्व अरूमा दीर्घ सातमा ॥

यस खण्डकाव्यमा प्रयोग भएका अनुष्टुप् छन्दका श्लोकहरूमध्ये एउटा श्लोक निम्नानुसार प्रस्तुत गरिएको छ :

आहा ! ती रस लोभीले पिएथे फूलको मह ।

मकन्दर पिई मीठो मेटाए मनको बह ॥

---

[७६] ऐजन, पृ.३३ ।

[७७] पूर्ववत्, पृ.२० ।

(थोपल, पृष्ठ ७, श्लोक ६)

**मालिनी छन्द**

क्रमशः दुई 'न'(III,III)गण, एक 'म'(SSS)गण र दुई 'य'(ISS,ISS)गण भएको पन्ध्र अक्षरको छन्दलाई मालिनी भनिन्छ । यसको आठ अक्षरमा विश्राम हुन्छ । यसको लक्षण यसप्रकारको हुन्छ :

'ननमयय' भएमा मालिनी छन्द हुन्छ ।[७८]

यस खण्डकाव्यमा प्रयोग भएका मालिनी छन्दका श्लोकहरूमध्ये एउटा श्लोक निम्नानुसार प्रस्तुत गरिएको छ :

कति कति दुःख पीडा दर्द भन्ने चराको
मनभरि अति बल्दो उठ्छ मेरो त राँको ।
सललल जल बग्ने वारपारै अपार
बगर त कति राम्रो टल्कने तुल्य हार ॥

(थोपल, पृष्ठ १३, श्लोक ७४)

**मन्दाक्रान्त छन्द**

क्रमशः 'म'(SSS)गण, 'भ'(SII)गण, 'न'(III)गण, दुई 'त'(SSI,SSI)गण र अन्त्यमा दुई दीर्घ(S,S) हुने सत्र अक्षरको छन्दलाई मन्दाक्रान्ता भनिन्छ । यसको चार र दश अक्षरमा विश्राम हुन्छ । मन्दमन्द गतिबाट आरम्भ भई आक्रान्त बन्दै जाने हुनाले यसको नाम मन्दाक्रान्ता रहेको हो । यसको छन्दको लक्षण यसप्रकार रहेको हुन्छ :

मन्दाक्रान्ता 'मभनततत' भै अन्त्य दीर्घ दुईमा ।[७९]

---

[७८] पूर्ववत्, पृ.६४ ।

[७९] ऐजन, पृ.७७ ।

यस खण्डकाव्यमा प्रयोग भएका मन्दाक्रान्ता छन्दका श्लोकहरूमध्ये एउटा श्लोक निम्नानुसार प्रस्तुत गरिएको छ :

ठूलाठालू सब रकमको गर्दछन् भाग बण्डा

खाई धेरै गणपति भुँडे भैं भए जाँड अड्डा ।

खोलाखोलै जल बगि गयो व्यर्थ भो जिन्दगानी

नेपालीको तर प्रगतिको हुन्छ अत्यन्त हानि ॥

(थोपल, पृष्ठ १४, श्लोक ३)

**वसन्ततिलका छन्द**

क्रमशः 'त'(SSI)गण, 'भ'(SII) गण, दुइटा 'ज'(ISI,ISII)गण र अन्त्यमा दुई गुरु(S,S) हुने चौध अक्षरको छन्दलाई वसन्ततिलका भनिन्छ । यसको आठ अक्षरपछि विश्राम हुन्छ । यसको लक्षण यसप्रकार छ :[८०]

बन्ला वसन्ततिलका 'तभजाजगौगः' ।

यस खण्डकाव्यमा प्रयोग भएका वसन्ततिलका छन्दका श्लोकहरूमध्ये एउटा श्लोक निम्नानुसार प्रस्तुत गरिएको छ :

नेपालका धन वनैवन औ नदी छन्

छाँगा भरी भरभरी मन मुग्ध पार्छन् ।

योग्यै छ पर्यटन निम्ति जहाँ अनेक

आओस् यहाँ सकल मानवमा विवेक ॥

(थोपल, पृष्ठ १८, श्लोक २७)

---

[८०] पूर्ववत्, पृ.५९ ।

माथि प्रस्तुत गरिएका श्लोकहरूमा छन्दगत विविधता र अन्त्यानुप्रासको पनि सफल प्रयोग गरिएको छ । प्रत्येक सर्गमा फरक फरक छन्दको प्रयोग गरेर कविले आफ्नो छन्दप्रतिको कुशलतालाई प्रस्तुत गरेका छन् । यस काव्यमा कविले कविताको लयलाई बढाउने आफ्नो कला देखाएका छन् । छन्द मिलाउनका लागि केही ह्रस्व शब्दलाई दीर्घ र दीर्घ शब्दलाई ह्रस्वको रूपमा समेत प्रयोग गरिएको छ । छवटा छन्दको प्रयोग भएको यस काव्यमा लयात्मकता, गेयात्मकता र साङ्गीतिक मिठास झल्काउने थुप्रै श्लोकहरू रहेका छन् । त्यस्ता श्लोकहरूमध्ये केही उदाहरणका रूपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ-

डाँडा डाँडा घर घर सबै देशका गाउँ गाउँ  
खोला नाला बगरै बगर रोडमा ठाउँ ठाउँ ।  
बाल्ने इच्छा झिलिमिली थियो आँतमा कत्ति कत्ति  
ठूला ठूला असल बिजुली योजना ल्याई बत्ती ॥

(थोपल, पृष्ठ १४, श्लोक ६)

स्वर्गै जस्तो हुने गाउँ पाखा पखेरा  
जस्ले गर्दा झरी बस्तछन् लेर डेरा ।  
राम्रो नाच्ने गरी अप्सरा खोज्नलाई  
द्यौता झुक्की अलमल परी आउँछन् बस्नलाई ॥

(थोपल, पृष्ठ १५, श्लोक ९)

उन्यूको झाङमा लाठा हान्दै घोच्दै कराउँदै ।  
हाहा हूहू गरी हिंड्छन् तित्रा चाहिँ डराउँदै ॥

(थोपल, पृष्ठ ११, श्लोक ५४)

तीरको फाँटमा मेरै भोग पारे छिटै गरी

फुकफाक गरे आगो काटकुट गरे चरी ॥

(थोपल, पृष्ठ १३, श्लोक ६८)

माथि प्रस्तुत श्लोकहरूमध्ये पहिलोमा शब्दहरूको (डाँडा, घर, गाउँ, ठूला, कत्ति, ठाउँ, बगर) आवृत्ति भएको छ। दोस्रो श्लोकमा मध्यानुप्रास र अन्त्यानुप्रासको प्रयोग भएको छ। यसैगरी तेस्रो श्लोकमा 'ह' वर्णको र चौथो श्लोकमा 'क' वर्णको पटकपटक आवृत्ति भएको छ। यसबाट श्लोकहरू लयात्मक र गेयात्मक हुनुका साथै काव्यपठनमा साङ्गीतिक मिठास बढेको सहजै बोध हुन्छ । यसैगरी 'झलमल', 'तलतल', 'छमछम' जस्ता शब्दहरूले श्रुतिमधुरता र मिठास उत्पन्न गरेको छ। यसका साथै काव्यमा 'जो होचो उसका मुखमा घोचो', 'हरियो वन नेपालको धन' जस्ता उखानसमेत प्रयोग भएबाट यस खण्डकाव्य अझ ओजिलो बन्न पुगेको छ।

यस्ता सबल पक्षले भरिएको यस खण्डकाव्यको केही ठाउँमा सामान्य छन्दभङ्गका उदाहरण पनि भेट्न सकिन्छ। त्यस्ता कवितांशहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

ठूलाठालु भनाउँद घुमी-घुमी गर्थे कुरा केवल ॥ (पृ.१,श्लो.१,'मी' ह्रस्व हुनुपर्ने)(**शार्दूलविक्रीडित**)

नामै न्वारनको जुराई गुरले हेरी विचारी फल (पृ.१,श्लो.२,'ई' ह्रस्व हुनुपर्ने) "

काँ जालास् मछली बगेर यसरी मेरै ढडियाभरि (पृ.१,श्लो.६,'डि' ह्रस्व हुनुपर्ने) "

हेर्नै सक्तिन यो दशा दिनदिनै माछाहरुको म ता (पृ.२,श्लो.१०,'रु' दीर्घ हुनुपर्ने) "

खाना भित्र दिई डुबाई रहमा बास्ना दिने स्वादिलो ॥ (पृ.२,श्लो.११,'ई' ह्रस्व हुनुपर्ने) "

विश्वासै नलिनू विवेक नहुने मान्छेहरुको कबै (पृ.२,श्लो.१२,'रु' दीर्घ हुनुपर्ने) "

त्यो बल्छी भनिले डुवाई जलमा माछा फसाई लिने। (पृ.३,श्लो.१५,'ई' ह्रस्व हुनुपर्ने) "

राँगो झैं बलले उठाई करले ट्वाक्कै ठुँगे माथमा। (पृ.३,श्लो.१७,'ई' ह्रस्व हुनुपर्ने) "

थुन्सेको मुखमा फुकाई बलले माछा भरी तालले (पृ.४,श्लो.२०,'ई' ह्रस्व हुनुपर्ने) "

कोहीले सजिलै डुबाई जलमा राखी थकौली भिके (पृ.४,श्लो.२१,'ई' ह्रस्व हुनुपर्ने) "

चाल्नामाथि परे अबोध मछली यस्तै तरिका सिके । (पृ.४,श्लो.२१,'रि' दीर्घ हुनुपर्ने) "

मीठो मासु हुँदो रहेछ कि कसो ? माछाहरुको अति (पृ.४,श्लो.२५,'रु' दीर्घ हुनुपर्ने) "

स्वाँ स्वाँ स्वाँ अति गर्दछु दिनदिनै छाँगो झरी छल्छल ॥ (पृ.५,श्लो.३१,'छु' दीर्घ हुनुपर्ने) "

हे ब्रह्मा ! नगरे अवश्य सृजना पापीहरुको कबै ॥ (पृ.६,श्लो.३२,'रु' दीर्घ हुनुपर्ने) "

साल सल्ला गरी हल्ला निर्दे र बलियो पूर । (पृ.७,श्लो.८,'पू' ह्रस्व हुनुपर्ने) **(अनुष्टुप् छन्द)**

खलामा चर्दछन् धान उड्दा हुन्छन् रूखैभरि ॥ (पृ.९,श्लो.२२,'रू' ह्रस्व हुनुपर्ने) "

फुत्रु फुत्रु दुवै खुट्टा गर्दै खाए मिठाई झैं ॥ (पृ.१०,श्लो.४१,'ई' ह्रस्व हुनुपर्ने) "

तित्रो लाई खोज्न थाले लाठावाले कराउँदै ॥(पृ.१२,श्लो.५८,'खोज्न'क्रमशः ह्रस्व र दीर्घ हुनुपर्ने)"

कुट्ने पिँध्ने अधिक सुबिधा गर्नका लागि झट्ट (पृ.१४,श्लो.४,'वि' दीर्घ हुनुपर्ने) "

बाल्ने इच्छा झिलिमिली थियो आँतमा कत्तिकत्ति (पृ.१४,श्लो.६,'लिमि' दुवै दीर्घ हुनुपर्ने) "

चोलीमाथि टलटल हुने मोतिको हार जस्तो (पृ.१७,श्लो.२१,'थि' दीर्घ हुनुपर्ने) "

समग्रमा यो खण्डकाव्यमा छन्दगत त्रुटिहरू खासै देखिँदैन । छ वटा वर्णमात्रिक छन्दहरूको प्रयोग गरे पनि यो काव्य सरल र सबैले बोध गर्न सक्ने खालको देखिन्छ । त्यसमा पनि विभिन्न अनुप्रासको विन्यास र पदलालित्यले गर्दा यो काव्य सबै पाठकका लागि बोधगम्य रहेको कुरामा दुईमत छैन ।

### ४.१.८ अलङ्कार विधान

अलङ्कार काव्यसौन्दर्यको एक साधन हो । यसले काव्यको आन्तरिक एवम् बाह्य सौन्दर्यलाई चम्किलो बनाउँछ । अलङ्कार पनि साहित्य तथा काव्यको अनिवार्य तत्त्व मानिन्छ । सामान्यतया अलङ्कार शब्दको अर्थ गहना हो । अलं र कारको योगबाट बनेको अङ्कार

शब्दको अर्थ समर्थ गराउने अथवा पर्याप्त गराउने कुनै कुरा वा साधन भन्ने बुझिन्छ ।[८१] वामनले अलङ्कारको अर्थ सौन्दर्य गरेका छन् । सारसंक्षेपमा के भन्न सकिन्छ भने अलङ्कार भाषाको गहना हो जसले सिँगार्ने काम गर्दछ । अपूर्णलाई पूर्ण र असमर्थलाई समर्थ तुल्याउने साधनविशेष काव्यतत्त्वको नाम अलङ्कार हो भन्ने लौकिक वा व्यवहारिक अर्थ दिएको पाइन्छ । अलङ्कारलाई जे-जसरी अर्थ लागाए पनि यसको काव्य वा साहित्यमा महत्त्व रहेको कुरा भने सबैले स्वीकारेको पाइन्छ ।

प्रस्तुत **थोपल** खण्डकाव्य अलङ्कारिक अभिव्यक्तिका लागि नलेखी प्रकृतिप्रतिको मोहलाई प्रस्तुत गर्दै समग्र देशवासीलाई प्रकृतिको संरक्षण र संवर्धनमा समर्पित हुन प्रेरित गर्ने उद्देश्यले लेखिएको हो । यति हुँदा पनि यस काव्यमा शब्दालङ्कार र अर्थालङ्कार दुबैको प्रयोगले काव्यलाई सौन्दर्यमय बनाएको छ । यस खण्डकाव्यमा आद्यानुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रास र छेकानुप्रासजस्ता शब्दालङ्कारको प्रयोग भएको पाइन्छ भने अर्थान्तरन्यास, अतिशयोक्ति, स्वभावोक्ति, उपमा, रूपक, उत्प्रेक्षाजस्ता अर्थालङ्कारको प्रयोगले काव्यमा श्रुतिमधुरता, कर्णप्रियता, चामत्कारिता तथा ध्वन्यात्मकता सृजना भएको छ । यस क्रममा काव्यको बाहिरी सौन्दर्यमा सीमित रहने अनुप्रासादि शब्दालङ्कार तथा काव्यको आन्तरिक सौन्दर्यमा बल पुऱ्याउने अर्थालङ्कारको रूपमा निम्नलिखित श्लोकहरूलाई लिन सकिन्छ ।

**अनुप्रास अलङ्कार**

डोको आँगनमा राख्ने डोरी तानी उठाउने ।

डोको मुनि छरी चारा प्वालबाट चिहाउने ॥

(थोपल, पृष्ठ १५, श्लोक ९)

तीरको फाँटमा मेरै भोग पारे छिटै गरी

फुकफाक गरे आगो काटकुट गरे चरी ॥

(थोपल, पृष्ठ १३, श्लोक ६८)

---

[८१] लवण्य प्रसाद ढुङ्गाना र घनश्याम दाहल, **खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य** (काठमाडौं : भुँडी पुराण प्रकाशन, २०५७) पृ. ८ ।

माथि प्रस्तुत गरिएका दुई श्लोकहरूमध्ये पहिलो श्लोकमा 'डोको' शब्दको दुवै पङ्क्तिको आरम्भमा आवृत्ति हुनुका साथै अन्तिमका 'उठाउने', 'चिहाउने' शब्दका पदपरार्द्ध अंश(आउने)को आवृत्तिले आंशिक अन्त्यानुप्रासको प्रयोग पनि भएको देखिन्छ । त्यसैगरी दोस्रो श्लोकको अन्तिममा 'गरी', 'चरी' को प्रयोगले पूर्ण अन्त्यानुप्रासको प्रयोग भएको स्पष्ट देखिन्छ । यस खण्डकाव्यमा प्रस्तुत अधिकांश श्लोकहरूमा अन्त्यानुप्रासको राम्रो योजना गरिएको छ ।

**उपमा लङ्कार**

दुई व्यक्ति वा वस्तु (उपमेय र उपमान) को सादृश्य वा तुल्यतालाई उपमा भनिन्छ । यस अलङ्कारमा निम्नलिखित चार कुरा हुनु अनिवार्य हुन्छ :[८२]

१) उपमेय : जुन व्यक्ति वा वस्तुको तुल्यता देखाइन्छ,

२) उपमान : जुन व्यक्ति वा वस्तुसँग तुल्यता देखाइएको छ,

३) धर्म : उपमेय र उपमानमा पाइने समानता वा तुल्यता,

४) वाचक शब्द : तुल्यता बुझाउने झैं, जस्तै, सरी, तुल्य आदि शब्दहरू ।

यस खण्डकाव्यमा प्रयोग भएका उपमा अलङ्कारका श्लोकहरूमध्ये एउटा श्लोक निम्नानुसार प्रस्तुत गरिएको छ :

कोही मानव बस्दछन् अचल झैं हेर्दा बकुल्ला सरी
मानौं ध्यान गरेर तीरनिर नै द्यौता पुकारा गरी ।

(थोपल, पृष्ठ ३, श्लोक १६)

प्रस्तुत श्लोकमा उपमेयका रूपमा 'मानव', उपमानका रूपमा 'बकुल्ला', धर्मका रूपमा 'ध्यान', 'पुकारा' र वाचक शब्दका रूपमा 'झैं', 'सरी' शब्द आएका छन् । त्यसैले यो श्लोकमा उपमा अलङ्कार प्रयोग भएको छ ।

---

[८२] मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३), पृ.६६ ।

**अतिशयोक्ति अलङ्कार**

अभिव्यक्तिलाई प्रभावशाली पार्न लोकप्रसिद्ध उक्तिलाई उछिन्दै बढाइ-चढाइकन कुनै विषयको वर्णन गर्नु अतिशयोक्ति हो ।

लज्जाले कति अप्सरा लुकि-लुकी स्वर्गीय आनन्दमा

गर्थे इन्द्र समेत स्वर्गतिरका आएर यै तीरमा ।

(थोपल, पृष्ठ १, श्लोक ४)

प्रस्तुत श्लोकमा स्वर्गका राजा इन्द्रसमेत थोपल नदीको तीरमा आउने कुरालाई अतिशयोक्ति वर्णनका रूपबाट हेर्न सकिन्छ ।

**दृष्टान्त अलङ्कार**

दुई वा दुईभन्दा बढी वाक्यार्थमा एउटै धर्म नभए पनि ती बिम्ब (छाया) र प्रतिबिम्ब ( प्रतिच्छाया) जस्ता भई वाक्यार्थको समानता बुझाउने अलङ्कारलाई दृष्टान्त अलङ्कार भनिन्छ । यसमा एउटा भनाइ (वाक्यार्थ) लाई अर्को भनाइ (उदाहरण) बाट पुष्टि गरिएको हुन्छ ।[८३] यस खण्डकाव्यमा प्रयोग भएका दृष्टान्त अलङ्कारका श्लोकहरूमध्ये एउटा श्लोक निम्नानुसार प्रस्तुत गरिएको छ :

उत्ताना बिचरा पकापक लडे व्यर्थै गयो जीवन

दौडादौड भयो टिपाटिप गरे थुप्रो बनाए धन ।

जो होचो उसको दिएर मुखमा घोचो भने झै भयो

माछा मानिसको परेर वशमा क्या जिन्दगी नै गयो ॥

(थोपल, पृष्ठ २, श्लोक ९)

[८३] पूर्ववत्, पृ.६८ ।

प्रस्तुत श्लोकमा मान्छेले गर्दा उत्ताना परी पकापक लडेर मरेका माछालाई 'जो होचो उसको मुखमा घोचो' उदाहरणद्वारा पुष्टि गरिएको छ । त्यसैले प्रस्तुत श्लोकमा दृष्टान्त अलङ्कारको प्रयोग भएको भेटिन्छ ।

**उत्प्रेक्षा अलङ्कार**

प्रस्तुत अप्रस्तुतको सम्भावना देखाइएमा उत्प्रेक्षा अलङ्कार हुन्छ ।[८४] यस खण्डकाव्यमा प्रयोग भएका उत्प्रेक्षा अलङ्कारका श्लोकहरूमध्ये एउटा श्लोक निम्नानुसार प्रस्तुत गरिएको छ :

मेरै त्यो रहमा जहाँ घुमि-घुमी खेलीरहेका थिए
मान्छे काल सरी सरासर गई गोला खसाली दिए ।
खस्नासाथ अहो ! भयो प्रलय नै माछा जगत्मा हरे !
तेस्रो युद्ध भएर विश्वभरि नै विध्वंस मानो गरे ॥

(थोपल, पृष्ठ ५, श्लोक २७)

प्रस्तुत उदाहरणमा माछा खस्नुलाई प्रलयका रूपमा हेर्दै तेस्रो विश्वयुद्ध भएको हो भन्ने उत्प्रेक्षा (सम्भावना) गरिएको छ ।

माथि प्रस्तुत गरिएका अलङ्कारहरूको प्रयोगले यस खण्डकाव्य ओजपूर्ण बन्न पुगेको छ । शब्दालङ्कार तथा अर्थालङ्कार प्रयोगमा कवि निपूर्ण देखिएको यस खण्डकाव्यका आधारमा स्पष्ट हुन्छ ।

## ४.१.९ बिम्ब तथा प्रतीकविधान

बिम्ब तथा प्रतीकको प्रयोगले कुनै पनि साहित्यिक कृति ओजपूर्ण बन्न पुग्दछ । यस खण्डकाव्यभित्र जीवनजगत्का विभिन्न पाटाहरूसँग सम्बन्धित वस्तु वा चिजहरूलाई बिम्बका रूपमा प्रस्तुत गरिएको छ । खोलानाला, देउराली भन्ज्याङ उकाली ओराली, पहाड पर्वत, वनजङ्गल, हिमाल, गोरेटो, खेत, डाँडा, बेंसी, चौतारी जस्ता बिम्बात्मक झलकहरूले यस काव्यको गरिमा बढाएका छन् । यस खण्डकाव्य कविले विभिन्न किसिमका बिम्ब तथा प्रतीकको प्रयोग गरेको पाइन्छ । यस काव्यमा प्रस्तुत कविताहरूमध्ये केही बिम्बात्मक प्रस्तुति भएका कविताका श्लोकहरू यस प्रकार छन्-

---

[८४] ऐजन, पृ.६७ ।

**दृश्यसम्बन्धी बिम्ब**

मेरै त्यो रहमा जहाँ घुमि-घुमी खेलीरहेका थिए
मान्छे काल सरी सरासर गई गोला खसाली दिए ।
खस्नासाथ अहो ! भयो प्रलय नै माछा जगत्मा हरे !
तेस्रो युद्ध भएर विश्वभरि नै विध्वंस मानो गरे ॥

(थोपल, पृष्ठ ५, श्लोक २७)

**गतिसम्बन्धी बिम्ब**

स्या स्या स्या मुखले र पाउ करले गर्दै अगाडि बढे
मान्छेका डरले दगुर्न करले थाले उसैमा सडे ।
ओहो ! देश विकास गर्न यसरी एकै मतो भैदिए
नेपालै बनिने थियो सुरपुरी कर्तव्यता सम्झिए ॥

(थोपल, पृष्ठ ४, श्लो.२२)

**स्वादसबन्धी बिम्ब**

मान्छे ठोक्छ फलामको घन लिई उस्माथि बज्रै सरी
उत्ताना कुरबाट पल्टन गए माछा सबै नै मरी ।
कोहीले बटुको रुमाल मुखमा बाँधी बनाई दुलो
खाना भित्र दिई डुबाई रहमा बास्ना दिने स्वादिलो ॥

(थोपल, पृष्ठ २, श्लो. ११)

यसगरी प्रतीक प्रयोगका दृष्टिले पनि यस काव्य महत्त्वपूर्ण रहेको देखिन्छ । यस खण्डकाव्यकमा प्रकृतिलाई मानवीकरण गरेर पात्र विधान गरिको छ । प्रकृति अर्थात थोपल नदीलाई म पात्रका रूपमा उभ्याईएको छ भने शीर्षक पनि थोपल नदीकै नामबाट राखिएकाले यस काव्य प्रतीकात्मक हुन पुगेको आभाष हुन्छ । यसरी हेर्दा थोपल शीर्षक नै देशको प्रतीकका रूपमा रहेको पाइन्छ । प्रतीक विधानका रूपबाट हेर्दा यिनका कविताहरू शासक र शासित राजनीतिक र सामाजिक विकृतिहरूको व्यङ्ग्यात्मक

टिप्पणी गरेको पाइन्छ ।[८५] प्रतीकात्मक प्रस्तुति भएका कविताहरूमध्ये केहीको उदाहरण यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

कोही कुट्न तयार छन् विष कतै लाठो उचालीकन
खिर्रो औ सिउँडी विभिन्न थरिका काटी बगाई-कन ।
फर्काईकन ठाउँ ठाउँ यसरी मार्छन् दुवानी थुनी
गर्दै छौं पुरूषार्थ मानव भनी संसारमा नै गुनी ॥

(थोपल, पृष्ठ २, श्लोक ८)

मान्छे ठोक्छ फलामको घन लिई उस्माथि बज्रै सरी
उत्ताना कुरबाट पल्टन गए माछा सबै नै मरी ।
कोहीले बटुको रुमाल मुखमा बाँधी बनाई दुलो
खाना भित्र दिई डुबाई रहमा बास्ना दिने स्वादिलो ॥

(थोपल, पृष्ठ २, श्लोक ११)

ठूलाठालू सब रकमको गर्दछन् भाग बण्डा
खाई धेरै गणपति भुँडे झैं भए जाँड अंडा ।
खोलाखोलै जल बगि गयो व्यर्थ भो जिन्दगानी
नेपालीको तर प्रगतिको हुन्छ अत्यन्त हानि ॥

(थोपल, पृष्ठ १४, श्लोक २)

मेरै त्यो रहमा जहाँ घुमि-घुमी खेलीरहेका थिए

[८५] डिल्लीरमण शर्मा अर्ज्याल, **थोपल**, (धादिङ :सरस्वती छापाखाना, २०५७), पृ.११ ।

मान्छे काल सरी सरासर गई गोला खसाली दिए ।
खस्नासाथ अहो ! भयो प्रलय नै माछा जगत्मा हरे !
तेस्रो युद्ध भएर विश्वभरि नै विध्वंस मानो गरे ॥

(थोपल, पृष्ठ ५, श्लोक २७)

स्या स्या स्या मुखले र पाउ करले गर्दै अगाडि बढे
मान्छेका डरले दगुर्न करले थाले उसैमा सडे ।
ओहो ! देश विकास गर्न यसरी एकै मतो भैदिए
नेपालै बनिने थियो सुरपुरी कर्तव्यता सम्झिए ॥

(थोपल, पृष्ठ ४, श्लो.२२)

माथि प्रस्तुत कविताहरूमध्ये पहिलो श्लोकमा माछा भनेका जनता, विष भनेको नेताहरूले देशमा फैलाउने नराम्रो कूटनीति, खिर्रो औ सिउडी भनेको मिठो भाषण र मीठा मीठा आश्वासन 'दुवाली थुनी' भनेको बाटो छेकेर फसाउने नेता र तिनै अन्याय अत्याचारबाटा आफ्नो पुरुषार्थ गऱ्यौं र मानवतावादका कुरा गर्छन् भन्ने प्रतीकात्मक प्रस्तुति भेट्न सकिन्छ । दोस्रो श्लोकमा मान्छे भनेको शासकका प्रतीक र माछा भनेका जनताका प्रतीकका रूपमा पनि हेर्न सकिन्छ । यसैगरी तेस्रो श्लोकमा ठूलाठालू भन्नेहरू सबै रकमको भाग बण्डा गरी अनियमितता गर्दछन् भन्दै त्यस्ता प्रवृत्ति हुने व्यक्तिहरूलाई प्रतीकात्मक रूपमा गणपति भुँडको संज्ञा दिँदै व्यङ्ग्य गरिएको छ । चौथो कविताको श्लोकमा पनि माछाको छटपटिको प्रतीकका रूपमा प्रलयका साथै तेस्रो विश्वयुद्धलाई हेरिएको छ भने पाँचौं श्लोकमा नराम्रो काममा मात्रै ध्यान दिने मानव प्रवृत्तिप्रति प्रतीकात्मक रूपमा व्यङ्ग्य गर्दै देश विकाश गर्ने राम्रो काममा लाग्न प्रेरित गरिएको छ । यस्ता खालका बिम्ब तथा प्रतीकको प्रयोग यस खण्डकाव्यका थुप्रै ठाउँमा भेटिन्छन् ।

### ४.१.१० भाषाशैली

कुनै पनि साहित्यिक रचनाको कथन भाषाद्वारा गरिए जस्तै **थोपल** खण्डकाव्य पनि नेपाली भाषामा रचना गरिएको कृति हो । काव्यमा भाषाशैलीको स्थान महत्त्वपूर्ण हुन्छ । अभिव्यक्तिको निर्विकल्प माध्यमका रूपमा प्रयोग गरिने भाषा वाह्य तत्त्व भए पनि काव्यका अन्तरङ्ग तत्वलाई स्वरूप प्रदान गर्ने आधार पनि हो । भाषाले वाणीलाई मधुर, काव्यलाई सुन्दर र अभिव्यक्तिलाई सशक्त बनाउने

काम गर्छ । शैलीशिल्पका माध्यमले भाषाले विषयवस्तुलाई प्रवाहित गर्दछ भने काव्यको सिङ्गो विषयवस्तु भाषामै अडिएको हुन्छ । त्यसैले काव्यमा भाषाशैली अपरिहार्य तत्त्वका रूपमा रहेको हुन्छ ।

यस खण्डकाव्यमा सहज र स्वाभाविक रूपमा अनुभूतिहरू बगेका छन् । यस काव्यमा कविले संस्कृत भाषाका तत्सम शब्दहरूको प्रयोग बढी गरेका छन् । कवि पहाडी परिवेशमा जन्मे हुर्केका हुनाले आफू हुर्केको रहनसहनबाट शब्द टिप्न पछि परेका छैनन् । उनको यस खण्डकाव्यमा सरसर्ती पढ्दा बुझिने शब्दहरूको प्रयोगले काव्यको स्वाद झन बढाएको छ । झर्रा नेपाली शब्दका प्रयोगले कतैकतै महसुस हुने अप्ठ्यारोलाई सहजै भुल्न सकिने बनाएको पाइन्छ । यसमा प्रयोग भएको भाषाशैलालाई कविको काव्यलेखनको लामो अभ्यास र भाषाको राम्रो ज्ञानको उत्कृष्ट परिणति हो भन्न सकिने प्रशस्त आधारहरू छन् । भाषाशैली प्रयोगका दृष्टिकोणबाट यस खण्डकाव्यमा खासै अमिल्दो पक्ष देखिँदैन । भिन्न भिन्न प्रसङ्गमा छन्द फेर्दै पाठकलाई लयात्मक रूपले पनि बेग्लै स्वाद प्रदान गर्न खोजिएबाट शैलीगत स्पष्टता र विशेषता झल्कन पुगेको पाइन्छ । यस खण्डकाव्यमा माधुर्य गुण र वैदर्भी रीतिकै ज्यादा प्रयोग भएको देखिन्छ भने कविनिबद्ध वक्तृपौढौक्ति वर्णनात्मक शैलीको अवलम्बन गरिएको पाइन्छ । खण्डकाव्यमा प्रस्तुत सबै घटनाक्रम कविको मुखपात्रका रूपमा आएको म पात्र अर्थात थोपल नदीले सर्सर्ती वर्णन गर्दै गएको छ । प्रस्तुत खण्डकाव्यमा लयगत सङ्गीतात्मक शैलीका साथै कथनगत वर्णनात्मक शैलीको प्रयोग गरेको देखिन्छ । यसरी कविले प्रस्तुत खण्डकाव्यमा लयगत सङ्गीतात्मक शैली तथा वर्णनात्मक शैलीको प्रयोग गरेर प्राकृतिक पक्षका माध्यमबाट राष्ट्रियताको भाव पोखेका छन् । यस खण्डकाव्यमा प्रयोग भएका भाषाशैलीलाई उदाशरणको रूपमा प्रस्तुत गरिएको छ ।

**वर्णनात्मक शैली**

मेरो जन्म त सामरी तिर भयो अन्त्यै त्रिशूलीतिर
त्यो भन्ज्याङ सदाभरी झलझली सम्झी रहेको छु र ।
ठूलो उन्नति गर्न कोसिस गरें इच्छा भयो निष्फल
ठूलाठालू बनाउँदा घुमी-घुमी गर्थे कुरा केवल ॥

(थोपल, पृष्ठ १, श्लोक १)

**प्रश्नात्मक**

मेरो पानी यदि सदुपयो-गै हुने हो भने ता
के के हुन्थ्यो प्रगति अहिले को छ आदर्श नेता ?
पक्कै हुन्थ्यो अमरपुर यो बेस धादिङबेंसी
आई बस्थिन् प्रतिदिन यहीं अप्सरा नै सुकेशी ॥

(थोपल, पृष्ठ १५, श्लोक १२)

**अनुप्रास**

मनोहर फुलेका ती विभिन्न झूल झूलमा ।
भ्रमरा भुनुनू गर्दै झुम्मिन्थे फूलफूलमा ॥

(थोपल, पृष्ठ ७, श्लोक ५)

कवि अर्ज्यालले यस काव्यमा विभिन्न मूलका तत्सम (भ्रमर, निष्फल, कर्तव्य, सुरपुरी, युद्ध, गणपति, इन्द, स्वर्ग, मानव, द्यौता), तद्भव (मतो, मुख, माछा, मान्छे, चौटा, बकुल्ला), आगन्तुक (रोड) तथा अनुकरणात्मक (झलमल, तलतल, छमछम) शब्दहरूको समेत प्रयोग गरेका छन् । उनले पद्य लेखनमा प्रयोग हुने सबै लेख्य चिन्हहरूको प्रयोग गरेको पाइन्छ । यस खण्डकाव्यमा सरल नेपाली शब्द र संस्कृत तत्सम शब्दहरूको प्रयोग स्वाभाविक रूपमा गरिएको छ । कवि अर्ज्यालको सरल शब्दको पद्यात्मकताभित्र वर्णनात्मक, प्रश्नात्मक र अनुप्रासीय भाषाशैलीले सिङ्गो खण्डकाव्य नै कलात्मक बन्न पुगेको छ । सरल शब्दहरूमा भाषाको प्रयोग गरी कवितामा लयात्मकता र छन्दोबद्ध कवित्व प्रदान गर्नु कवि अर्ज्यालको भाषाशैलीगत विशेषता हो ।

### ४.१.११ निष्कर्ष

वि.स. २०५७ मा प्रकाशित प्रस्तुत **थोपल** खण्डकाव्य कवि डिल्लीरमण शर्मा अर्ज्यालको दोस्रो प्रकाशित नेपाली खण्डकाव्य कृति हो । यस खण्डकाव्य प्राकृतिक विषयवस्तुमा आधारित राष्ट्रभक्तिपूर्ण भावनाले ओतप्रोत छ । तीन सर्गमा विभाजित प्रस्तुत काव्य अर्ज्यालको मौलिक काव्य हो । 'प्रकृति तर्फ फर्क' भन्ने रुसोको भनाइ लाई आत्मसात गरी यस काव्यमा प्रकृतिको महिमागान गर्दै यसको संरक्षणमा जोड दिइएको छ । काव्यको मूल विषयवस्तु जम्मा १८ पृष्ठमा समेटिएकाले यसको आकार सानो छ । यस खण्डकाव्य सरल रैखीय ढाँचामा अगाडि बढेको छ । कविनिबद्ध वक्तृपौढोक्ति कथानकढाँचामा लेखिएको यो काव्य वर्णनात्मक शैलीमा आधारित छ । प्रस्तुत काव्यमा 'म' पात्र अर्थात थोपल नदी एक्लैले सम्पूर्ण घटनाको वर्णन गरेको छ । 'म' पात्रले कथानक

अगाडि बढाउने क्रममा व्याधा, अप्सरा, इन्द्र, चराचुरुङ्गी, साँखु खोला, पलाँखु खोला, बुङ्चुङ खोला, अरुङ खोला आदिका क्रियाकलापको वर्णन गरेकाले तिनलाई पनि मानवीय, दैवी, मानवेत्तर र निर्जीव आदि गौण पात्रका रूपमा चित्रण गर्न सकिन्छ । अनुकूल प्रतिकूल, मुख्य, गौण आदि सबैखाले पात्रको उपस्थिति यस काव्यमा भएको देखिन्छ । नेपालको पहाडी परिवेशलाई मुख्य आधार बनाएर सृजना गरिएको यस काव्यमा नेपाली सुन्दर प्रकृतिको गुणग्राही ढङ्गले चित्रण गरिएको छ । प्रकृतिमा भएका अथाह शक्तिलाई सदुपयोग गरी मानव हितमा लगाई देश विकास गर्न अभिप्रेरित गर्नु नै यस काव्यको मुख्य उद्देश्य हो । मुख्य रूपमा करुण रसमा लेखिएको यस काव्यमा कतिपय ठाउँमा शान्त, शृङ्गार, बीभत्स आदि रसको प्रयोग पनि पाइन्छ ।

यस काव्यमा शास्त्रीय छन्दको अनुशरण गरिएको छ । मुख्य रूपमा शार्दूलविक्रीडित, अनुष्टुप् र मन्द्राक्रान्त छन्दको प्रयोग गरिनुका साथै उपजाति, मालिनी र वसन्ततिलका छन्दले पनि थोरै भएपनि यस काव्यमा ठाउँ पाएको देखिन्छ । प्रायः सबै श्लोकहरूमा अन्त्यानुप्रासको योजना रहेको छ भने मध्यानुप्रास र आद्यानुप्रासको पनि प्रयोग विभिन्न ठाउँमा भएको देखिन्छ । त्यसैगरी वर्णहरूको पटक पटकको पुनरावृत्तिले काव्य थप लयात्मक बनेको काव्यमा बाह्य सौन्दर्य बढाउने गरी अनुप्रासादि अलङ्कारको प्रयोग गरिएको छ भने आन्तरिक सौन्दर्यलाई अझ उत्कर्ष प्रदान गर्नका लागि उपमा, दृष्टान्त, रूपक, आदि अर्थालङ्कारको पनि संयोजन पाइन्छ । त्यस्तै काव्यमा प्रयोग भएका जैविक, प्राकृतिक आदि बिम्ब र शीर्षक र विषयवस्तुसँग सम्बन्धित अनेक प्रकारका प्रतीकको प्रयोगले काव्य थप ओजिलो बनेको छ । संस्कृत भाषासाहित्यका ज्ञाता कवि अर्ज्याल सुरुमा संस्कृत साहित्यतिरै उन्मुख थिए, त्यसैको प्रभावस्वरूप नेपाली भाषामा प्रकाशित पहिलो खण्डकाव्य **थोपल**मा पनि संस्कृत भाषाको प्रभाव पर्नु स्वाभाविक नै मानिन्छ । त्यसैले यस काव्य बढी मात्रामा तत्सम शब्दको प्रयोग गरिएको छ । तत्सम शब्दको बढी प्रयोग भए पनि काव्य पढ्दा सजिलै बुझिने खालको रहेको छ । खासगरी वर्णनात्मक शैलीमा लेखिएको यस काव्यमा माधुर्य गुण र वैदर्भी रीतिजन्य शब्दहरूको प्रयोगले काव्य प्राञ्जल र ध्वन्यात्मक बनेको छ ।

### ४.२ रेडक्रस परिचय खण्डकाव्यको विवेचना

कवि डिल्लीरमण शर्मा अर्ज्यालद्वारा लिखित **रेडक्रस परिचय** खण्डकाव्य वि.स. २०६१ म प्रकाशन गरिएको हो । संस्था परिचयलाई विषयवस्तु बनाएर लेखिएको यस खण्डकाव्यको विश्लेषण विभिन्न कोणबाट तलका उपशीर्षकमा गरिएको छ ।

### ४.२.१ प्रेरणा, लेखन तथा प्रकाशन

कवि डिल्लीरमण शर्मा अर्ज्यालको नेपाली भाषामा प्रकाशित तेस्रो खण्डकाव्य **रेडक्रस परिचय** हो । यस खण्डकाव्यलाई लेख्ने क्रममा कविलाई आफू सदस्य रहेको संस्था नेपाल रेडक्रस सोसाइटी धादिङ शाखा तथा यसकै केन्द्रीय कार्यालयका साथीहरूको प्रेरणा र सहयोग मिलेको देखिन्छ ।[८६] विशेषगरी नेपाल रेडक्रस केन्द्रीय कार्यालय काठमाडौँका तत्कालीन कार्यकारी प्रमुख बद्री खनालबाट प्राप्त प्रेरणा, हौसला तथा सहयोगलाई महत्त्वपूर्ण रूपमा हेरिएको देखिन्छ ।[८७] यस कृतिको लेखन वि.स. २०५९ तिरबाटै सुरु भए पनि वि.स. २०६० फाल्गुन ५ मा लेखनकार्य सम्पन्न भई प्रकाशन चाहिँ वि.स.२०६१ आषाढ २३ गते तत्कालीन श्री ५ महाराजधिराजको ५८औँ जन्म जयन्तीको शुभ अवसर पारेर भएको थियो । यस खण्डकाव्यको प्रकाशकका रूपमा 'नेपाल रेडक्रस सोसाइटी' धादिङ शाखा रहेको छ ।

### ४.२.२ शीर्षकीकरण र विषयवस्तुको स्रोत

**रेडक्रस परिचय** खण्डकाव्यको नामकरण यहाँ समेटिएका कविताहरूको एक शीर्षक र संस्थाको नामबाट भएको छ । 'रेडक्रस' जँ हेनरी ड्युनाद्वारा सञ्चालित विश्व परोपकार संस्था हो । यस संस्थाले विश्वका थुप्रै मुलुकमा मानव कल्याणमुखी कार्य गर्दै आएको छ । सोही अनुसार नेपालमा पनि नेपाल रेडक्रस सोसाइटीले विभिन्न जनहितसम्बन्धी कार्यहरू गर्दै आएको छ । यसका शाखाहरूमा देशभर विस्तार भएका छन् । रेडक्रस धादिङ शाखाले पनि त्यस क्षेत्रमा थुप्रै कार्यहरू गर्दै आएको छ । रेडक्रस सम्बन्धी राष्ट्रिय-अन्तर्राष्ट्रिय विभिन्न पक्षहरूलाई समेटेर परिचयात्मक रूपमा प्रस्तुत गरिएको हुँदा यस कृतिको शीर्षक अभिधार्थमा नै सार्थक देखिन्छ ।

---

[८६] शोधनायकले शोधार्थीलाई दिएको जानकारी अनुसार ।

[८७] ऐजन ।

**रेडक्रस परिचय** खण्डकाव्यको विषयवस्तुको स्रोतका रूपमा रेडक्रस नामक संस्थालाई लिइएको छ । अझ भन्नुपर्दा ऐतिहासिक पक्षलाई यस खण्डकाव्यमा विषयवस्तुको स्रोतका रूपमा लिइएको छ भन्न सकिन्छ । विषयवस्तुका सन्दर्भमा बद्री खनाल यसो भन्छन्-[८८]"प्रस्तुत कृति "रेडक्रस परिचय" वहाँको परम्परागत कृतिभन्दा फरक मानवीय विषयवस्तुलाई आधार बनाएर लेखिएको रचना हो । यसमा वहाँले अन्तर्राष्ट्रिय रेडक्रस अभियानका विविध विषयलाई समेट्नुभएको छ । रेडक्रससँग सम्बन्धित व्यापक विषयवस्तुलाई अनुष्टुप् छन्दका ४०० जति श्लोकहरूमा व्यक्त गर्नु यस कृतिको मूलभूत विशेषता हो ।" यस सन्दर्भमा कवि डिल्लीरमण शर्मा अर्ज्याल स्वयम्को भनाई यस्तो रहेको छ :[८९]

> *संसारमा मान्छे भएर जन्मनु भनेको ठूलो भाग्यको कुरा हो । मान्छे र पशुहरूको चार कुरामा समानता पाइन्छ । खानु, सुत्नु, डराउनु र मैथुन गर्नु समान हुन्छ । भनिएको पनि छ , जस्तै : "आहार निद्रा भय मैथुनंच" यसैले मान्छे पशुभन्दा फरक बन्न सर्वजनहिताय कार्य गर्नै पर्छ । यही तथ्यलाई स्वीकार गरी जँ हेनरी ड्यूनाले विश्वभरिका पीडित मानवहरूको कल्याण गर्ने अठोट गरे ।*
>
> *जँ हेनरी ड्यूना विश्वभरिएको पवित्र संस्था रेडक्रसका प्रर्वतक वा जन्मदाता हुन् । उनी वास्तवमा व्यापारी थिए । सन् १८२८ मे मा स्विट्जरल्याण्डको जेनेभामा जन्मेका हुन् । अक्टोवर १०, १९१० मा निधन भएको हो । उनी व्यापारको सिलसिलामा सल्फेरिनो पुगेका थिए । त्यहाँ इटाली र फ्रान्स मिलेर लाखौं सैनिक लिएर डटेका थिए भने अष्ट्रिया पनि लाखौं सेना लिएर प्रतिद्वन्द्वीको रूपमा डटेको थियो ।*
>
> *त्यस लडाइँमा चालीस हजार मानिसहरू मरेका थिए । त्यसको प्रत्यक्षदर्शी जँ हेनरी ड्यून थिए । उनले आफ्नो व्यवसायलाई छोडेर त्यसै युद्धमा घाइते भएर तड्पिरहेका बिरामीहरूको सेवा गरी कृति 'सल्फेरिनो स्मृति' लेखेपछि चार जना व्यक्तिहरू स्विट्जरल्याण्डबाट उनको कल्पनालाई साकार पार्न आएका थिए । ती व्यक्तिहरू हुन्- सेनापति*

---

[८८] बद्री खनाल, 'मन्तव्य', **रेडक्रस परिचय**, (धादिङ : सरस्वती छापाखाना, २०६१) ।

[८९] डिल्लीरमण शर्मा अर्ज्याल, 'मेरो भनाइ', **रेडक्रस परिचय**, (धादिङ : सरस्वती छापाखाना, २०६१) ।

*ड्युफो, गुस्ताफ मोनिएर, डा. लुई अप्पिया, डा. थियोडोर । आन त्यही रेडक्रस संस्था विश्वभर व्यामक भएको छ । त्यसैको बारे 'रेडक्रस-परिचय' शीर्षकको खण्डकाव्य लेखेको छु ।*

विश्व मानव कल्याणका लागि स्थापित रेडक्रस नामक संस्थाको विविध पक्षहरूलाई केलाइ पचियात्मक रूपमा यहाँ प्रस्तुत गरिएको छ । यस खण्डकाव्यमा सामाजिक पक्षका कुराहरूलाई टिपेर यथार्थवादी ढङ्गमा प्रस्तुत गरिएको छ। रेडक्रस नामक संस्थाको समग्र परिचय दिँदै त्यसको महिमागान गर्नु यस खण्डकाव्यको प्रमुख उद्देश्य रहेको देखिन्छ।

### ४.२.३ प्रबन्धविधान

**रेडक्रस परिचय** डिल्लीरमण शर्मा अर्ज्यालाद्वारा नेपाली भाषामा लेखिएको तेस्रो खण्डकाव्य हो। रेडक्रस नामक संस्थाको समग्र पक्षको परिचय दिइएको यस खण्डकाव्यमा कथावस्तु भने पाइँदैन। यस कृतिभित्र रेडक्रस सम्बन्धी विभिन्न १३ वटा शीर्षकहरूमा कविले आफ्ना कवितात्मक भावहरू प्रस्तुत गरेका छन् । यस खण्डकाव्यमा सर्गविधान भने गरिएको पाइँदैन । यस खण्डकाव्यमा सङ्कलित कविताहरूका शीर्षक यसप्रकार छन्- 'रेडक्रस परिचय', 'कृति सल्फेरिनो-स्मृति', 'रेडक्रसका आधारभूत सिद्धान्तहरू', 'रेडक्रसको अन्तर्राष्ट्रिय समिति', 'जेनेभा लोक सम्मति'(सन् १९४९), 'पहिलो अतिरिक्त प्रलेख अन्तर्राष्टिय सशस्त्र दङ्गाहरू', 'रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघ...........', 'नेपालमा पनि रेडक्रसको थालनी', 'नेपाल रेडक्रसको उद्देश्य', 'नेपाल रेडक्रस सोसाइटीको सदस्यता', 'नेपाल रेडक्रसको संगठनात्मक स्वरुप', 'नेपाल रेडक्रसका प्रमुख कार्यहरू' र 'लेखक परिचय' आदि रहेका छन् ।

जम्मा जम्मी ५४ पृष्ठमा समेटिएको यस खण्डकाव्य झट्ट हेर्दा कविता सङ्ग्रह जस्तो देखिन्छ। समग्र रेडक्रस संस्थाको परिचयात्मक प्रस्तुति गरिएकाले उल्लेखनीय आख्यान नहुँदा नहुँदै पनि यस कृतिलाई खण्डकाव्यका रूपमा स्वीकारिएको छ । यस खण्डकाव्यमा समेटिएका फरक फरक शीर्षकका कवितात्मक भावहरू सबै रेडक्रस संस्थासित सम्बन्धित भएर प्रस्तुत गरिएका छन् । यस खण्डकाव्यमा अन्तर्राष्ट्रिय रेडक्रस अभियानका प्रवर्तक हेनरी ड्युनाको संक्षिप्त जीवनगाथाको प्रेरणादायी चर्चा छ । अन्तर्राष्ट्रिय रेडक्रस अभियानको विकासक्रमको छोटकरी उल्लेख यस काव्यमा भेटिन्छ। जेनेभा महासन्धी (यस कृतिमा लोकसम्मति भनिएको) लाई चिनाउने प्रयास पनि यस कृतिमा गरिएको छ । त्यसैगरी यस काव्यमा अन्तर्राष्ट्रिय रेडक्रस अभियानका अंगहरूको संक्षिप्त व्याख्या

पाइन्छ र अन्तमा नेपाल रेडक्रसको स्थापना, विकासक्रम र गतिविधिको वर्णन पनि गरिएको छ । यसरी रेडक्रसको समग्र पक्षको  चित्रण गर्ने क्रममा कविले आफ्नो कल्पना शक्तिको पनि भरपुर प्रयोग गर्दै यस खण्डकाव्यको सिर्जना गरेको पाइन्छ । कवि स्वयम् आफै 'म' पात्रका रूपमा उपस्थित भई तृतीय पुरुष कथन ढाँचामा कविताहरू प्रस्तुत गरको पाइन्छ । पूर्वीय काव्य परम्पराभन्दा अलि भिन्न सर्गविधान अनि राम्रो पात्रविधानविना नै यस खण्डकाव्य तयार भएको देखिन्छ । छन्दोबद्ध रूपमा सम्पूर्ण कवितात्मक अभिव्यक्तिहरू संस्थाकै चर्चा परिचर्चामा खर्चेका संस्कृत भाषाका ज्ञाता कवि अर्ज्याल थोरै भएपनि चिप्लिन पुगेको देखिन्छ । यस खण्डकाव्यमा सङ्कलित १३ शीर्षकका कविताहरूमध्ये पहिलो कविता 'रेडक्रस परिचय' शीर्षकमा रहेको छ । दुई-दुई पङ्क्तिका एक श्लोक रहेका जम्मा ३२ वटा श्लोकहरू यस शीर्षकभित्र रहेका छन् । यस शीर्षकमा समेटिएका कवितामा अन्तर्राष्ट्रिय रेडक्रस नामक संस्थाको स्थापनाको पृष्ठभूमि सहित परिचय प्रस्तुत गरिएको छ । रेडक्रस नामक अन्तराष्ट्रिय संस्थाका जन्मदाता जाँ हेनरी ड्यूनाको परिचय दिने क्रममा उनको जन्म मृत्यु यसप्रकार प्रस्तुत गरिएको छ -

स्विट्जरल्याण्ड देशैको जेनेभामा अपूर्वको

यौटा मानव धर्मीको ओहो ! मानव जन्म भो (सन् १८२८ मे ८)

(रेडक्रस परिचय, पृ.१, श्लो.५)

अक्टोवर थियो मास तारीख दश पर्दथ्यो

उन्नीस दश हो साल ड्यूनाको निधनै भयो (अक्टोवर १०, १९१०)

(रेडक्रस परिचय, पृ. १, श्लो. ६)

यसै शीर्षकभित्र हेनरी ड्यूनाले इटाली, फ्रान्स र अष्ट्रिया बीच सन् १८५९ मा भएको युद्धका कारण घाइते भएका सेनाको उद्धारको चर्चा यस प्रकार प्रस्तुत गरिएको छ-

खानका लागि सामग्री केही छैन त्यहाँ कुनै

ड्यूनाको हृदयै पग्यो लागे उद्धारमा उनै ।

(रेडक्रस परिचय, पृ.३, श्लो.२१)

यसैगरी हेनरी ड्यूनाले युद्धको घटनाबाट मर्माहित भएर फ्रेन्च भाषामा लेखेको पुस्तक सल्फेरिनो स्मृति को पनि उल्लेख गर्दै सुरुमा ड्यूना व्यापारी भएको र पछि मात्रै मानव सेवामा लागेको कुरालाई पनि यहाँ प्रस्तुत गरिएको छ । हेनरीको विचार विश्वभर मान्यताका रूपमा विस्तार गर्ने क्रममा रेडक्रस नामक रंस्थाको नामकरण गरिएको कुरालाई पनि यहाँ यसप्रकार समेटिएको छ-

भेदभाव गरेकोमा दण्डनीय हुने भयो

विचार हेनरीको यो विश्वमा मान्यता भयो ।

(रेडक्रस परिचय, पृ.४, श्लो.२८)

अर्को शीर्षक 'कृति सल्फेरिनो स्मृति' नामको रहेको छ । यस शीर्षकभित्र पनि दुई-दुई पङ्क्तिका २४ श्लोकहरू रहेका छन् । हेनरी ड्युनाले रचना गरेको यस कृतिबाट विश्व प्रभावित भएको कुरा यसरी प्रस्तुत गरिएको छ-

ड्यूनाको रचनाबाट भयो विश्व प्रभावित

सहयोगी भए जम्मा ड्यूनाबाट प्रभावित

(रेडक्रस परिचय, पृ.५, श्लो.१)

यसैगरी सन् १८६४ मा विभिन्न देशका राष्ट्रप्रमुखहरूले हेनरी ड्युनाप्रति समर्थन जनाउदै स्विट्जरलेण्डको जनेभामा सम्मेलन गर्दै रेडक्रस नामक अन्तर्राट्रिय संस्थाको स्थापना गरेको चर्चा यसरी गरिएको छ-

सेतो कागजमा रातो क्रस प्रतीक राखियो

ड्यूनाको सम्झना गर्दै संसारभरि ढाकियो ।

(रेडक्रस परिचय, पृ.६, श्लो.१०)

यस शीर्षकभित्र हेनरी ड्युनाले नोबेल पुरस्कार पाएको कुरा पनि उल्लेख गरिएको छ । हेनरी ड्युनाले थुप्रै कृतिहरू लेखेको उल्लेख गर्दै रेडक्रसका प्रमुख सिद्धान्तहरूको पनि स्थापना गरेको कुरा पनि उठाइएको छ ।

तेस्रो शीर्षक 'रेडक्रसका आधारभूत सिद्धान्तहरू' नामको रहेको छ । यस शीर्षकभित्र रेडक्रसका सात आधारभूत सिद्धान्तहरूको चर्चा गरिएको छ । ती सात आधारभूत सिद्धान्तहरू यसप्रकार प्रस्तुत गरिएको छ- मानवता, निष्पक्षता, तटस्थता, स्वाधीनता, ऐच्छिक सेवा, एकता, विश्वव्यापकता आदि ।

चौथौ शीर्षक 'रेडक्रसको अन्तर्राष्ट्रिय समिति' नामको रहेको छ । यस शीर्षकभित्र ४० वटा श्लोकहरू रहेका छन् । यहाँ रेडक्रसको अन्तर्राष्ट्रिय समिति, यसमा रहने सदस्यहरू, यसको मुख्य कार्यालय रहेको स्थान, यसका कार्यहरू, यसको कार्यकाल लगायतका पक्षहरू यस शीर्षकभित्र समेटिएको छ । यसलाई रेडक्रसको मूल संस्थाका रूपमा चर्चा गर्दै निजी चरित्रको स्वतन्त्र संस्थाका रूपमा पनि हेरिएको छ ।

जो रेडक्रसको अन्तर्राष्ट्रिय समिति खडा

यो रेडक्रसको मूल संस्था भो निर्मितै बडा ।

(रेडक्रस परिचय, पृ.१२, श्लो.१)

निजी चरित्रको हुन्छ स्वतन्त्र पनि हुन्छ यो

राजनीतिक सिद्धान्त तटस्थ धर्ममा छ यो ।

(रेडक्रस परिचय, पृ.१२, श्लो.२)

पाँचौं शीर्षक 'जेनेभा लोकसम्मति'(सन् १९४९) का नाममा रहेको छ । यस शीर्षकभित्र अन्य उपशीर्षकहरू पनि रहेका छन । ती हुन्- पहिलो जेनेभा लोक सम्मतिको उद्देश्य, दोस्रो जेनेभा लोकसम्मतिले, तेस्रो जेनेभा लोकसम्मतिले कस्तो सेवा पुऱ्याएको छ ?, चौथौ जेनेभा लोकसम्मतिले र जेनेभा लोकसम्मति हस्ताक्षर गर्ने राष्ट्रहरूले यस्तो प्रतिज्ञा गरेका छन् आदि । यी सबै शीर्षक उपशीर्षकहरूमा जेनेभामा सम्पन्न चारवटा लोकसम्मति अर्थात जेनेभा महासन्धिको चर्चा गरिएको

छ । साथै यसका उद्देश्यहरू, यसले पुऱ्याएको सेवा र यस लोकसम्मतिमा हस्ताक्षर गर्ने राष्ट्रहरूले कस्तो प्रतिज्ञा जनाएका थिए आदि सबै कुराहरूको चर्चा २८ वटा श्लोकहरूमा गरिएको छ ।

छैटौ शीर्षक 'पहिला अतिरिक्त प्रलेख अन्तर्राष्ट्रिय सशस्त्र दङ्गाहरू' नाममा रहेको छ । १० वटा श्लोकहरू मात्रै रहेको यस शीर्षकभित्र अरिरिक्त प्रलेखले के कस्ता काम गर्छ भन्ने कुराहरूको चित्रण गरिएको छ । यस सम्बन्धी यस्तो विचार प्रकट गरेको पाइन्छ-

पहिलो थालनी कार्य अतिरिक्त प्रलेखको

लोकसम्मतिहरूको महत्वपूर्ण पक्षको ।

(रेडक्रस परिचय, पृ.२१, श्लो.१)

उक्त प्रयोजनैलाई बुझी विस्तार गर्नु हो

नागरिकहरूलाई खास बचाउ गर्नु हो ।

(रेडक्रस परिचय, पृ.२१, श्लो.२)

सातौं शीर्षकको नाम 'रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघ सन् १९९१ नेभेम्बर २७ मा' रहेको छ । यो शीर्षक अन्य शीर्षकको तुलनामा लामो रहेको छ । यस शीर्षकभित्र जम्मा ३९ वटा श्लोकहरू रहेका छन् । यस शीर्षकभित्र फ्रान्सको राजधानीमा रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ स्थापना भएको लगायतका कुराहरू उठाइएको छ । यस महासंघको उद्देश्य तथा कार्यहरूका बारेमा पनि चर्चा गरिएको छ । साथै यस शीर्षकभित्र 'रेडक्रस रेडक्रिसेन्टको अन्तर्राष्ट्रिय सम्मेलन उपशीर्षक' रहेको छ । यहाँ रेडक्रसका दुई वैधानिक अङ्गहरू स्थायी आयोग र प्रतिनिधिसभा हुने कुराको चर्चा यसरी गरिएको छ-

दुई अंगहरू हुन्छन् वैधानिक अभियानमा

स्थायी आयोग यौटा हो दोस्रो प्रतिनिधिसभा ।

(रेडक्रस परिचय, पृ.२५, श्लो.३१)

आठौं शीर्षक 'नेपालमा पनि रेडक्रसको थालनी' रहेको छ । यस शीर्षकभित्र ४० वटा श्लोकहरू समेटिएको छ । नेपालमा वि.स. २०२० भाद्र १९ गते रेडक्रसको स्थापना भएको लगायतका विषयमा चर्चा गरिएको छ । यस संस्थाको प्रथम निर्वाचन सन् १९६४ जुलाई ११ मा सम्पन्न भएको थियो । यस निर्वाचनबाट प्रिन्सेप शाहलाई अध्यक्षमा सर्वसम्मतिले चुनेको चर्चा पनि गरिएको छ । यसै शीर्षकमा नेपाल रेडक्रसले तिब्बती शरणार्थीको व्यवस्थापनमा सहयोग पुऱ्याएको कुरा यसरी प्रस्तुत गरिएको छ-

नेपाल रेडक्रस नै अग्रसर हुनै पऱ्यो

तिब्बती शरणार्थीको व्यवस्था गर्न नै पऱ्यो ।

(रेडक्रस परिचय, पृ.३०, श्लो.३२)

नवौं शीर्षकको नाम 'नेपाल रेडक्रसको उद्देश्य' रहेको छ । यस शीर्षकभित्र समेटिएका कविताहरू १२ वटा श्लोकहरूमा रहेका छन् । यहाँ नेपाल रेडक्रसका आठवटा उद्देश्यहरूः- युद्धमा घाइतेको मद्दत गर्ने, समुदायमा स्वास्थ्य तथा शिक्षा सम्बन्धी कार्य गर्ने, दैवीप्रकोपमा पर्ने तथा दुर्घटनामा पर्ने व्यक्तिलाई मद्दत गर्ने, जनकल्याणसम्बन्धी अन्य कार्यहरू गर्ने आदि लगायतको चर्चा गरिएको छ ।

दशौं शीर्षकको नाम 'नेपाल रेडक्रस सोसाइटीको सदस्य' रहेको छ । यस शीर्षकभित्र ३० वटा कविताका श्लोकहरू प्रस्तुत गरिएको छ । यहाँ नेपाल रेडक्रस सदस्यता सम्बन्धी कुराहरू उठाइएको छ । नेपाल रेडक्रसले सात प्रकारका सदस्यता वितरण गर्ने कुराको पनि जानकारी दिइएको छ । यस्ता सदस्यहरूमा साधारण सदस्य, आजीवन सदस्य, विशिष्ट सदस्य, यशस्कर सदस्य, सहयोगी सदस्य, संस्थागत सदस्य र मानार्थ सदस्य आदि रहेका छन् । साथै यस्ता सदस्यता लिन लाग्ने दस्तुर तथा सदस्यता नवीकरण गर्ने सम्बन्धमा पनि यहाँ कवितात्मक प्रस्तुति पाइन्छ ।

एघारौं शीर्षकमा 'नेपाल रेडक्रसको संगठनात्मक स्वरूप' नाम दिइएको छ । यस शीर्षकअन्तर्गतका कवितात्मक श्लोकहरू ३९ वटा रहेका छन् । यी कविताहरूमा नेपाल रेडक्रसको संगठनात्मक स्वरूप कस्तो छ भन्ने बारेमा चर्चा गरिएको छ । यसको संगठनात्मक स्वरूप

अन्तर्गत केन्द्रीय सभा, केन्द्रीय कार्यसमिति, जिल्ला सभा, जिल्ला कार्यसमिति, उपशाखा सभा र उपशाखा कार्यसमिति, सहयोग समिति र नेपाल जुनियर/युवा रेडक्रस आदि पर्ने कुरा उल्लेख गरिएको छ । केन्द्रीय सभालाई रेडक्रसको सर्वोच्च अङ्गका रूपमा हेरिएको छ । केन्द्रीय कार्यसमितिलाई दैनिक कार्य सञ्चालनका निमित्त गठन गरिएको कुरा उल्लेख छ । यसैगरी जिल्ला सभा जिल्लामा रहने चर्चा गर्दै जिल्ला कार्यसमितिको बारेमा पनि जनकारी दिइएको छ । एवम्रितले अन्य समितिहरूको पनि गठन, काम र कर्तव्यका बारेमा धेरै कुरा बताइएको छ ।

बाह्रौं शीर्षक 'नेपाल रेडक्रसका प्रमुख कार्यहरू' नामको रहेको छ । यस शीर्षकभित्र ७५ वटा कविताका श्लोकहरू रहेका छन् । यहाँ नेपाल रेडक्रसका प्रमुख कार्यहरूलाई यसप्रकार प्रस्तुत गरिएको छ- १. दैवीप्रकोप व्यवस्थापन कार्यक्रम २. स्वास्थ्य सेवा कार्यक्रम ३. सामुदायिक विकास कार्यक्रम ४. संगठन व्यवस्थापन तथा जनशक्ति विकास कार्यक्रम ५. रेडक्रस ज्ञान तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रचार प्रसार र ट्रेसिङ सेवा आदि । यी कार्यक्रमभित्र शरणार्थी सहयोग कार्यक्रम, रक्त सञ्चार सेवा, एम्बुलेन्स सेवा, परिवार नियोजन कार्यक्रम, आँखा उपचार शिविर, ओषधि विक्री वितरण सेवा, श्वास प्रश्वाससम्बन्धी रोग तथा बालबचाउ कार्यक्रम, खानेपानी तथा सरसफाइ कार्यक्रम आदि कार्यक्रमहरूको पनि उल्लेख एवं वर्णन गरिएको छ ।

अन्तिम शीर्षक 'लेखक परिचय' रहेको छ । यस शीर्षकभित्र १० वटा श्लोकहरू मात्र रहेका छन् । यहाँ यस कृतिका लेखक कवि डिल्लीरमण शर्मा अर्ज्यालको जन्म, जन्मस्थान, आमाबाबु, शिक्षा दीक्षा, जागिर लगायतको बारेमा जानकारी दिइएको छ ।

**रेडक्रस परिचय** खण्डकाव्य एउटा संस्थापरक खण्डकाव्य हो । यस खण्डकाव्यले रेडक्रस नामक संस्थको राम्रो परिचय दिएको छ । यस खण्डकाव्यमा कविले खासै पात्रको चयन गरेको देखिदैन न त राम्रो कथावस्तु नै रहेको छ । कवि आफैले 'म' पात्रका रूपमा वर्णनात्मक शैलीमा कविताहरू प्रस्तुत गरेका छन् । बाह्य अर्थात तृतीय पुरुष दृष्टिविन्दु प्रयोग गरी रचना गरिएको यस खण्डकाव्य उल्लेखनीय पात्रविना नै पूर्ण भएको छ ।

### ४.२.४ परिवेशविधान

रेडक्रस नामक संस्थाको परिचयलाई खण्डकाव्य लेखनको मुख्य उद्देश्य बनाइएको हुँदा यस खण्डकाव्य अघिल्लो खण्डकाव्य **थोपल** भन्दा अलिभिन्न प्रकृतिको रहेको छ । परिवेशलाई पात्रद्वारा भोगिएको जीवनजगत्को केन्द्रविन्दुका रूपमा हेरिन्छ । यहाँ कविले कुनै पनि स्पष्ट पात्रको उपस्थित गराएको देखिन्न तसर्थ यहाँ परिवेश पनि वर्णनीय रूपमा रहेको छ भन्न सक्ने स्थिति देखिँदैन । कुनै ठोस कथावस्तु, पात्रविधानका साथै सर्गविधानविना नै यो खण्डकाव्य जन्मको हुँदा यहाँ अन्य पूर्वीय काव्य मान्यताअनुरुप लेखिएका खण्डकाव्यमा झै उल्लेखनीय परिवेशविधान नरहेको सहजै भन्न सकिन्छ । कविले एकोहोरो वर्णनात्मक शैलीमा रेडक्रस नामक संस्थाको चौतर्फी चर्चा परिचर्चा गर्दै खण्डकाव्यलाई बिट मारेको देखिन्छ । खण्डकाव्यको प्रकृतिअनुरुप यहाँभित्रको परिवेश खोज्दा केही ठाउँ फेला पर्दछन् । कविले रेडक्रस नामक संस्थाको चर्चा गर्दा स्वीट्जरल्याण्ड, जेनेभा, अमेरिका, इटाली, फ्रान्स, अष्ट्रिया, नेपाल, चेचेन्या, अफगानिस्तान, सोमालिया, रुवान्डा, तिब्वत, भूटान, एसिया, युरोप, झापा, मोरङ, बाग्मती, काठमाडौं, धादिङ, अयोध्या आदि देश, महादेश तथा जिल्लाहरूको चर्चा गरेका हुँदा यी सबैलाई स्थानगत परिवेशका रूपमा हेर्न सकिन्छ । यस्ता स्थानगत परिवेशहरू रहेका केही श्लोकहरू यसप्रकार रहेका छन्-

मुख्य कार्यालयै यस्को स्विट्जरल्यान्ड संस्थित
जेनेभामा रहेको छ संसारभरि अङ्कित ।

(रेडक्रस परिचय, पृ.१२, श्लो.२)

बाग्मती अञ्चलैभित्र जिल्ला धादिङ पर्दछ
काठमाडौंसित सीमा पूर्व जोडिन पुग्दछ ।

(रेडक्रस परिचय, पृ.५३, श्लो.७६)

जिल्ला धादिङ हो मेरो गा. विकास नलाङ हो
दुई नं. हो वडा चाहिँ आवृछाप त गाउँ हो ।

(रेडक्रस परिचय, पृ.५३, श्लो.७७)

डिल्लीरमण शर्मा हो नाम, अर्ज्याल हो थर
जो आवृछाप प्रख्यात त्यो गाउँ जन्मको घर ।

(रेडक्रस परिचय, पृ.५३, श्लो.८१)

माथि प्रस्तुत कविताका श्लोकहरूमा स्थानगत परिवेश आएको देखिन्छ । त्यसैगरी सांस्कृतिक परिवेशको उदाहरण पनि यसप्रकार प्रस्तुत गर्न सकिन्छ-

प्राणी जन्म लिने गर्छन् चौरासी लाख योनिमा
जन्मी मर्दै जुनी फेर्दै बल्ल मानव योनिमा ।

(रेडक्रस परिचय, पृ.१, श्लो.१)

मानव जन्मने गर्छन् धर्मशास्त्र बताउँछ
प्राणीको हक रक्षार्थ मान्छे जन्मन आउँछ ।

(रेडक्रस परिचय, पृ.१, श्लो.२)

यस काव्यमा ऐतिहासिक परिवेश पनि आएको देखिन्छ । ऐतिहासिक परिवेश झल्कने कवितांशको उदाहरण यस प्रकार रहेको छ :

व्यापार गर्नका लागि इटालीतिर हेनरी
सल्फेरिनो पुगेका थे देखे लडाइँ बेसरी ।

(रेडक्रस परिचय, पृ.२, श्लो.१०)

साम्राज्यवाद उर्लेको पहिलो विश्वयुद्धमा
भयानक भयैबाट त्रसित परिवेशमा ।

(रेडक्रस परिचय, पृ.२२, श्लो.२)

यसरी संस्थाको परिचय दिने क्रममा स्थानगत, सांस्कृतिक र ऐतिहासिक लगायतका परिवेशहरू यस खण्डकाव्यमा आएको देखिन्छ ।

### ४.२.५ रसविधान

रसविधानका दृष्टिले **रेडक्रस परिचय** खण्डकाव्यमा शान्तरसको प्रयोग अन्य रसको तुलनामा धेरै भएको देखिन्छ । त्यसपछि करुण रसले पनि उल्लेख्य ठाउँमा स्थान पाएको छ भने वीर, बीभत्स, भयानक आदि रसले पनि छिटफुट रूपमा उपस्थिति जनाएको देखिन्छ । मानवीय धर्म भनेको मानव सेवा अथवा मानवको कल्याण हुने कार्य गर्नु हो भन्ने कुरालाई शान्त रसका माध्यमबाट प्रस्तुत गरिएको देखिन्छ । शान्त रसको मुख्य भाव वैराग्य हो, वैराग्यको अर्थ सामान्यतया घर गृहस्थी

त्यागी सांसारिकताबाट मुक्त भन्ने हुन्छ तर यस काव्यमा कविले रेडक्रस नामक संस्थाका माध्यमबाट सबै विश्वसमुदायलाई मानव सेवामा निरन्तर लागिरहन आग्रह गरेका छन् । यसरी यो काव्यमा शान्त रसलाई मुख्य रसका रूपमा प्रयोग गरिएको पाइन्छ । यस काव्यमा प्रयोग भएका मुख्य रसका केही दृष्टान्तलाई यसरी देखाउन सकिन्छ ।

**शान्त रस**

प्राणी जन्म लिने गर्छन् चौरासी लाख योनिमा
जन्मी मर्दै जुनी फेर्दै बल्ल मानव योनिमा ।

(रेडक्रस परिचय, पृ.१, श्लो.१)

मानव जन्मने गर्छन् धर्मशास्त्र बताउँछ
प्राणीको हक रक्षार्थ मान्छे जन्मन आउँछ ।

(रेडक्रस परिचय, पृ.१, श्लो.२)

मान्छेकै हितमा रम्न दया माया पुऱ्याउन
उपकार लिई लक्ष्य मानव जन्म पाउन ।

(रेडक्रस परिचय, पृ.१, श्लो.३)

परोपकार हो धर्म अधर्म पर पीडन
मनु सन्तति हो मान्छे भेदभाव गऱ्यौ किन ?

(रेडक्रस परिचय, पृ.४, श्लो.३१)

माथि प्रस्तुत श्लोकहरूमा कविले मानवले गर्नुपर्ने सेवा धर्म लगायतका विविध पक्षहरूमा चर्चा गरेकाले यहाँ शान्त रस प्रयोग भएको देखिन्छ ।

**करुण रस**

देख्दा लडाइँ ड्यूनाको मन भयो छिया छिया
ठीकै हो हृदयीको यो उर्लन्छ मानसी क्रिया ।

(रेडक्रस परिचय, पृ.२, श्लो.१२)

तीन लाख लडेका थे सैनिक युद्ध भूमिमा
साह्रै दुःखी भएका थे हेनरी नरहानिमा ।

(रेडक्रस परिचय, पृ.२, श्लो.१५)

माथि दिइएका श्लोकहरूमा युद्ध तथा अन्य कारणले गर्दा मान्छेले भोग्नु परेको दुःख अनि पीडाको चर्चा गरिएकाले यसबाट  कारुणिक भाव उत्पन्न भएको छ । त्यसैले यहाँ करुण रस भेट्न सकिन्छ ।

**बीभत्स रस**

युद्धमा मृत सेनाको डङ्गूर देखियो कतै
रक्तको पोखरीमाथि घाइते सैन्य थे कतै ।

(रेडक्रस परिचय, पृ.२, श्लो.१४)

मेरेको सैनिकै संख्या हजार चालिसै थियो
संग्राम भूमिमा ठूलो रगत पोखरी थियो ।

(रेडक्रस परिचय, पृ.२, श्लो.१६)

माथिका श्लोकहरूमा युद्धले गर्दा मरेका सैनिकहरूको बीभत्स दृश्य प्रस्तुत गरिएको छ, त्यसैले यी श्लोकहरूमा बीभत्स रस रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

**भयानक रस**

साम्राज्यवाद उर्लेको पहिलो विश्वयुद्धमा
भयानक भयैबाट त्रसित परिवेशमा ।

(रेडक्रस परिचय, पृ.२२, श्लो.२)

माथिको श्लोकमा पहिलो विश्वयुद्धबाट मान्छेमा भयानक भय सिर्जना भएको चर्चा भएबाट यहाँ भयानक रसको संकेत पाइन्छ ।

यसरी समग्रमा भन्नुपर्दा यस खण्डकाव्यमा मुख्य रूपमा शान्त रसको प्रयोग भएको देखिन्छ ।

### ४.२.६ **संरचना/सर्गविधान**

प्रस्तुत **रेडक्रस परिचय** खण्डकाव्यमा **थोपल** खण्डकाव्यमा झैं कुनै पनि त्यस्तो सर्ग विभाजन गरिएको छैन । सर्गको सट्टामा यहाँ १३ वटा शीर्षकमा कविताहरू प्रस्तुत गरिएको छ । जम्माजम्मी ५४ पृष्ठमा फैलिएको यस खण्डकाव्यमा श्लोक सङ्ख्या भने जम्मा ४०५ रहेको छ । प्रत्येक शीर्षकगत रहेका श्लोकहरूमा पहिलो शीर्षकमा ३२, दोस्रो शीर्षकमा २४, तेस्रो शीर्षकमा २६, चौथो शीर्षकमा ४०, पाँचौं शीर्षकमा २८, छैटौं शीर्षकमा १०, सातौं शीर्षकमा ३९, आठौं शीर्षकमा ४०, नवौं शीर्षकमा १२, दशौं शीर्षकमा ३०, एघारौं शीर्षकमा ३९, बाह्रौं शीर्षकमा ७५ र तेह्रौं

शीर्षकमा १० वटा कविताका श्लोकहरू रहेका छन् । सम्पूर्ण श्लोकहरू दुई-दुई पङ्क्तिका रहेका छन् । अतः यस खण्डकाव्यको शीर्षक शीर्षकले लिएको पृष्ठ, शीर्षकमा रहेका श्लोकसङ्ख्या तथा छन्दलाई तालिकामा यसप्रकार देखाउन सकिन्छ :

| शीर्षक | पृष्ठदेखि पृष्ठसम्म | शीर्षकले लिएको जम्मा पृष्ठसङ्ख्या | श्लोक सङ्ख्या |
|---|---|---|---|
| पहिलो (रेडक्रस परिचय) | १–४ | ४ | ३२ |
| दोस्रो (कृति सल्फेरिनो-स्मृति) | ५–७ | ३ | २४ |
| तेस्रो (रेडक्रसका आधारभूत सिद्धान्तहरू) | ८–११ | ४ | २६ |
| चौथो (रेडक्रसको अन्तर्राष्ट्रिय समिति) | १२–१६ | ५ | ४० |
| पाँचौं (जेनेभा लोक सम्मति (सन्१९४९) | १७–२० | ४ | २८ |
| छैटौं (पहिलो अतिरिक्त प्रलेख अन्तर्राष्ट्रिय सशस्त्र दङ्गाहरू) | २१–२२ | २ | १० |
| सातौं (रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघ................) | २२–२६ | ४ | ३९ |
| आठौं (नेपालमा पनि रेडक्रसको थालनी) | २७–३१ | ५ | ४० |
| नवौं (नेपाल रेडक्रसको उद्देश्य) | ३२–३३ | २ | १२ |
| दशौं (नेपाल रेडक्रस सोसाइटीको सदस्यता) | ३३– ३६ | ३ | ३० |
| एघारौं (नेपाल रेडक्रसको संगठनात्मक स्वरुप) | ३७–४२ | ६ | ३९ |
| बाह्रौं (नेपाल रेडक्रसका प्रमुख कार्यहरू) | ४२–५२ | १० | ७५ |
| तेह्रौं (लेखक परिचय) | ५३–५४ | २ | १० |
| जम्मा | ५४ | ५४ | ५०५ |

प्रस्तुत खण्डकाव्यको शीर्षक योजना श्लोक सङ्ख्यागत दृष्टिले हेर्दा सन्तुलन नमिलेजस्तो देखिन्छ । तर बाह्रौं शीर्षकअन्तर्गत पृष्ठ ४२ र ४३ मुक्त छन्दमा बुँदागतरूपमा केही पंक्तिहरूको प्रयोगबाहेक अन्य सबै श्लोकहरूमा अनुष्टुप् छन्दको प्रयोग गरिनुका साथै सबै श्लोकहरूमा दुई दुई पङ्क्तिका कवितांशहरू रहेकाले अन्य कुरा मिल्न पुगेको देखिन्छ । शीर्षकअनुसार घटिमा १० देखि बढीमा ७५ वटासम्म कविताका श्लोकहरू रहेका छन् भने सोहीअनुरुप यहाँ प्रस्तुत कविताका श्लोकहरू घटिमा दुईदेखि बढीमा दश पृष्ठसम्म तन्किएको देखिन्छ ।

### ४.२.७ छन्द तथा लयविधान

लयविधानका दृष्टिले पनि **रेडक्रस परिचय** खण्डकाव्य महत्त्वपूर्ण छ । अनुष्टुप् छन्दको सफल विन्यास नै यस खण्डकाव्यको लययोजना हो । सुरुदेखि अन्तसम्म एउटै अनुष्टुप् छन्दको प्रयोगले काव्यलाई निकै सरल रसहज बनाएको छ । छन्दविधानका सन्दर्भमा बद्री खनाल भन्छन् :[९०] “रेडक्रससँग सम्बन्धित व्यापक विषयवस्तुलाई अनुष्टुप् छन्दका ४०० जति श्लोकहरूमा व्यक्त गर्नु यस कृतिको मूलभूत विशेषता हो । छन्दको लयात्मकता स्वयंमा हृदयस्पर्शी हुन्छ र त्यस लयात्मकताका साथ मानवीय विषयवस्तुलाई प्रस्तुत गर्न सक्नु अर्ज्यालज्यूको विशेषता हो ।” लयात्मकता भङ्ग नहोस् भनेर यस काव्यमा कवि सचेत भएका छन् । त्यसैले कतिपय ह्रस्व शब्दलाई दीर्घ र दीर्घ शब्दलाई ह्रस्वको रूपमा समेत प्रयोग गरिएको छ । पूर्ण रूपमा चार पाउमा सबैतिर छैटौं अक्षर दीर्घ, पाँचौ अक्षर ह्रस्व हुने, दोस्रो र चौथो पाउको सातौं अक्षर ह्रस्व र पहिलो र तेस्रो पाउको सातौं अक्षर दीर्घ हुने अनुष्टुप् छन्दमा निर्मित प्रस्तुत काव्यमा मिठास र गेयात्मकता प्रदान गर्नका लागि प्रायः ठाउँमा वर्णहरूको पटक-पटकको आवृत्तिले काव्यपठनमा साङ्गीतिक मिठास थपेको छ ।

पद्य छन्दमा रचिएको यस खण्डकाव्य खण्डकाव्यका कविताहरूमा अन्त्यानुप्रास लगभग सबै कवितामा पाइने हुँदा साङ्गीतिकता भेटिन्छ भने कविताका सुरुमा र बीचमा पनि अनुप्रास मिलेको हुँदा लयमा अझ मिठास थपिन पुगेको पाइन्छ । यस्ता कविताका केही उदाहरणहरू यसप्रकार प्रस्तुत गरिएको छः-

(क) जिल्ला भित्र रहे कम्ती उपशाखा दशै मिली
गठन गरिएकोमा जिल्ला सभा झिली-मिली ।

---

[९०] बद्री खनाल, पूर्ववत् ।

(रेडक्रस परिचय, पृ.३८, श्लो.११)

(ख) उद्‌देश्य जन्मको हुन्छ मान्छेले बुझ्नु पर्दछ
उद्‌देश्य पूर्तिका लागि सेवा नै गर्नु पर्दछ ।

(रेडक्रस परिचय, पृ.४, श्लो.३०)

(ग) शरणार्थी वसोवास खास पाए दुःखै दुःख
फिर्ता हुने गरे आस भएन कहिले सुख ।

(रेडक्रस परिचय, पृ.४५, श्लो.१६)

(ङ) शरणार्थी सहयोग सञ्चालनार्थ तत्पर
सहायता पुऱ्याएर सेवा गर्छ बराबर ।

(रेडक्रस परिचय, पृ.४५, श्लो.१९)

माथिका कविताका उदाहरणमध्ये सबैमा अनुष्टुप् छन्दको प्रयोग भएको छ भने 'क' मा अन्त्यानुप्रास मिलेको छ । 'ख' मा शब्दको आवृत्ति भएको छ, जसमा 'उद्‌देश्य' शब्द दोहोरिएको छ भने 'ग' मा मध्यानुप्रासको प्रयोग भएको देखिन्छ भने 'ङ' मा 'स' व्यञ्जन वर्ण पटक पटक दोहोरिएको हुँदा वृत्यानुप्रासको प्रयोग हुन पुगेको छ । यसले छन्दोवद्धलाई पनि संगीतमय लयविधान प्रधान गरेको छ । यसबाट छन्दमा अर्ज्याललाई कुशल व्यक्तित्वका रूपमा चिनाउन सकिन्छ । अपवादका रूपमा यस खण्डकाव्यका केही ठाउँमा गद्यलयका कविताका साथै अन्त्यानुप्रासविहीन कविताहरू पनि भेट्न सकिन्छ । त्यस्ता केही उदाहरण यस प्रकार प्रस्तुत गरिएको छ :

रक्त संचार सेवा,
एम्बुलेन्स सेवा,
परिवार नियोजन कार्यक्रम,
आँखा उपचार सेवा/आँखा अस्पताल,
औषधि विक्री वितरण सेवा,
स्वास प्रश्वाससम्बन्धी रोग तथा बालबचाउ कार्यक्रम ।

(रेडक्रस परिचय, पृ.४३)

नेपाल रेडक्रसको जिल्ला स्तरीय संघ हो
जिल्लाको यो सभाबाट निर्वाचित, मनोनित ।

(रेडक्रस परिचय, पृ.३८, श्लो.१५)

उपशाखा क्षेत्रभित्र पचास कम्तीमा जना

सो क्षेत्रमा उपशाखा सभा गठन गर्दछ ।

(रेडक्रस परिचय, पृ.३९, श्लो.१७)

समग्रमा कवि डिल्लीरमणशर्मा अर्ज्यालका यस खण्डकाव्यका कविताहरू केही अपवाद बाहेक सबै कविताहरू छन्दोबद्ध छन् । यति भएर पनि अन्त्यानुप्रासीयता, मध्यानुप्रासीयता, आद्यानुप्रसीयता र अन्तर्साङ्गीतिकताले लयात्मकतामा अझ संगीतात्मकता थपिन पुगेको पाइन्छ ।

यस खण्डकाव्यमा केही छन्दगत त्रुटिहरू पनि रहेको देखिन्छ । व्यकरणिक त्रुटिबाट बच्न खोज्दा यस्ता छन्दगत त्रुटि हुन गएको देखिन्छ । छन्दगत त्रुटिका केही नमुनाहरू यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

| | | |
|---|---|---|
| एकसय एकान्नब्बे देशका परिलँदा मन | ( पृ.३,श्लो.१७, 'ए' ह्रस्व हुनुपर्ने) | **(अनुष्टुप् छन्द)** |
| घाइतेहरूका लागि राहत नै मिलाउन | (पृ.३,श्लो.२३, 'रू' ह्रस्व हुनुपर्ने) | " |
| घाइतेहरूका निम्ति समिति अन्तर्राष्ट्रिय | (पृ.५,श्लो.५, 'रू' ह्रस्व हुनुपर्ने) | " |
| हराएका महान् व्यक्ति-को चर्चा फेरियो | (पृ.६,श्लो.१६, 'र्चा' ह्रस्व हुनुपर्ने) | " |
| विपत्तिहरूलाई नै रोक्न र कम गर्नमा | (पृ.८,श्लो.७, 'रू' ह्रस्व हुनुपर्ने) | " |
| रेडक्रस, राष्ट्र, जाति वर्ण, धर्म र लिङ्गमा | (पृ.९,श्लो.१०, 'रा' ह्रस्व हुनुपर्ने) | " |
| गर्नै हुन्न भेदभाव मानव-धर्म मान्नु हो | (पृ.९,श्लो.११, 'भे' ह्रस्व र 'द' दीर्घ हुनुपर्ने) | " |
| मान्छे सम्बन्धी सेवाको कार्य हो सरकारको | (पृ.१०,श्लो.१६, 'धी' ह्रस्व हुनुपर्ने) | " |
| भलाइ अरूको गर्ने संस्था हो विश्वमञ्चमा | (पृ.१०,श्लो.२०, 'रू' ह्रस्व हुनुपर्ने) | " |
| जो रेडक्रसको अन्तर्राष्ट्रिय समिति खडा | (पृ.१२,श्लो.१, 'ति' दीर्घ हुनुपर्ने) | " |
| बनाउनु र तिनकै अनुमोदन गर्नु हो | (पृ.१२,श्लो.६, 'ति' र 'न' दीर्घ हुनुपर्ने) | " |
| यसै समितिमा यौटा परिषद् कार्यकारी हो । | (पृ.१२,श्लो.६, 'री' ह्रस्व हुनुपर्ने) | " |
| निर्देशक कार्यकारी तथा निर्देशकै दुई | (पृ.१२,श्लो.७, 'का' ह्रस्व र 'र्य' दीर्घ हुनुपर्ने) | " |
| प्रशासन र नीतिको कार्यान्वयन पक्षको | (पृ.१२,श्लो.८, 'ति' दीर्घ हुनुपर्ने) | " |
| रेखदेख गर्नुपर्छ नीतिको अनुरूप नै | (पृ.१३,श्लो.९, 'गर्नु' क्रमशः ह्रस्व र दीर्घ हुनुपर्ने) | " |
| संसारभरि नै कार्य गर्ने प्रतिनिधिहरू | (पृ.१३,श्लो.१३, 'धि' दीर्घ हुनुपर्ने) | " |

स्विस नागरिकै हुन्छन् अरू प्रतिनिधिहरू (पृ.१३,श्लो.१३, 'धि' दीर्घ हुनुपर्ने) "
जो रेडक्रसको अन्तर्राष्ट्रिय समितिसित (पृ.१३,श्लो.१५, 'ति' दीर्घ हुनुपर्ने) "
त्यसै बर्ष चेचेन्यामा औ अफगानिस्तानमा (पृ.१४,श्लो.१८, 'चे' दीर्घ हुनुपर्ने) "
उदाहरण बनेकोमा स्विसमा साधुवाद छ (पृ.१४,श्लो.२०, 'ब' दीर्घ हुनुपर्ने) "
यो रेडक्रसको अन्तर्राष्ट्रिय समितिप्रति (पृ.१४,श्लो.२०, 'ति' दीर्घ हुनुपर्ने) "
सिद्धान्तहरू लागू छन् अथवा छन् कि दर्शक (पृ.१४,श्लो.२५, 'रू' ह्रस्व हुनुपर्ने) "
मान्यता प्राप्त पश्चात रेडक्रस सोसाइटी (पृ.१५,श्लो.२८, 'सो' ह्रस्व हुनुपर्ने) "
रेडक्रिसेन्ट उस्तै हो त्यसको नि सोसाइटी (पृ.१५,श्लो.२८, 'सो' ह्रस्व हुनुपर्ने) "
जे अन्तर्राष्ट्र महासंघ त्यसको नै सदस्यता (पृ.१५,श्लो.२९, 'म' दीर्घ हुनुपर्ने) "
प्राप्त गरी रेडक्रस विधिवत् अभियानको (पृ.१५,श्लो.२९, 'रेड' क्रमशः ह्रस्व र दीर्घ हुनुपर्ने) "
मानवीय भावलाई सेवामा गर्छ अर्पित (पृ.१५,श्लो.३०, 'भाव' क्रमशः ह्रस्व र दीर्घ हुनुपर्ने) "
काम किटेअनुसार यी लोकसम्मतिहरू (पृ.१५,श्लो.३३, 'नु' र 'ति' दीर्घ हुनुपर्ने) "
सेना हुन् वा गैरसेना जे भए पनि युद्धले (पृ.१५,श्लो.३४, 'गैर' क्रमशः ह्रस्व र दीर्घ हुनुपर्ने) "
पीडितहरूको रक्षा घाइतेको सहायता (पृ.१६,श्लो.३५, 'रू' ह्रस्व हुनुपर्ने) "
प्रतिपादन गरेको थ्यो अनन्त जनसम्मति (पृ.१७,श्लो.४, 'ग' दीर्घ हुनुपर्ने) "
तेस्रो फेरि जेनेभामा (सन् १९४७) पारित जनसम्मति (पृ.१७,श्लो.५, 'जे' ह्रस्व हुनुपर्ने) "
लाग्ने चिकित्सा सेवामा सेवक जति छन् अरू (पृ.१८,श्लो.११, 'सा' ह्रस्व हुनुपर्ने) "
मा रेडक्रसको अन्तर्राष्ट्रिय समितिप्रति (पृ.१९,श्लो.१९, 'ति' दीर्घ हुनुपर्ने) "
सबै पीडा शान्त पार्न सकेन त्यस नीतिले(पृ.२०,श्लो.२४,'शान्त' क्रमशः ह्रस्व र दीर्घ हुनुपर्ने) "
दैवी तथा प्रकृतिको विश्वमानव जातिको (पृ.२०,श्लो.२५, 'कृति' दीर्घ हुनुपर्ने) "
यौटा प्रलेख तर्जुमा गरी स्वीकार नै गऱ्यो (पृ.२०,श्लो.२८, 'जु' दीर्घ हुनुपर्ने) "
लोकसम्मतिहरूको महत्त्वपूर्ण पक्षको (पृ.२१,श्लो.१, 'ह' दीर्घ हुनुपर्ने) "
सुरक्षाको वृद्धि गर्छ उपचार पुऱ्याउन (पृ.२१,श्लो.१, 'द्धि' दीर्घ हुनुपर्ने) "
अस्पताल, एम्बुलेन्सलाई बन्दछ रक्षक (पृ.२१,श्लो.४, 'एम्बु' क्रमशः ह्रस्व र दीर्घ हुनुपर्ने) "
प्रयोगहरूलाई नै विस्तृताकार पार्नको (पृ.२१,श्लो.७, 'रू' ह्रस्व हुनुपर्ने) "
यसैगरी (पृ.२२,श्लो.१०,र श्लो.३), (पृ.२३, श्लो.८,९,१०,११,१२,१३,१४),(पृ.२४.श्लो. १८,२०,२१),

(पृ.२५.श्लो.२४,३१), (पृ.२६,श्लो.३२), (पृ.२७,श्लो.३,४,६,७), (पृ.२८,श्लो.१४,१६,१७), (पृ.२९,श्लो.१९,२०,२१,२२,२३,२४,२५), (पृ.३०,श्लो.२६,३२), (पृ.३१,श्लो.३६), (पृ.३२,श्लो.२), (पृ.३४,श्लो.७,८), (पृ.३५,श्लो.१५,१७,२१,२२), (पृ.३६,श्लो.२३,२८,३०), (पृ.३७,श्लो.२,३,५,६), (पृ.३८,श्लो.१०,१३,१५), (पृ.३९,श्लो.१५,१६,१७,१९,२१,२२), (पृ.४०,श्लो.२३,२५,२७,२८), (पृ.४१,श्लो.३१,३३,३५,३६), (पृ.४२,श्लो.१,४ र श्लोकसंङख्या नभएका ५वटा बुँदाहरू), (पृ.४३,श्लो.७ र श्लोकसंङख्या नभएका ९ वटा बुँदाहरू), (पृ.४४,श्लो.८,१०,१४), (पृ.४५,श्लो.१९,२२), (पृ.४६,श्लो.२४,२७), (पृ.४७,श्लो.३५), (पृ.४८,श्लो.३८), (पृ.४९,श्लो.४५), (पृ.५०,श्लो.५१), (पृ.५१,श्लो.६१,६३,६६), (पृ.५१,श्लो.६१,६३,६६), (पृ.५२,श्लो.६८,७१,७३,७४), (पृ.५३,श्लो.७६) आदि श्लोकहरूका केही ठाउँमा छन्दभङ्ग भएको देखिन्छ । यस्ता सामान्य त्रुटिहरू व्याकरणिक त्रुटिबाट बच्ने क्रममा भएको देखिन्छ भने कतिपय स्थितिमा टाइपिङ गर्दा गल्ती पनि भएको हुनसक्ने देखिन्छ ।

अन्त्यानुप्रास आंशिक र पूर्ण रूपमा नमिलेका श्लोकहरू पनि यस खण्डकाव्यमा रहेको देखिन्छ । यस्ता कविताका पृष्ठसङ्ख्या र श्लोकसङ्ख्या यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

(पृ.२श्लो.११),(पृ.६,श्लो.१४),(पृ.१०,श्लो.१८),(पृ.१२,श्लो.८),(पृ.१३,श्लो.१५,१६), (पृ.१४,श्लोक.२३), (पृ.१५,श्लो.२९), (पृ.१७,श्लोक.१,३,७), (पृ.२०,श्लोक.२३,२६), (पृ.२३,श्लोक.१३), (पृ.२४,श्लोक.२२), (पृ.२५,श्लोक.३१), (पृ.२६,श्लोक.३२,३४), (पृ.२८,श्लोक.१४,१७), (पृ.२९,श्लोक.१९,२२,२५), (पृ.३०,श्लोक.२८), (पृ.३४,श्लोक.१०), (पृ.३५,श्लोक.१४,), (पृ.३७,श्लोक.२,३,४,५,७), (पृ.३८,श्लोक.१३,१५), (पृ.३९,श्लोक.१५,१७), (पृ.४०,श्लोक.२७,२८,३०), (पृ.४१,श्लोक.३२,३३), (पृ.४९,श्लोक.४३), (पृ.५०,श्लोक.५८), आदि ।

### ४.२.८ अलङ्कार-विधान

**रेडक्रस परिचय** खण्डकाव्यमा शब्दालङ्कार र अर्थालङ्कारको सान्दर्भिक प्रयोग गरिएको छ । यस काव्यमा प्रयोग भएका शब्दालङ्कारहरूमध्ये खासगरी अनुप्रास अलङ्कारको विभिन्न रूपहरू देख्न सकिन्छ । प्रायः श्लोकैपिच्छे प्रयोग गरिएका अन्त्यानुप्रास र छिटपुट रूपमा पाइने आद्यानुप्रास, मध्यानुप्रास, छेकानुप्रास, वृत्यानुप्रास, यमक जस्ता अलङ्कारको प्रयोगले काव्यमा साङ्गीतिक मिठास थपेको देखिन्छ । त्यस्तै प्रस्तुत काव्यमा शब्दालङ्कारका अतिरिक्त अर्थालङ्कारको पनि प्रयोग गरिएको छ । त्यस्ता अलङ्कारहरूमा स्वभावोक्ति, उत्प्रेक्षा, अतिशयोक्ति आदि पर्दछन् । यी अलङ्कारहरूको

प्रयोगले काव्यमा श्रुतिमधुरता सिर्जना भएको छ । यसरी काव्यको आन्तरिक सौन्दर्यलाई बढाउन प्रयोग गरिएका केही शब्दालङ्कार तथा अर्थालङ्कारलाई यस प्रकार देखाइएको छ :

(क) डिल्लीरमण शर्मा हो नाम, अर्ज्याल हो थर
जो आवृछाप प्रख्यात त्यो गाउँ जन्मको घर ।

(रेडक्रस परिचय, पृ.५३, श्लो.८१)

(ख) आव्हान गरिएको थ्यो संगठन बनाउन
आव्हान हेनरीको थ्यो त्यसलाई सघाउन ।

(रेडक्रस परिचय, पृ.२३, श्लो.७)

(ग) रक्त सञ्चार सेवाको बेलामा स्थापना भयो
अस्पतालभित्र सेवा एकाइ स्थापन भयो ।

(रेडक्रस परिचय, पृ.४६, श्लो.२५)

(घ) संघ-संस्थासँगै दह्रो सम्बन्ध र समन्वय
कार्यक्रम चलाएर आएको छ हुँदै जय ।

(रेडक्रस परिचय, पृ.४५, श्लो.२०)

(ङ) यो रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ र
यो रेडक्रसको अन्तर्राष्ट्रिय कमिटी छ र ।

(रेडक्रस परिचय, पृ.५२, श्लो.७०)

(च) प्राणी जन्म लिने गर्छन् चौरासी लाख योनिमा
जन्मी मर्दै जुनी फेर्दै बल्ल मानव योनिमा ।

(रेडक्रस परिचय, पृ.१, श्लो.१)

(छ) तीन देश लडेका थे इटाली, फ्रान्स, अष्ट्रिया
विश्व नै ध्वस्त होला कि मनमा उर्लियो दया ।

(रेडक्रस परिचय, पृ.२, श्लो.१३)

(ज) परोपकार हो धर्म अधर्म पर पीडन
मनु-सन्तति हो मान्छे भेदभाव गर्‍यौ किन ?

(रेडक्रस परिचय, पृ.४, श्लो.३१)

(झ) यो रेडक्रस संस्थाका स्थायी तथैव मौलिक
सिद्धान्तहरू लागू छन् अथवा छन् कि दर्शक ।

(रेडक्रस परिचय, पृ.१४, श्लो.२५)

(ञ) यो रेडक्रस संस्थाका स्थायी तथैव मौलिक
सिद्धान्तहरू लागू छन् अथवा छन् कि दर्शक ।

(रेडक्रस परिचय, पृ.१४, श्लो.२५)

(ट) गरेर कार्य प्रारम्भ गरिएको छ दिन्दिन
यो रेडक्रस सेवामा जुटेको हुन्छ छिन्छिन ।

(रेडक्रस परिचय, पृ.५०, श्लो.५४)

माथि प्रस्तुत गरिएका कविताहरूमध्ये 'क' मा अन्त्यानुप्रासको प्रयोग भएको छ । 'ख' मा आद्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासको प्रयोग भएको देखिन्छ भने 'ग' मा मध्यानुप्रास र अन्त्यानुप्रासको प्रयोग भएको भेटिन्छ । यसका साथै 'घ' मा भने स व्यञ्जन वर्ण पटक पटक दोहोरिएको हुँदा वृत्यानुप्रासको प्रयोग हुन पुगेको छ । त्यसैगरी 'ङ' मा आद्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रास तीनवटाकै एकमुष्ट प्रयोग भएको देखिन्छ । त्यस्तै 'च' मा प्रस्तुत कवितामा अतिशयोक्ति अलङ्कारको प्रयोग भएको देखिन्छ । अन्य श्लोकहरू 'छ', 'ज', 'झ' र 'ञ' मा क्रमशः उत्प्रेक्षा, यमक, उत्प्रेक्षा, संशय र 'ट' मा प्रयोग भएका 'दिन्दिन' र 'छिन्छिन' शब्दहरूले काव्यमा साङ्गीतिकता झल्कन पुगेको छ । यस्ता अन्य शब्दहरूमा खुरूखुरू, खराखर, धमाधम जस्ता मौलिक तथा अनुकरणात्मक शब्दहरूले यस खण्डकाव्यमा मिठास उत्पन्न भएको छ ।

### ४.२.९ बिम्ब तथा प्रतीक विधान

कवितालाई मूर्तरूप दिन बिम्बको प्रयोग गरिन्छ । कविता आफ्ना अन्तर्दृष्टिलाई बिम्बका माध्यमले मूर्तरूप दिएर प्रस्तुत गरिएको हुन्छ ।[९१] जीवनयापनका विविध किसिमका नवीन एवम् परम्परित बिम्ब र प्रतीकहरूको प्रयोगले कविका आफ्ना भावहरू अभिव्यक्ति भएको हुन्छ । यस खण्डकाव्यमा कवि अर्यालले केही बिम्बहरू विविध स्रोतबाट टिपेर नवीन ढङ्गमा प्रयोग गरेका छन् ।

मरेको सैनिक संख्या हजार चालिसै थियो

[९१] सुरेन्द्रनाथ सिंह, **काव्यका शास्त्रीय अध्ययन**, (दिल्ली : राधाकृष्ण प्रकाशन, ई. १९७२) पृ.२८२ ।

संग्राम-भूमिमा ठूलो रगत पोखरी थियो ।

(रेडक्रस परिचय, पृ.२, श्लो.१६)

यस खण्डकाव्यमा प्रयोग गरिएको प्रतीकात्मक अभिव्यक्ति निकै स्वभाविक देखिन्छ भने त्यस्ता प्रतीकात्मक अभिव्यक्तिले काव्यलाई स्तरीय बनाएको छ । प्रतीकको प्रयोगले कवितामा मादकता भर्ने काम गर्दछ । यस खण्डकाव्यमा प्रयोग गरिएका प्रतीकहरूलाई निम्नानुसारका श्लोकहरूमा देखाउन सकिन्छ :-

अयोध्या जननी मेरी खानी वात्सल्यकी थिइन्
दुग्धामृत चुसाएर जीवन दान नै दिइन् ।

(रेडक्रस परिचय, पृ.५३, श्लो.७८)

स्विट्जरल्याण्ड देशैको जेनेभामा अपूर्वको
यौटा मानव-धर्मीको ओहो ! मानव जन्म भो ।

(रेडक्रस परिचय, पृ.१, श्लो.५)

ती हुन् जाँ हेनरी ड्युना विश्वमानवका गुरु
जसको मनमा इच्छा सुषुप्त नै थियो बरु ।

(रेडक्रस परिचय, पृ.१, श्लो.७)

माथि प्रस्तुत कवितामा श्लोकहरूमध्ये पहिलोमा कविले आफ्नी 'आमा'को प्रतीकका रूपमा 'अयोध्या जननी'लाई उभ्याएका छन् भने दोस्रो श्लोकमा कविले 'जाँ हेनरी ड्यूना'लाई एउटा 'अपूर्वको मानव धर्मी'का रूपमा चित्रित गरेका छन् । त्यसैगरी तेस्रो श्लोकमा कविले 'ड्यूना'लाई 'विश्वमानवका गुरु'को प्रतीकका रूपमा प्रस्तुत गरेका छन् । त्यस्तै उनलाई 'जगत्गुरु'को प्रतीकका रूपमा पनि प्रस्तुत गरिएको भेटिन्छ । यस्ता खालका बिम्ब तथा प्रतीकको प्रयोग यस खण्डकाव्यका थुप्रै ठाउँमा नभेटिए पनि कहीँ कतै भेट्न सकिन्छ ।

### ४.२.१० भाषाशैली

सामान्यतया प्रस्तुत खण्डकाव्यको भाषा, सरल र बोधगम्य छ । यस काव्यमा तत्सम्, तद्भव र आगन्तुक तीनै प्रकृतिका शब्दको प्रयोग भएको देखिन्छ । कवि आफू संस्कृत साहित्यका विद्यार्थी भएकाले त्यसको प्रत्यक्ष प्रभाव काव्यमा परेको छ । त्यसैले काव्यमा संस्कृतका तत्सम शब्दको बाहुलता देखिन्छ । संस्कृतका तत्सम शब्दको अधिक प्रयोगले अपठित वर्गका पाठकका निम्ति अलि

क्लिष्ट जस्तो लागे पनि बीचबीचमा प्रयोग गरिकएका तद्भव र आगन्तुक शब्दले र लोकलयको मिठासपूर्ण अभिव्यक्तिले काव्यलाई बोधगम्य नै बनाएको छ । यस खण्डकाव्यमा संस्कृत शब्दको प्रयोग गरिएको एउटा श्लोक यस्तो रहेको छ :-

शिक्षा दीक्षा पिताबाटै सर्व प्रथम पाइयो
ज्योतिष शास्त्रका ज्ञाता जिल्लामा ख्याति प्राप्त थ्यो ।

(रेडक्रस परिचय, पृ.५३, श्लो.८२)

सरल भाषाको प्रयोग भएको नमुना यस प्रकार छ :-

दुई हजारको तीस साल धादिङ फाँटमा
बसाइँ सरियो पूरा आफ्नै हार्दिक आँटमा ।

(रेडक्रस परिचय, पृ.५४, श्लो.८५)

त्यसैगरी यस खण्डकाव्यमा सोसाइटी, सर्कल, लीग अफ रेडक्रस एण्ड रेडक्रिसेन्ट सोसाइटिज, अक्टुवर, जून, जुलाई, युनिसेफ, जुनियर जस्ता आगन्तुक (अङ्ग्रेजी) शब्दको पनि प्रयोग गरिएको छ । शैलीका कोणबाट भन्दा प्रस्तुत काव्य कविप्रौढौक्तियुक्त वर्णनात्मक शैलीमा लेखिएको छ । काव्यमा प्रयोग भएको अन्त्यानुप्रास, मध्यानुप्रास, आद्यानुप्रास तथा वृत्यानुप्रासले थप लयात्मकता प्रदान गरेको छ । त्यसैगरी यस काव्यमा प्रयोग गरिएका तीनै किसिमका लयको प्रयोगले पनि शैलीमा नवीनता थपेको छ । यस खण्डकाव्यमा आवश्यकतानुसार विस्मयादिबोधक, प्रश्नात्मक, अर्धविराम र योजक आदि लेख्य चिन्हहरू कविले प्रयोग गरेका छन् । ठाउँ ठाउँमा अर्द्धविराम चिन्हको पनि प्रयोग गर्दै यिनले सरल सरस पद्यभाषामा कविता लेखेका छन् भने कवितात्मक भाषाशैली, शब्द चमत्कार र भावपक्षमा त्यति नै बढी जोड दिएका छन् । तत्सम शब्दहरूको बहुलता भए तापनि सरल र वर्णनपरक पद्यलयले गर्दा पाठकहरूलाई काव्य पढौं पढौं लाग्ने बनेको छ । यस खण्डकाव्यका कवितामा मूल रूपमा वर्णनपरक पद्यभाषाको प्रधानताभित्र अन्य प्रकारका भाषाशैलीको समेत समायोजन गरेको पाइन्छ । यस खण्डकाव्यको भाषाशैलीलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ ।

**वर्णनात्मक**

रेडक्रसीय आधारभूत मतबमोजिम
मानवीय भएकाले सबैमा हुन्छ यो सम ।

(रेडक्रस परिचय, पृ.३३, श्लो.१)

हरेक मानवैलाई रेडक्रस सदस्यता
सधैं खुला गरेको छ छैन यो प्रतिबद्धता ।

(रेडक्रस परिचय, पृ.३३, श्लो.२)

**प्रश्नात्मक**

त्यो केन्द्रीय सभा के हो ? त्यसको के महत्व हो ?
ने.रे. सोसाइटीको जो यही सर्वोच्च अङ्ग हो ।

(रेडक्रस परिचय, पृ.३७, श्लो.१)

**अनुप्रास**

समुदाय तथा स्वास्थ्य विकास कार्य गर्नु हो
स्वास्थ्य शिक्षा प्रचारार्थ प्रयत्न पनि गर्नु हो ।

(रेडक्रस परिचय, पृ.३२, श्लो.४)

कवि अर्ज्यालले विभिन्न मूलका तत्सम, तद्भव, आगन्तुक तथा अनुकरणात्मक शब्दहरूको समेत प्रयोग गरेका छन् । उनले पद्य लेखनमा प्रयोग हुने सबै लेख्य चिन्हहरूको प्रयोग गरेको पाइन्छ । यस खण्डकाव्यमा सरल नेपाली शब्द र संस्कृत तत्सम शब्दहरूको प्रयोग स्वाभाविक रूपमा गरिएको छ । कवि अर्ज्यालको सरल शब्दको पद्यात्मकताभित्र वर्णनात्मक, प्रश्नात्मक र अनुप्रासीय भाषाशैलीले सिङ्गो खण्डकाव्य नै कलात्मक बन्न पुगेको छ । सरल शब्दहरूमा भाषाको प्रयोग गरी कवितामा लयात्मकता र छन्दोबद्ध कवित्व प्रदान गर्नु कवि अर्ज्यालको भाषाशैलीगत विशेषता हो ।

### ४.२.११ निष्कर्ष

वि.स. २०६१ मा प्रकाशित प्रस्तुत **रेडक्रस परिचय** खण्डकाव्य कवि डिल्लीरमण शर्मा अर्ज्यालको तेस्रो प्रकाशित नेपाली खण्डकाव्य कृति हो । यस खण्डकाव्य संस्थापरक ऐतिहासिक विषयवस्तुमा आधारित मानवीय सेवा भावले ओतप्रोत छ । तेह्र शीर्षकमा विभाजित प्रस्तुत काव्य अर्ज्यालको मौलिक काव्य हो । यहाँ रेडक्रस नामक संस्थाको सगम्र पक्षको चर्चा परिचर्चा गर्दै यसको महिमागान गरिएको छ । काव्यको  मूल विषयवस्तु जम्मा ५४ पृष्ठमा समेटिएकाले यसको आकार मध्यम छ ।  कविप्रौढोक्ति कथनढाँचामा लेखिएको यो काव्य वर्णनात्मक शैलीमा आधारित छ । प्रस्तुत

काव्यमा म पात्र अर्थात कवि एक्लैले सम्पूर्ण घटनाको वर्णन गरेका छन् । यस काव्यमा खासै उल्लेखनीय पात्रको उपस्थिति भएको देखिदैंन । जसरी जाँ हेनरी ड्युनाले विश्व मानवको सेवामा समर्पित भएर रेडक्रस जस्तो परोपकार संस्थाको स्थापना गरे त्यसैगरी आजका सम्पूर्ण हामी मानवले पनि सबै मानवको सेवामा दत्तचित्त भएर काम गर्नका लागि अभिप्रेरित गर्नु नै यस खण्डकाव्यको मुख्य उद्देश्य हो । अझ यस खण्डकाव्यमा कवि अर्ज्यालले रेडक्रसको यथार्थ परिचय दिँदै यथार्थवादी-प्रगतिशील मूल स्वरमा समाज र राष्ट्रलाई परोपकारको भावनाबाट सुधारको चाहना राखेको पाइन्छ । मुख्य रूपमा शान्त रसमा लेखिएको यस काव्यमा कतिपय ठाउँमा करुण, वीर, बीभत्स आदि रसको प्रयोग पनि पाइन्छ ।

यस काव्यमा शास्त्रीय छन्दको अनुशरण गरिएको छ । मुख्य रूपमा अनुष्टुप् छन्दको प्रयोग गरिएको देखिन्छ । प्रायः सबै श्लोकहरूमा अन्त्यानुप्रासको योजना रहेको छ भने मध्यानुप्रास र आद्यानुप्रासको पनि प्रयोग विभिन्न ठाउँमा भएको देखिन्छ । त्यसैगरी वर्णहरूको पटक पटकको पुनरावृत्तिले काव्य थप लयात्मक बन्नुका साथै काव्यमा बाह्य सौन्दर्य बढाउने गरी अनुप्रासादि अलङ्कारको प्रयोग गरिएको छ भने आन्तरिक सौन्दर्यलाई अझ उत्कर्ष प्रदान गर्नका लागि उत्प्रेक्षा अर्थालङ्कारको पनि संयोजन पाइन्छ । त्यस्तै काव्यमा प्रयोग भएका अनेक प्रकारका बिम्ब तथा प्रतीकको प्रयोगले काव्य थप ओजिलो बनेको छ । संस्कृत भाषासाहित्यका ज्ञाता कवि अर्ज्याल सुरुमा संस्कृत साहित्यतिरै उन्मुख थिए, त्यसैको प्रभावस्वरूप नेपाली भाषामा प्रकाशित तेस्रो खण्डकाव्य **रेडक्रस परिचय** मा पनि संस्कृत भाषाको प्रभाव पर्नु स्वाभाविक नै मानिन्छ । त्यसैले यस काव्यका थुप्रै ठाउँमा तत्सम शब्दको प्रयोग गरिएको छ । तत्सम शब्दको बढी प्रयोग भए पनि काव्य पढ्दा सजिलै बुझिने खालको रहेको छ । खासगरी वर्णनात्मक शैलीमा लेखिएको यस काव्यमा माधुर्य गुण र वैदर्भी रीतिजन्य शब्दहरूको प्रयोगले काव्य प्राञ्जल र ध्वन्यात्मक बनेको छ ।

### ४.३ नेपाल दर्शन खण्डकाव्यको विवेचना

कवि डिल्लीरमण अर्ज्यालको **नेपाल दर्शन** खण्डकाव्य वि.स. २०६७ वैशाखमा प्रकाशित भएको थियो । यस खण्डकाव्यको लेखन भने वि.स. २०४८ मा भएको थियो ।[९२] नेपाल राष्ट्रको विविध पक्षका

[९२] डिल्लीरमण शर्मा अर्ज्याल,'मेरो भनाइ', **नेपाल दर्शन** (धादिङ : सरस्वती छापाखाना, २०६७) ।

वारेमा संक्षिप्त जानकारी दिइएको यस खण्डकाव्यको  विवेचना विभिन्न कोणबाट तलका उपशीर्षकमा गरिएको छ ।

### ४.३.१ प्रेरणा, लेखन तथा प्रकाशन

कवि डिल्लीरमण शर्मा अर्ज्यालको नेपाली भाषामा प्रकाशित पाँचौ खण्डकाव्य **नेपाल दर्शन** हो । यस खण्डकाव्यलाई लेख्ने क्रममा कविलाई कुनै तेस्रो व्यक्तिको प्रेरणा प्राप्त नभए पनि मातृभूमिप्रतिको मायालाई नै उनले काव्यरचनाको प्रेरणा स्रोतका रूपमा दिएको देखिन्छ ।[९३] यस कृतिको लेखन वि.स. २०४८ पूर्व नै सम्पन्न भएको थियो । यो कुरा अर्ज्यालकै यस भनाइबाट पुष्टि हुन्छ-[९४] “२०४८ सालमा यो ‘नेपाल दर्शन’ खण्डकाव्य ४/५ दराजमध्ये कुन दराजमा राखियो पत्तै भएन । मैले त बिर्सिसकेको थिएँ । हाल एउटा अर्कै पुस्तकको खोजी गर्दा यो पुस्तक भेटियो र प्रकाशित गर्न लागिएको हो ।” तर यस खण्डकाव्यको प्रकाशन चाहिँ वि.स. २०६७ वैशाख महिनामा भएको थियो । यस खण्डकाव्यको प्रकाशकका रूपमा कवि स्वयम् आफू नै रहेको देखिन्छ ।

### ४.३.२ शीर्षकीकरण र विषयवस्तुको स्रोत

प्राकृतिक, सांस्कृतिक, धार्मिक, भाषिक, जातीयलगायत विविध विविधताले युक्त हाम्रो देश नेपाल भौगोलिक रूपमा सानो भएपनि देवकोटाले भने झैं आँखाको नानीको रूपमा रहेको छ । यो सुन्दरताका हिसावले अत्यन्तै महत्त्वपूर्ण र अनुपम मानिन्छ । यस खण्डकाव्यमा यिनै विविधताको चित्रण गरिएको छ । अझ भन्नुपर्दा कविले यस खण्डकाव्यमार्फत नेपाल देशको विविध पक्षको दर्शन गर्न पुगेका छन् र सोही अनुसारको शीर्षक पनि दिएका छन् । यस खण्डकाव्यलाई हेर्दा नेपाल देशको विविध पक्षको यथार्थपरक चित्रण गर्दै कविले अभिधार्थमा नै यसको शीर्षक राखेको सामान्य पाठकले पनि सहजै भन्न सक्छ ।

**नेपाल दर्शन** खण्डकाव्यको विषयवस्तुको स्रोतका रूपमा नेपालको प्राकृतिक, सांस्कृतिक, धार्मिक, भाषिक, जातीयलगायतका पक्षहरूलाई दिइएको देखिन्छ । यी विविध पक्षको उद्घाटन गर्ने

---

[९३] ऐजन ।

[९४] ऐजन ।

सन्दर्भमा कविकल्पनाद्वारा काव्यलाई सजाइएको छ । विशेषगरी नेपाल राष्ट्रको विविध पक्षको चित्रण गर्दै मातृभूमिको महिमागान गर्नु यस खण्डकाव्य रचनाको प्रमुख उद्देश्य रहेको देखिन्छ ।

### ४.३.३ प्रबन्धविधान

कवि डिल्लीरमण शर्मा अर्ज्यालद्वारा नेपाली भाषामा लेखिएको पाँचौ खण्डकाव्य हो । हाम्रो नेपालको प्राकृतिक, सांस्कृतिक, धार्मिक, भाषिक, जातीय, भौगोलिकलगायत विविध पक्षलाई विषयवस्तुका रूपमा उठाइएको छ । कमजोर आख्यानात्मक प्रबन्ध विधान गरिएको यस खण्डकाव्य ६ वटा विश्राममा विभाजित भएको छ । यस पूर्वका अन्य दुई खण्डकाव्यमध्ये **थोपल**मा सर्गविधान गरिएको छ भने **रेडक्रस परिचय**मा फरक फरक विषयका शीर्षकभित्र कविताहरू प्रस्तुत गरिएको छ । यस खण्डकाव्य नेपाल दर्शनमा भने विश्रामको व्यवस्था गरिएको छ । जम्माजम्मी  ४० पृष्ठ रहेको यस खण्डकाव्यमा कविले आफ्नो मातृभूमिप्रतिको मायालाई कलात्मक रूपमा प्रस्तुत गरेका छन् । पूर्वीय काव्यपरम्परालाई आत्मसात गर्दै छन्दोबद्ध रूपमा काव्यात्मक अभिव्यक्ति प्रदान गरिएको यस खण्डकाव्यको प्रथम विश्राममा जम्माजम्मी ५१ वटा चतुष्पदीय श्लोकहरू रहेका छन् । यस खण्डकाव्यको प्रथम विश्रामको प्रथम श्लोकमै नेपाललाई सुन्दर र शान्त देशका रूपमा चित्रित गर्दै हाम्रो पोसाकको वारेमा पनि जानकारी पाइन्छ ।

नेपाल यो सुन्दर शान्त देश

पोसाक नै राष्ट्रिय हुन्छ वेश ।

टोपी र दौरा-सुरुवाल कोट

चाहिन्छ राम्रो बलियो बनोट ॥

(नेपाल दर्शन, पृ. १, श्लो. १)

५१ वटा श्लोकहरूमध्ये १ देखि १५ श्लोकसम्म नेपाली वेशभूषाको बारेमा चर्चा गरिएको छ । त्यस्तै १६ देखि ३७ सम्म नेपालको प्राकृतिक सुन्दरताको राज हिमशृङ्खलाको वडो गर्वका साथ महिमागान गरिएको छ ।

हिमाल कस्तो छ हिमाल जस्तो

हिमाल कत्रो छ हिमाल जत्रो ।

हिमालभन्दा अति उच्च के छ ?

संसारमा उच्च हिमाल नै छ ॥

(नेपाल दर्शन, पृ.४, श्लो.१७)

पहिलो विश्रामकै ३८ देखि ५१औं श्लोकसम्म भने नेपालमा पाइने विभिन्न फलफूल तथा वनस्पतिको सुन्दर वर्णन पाइन्छ ।

लप्सी फलेका लटरम्म रम्म

हाँगाहरूले तरुराज झम्म ।

अचारको लागि महत्त्वपूर्ण

नेपालम के चिज छैन पूर्ण ? ॥

(नेपाल दर्शन, पृ. १०, श्लो. ४८)

यसरी पहिलो विश्राममा नेपाली जातिको वेशभूषा, नेपालका हिमशृङ्खला, जडिबुटी, फलफूल तथा वनस्पति, हातहतियारका साथै प्रथम सगरमाथा आरोही तेञ्जिङ शेर्पाको पनि महिमागान गरिएको छ । यी सबै पक्षको कविले सुन्दर र कलात्मक तरिकाले वर्णन गरेको पाइन्छ । यसबाट के भन्न सकिन्छ भने यस खण्डकाव्यको पहिलो विश्राममा कविले नेपालको प्राकृतिक र सांस्कृतिक पक्षको चित्रण गरेका छन् ।

त्यसैगरी यस खण्डकाव्यको दोस्रो विश्रामअन्तर्गत प्रस्तुत गरिएका द्विष्पदीय कविताहरूमा हिमाली क्षेत्रको प्राकृतिक सुन्दरता, त्यहाँ बस्ने जातिको धर्म संस्कृति, कृषि पेसा, औषधि उपचार, त्यहाँका जातिको वीरतापूर्ण इतिहासलगायत त्यस क्षेत्रको यथार्थ पक्षका विविध कुराहरू प्रस्तुत गरिएको छ । यसका साथै हिमाली क्षेत्रको विकासमा सरकारको उदासीनताप्रति कविको चिन्ता पनि प्रकट भएको पाइन्छ । यस विश्राममा प्रस्तुत कविताहरूमध्ये केही श्लोकहरू यस प्रकार प्रस्तुत गर्न सकिन्छः-

हिमाली क्षेत्रको प्राकृतिक सुन्दरतायुक्त श्लोक-

उत्तरी भाग अल्को छ विश्वको मुकुटै सरी ।
सूर्यको पहिलो झुल्को पर्दा हुन्छ थरीथरी ॥

(नेपाल दर्शन, पृ.११, श्लो.२)

हिमाली क्षेत्रमा बस्ने जातिको संस्कृति झल्कने श्लोक-

गादो छड्के बनाएर तामाङ जाति लाउँछन् ।
गुरूङ जाति हुन् भन्ने घलेकले जनाउँछन् ।

(नेपाल दर्शन, पृ.११, श्लो.५)

हिमाली क्षेत्रको कृषि सम्बन्धी श्लोक-

गहुँ, फापर तिते चाहिँ करु, जौ लेकमा हुन ।
जाडो ठाउँ भएकाले अरू खेती नसप्रने ॥

(नेपाल दर्शन, पृ.१२, श्लो.१७)

हिमाली क्षेत्रका जातिले मान्ने धर्म सम्बन्धी श्लोक-

लेकाली भेगको धर्म बुद्ध-धर्म पुरातन ।
धर्म संस्कृति मानिन्छ प्राणप्यारो सनातन ॥

(नेपाल दर्शन, पृ.१३, श्लो.२६)

हिमाली क्षेत्रमा पाइने ओषधि सम्बन्धी श्लोक-

हरिताल परेकोमा 'निर्मसी' ओखती हुने ।
हिमाली लेकमा हुन्छ त्यसलाई बचाउने ॥

(नेपाल दर्शन, पृ.१५, श्लो.३७)

हिमाली क्षेत्रका जातिको वीरतापूर्ण इतिहास झल्कने श्लोक-

भर्ती हुन्छन् नि सेनामा शूरा र बलिया हुँदा ।

लडाइँमा विदेशीको सातोपुत्लो उडाउँदा ॥

(नेपाल दर्शन, पृ.१६, श्लो.४७)

हिमाली क्षेत्रको विकासमा सरकारको उदासीनताप्रति कविको चिन्ता प्रकट भएको श्लोक-

सुधार कहिले होला ? हिमाली भेगतर्फ नै ।

सरकार त्यतातर्फ दृष्टि देला ? विकासमै ॥

(नेपाल दर्शन, पृ.१७, श्लो.६१)

यस खण्डकाव्यको तेस्रो विश्राममा ३१ वटा चतुष्पदीय श्लोकहरू प्रस्तुत गरिएको छ । यस विश्राममा प्रस्तुत ३१ वटा श्लोकहरूमा नेपाल र नेपालीका रक्षक धार्मिक स्थलहरू तथा देवीदेउताको सुन्दर वर्णन भएको छ ।

हाम्रै रक्षक हुन् दुबै पशुपति ज्वालामुखी ईश्वर

हाम्रै रक्षक बन्दछन् दिनदिनै बाबा मुकुन्देश्वर ।

नेपालैभरि गुप्तरूपधरणी माता त गुह्येश्वरी

हामीमाथि दया गरी घरिघरी बस्छिन् नि चण्डेश्वरी ॥

(नेपाल दर्शन, पृ. १९, श्लो. ३)

त्यसैगरी यसै विश्रामको ९ देखि २३ सम्मका कविताका श्लोकहरूमा नेपाली कृषि पेसा, बर्खे, हिउँदे र नगदे बालीहरूको वर्णन गरिएको छ । यसका साथै नेपाली मौलिक खाद्य परिकारहरू सेल रोटी, ढिँडो, मकैलगायतको उल्लेख पनि भएको छ ।

बर्खे धान मकै छरिन्छ पहिले यी मुख्य बाली चुसे
कोदो औ गहुँ जौ छरिन्छ हिउँदे तोरी र सर्स्यूं भुसे ।
आलीमा भटमास मास लहरै रोपिन्छ है खेतका
बारीमा गहतै गुराँस छरिने यो मध्य नेपालका ॥

(नेपाल दर्शन, पृ. २२, श्लो. १९)

मीठो हुन्छ भुजा पकाइ मसिनो काने कसौंडी महाँ
कोदाको त ढिंडो कुपुक्क निलिने च्याँख्ला मकैको यहाँ ।
नेपाली जनता असाध्य रसिला हाँसेर साथीसित
हाँडीमा भुटुटू भुटी फुल मकै खाइन्छ मीठैसित ॥

(नेपाल दर्शन, पृ. २२, श्लो. १८)

यस विश्राममा प्रस्तुत २४ देखि ३१ सम्मका श्लोकहरूमा नेपालका १४ अञ्चलको नाम कसरी रहन गयो सोको उल्लेख गरिएको छ ।

सेती नाम नदी हुँदा त अहिले सेती भयो अंचल
राप्ती नाम नदी हुँदा त अहिले राप्ती भयो अंचल ।
कर्णाली त नदी भएर अब क-र्णाली भयो अंचल
काली नाम नदी महान् भइ महा-काली भयो अंचल ॥

(नेपाल दर्शन, पृ. २४, श्लो. ३०)

यस खण्डकाव्यमा चौथो विश्रामका रूपमा जम्मा २५ वटा द्वष्पदीय श्लोकहरू मात्र प्रस्तुत गरिएको छ । यहाँ प्रस्तुत गरिएका सबै कविताका श्लोकहरूमा नेपालमा बोलिने भाषाहरू र तिनीहरू कुन कुन भाषापरिवारमा पर्छन् सोको विवरण प्रस्तुत गरिएको छ । साथै कुन ठाउँमा कुन भाषा

बोलिन्छन् भन्ने कुरा पनि उल्लेख गरिएको छ । कविले नेपालमा हाल जीवित भाषा जम्मा ४७ वटा रहेको कुरा उल्लेख गरेका छन् तर भाषावैज्ञानिकहरूका आधारमा भने हाल नेपालमा १०० भन्दा बढी भाषा बोलिने चर्चा पाइन्छ । यसैगरी कविले केही श्लोकहरूमा नेपालको धर्म, संस्कृतिप्रति अथाह माया प्रकट पनि गरेका छन् । यस विश्राममा नेपालमा बोलिने भाषा तथा धर्म संस्कृतिसम्बन्धी चर्चा भएका केही श्लोकहरू यस प्रकार छन् :-

नेपाल देशका भाषा सतचालीस छन् स्थित ।

आजसम्म रहेका छन् नेपालभरि जीवित ॥

(नेपाल दर्शन, पृ. २५, श्लो. ३)

प्राणभन्दा बढी प्यारो मेरो भाषा सुधारिए ।

भेषभूषा तथा देश, जहाँ आँखा उघारिए ॥

(नेपाल दर्शन, पृ. २७, श्लो. २४)

धर्म छाड्न हुँदैहुन्न, जस्ले देश बचाउँछ ।

संस्कृति मुटु नै जस्ले देशलाई सजाउँछ ॥

(नेपाल दर्शन, पृ. २७, श्लो. २५)

पाँचौं विश्राममा ४९ वटा द्विष्पदीय श्लोकहरू प्रस्तुत गरिएको छ । यस विश्राममा प्रस्तुत सबै श्लोकहरूमा नेपालका चौध अञ्चल पचहत्तर जिल्लाका साथै जिल्ला सदरमुकामको समेत चर्चा गरिएको छ । यस्ता केही श्लोकहरूको उदाहरण यस प्रकार प्रस्तुत गरिन्छ :-

मेची, कोशी, सगरमाथा, जनकपुर, वाग्मती ।

नारायणी (महागंगा) गण्डकी धवलागिरि ॥

(नेपाल दर्शन, पृ. २८, श्लो. २)

भेरी, दैलेख, सुर्खेत, बाँके, जाजर, बर्दिया ।

कर्णाली मुगु, हुम्ला र जुम्ला, डोल्पा र कालिकोट् ॥

(नेपाल दर्शन, पृ. २८, श्लो. ९)

दैलेखको उही नै हो जाजरकोटको उही ।

नेपालगञ्ज बाँकेको मुकाम अति सुन्दर ॥

(नेपाल दर्शन, पृ. ३२, श्लो. ४१)

जिल्ला सुर्खेतको राम्रो विरेन्द्रनगरै भयो ।

बर्दियाको मुकामै हो गुलरीया बताइयो ॥

(नेपाल दर्शन, पृ. ३२, श्लो. ४२)

यस खण्डकाव्यको छैटौं तथा अन्तिम विश्राममा ७१ वटा द्विष्पदीय श्लोकहरू समेटिएका छन् । यहाँ प्रस्तुत गरिएका सबै श्लोकहरूमा नेपाली समाजमा प्रचलित चाडपर्व तथा धर्म संस्कृतिका बारेमा जानकारी दिइएको छ । साथै भगवान गौतम बुद्ध, कृष्ण, भानुभक्त, मोतीराम आदिको जन्मजयन्तीको बारेमा पनि जानकारी पाइन्छ । उदाहरणका रूपमा केही श्लोकहरूलाई प्रस्तुत गरिन्छ :

गौतमबुद्ध नै हाम्रो शान्तिका अग्रदूत हुन् ।

वैशाखपूर्णिमा जन्मजयन्ती त मनाउँछन् ॥

(नेपाल दर्शन, पृ. ३३, श्लो. ६)

नेपालीको महान् पर्व विजयादशमी छ यो ।

टीका ठूलाबडाबाट सानाले लाइने छ जो ॥

(नेपाल दर्शन, पृ. ३६, श्लो. ३६)

नाच-गान गरी खेल्छन् भैलो आनन्दसाथमा ।

नेपाली संस्कृति हाम्रो झल्कन्छ त्यस रातमा ॥

(नेपाल दर्शन, पृ. ३७, श्लो. ४०)

माथि प्रस्तुत श्लोकहरूमा नेपाली हिन्दु समाजमा चलन चल्तिमा रहेका चाड-पर्व, धर्म-संस्कृतिलगायत विविध पक्षको चर्चा भएको छ ।

**नेपाल दर्शन** खण्डकाव्य नेपालको यथार्थ चित्र प्रस्तुत भएको सुन्दर खण्डकाव्य हो । यस खण्डकाव्यले नेपालको धर्म, कलासंस्कृति, भाषा, कृषि पेसा, जातजाति, वेशभूषा, रहनसहन, प्राकृतिक सुन्दरता, अञ्चल, अञ्चल सदरमुकाम, जिल्ला, जिल्ला सदरमुकामलगायत जस्ताको तस्तै चित्र उतारेको छ । त्यसैले पनि यस काव्यलाई यथार्थपरक खण्डकाव्यका रूपमा हेर्न सकिन्छ । कवि स्वयम् पात्रका रूपमा उपस्थित भएर वर्णनात्मक शैलीमा काव्यलाई अगाडि बढाएको देखिन्छ । अन्य पात्रको उपस्थिति भने यहाँ भएको देखिँदैन । कवि अर्थात 'म' पात्रलाई केन्द्रीय पात्रको जिम्मेवारी दिइएको छ र 'म' पात्रकै केन्द्रीयतामा यस खण्डकाव्यको कथावस्तु अगाडि बढेको छ । कविले नेपालको वर्णन एकोहोरो वर्णनात्मक रूपमा गरेर अन्य पात्रको उपस्थितिविना नै पूर्ण यस काव्यलाई पूर्णता दिएको देखिन्छ । यसबाट खण्डकाव्य पढ्दा नेपालकै दर्शन गरेको अनुभूति स्पष्ट रूपमा जो कोही पाठकलाई हुने कुरामा दुई मत छैन ।

### ४.३.४ परिवेशविधान

यथार्थमूलम विषयवस्तुलाई आधार बनाएर लेखिएको प्रस्तुत **नेपाल दर्शन** खण्डकाव्य परिवेश विधानका दृष्टिले पनि महत्त्वपूर्ण रहेको छ । यस खण्डकाव्यको उद्देश्य परिवेश झल्काउने र खोतल्ने नभएपनि नेपालको समग्र पक्षको वर्णन गर्ने क्रममा परिवेशको चित्रण स्वभाविक रूपले हुन पुगेको देखिन्छ । यस खण्डकाव्यको स्थानगत परिवेश नेपाल नै हो । नेपाल अर्थात आफ्नो मातृभूमिको माया, सौन्दर्य, पवित्रता र रमणीयतालगायत विविध पक्षले उद्वेलित गराएर नै कविलाई यस काव्य रचना गर्ने प्रेरणा मिलेको देखिन्छ । यहाँ कविले स्थानिक, सांस्कृतिक, प्राकृतिक, धार्मिक, सामाजिक, आर्थिक, राजनैतिक, ऐतिहासिकलगायतका परिवेश प्रयोग गरेको देखिन्छ । स्थानगत दृष्टिले हेर्दा यस खण्डकाव्यमा नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीभित्रका १४ अञ्चल ७५ जिल्ला तथा जिल्ला सदरमुकामको वर्णन गरिएको छ । यसरी स्थानगत दृष्टिले यस काव्यले नेपालभित्रको व्यापक क्षेत्रलाई समेटेको छ । हिमाल, पहाड, तराईको चित्रण पनि स्वभाविक रूपले गरिएको छ । हिमालको हावापानी तथा सुन्दरताको चित्रण, पहाडको विविध पक्षको चित्रण अनि तराईको वनजङ्गल तथा

गर्मीको वर्णनले काव्य रोचक बनेको छ । देशभित्रका लुम्बिनी, जनकपुर, गोरखा, दैलेख, जुम्ला, काठमाडौं, बाघेश्वरी, चण्डेश्वरीलगायत  विभिन्न ऐतिहासिक, धार्मिक तथा पवित्र तीर्थस्थलको वर्णनले काव्य झन प्रभावकारी बनेको छ । स्थानगत परिवेश झल्कने खालका कविताबाट यस कुराको पुष्टि हुन्छ :

दैलेखको उही नै हो जाजरकोटको उही ।

नेपालगञ्ज बाँकेको मुकाम अति सुन्दर ॥

(नेपाल दर्शन, पृ. ३२, श्लो. ४१)

काठमाडौं भयो उस्तै उही मुकाम मानियो ।

नारा बारा, चितुन्, पर्सा रौतहट् मकवानपुर ॥

(नेपाल दर्शन, पृ. ३०, श्लो. २८)

दोलखाको चरीकोट धनुषा जनकैपुर हो ।

त्यो रामेछापको बुझ्नू उही मुकाम मानियो ॥

(नेपाल दर्शन, पृ. ३०, श्लो. २२)

यसैगरी यस काव्यमा नेपालको भाषा, संस्कृति रहनसहन, चालचलन र समग्रमा भन्दा नेपालीपनलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । नेपाली सांस्कृतिक परिवेश झल्कने कवितालाई यहाँ यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

अघि-अघि बढेको छ हली नै खेत साउँदै ।

फाँटै घन्काउँछन् सारा असारे गीत गाउँदै ॥

(नेपाल दर्शन, पृ. ३४, श्लो. १२)

नाच-गान गरी खेल्छन् भैलो आनन्दसाथमा ।

नेपाली संस्कृति हाम्रो झल्कन्छ त्यस रातमा ॥

(नेपाल दर्शन, पृ. ३७, श्लो. ४०)

दण्डीबियो तथा गीर खेलिन्छन् गाउँगाउँमा ।

कतै गोरु जुधाइन्छन् रमिता ठाउँठाउँमा ॥

(नेपाल दर्शन, पृ. ३९, श्लो. ५५)

यस्तै यस काव्यमा प्रकृतिलाई मानवीकरण गरेर पनि कविले कविताहरू प्रस्तुत गरेका छन् । मानवीकृत परिवेश झल्कने कवितालाई यहाँ यस प्रकार प्रस्तुत गरिन्छ :

मेची गाउँछ राग मादल भिरी घुन्तुङ्ग घुन्तुङ्गका

कोसीमा मिसिएर सात बहिनी एकै बने अङ्गका ।

अर्को विष्णुमती अतीब बलियो तानी लाग्यो बाग्मती

चिर्छन् झैं पृथिवी दिदी र बहिनी मिल्ती गरे झन् अति ॥

(नेपाल दर्शन, पृ. २३, श्लो. २५)

प्राकृतिक सुन्दर परिवेशको चित्रण पनि कविले यस खण्डकाव्यमा गरेका छन् । प्राकृतिक सुन्दर परिवेश झल्कने कविताको उदाहरण यसप्रकार प्रस्तुत गरिन्छ :-

दोस्रो चाहिं छ मध्यभाग रसिलो नेपालको सुन्दर

डाँडा छन् वनले समस्त हरिया ओडेसरी चादर ।

हेर्दा ती चुचुरा छुरा सरहका गर्दैनको आदर

मेरो देश पवित्र देवगण ती बस्छन् जहाँ शंकर ॥१॥

(नेपाल दर्शन, पृ. १९, श्लो. १)

नेपाली जातिको मौलिकता झल्कने कविताका श्लोकहरू पनि यस खण्डकाव्यमा भेटिन्छ । उदाहरणका रूपमा केही श्लोकहरू यस प्रकार छन् :

सिप्लीकान तितो भए पनि हितै गर्ने बनी पाचक

रायो साग असाध्य तागत दिने बन्ने मजा गुन्द्रुक ।

पालुङ्गो नरमै सिंबी घिउसिँबी कोसा बकुल्ला ठुला

मूला प्याज पिँडालु आलु धनियाँ लौका हुने ठुल्ठुला ॥

(नेपाल दर्शन, पृ. २३, श्लो. २२)

मेथी बेथु र काउली कति मिठो गोल्फे चिचिण्डा यहाँ

भन्टा तागतिलो हुने थरिथरी तीता करेला यहाँ ।

तामा बाँसमुना बनेर अमिलो धेरै बरेला छरी

तर्कारी यस भेगमा अधिक छन् व्याख्या गरूँ के गरी ॥

(नेपाल दर्शन, पृ. २३, श्लो. २३)

नेपालको धार्मिक परिवेश झल्कने कविताका श्लोकहरू पनि यहाँ समेटिएको देखिन्छ । नमुनाका रूपमा केही श्लोकहरू यहाँ प्रस्तुत गरिन्छ :

हाम्रा रक्षक नीलकण्ठ भगवान् नेपालमा नै बसे

बाबा गोरखनाथ पालन गरी नेपालमा नै बसे ।

बस्छिन् दक्षिणकालिका भगवती नेपालरक्षा गरी

बस्छिन् ती मनकामना भगवती नेपालरक्षा गरी ॥

(नेपाल दर्शन, पृ. १९, श्लो. २)

यसैगरी नेपालको राजनैतिक परिवेशको सामान्य झल्को दिने कविताको श्लोक पनि यहाँ भेट्न सकिन्छ । यसको उदाहरण पनि यहाँ प्रस्तुत गरिन्छ-

उमेदवार आफैंले छाप ठोक्छन् खराखर ।

नामावलि भएसम्म मत हुन्छन् बराबर ॥

(नेपाल दर्शन, पृ. १८, श्लो. ६७)

यसरी नेपालको प्राकृतिक, धार्मिक, सांस्कृतिक, भाषिक, राजनैतिक, ऐतिहासिक तथा भौगोलिक आदि कुराहरूको यथार्थपरक ढङ्गले सुन्दर रूपमा चित्रण गरिएको छ ।

### ४.३.५ रसविधान

कवि डिल्लीरमण शर्मा अर्ज्यालद्वारा लिखित यस **नेपाल दर्शन** खण्डकाव्य रस विधानका दृष्टिले पनि महत्त्वपूर्ण मानिन्छ । यस खण्डकाव्य शान्त रस प्रधान काव्य हो । यसका अतिरिक्त वीर, करुण, शृङ्गार आदि रसको पनि प्रयोग यस खण्डकाव्यमा छिटफुट रूपमा गरिएको छ । यस खण्डकाव्यमा प्रयोग भएका रसका केही उदाहरणलाई निम्नानुसार देखाइएको छ :

**शान्त रस**

हाम्रा रक्षक नीलकण्ठ भगवान् नेपालमा नै बसे

बाबा गोरखनाथ पालन गरी नेपालमा नै बसे ।

बस्छिन् दक्षिणकालिका भगवती नेपाल रक्षा गरी

बस्छिन् ती मनकामना भतवती नेपालरक्षा गरी ॥

(नेपाल दर्शन, पृ. १९, श्लो. २)

गोडेथे शिवले त्रिशूल पहिले गोसाई कुण्डैतिर

धारा तीनवटा झरी धरर भै भन्छन् त्रिशुलीतिर ।

बेनीघाट पवित्र तीर्थ बनियो बूढी त्रिशूली मिली
गर्दै सादर अंकमाल दुइटै बग्छन् हुँदै मण्डली ॥

(नेपाल दर्शन, पृ. २३, श्लो. २३)

चेपे लम्जुङ गोरखाबिच नदी सीमा बनी बग्दछ
सेती नामक पोखरा तलतलै जो भासिंदै बग्दछ ।
उर्लेको छ छचल्किँदै नदनदी सातै मिली गण्डकी
ठूलो तीर्थ छ देवघाट जसमा काली मिली गण्डकी ॥

(नेपाल दर्शन, पृ. २४, श्लो. २८)

**वीर रस**

खुँडा र खुर्पा हँसिया करौंती
स्याँगी चुलेसी खुकुरी सरौती ।
कैंची छुरा छन् तरबार जाती
हाम्रो यिनै हुन् रिपुसैन्यघाती ॥

(नेपाल दर्शन, पृ. ३, श्लो. १४)

भर्ती हुन्छन् नि सेनामा शूरा र बलिया हुँदा ।
हिमाली लेकमा बस्ने भोटे जाति जनाउँदो ॥

(नेपाल दर्शन, पृ. १६, श्लो. ४७)

**करुण रस**

बोका भेंडा कतै राँगा सुँगुर कुखुरा बलि ।

प्रत्येक घरमा दिन्छन् अष्टमी नै भयो कलि ॥

(नेपाल दर्शन, पृ. ३६, श्लो. ३२)

बलिको निउले हत्या लाखौंको, यो विडम्बना ।

देवासुर लडाइँको मलाई हुन्छ सम्झना ॥

(नेपाल दर्शन, पृ. ३६, श्लो. ३३)

**शृङ्गार रस**

विवाह विष्णुको हुन्छ मोठमा तुलसीसित ।

त्यसैमा होम हालेर नवान्न हुन्छ निर्मित ॥

(नेपाल दर्शन, पृ. ३८, श्लो. ४७)

समग्रमा भन्नुपर्दा यस खण्डकाव्यमा मुख्य रूपमा शान्त रसको प्रयोग भएको छ भने अन्य रसको प्रयोग थोरै ठाउँमा भए पनि भएको छ ।

### ४.३.६ संरचना/सर्गविधान

प्रस्तुत **नेपाल दर्शन** खण्डकाव्यमा सर्गको नाम नदिए पनि काव्य विभाजन गर्दा विश्रामको प्रयोग गरिएको छ । सर्गको सट्टामा प्रयोग गरिएका यस्ता विश्रामहरू जम्मा ६ वटा रहेका छन् । जम्माजम्मी ४० पृष्ठमा फैलिएको यस खण्डकाव्यमा श्लोक सङ्ख्या भने जम्मा २९९ रहेको छ । विश्राम अनुसार समेटिएका श्लोकहरूमा पहिलो विश्राममा ५१ वटा चतुष्पदीय श्लोकहरू रहेका छन् । दोस्रो विश्राममा ७२ वटा द्विष्पदीय श्लोकहरू रहेका छन् । यस खण्डकाव्यमा प्रस्तुत तेस्रो विश्राम अन्तर्गत ३१ वटा चतुष्पदीय कविताका श्लोकहरू रहेका छन् । चौथो विश्राममा सबैभन्दा थोरै अर्थात जम्मा २५ वटा श्लोकहरू रहेका छन् । यस विश्राममा एउटा चतुष्पदीय श्लोक बाहेक अन्य जम्मै द्विष्पदीय श्लोकहरू रहेका छन् । पाँचौ विश्राममा समेटिएका श्लोकहरू भने ४९ वटा रहेका छन् । यस विश्राममा पनि द्विष्पदीय श्लोकहरू रहेका छन् । त्यसैगरी छैटौं अर्थात अन्तिम विश्राममा पनि द्विष्पदीय ७१ वटा कविताका श्लोकहरू रहेको देखिन्छ । यस खण्डकाव्यमा प्रस्तुत विश्राम विश्रामले लिएको पृष्ठ,

प्रत्येक विश्राममा रहेका कविताका श्लोक सङ्ख्या र छन्दसमेतलाई तालिकामा यस प्रकार देखाउन सकिन्छ :

| विश्राम | पृष्ठदेखि पृष्ठसम्म | शीर्षकले लिएको जम्मा पृष्ठसङ्ख्या | श्लोक सङ्ख्या |
|---|---|---|---|
| पहिलो | १ – १० | १० | ५१ |
| दोस्रो | ११ – १८ | ८ | ७२ |
| तेस्रो | १९ – २४ | ६ | ३१ |
| चौथो | २५ – २७ | ३ | २५ |
| पाँचौ | २८ – ३२ | ५ | ४९ |
| छैटौँ | ३३ – ४० | ८ | ७१ |
| जम्मा | ४० | ४० | २९९ |

प्रस्तुत खण्डकाव्यको विश्रामअनुसार श्लोक सङ्ख्या र पृष्ठ सङ्ख्या समान नभए पनि त्यसले खण्डकाव्यमा खासै असर पारेको देखिँदैन । खण्डकाव्यमा पाँचवटा वर्णमात्रिक छन्दको प्रयोगले काव्यको उचाइ झन बढ्न पुगेको देखिन्छ । धेरै विश्राममा अनुष्टुप् छन्दको प्रयोग भएको छ भने दुईवटा श्लोकमा मात्रै शिखरिणी छन्दको प्रयोग भएको पाइन्छ । विश्रामअनुसार घटिमा २५ देखि बढीमा ७२ वटासम्म कविताका श्लोकहरू रहेका छन् भने सोहीअनुरुप यहाँ प्रस्तुत कविताका श्लोकहरू घटिमा तीनदेखि बढीमा दश पृष्ठसम्म तन्किएको देखिन्छ ।

**४.३.७ छन्द तथा लयविधान**

कवि डिल्लीरमण शर्मा अर्ज्यालद्वारा लिखित **नेपाल दर्शन** खण्डकाव्यमा पनि उनका अन्य खण्डकाव्यहरूमा झैं वर्णमात्रिक छन्दको प्रयोग भएको पाइन्छ । यस खण्डकाव्यको बाह्य संरचनालाई हेर्दा कुल २९९ श्लोक सङ्ख्यागत आयाम र ६ विश्रामको परिधिभित्र काव्य पूरा भएको छ । छन्दका दृष्टिले प्रस्तुत खण्डकाव्यलाई हेर्दा पहिलो विश्राममा इन्द्रवज्रा र उपेद्रवज्रा छन्दको प्रयोग भएको छ । दोस्रो र तेस्रो विश्राममा क्रमशः अनुष्टुप् र शार्दूलविक्रीडित छन्दको प्रयोग भेटिन्छ भने चौथो विश्रामको १० र ११औं श्लोकमा शिखरिणी छन्दको प्रयोग बाहेक अन्य सबै श्लोकहरूमा

अनुष्टुप् छन्दको प्रयोग भएको छ । त्यसैगरी पाँचौं र छैटौं दुवै विश्राममा भने एउटै अनुष्टुप् छन्दको मात्रै प्रयोग भएको छ । कविले यस खण्डकाव्यमा प्रयोग गरेका छन्दहरू र लयगत आवृत्ति अनुप्रासलाई निम्नानुसारका श्लोकहरूबाट देखाउन सकिन्छ :

**इन्द्रवज्रा छन्द**

नेपाल यो सुन्दर शान्त देश

पोसाक नै राष्ट्रिय हुन्छ वेश ।

टोपी र दौरा सुरुवाल कोट

चाहिन्छ राम्रो बलियो बनोट ॥

(नेपाल दर्शन, पृ. १, श्लो. १)

**उपेद्रवज्रा छन्द**

हिमाल कस्तो छ हिमाल जस्तो

हिमाल कत्रो छ हिमाल जत्रो ।

हिमालभन्दा अति उच्च केछ ?

संसारमा उच्च हिमाल नै छ ॥

(नेपाल दर्शन, पृ.४, श्लो. १७)

**उपजाति छन्द**

झरेर जान्छन् भइँमा गलेर

खाएर भ्याइन्न गए सडेर ॥

(नेपाल दर्शन, पृ.९, श्लो. ४१)

**अनुष्टुप् छन्द**

लेकबाट तराईमा झर्न थाले धमाधम ।
मान्छयैमान्छे भई जम्मा तराईमा टनाटन ॥

(नेपाल दर्शन, पृ. ११, श्लो. ४)

**शार्दूलविक्रीडित छन्द**

देवीमन्दिर देवमन्दिर थिए लाखौं करौडौं जहाँ
झल्की नाम निसान छैन अघिको राम्रो कला थ्यो यहाँ ।
कोही मूर्तिबिना छ मन्दिर कहीं छानो बिना केवल
घण्टै छैन कतै कतै त मुकुटै सीपै भयो निष्फल ॥

(नेपाल दर्शन, पृ. १९, श्लो. ५)

**शिखरिणी छन्द**

गुरुङ्गी व्यासी व्यास हिमगिरिका छन् वरपर
जिरेल पूर्वैमा वरपर त हायू प्रियतर ।
यहाँ चेपे थामी मगर मगराँती छ इतर
यहाँ भाषा पन्ध्रै यस खलकमा आदर गर ॥

(नेपाल दर्शन, पृ. २६, श्लो. ११)

माथि प्रस्तुत गरिएका कविताका श्लोकहरूमा छन्दगत विविधता र अन्त्यानुप्रासको पनि राम्रो प्रयोग भएको छ । तीन वटा विश्राममा अनुष्टुप् छन्दको प्रयोग भएको छ भने अन्य तीनवटा विश्राममा इन्द्रवज्रा, उपेन्द्रवज्रा, उपजाति, शार्दूलविक्रीडित, शिखरिणी र अनुष्टुप् छन्दको प्रयोग भएको देखिन्छ । यस खण्डकाव्यमा कविले छन्दप्रतिको आफ्नो कुशलतालाई देखाएका छन् साथै कवितामा लयलाई

बढाउन अझ प्रयास गरेको देखिन्छ । छन्द मिलाउनका लागि केही ह्रस्व शब्दलाई दीर्घ र दीर्घ शब्दलाई ह्रस्वको रूपमा समेत प्रयोग भएको भेटिन्छ । ६वटा छन्द प्रयोग भएको यस खण्डकाव्यमा लयात्मकता, गेयात्मकता र साङ्गीतिक मिठास थप्ने थुप्रै श्लोकहरू रहेका छन् । यस्ता श्लोकहरूका केही उदाहरण निम्नानुसार प्रस्तुत गरिन्छ :

गुन्यू र चोलो फरिया मजेत्रो

ढाका पछ्यौरा छ इज्जेत कत्रो ।

धागो लागाई शिरमा टिलिक्क

बाटेर चुल्ठो महिला झिलिक्क ॥

(नेपाल दर्शन, पृ. १, श्लो. २)

ढ्याङ्ग्रा ठोक्छन् ढ्याङ ढ्याङ लामाले घ्याङघ्याङमा ।

द्यौता बस्छन् गरी चिन्ता ऋषि झैं मग्न ध्यानमा ॥

(नेपाल दर्शन, पृ. १२, श्लो. १२)

शेर्पाहरू लिई हिंड्छन् 'ज्वाखर' गाउँगाउँमा ।

हिमाली लेकमा हुन्छ विभिन्न ठाउँठाउँमा ॥

(नेपाल दर्शन, पृ. १४, श्लो. ३६)

नेपालभरि नै मान्छन् चैते दशैं मजासित ।

अष्टमी नवमी दोटै तिथि हाम्रा प्रशंसित ॥

(नेपाल दर्शन, पृ. ४०, श्लो. ६७)

माथि प्रस्तुत गरिएका श्लोकहरूमध्ये कुनै श्लोकमा अन्त्यानुप्रास, कुनैमा मध्यानुप्रास, कुनैमा आद्यानुप्रास, कुनैमा शब्दको पटक पटक आवृत्ति भएको छ । पहिलो श्लोकमा अन्त्यानुप्रासको प्रयोग

हुनुका साथै 'झुपुक्क', 'टिलिक्क', 'झिलिक्क' जस्ता मौलिक तथा अनुकरणात्मक शब्दको समेत प्रयोग भएको पाइन्छ जसबाट काव्यमा लयात्मक तथा साङ्गीतिकताको मिठास झल्केको पाइन्छ । दोस्रो श्लोकमा 'ढ', 'ङ', 'य' वर्णको पटकपटक आवृत्ति भएकाले वृत्यानुप्रासको प्रयोग भएको देखिन्छ । यसैगरी तेस्रो श्लोकमा 'ग', र 'ठ' व्यञ्जन वर्णको उसै क्रममा एक पटक मात्रै आवृत्ति भएको हुँदा छेकानुप्रासको प्रयोग भएको पाइन्छ । त्यस्तै चौथो श्लोकमा आएको 'दोटै' शब्दले कविले बोल्ने भाषिकाको झल्को पाइन्छ । कवि अर्ज्यालद्वारा लिखित यस पूर्वका दुई खण्डकाव्यहरू ('थोपल' र 'रेडक्रस परिचय') का तुलनामा यो काव्य लयात्मक, साङ्गीतिक तथा अन्य कुराले पनि बलियो रहेको देखिन्छ । यसरी ६वटा वर्णमात्रिक छन्दहरूको प्रयोग गरेर पनि यस काव्य सरल र सबैले बोधगर्न सक्ने खालको देखिन्छ । यसका साथै विभिन्न अनुप्रासको प्रयोगले काव्यको उचाइ बढ्न पुगेको छ ।

चन्द्रमामा पनि सामान्य दोष रहेझैं यसकाव्यमा पनि केही ठाउँमा छन्दभङ्गका उदाहरणहरू रहेको देखिन्छ । तर यी सामान्य दोषहरू रश्मिका माँझ चन्द्रमाको दाग दबिएझैं समग्र कृतिका माँझ दबिन पुगेको देखिन्छ । छन्द भङ्गका केही नमुनाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

सधैं रात परेजस्तो लेकाली वन पाताल ('ता' ह्रश्व हुनुपर्ने) **(अनुष्टुप् छन्द)**

(नेपाल दर्शन, पृ.१३, श्लो.२४)

पानी जमेर बनियो पानी नुन उसै गरी ('ब','नि' दीर्घ हुनुपर्ने) "

(नेपाल दर्शन, पृ.१५, श्लो.४१)

शेर्पा जाति सिपालु छन् व्यापार गर्नमा अति । ('लु' दीर्घ हुनुपर्ने) "

(नेपाल दर्शन, पृ.१५, श्लो.४४)

विकास गर्नुपर्ने हो सदुपयोग होस् ऊनी ॥ ('ऊ' ह्रस्व हुनुपर्ने) "

(नेपाल दर्शन, पृ.१६, श्लो.४९)

जँगार नै तर्नुपर्छ खोलामा न त साँगु छन् ॥( 'तर्नु' क्रमशः ह्रश्व र दीर्घ हुनुपर्ने) "

(नेपाल दर्शन, पृ.१६, श्लो.५४)

हाम्रै रक्षक हुन् दुबै पशुपति ज्वालामुखी ईश्वर ('ति' दीर्घ हुनुपर्ने) **(शार्दूलविक्रीडित छन्द)**

(नेपाल दर्शन, पृ.१९,श्लो.५४)

नास्पाती कमला र आरुवखडा चाक्सी ठूलो जामुनु ('ठू' ह्रस्व हुनुपर्ने) "

(नेपाल दर्शन, पृ.२०,श्लो.१०)

गाडेथे शिवले त्रिशूल पहिले गोसाईं कुण्डैतिर ('ई' ह्रस्व हुनुपर्ने) "

(नेपाल दर्शन, पृ.२३,श्लो.२६)

शालग्राम शिला विभिन्न जसमा त्यो कुण्ड दामोदर ('ल' दीर्घ हुनुपर्ने) "

(नेपाल दर्शन, पृ.२४,श्लो.२७)

राखे नाम त नाबाट यसकै नारायणी अञ्चल ('बा' ह्रस्व हुनुपर्ने) "

(नेपाल दर्शन, पृ.२४,श्लो.२९)

जस्तै मोरङमा बोल्ने कोचे मेचे सतारी हुन् । ('री' ह्रस्व हुनुपर्ने) **(अनुष्टुप् छन्द)**

(नेपाल दर्शन, पृ.२५,श्लो.५)

भोजपुरी कुमाले औ चुरेटी दनुवारी र । ('री' ह्रस्व हुनुपर्ने) "

(नेपाल दर्शन, पृ.२६,श्लो.१३)

जनक. धनु. दो. रामे. महो. सर्लाही सिन्धुली ॥ ('ही' ह्रस्व हुनुपर्ने) "

(नेपाल दर्शन, पृ.२८,श्लो.५)

गण्डकी तनहुँ, कास्की मनाङ् गो. स्याङ लम्जुङ ( 'हुँ' दीर्घ हुनुपर्ने) "

(नेपाल दर्शन, पृ.२८,श्लो.७)

लुम्बि. गुल्मी रूपन्. अर्घा. नवल्. कपिल पालपा ॥ ('रू' ह्रस्व हुनुपर्ने) ( ध-घ हुनुपर्ने) "

(नेपाल दर्शन, पृ.२८,श्लो.८)

जनक धनु. दो. रामे. महो. सर्लाही सिन्धुली ॥ ('ही' ह्रस्व हुनुपर्ने) ”

(नेपाल दर्शन, पृ.३०,श्लो.२१)

रसुवाको भयो धुन्चे विदुर नुवाकोटको ।('वा' ह्रस्व हुनुपर्ने) ”

जिल्ला धादिङको भन्छन् धादिङबेंसी सुन्दर ॥ ('सी' ह्रस्व हुनुपर्ने) ”

(नेपाल दर्शन, पृ.३०,श्लो.२५)

गण्डकी तनहुँ कास्की मनाङ् गो स्याङ लम्जुङ । ('हुँ' दीर्घ हुनुपर्ने) ”

(नेपाल दर्शन, पृ.३१,श्लो.३१)

लुम्बि. गुल्मी, रूपन् अर्घा, नवल् कपिल, पालपा । ('रू' ह्रस्व हुनुपर्ने) ”

(नेपाल दर्शन, पृ.३१,श्लो.३५)

गुल्मीको तमघासै हो नवलैको परासी हो ॥ ('सी' ह्रस्व हुनुपर्ने) ”

(नेपाल दर्शन, पृ.३१,श्लो.३७)

काली डडेल्धुरा कञ्चनपुर वैतडी दार्चुला ॥ ('डी' ह्रस्व हुनुपर्ने) ”

(नेपाल दर्शन, पृ.३२,श्लो.४७)

जब आयो कुशे औंशी तब मोतीजयन्ती नै । ('ती' ह्रस्व हुनुपर्ने) ”

(नेपाल दर्शन, पृ.३५,श्लो.२३)

भाद्रशुक्लद्वितीयामा दर खान्छन् ती रातमा ॥ ('ती' ह्रस्व हुनुपर्ने) ”

(नेपाल दर्शन, पृ.३५,श्लो.२५)

नेपाली संस्कृति हाम्रो झल्कन्छ त्यस रातमा ॥ ('ति' ह्रस्व हुनुपर्ने) ”

(नेपाल दर्शन, पृ.३७,श्लो.४०)

त्यसैगरी यस काव्यमा भाषिकाको प्रयोग पनि भएको देखिन्छ । त्यस्ता शब्दहरूमा दोटै,(पृ.४०) चितुन्,(पृ.३०) तानसिङ्,(पृ.३१) आदि रहेका छन् भने केही शब्दगत त्रुटि भएको पनि देखिन्छ । त्यस्ता शब्दहरूमा  अर्धा(पृ.२८, हुनुपर्ने अर्घा), रिबाङ(पृ.३९, हुनुपर्ने लिवाङ) । त्यसैगरी छन्द मिलाउनका लागि जिल्लाका नामहरूलाई छोट्याएर पनि लेखिएको छ । जस्तै : भोज.(भोजपुर), दो.( दोलखो), रुकुं.(रुकुम), का.(काठमाडौं) आदि ।

अन्त्यानुप्रास नमिलेका श्लोकहरूको पृष्ठसङख्या र श्लोकसङ्ख्या यस प्रकार प्रस्तुत गरिएको छः

(पृ.२८, श्लोक .३,४,५,६,७,८,९), (पृ.३०, श्लोक. २१,२२,२४,२५,२८,२९), पृ.३१, श्लोक. ३१,३२,३३,३४,३५,३८), (पृ.३२ ,श्लोक. ४०,४१,४३,४५,४६,४७,४८) आदि ।

### ४.३.८ अलङ्कारविधान

कवि डिल्लीरमण शर्मा अर्ज्यालद्वारा लिखित प्रस्तुत **नेपाल दर्शन** खण्डकाव्य पनि  अलङ्कारिक अभिव्यक्तिका दृष्टिकोणले उल्लेखनीय मानिन्छ । यस खण्डकाव्यमा प्रयोग भएका शब्दालङ्कार र अर्थालङ्कार दुबैले काव्यलाई सौन्दर्यमय बनाएको छ । यस खण्डकाव्यमा आद्यानुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रास, छेकानुप्रास, वृत्यनुप्रास र यमक जस्ता शब्दालङ्कारको प्रयोग भएको पाइन्छ भने स्वभावोक्ति, उपमा, रूपक, उत्प्रेक्षा, यमकजस्ता अर्थालङ्कारको प्रयोगले काव्यमा श्रुतिमधुरता, कर्णप्रियता, चमत्कारिता तथा ध्वन्यात्मकता सृजना भएको छ । यस क्रममा काव्यको बाहिरी सौन्दर्यमा सीमित रहने अनुप्रासादि शब्दालङ्कार तथा काव्यको आन्तरिक सौन्दर्यमा बल पुऱ्याउने अर्थालङ्कारको रूपमा निम्नलिखित श्लोकहरूलाई लिन सकिन्छ ।

**अनुप्रास अलङ्कार**

बस्छन् भैरव भैरवी हित गरी धादिङ्ग गुप्तेश्वरी

हाम्रै रक्षण गर्दछिन् नि जननी नेपाल बाघेश्वरी ।

गौरीघाट बसिन् मृगस्थल घुमी ती राजराजेश्वरी

हाम्रै रक्षण पार्वती लुकिलुकी गर्छिन् नि सिद्धेश्वरी ॥

(नेपाल दर्शन, पृ. १९, श्लो. ४)

माता हुन् विजयेश्वरी भगवती नेपालकी रक्षिका

मालालङ्कृत संकटा भगवती संकष्टको मोचिका ।

नेपाली जनका समस्त भगवान् संमान्य कुम्भेश्वर

नेपाली जनका समस्त भगवान् आधार कर्णेश्वर ॥

(नेपाल दर्शन, पृ. २०, श्लो. ७)

झल्काइन्छ झलक्क झल्ल झललै बेलायती बैठक

मेरो हुन्छ अनन्त अन्तर कतै पीडा त मर्मान्तक ॥

(नेपाल दर्शन, पृ. २०, श्लो. ६)

माथि प्रस्तुत गरिएका दुई श्लोकहरूमध्ये पहिलो श्लोकमा र अन्त्यानुप्रासको प्रयोग गरिएको छ भने दोस्रो श्लोकमा आद्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासजस्ता शब्दालङ्कारको प्रयोग गरिएको छ । यसैगरी तेस्रो श्लोकमा भने 'झ' र 'ल' वर्णको पटक पटक आवृत्ति भएको कारणले गर्दा वृत्यनुप्रास अलङ्कारको प्रयोग भएको छ । यस खण्डकाव्यमा प्रस्तुत अधिकांश श्लोकहरूमा अन्त्यानुप्रासको राम्रो योजना गरिएको छ ।

**उपमा लङ्कार**

चाँदीसरी श्वेत हिमाल टल्क्यो

श्रीसूर्यको रश्मि झुलुक्क झल्क्यो ।

ताँबोसरी रञ्जित लालिमाले

अचम्म पारिन्छ नि फेरिनाले ॥

(नेपाल दर्शन, पृ. ४, श्लो. १८)

देखिन्छ पर्खालसरी झलक्क

टल्कन्छ यो दर्पण झैं टलक्क ।

बिहान हेर्दा सुषमा विचित्र

अनन्त खानी जसको छ भित्र ॥

(नेपाल दर्शन, पृ. ५, श्लो. २१)

**उत्प्रेक्षा अलङ्कार**

हिमाल भन्छन् हिमशैल नै हो

नेपालको उत्तर साँध पो हो ।

सेतो त रेखी हुनसक्छ धर्को

कैलास पर्दा कि त हो कि ? हर्को ॥

(नेपाल दर्शन, पृ. ५, श्लो. २३)

हुरी बतास पानीले चिल्ली बिल्ली बनाउँछ ।

प्रलयकाल आएको हो कि ? झैं नै जनाउँछ ॥

(नेपाल दर्शन, पृ. ३४, श्लो. १०)

**संशय अलङ्कार**

यो सूर्य ढाक्ने सुरले उठेको

जो अल्किँदै जान छ रे जुटेको ।

टाँगिन् उमाले कि त ? शुभ्रसारी

राखिन् उनैले कि ? रुवो थुपारी ॥

(नेपाल दर्शन, पृ. ५, श्लो. २४)

**स्वभावोक्ति अलङ्कार**

चर्केको घामले सारा जीवनलाई सताउँछ ।

पसिनाले सबै जीउ निथ्रुक्क नै भिजाउँछ ॥

(नेपाल दर्शन, पृ. ३३, श्लो. ८)

यस्ता शब्दालङ्कार तथा अर्थालङ्कारको प्रयोगले यस काव्यको उचाइ बढ्न पुगेको देखिन्छ । यस काव्यमा पनि कविले आफ्नो कलात्मक प्रस्तुति यथेष्ठ रूपमा प्रयोग गरेको देखिन्छ ।

## ४.३.९ बिम्ब तथा प्रतीक विधान

सामान्य अर्थमा भन्नुपर्दा बिम्बले वस्तु, कार्य, भाव, विचार, धारणा, मनका अवस्था, ऐन्द्रिक, अतिऐन्द्रिक अनुभवलाई बुझाउने गर्छ । यसको जन्म भाषिक ध्वनिको सहयोगले अमूर्त अनुभूति प्रक्रियाबाट हुन्छ र यसको मूल उपकरण इन्द्रियजन्य अनुभव हुने गर्छ ।[९५] त्यसैगरी प्रतीकको शाब्दिक अर्थ उल्टो, विरुद्ध, प्रतिकूल, विपरीत, प्रतिभा भन्ने हुन्छ । खास वस्तु, विषय, दृश्य आदिलाई जनाउने अर्को वस्तु वा चिनोलाई पनि प्रतीक भनिन्छ ।[९६] अर्ज्यालको यस खण्डकाव्यमा पनि बिम्ब तथा प्रतीकको प्रयोग थुप्रै ठाउँमा भएको देखिन्छ । यस खण्डकाव्यमा प्रयोग भएका बिम्ब तथा प्रतीकका केही नमुनाहरू यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

**ऐतिहासिक बिम्ब**

ऐतिहासिक जिल्ला हो गोरखा कालिका जहाँ ।

बोका राँगा बली दिन्छन् कुखुरा कालिका महाँ ॥

---

[९५] कृष्णहरि बराल, **गजल : सिद्धान्त र परम्परा**, (काठमाडौं : साझा प्रकाशन, २०६०) पृ.११३ ।

[९६] ऐजन पृ. ११९ ।

(नेपाल दर्शन, पृ. ४०, श्लो.६५)

**पौराणिक बिम्ब**

गाई-गोबर थुप्र्याई गोवर्द्धन बनाउँछन् ।
चौथो दिन तिहारैको गाई पूजा जनाउँछन् ॥

(नेपाल दर्शन, पृ. ३७, श्लो. ४१)

**दृश्यसम्बन्धी बिम्ब**

फोहोर थुप्रा कति थुप्रिएका
सर्वत्र हेर्दा अनि देखिएका ।
फोहोरले नै कति हानि गर्छ
दायित्व आफ्नो पनि बुझ्नुपर्छ ॥

(नेपाल दर्शन, पृ. ६, श्लो. २९)

**स्वादसबन्धी बिम्ब**

अर्को अमीलो निबुवा भनिन्छ
अचारको निम्ति कडा बनिन्छ ।
काठे बनाई फल चेप्न कोल
पकाइने चूक बनाइ झोल ॥

(नेपाल दर्शन, पृ. १०, श्लो. ४९)

**गतिसम्बन्धी बिम्ब**

लेकबाट तराईमा झर्न थाले धमाधम ।
मान्छयैमान्छे भई जम्मा तराईमा टनाटन ॥

(नेपाल दर्शन, पृ. ११, श्लो. ४)

यस खण्डकाव्यमा प्रयोग गरिएको प्रतीकात्मक अभिव्यक्ति निकै स्वभाविक देखिन्छ भने त्यस्ता प्रतीकात्मक अभिव्यक्तिले काव्यलाई स्तरीय बनाएको छ । प्रतीकको प्रयोगले कवितामा मादकता भर्ने काम गर्दछ । यस खण्डकाव्यमा प्रयोग गरिएका प्रतीकहरूलाई निम्नानुसारका श्लोकहरूमा देखाउन सकिन्छ :-

हाम्रा रक्षक नीलकण्ठ भगवान् नेपालमा नै बसे
बाबा गोरखनाथ पालन गरी नेपालमा नै बसे ।
बस्छिन् दक्षिणकालिका भगवती नेपालरक्षा गरी
बस्छिन् ती मनकामना भगवती नेपालरक्षा गरी ॥

(नेपाल दर्शन, पृ. १९, श्लो. २)

गौतमबुद्ध नै हाम्रो शान्तिका अग्रदूत हुन् ।
वैशाखपूर्णिमा जन्मनयन्ती त मनाउँछन् ॥

(नेपाल दर्शन, पृ. ३३, श्लो. ६)

बोका भेंडा कतै राँगा सुँगुर कुखुरा बलि ।
प्रत्येक घरमा दिन्छन् अष्टमी नै भयो कलि ॥

(नेपाल दर्शन, पृ. ३६, श्लो. ३२)

तेञ्जिङ शेर्पा पहिले चढेथे
संसारमा मान लिई बढेथे ।
जस्ले सुनौलो इतिहास लेखे
जो विश्वमा प्रेरक मानिएथे ॥

(नेपाल दर्शन, पृ. ६, श्लो. २७)

माथि प्रस्तुत कवितामा श्लोकहरूमध्ये पहिलोमा कविले भगवान शिवको प्रतीकको रूपमा नीलकण्ठ भगवानलाई उभ्याएका छन् भने दोस्रो श्लोकमा कविले गौतम बुद्धलाई शान्तिका अग्रदूतको प्रतीकका रूपमा हेरेको पाइन्छ । त्यसैगरी तेस्रो श्लोकमा कविले अष्टमीलाई कलिका प्रतीकका रूपमा प्रस्तुत गरेका छन् । त्यस्तै तेञ्जिङ शेर्पालाई विश्वका प्रेरक भन्दै चौथो श्लोकमा पनि प्रतीकात्मक प्रस्तुति भएको देखिन्छ । यस्ता खालका बिम्ब तथा प्रतीकको प्रयोग यस खण्डकाव्यका थुप्रै ठाउँमा भेटिन्छन् ।

### ४.३.१० भाषाशैली

सामान्यतया प्रस्तुत खण्डकाव्यको भाषा, सरल र बोधगम्य छ । यस काव्यमा तत्सम्, तद्भव र आगन्तुक तीनै प्रकृतिका शब्दको प्रयोग भएको देखिन्छ । यस खण्डकाव्यमा भने तत्सम र मौलिक शब्दहरूको उल्लेख्य प्रयोग भेटिन्छ भने आागन्तुक शब्दहरूको प्रयोग पनि यथासक्य भएको देखिन्छ ।

तर यस पूर्वका अन्य दुई खण्डकाव्यमा भने तत्सम शब्दको बाहुल्य रहेको थियो । तर ती दुई खण्डकाव्यको तुलनामा यस काव्यमा तत्सम शब्दले अलि कम स्थान पाएको देखिन्छ । त्यसैले पनि यस खण्डकाव्यमा मिठासपूर्ण अभिव्यक्ति पाइन्छ जसले गर्दा काव्यलाई सहज बोधगम्य बनाएको छ । यस खण्डकाव्यमा, तत्सम, तद्भव, मौलिक तथा अनुकरणात्मक शब्दको प्रयोग गरिएका श्लोकहरूमध्ये केहीलाई निम्नानुसार प्रस्तुत गरिएको छ -

माटाको असली चिसो जल हुने गाग्रो र घ्याम्पो यहीँ
ताँबाको बलियो तथा पितलको गाग्री स्वदेशी यहीँ ।
लोहोटा असली बनोट करुवा हाम्रो ढलौटे यहीँ
पानी निर्मल अंखरा पिउनमा राखिन्छ राम्रो यहीँ ॥

(नेपाल दर्शन, पृ. २१, श्लो. १६)

खालिङ्गी अनि चाम्लिङ्गी सापाङ्गी र कुलुङ्गिनी ।
तिलुङ्गी अनि सोताङ्गी जो अठपहरी पनि ॥

(नेपाल दर्शन, पृ. २५, श्लो. ७)

मीठो हुन्छ भुजा पकाइ मसिनो काने कसौंडी महाँ
कोदाको त ढिंडो कुपुक्क निलिने च्याँख्ला मकैको यहाँ ।
नेपाली जनता असाध्य रसिला हाँसेर साथीसित
हाँडीमा भुटुटू भुटी फुल मकै खाइन्छ मीठैसित ॥

(नेपाल दर्शन, पृ. २२, श्लो. १८)

बोडी कात्तिक मासमा टिपिसके बर्खे मकै साथमा
बर्खे जेठ असारमा तिल छरी पेलिन्छ नेपालमा ।
छर्ने पाङ्दुर जेठमा टिपिसकी फाँडो बनाई दिने
मर्क्यो देह भने देलेर उसले चाँडैन सन्चो हुने ॥

(नेपाल दर्शन, पृ. २२, श्लो. २०)

भाषिकाको प्रयोग भएको सरल भाषामा प्रस्तुत कविताको नमुना यस प्रकार छन् :-

हाम्रो मध्य पहाडका तिउन हुन् फर्सी घिरौंला भिँडी
त्यो काली निउरो टिपेर कुरिलो ओल्स्याउनेछन् गिँडी ।
हाम्रो मध्य पहाडका चउरमा लाग्यो डँडेलो भने
जिब्रे साग त उम्रने भरर नै टिप्ने र ओल्स्याउने ॥

(नेपाल दर्शन, पृ. २२, श्लो. २१)

दोटै नाम विलीन भै मिलिगए जन्मेर नारायणी
ठूलो सागर भान हुन्छ जसमा नेपालको हो मणि ।

(नेपाल दर्शन, पृ. २४, श्लो. २४)

यस खण्डकाव्य नेपाल र नेपालीकै परिचय दिनका लागि रचना गरिएकाले यहाँ नेपाली भाषाका भाषिकाको समेत प्रयोग भेटिन्छ । शैलीका कोणबाट भन्दा प्रस्तुत काव्य कविप्रौढौक्तियुक्त वर्णनात्मक शैलीमा लेखिएको छ । काव्यमा प्रयोग भएको अन्त्यानुप्रास, मध्यानुप्रास, आद्यानुप्रास तथा वृत्यनुप्रासले थप लयात्मकता प्रदान गरेको छ । त्यसैगरी यस काव्यमा प्रयोग गरिएका तीनै किसिमका लयको प्रयोगले पनि शैलीमा नवीनता थपेको छ । यस खण्डकाव्यमा आवश्यकतानुसार विस्मयादिबोधक, प्रश्नात्मक, अर्धविराम र योजक आदि लेख्य चिन्हहरू कविले प्रयोग गरेका छन् । ठाउँ ठाउँमा अर्द्धविराम चिन्हको पनि प्रयोग गर्दै यिनले सरल सरस पद्यभाषामा कविता लेखेका छन् भने कवितात्मक भाषाशैली, शब्द चमत्कार र भावपक्षमा त्यति नै बढी जोड दिएका छन् । मौलिक, तत्सम तथा तद्भव शब्दहरूको बहुलता हुनुका साथै सरल र वर्णनपरक पद्यलयले गर्दा पाठकहरूलाई काव्य पढौं पढौं लाग्ने बनेको छ । यस खण्डकाव्यका कवितामा मूल रूपमा वर्णनपरक पद्यभाषाको प्रधानताभित्र अन्य प्रकारका भाषाशैलीको समेत समायोजन गरेको पाइन्छ । यस खण्डकाव्यको भाषाशैलीलाई उदाहरणका रूपमा तल प्रस्तुत गरिएको छ ।

**वर्णनात्मक**

गुरुङ्गी व्यासी व्यास हिमगिरिका छन् वरपर
जिरेली पूर्वैमा वरपर त हायू प्रियतर ।
यहाँ चेपे थामी मगर मगराँती छ इतर
यहाँ भाषा पन्ध्रै यस खलकमा आदर गर ॥

(नेपाल दर्शन, पृ. २६, श्लो. ११)

**प्रश्नात्मक**

खाता कार्यालयैबाट तंतयार गरी सके ।
जस्तो सोच्यो बन्यो त्यस्तै रकमीको निमित्त के ? ॥

(नेपाल दर्शन, पृ. १८, श्लो. ६५)

कवि अर्ज्यालले विभिन्न मूलका तत्सम, तद्भव, आगन्तुक तथा अनुकरणात्मक शब्दहरूको समेत प्रयोग गरेका छन् । उनले पद्य लेखनमा प्रयोग हुने सबै लेख्य चिन्हहरूको प्रयोग गरेको पाइन्छ । यस खण्डकाव्यमा सरल नेपाली मौलिक, झर्रा तथा अनुकरणात्मक शब्द र संस्कृत तत्सम शब्दहरूको प्रयोग स्वाभाविक रूपमा गरिएको छ । कवि अर्ज्यालको सरल शब्दको पद्यात्मकताभित्र वर्णनात्मक, प्रश्नात्मक र अनुप्रासीय भाषाशैलीले सिङ्गो खण्डकाव्य नै कलात्मक बन्न पुगेको छ । सरल तथा कोमल शब्दहरूको अधिका प्रयोग गरिएको छ भने वैदर्भी रीति र प्रसाद गुणलेयुक्त शब्दप्रयोगले काव्यको शैली निकै लयात्मक र मिठासपूर्ण भएको छ । यसरी प्रस्तुत काव्यमा सरल, सरस र बोधगम्य भाषा तथा वर्णनात्मक शैलीको समुचित प्रयोग गरिएको छ ।

**४.३.११ निष्कर्ष**

वि.स. २०६७ मा प्रकाशित प्रस्तुत **नेपाल दर्शन** खण्डकाव्य कवि डिल्लीरमण शर्मा अर्ज्यालको पाँचौ प्रकाशित नेपाली खण्डकाव्य कृति हो । यस खण्डकाव्य नेपाल र नेपालीको यथार्थ चित्रणमा केन्दित भएको देखिन्छ । छवटा विश्राममा विभाजित यस खण्डकाव्य अर्ज्यालको नितान्त मौलिक काव्य हो । यहाँ हाम्रो देश नेपाल र नेपालीको लगभग समग्र पक्षको चर्चा परिचर्चा गर्दै यसको महिमागान गरिएको छ । काव्यको  मूल विषयवस्तु जम्मा ४० पृष्ठमा समेटिएकाले यसको आकार मध्यम छ । कविप्रौढोक्ति कथनढाँचामा लेखिएको यो काव्य वर्णनात्मक शैलीमा आधारित छ । प्रस्तुत काव्यमा म पात्र अर्थात कवि एक्लैले सम्पूर्ण घटनाको वर्णन गरेका छन् । यस काव्यमा खासै उल्लेखनीय पात्रको उपस्थिति भएको देखिदैंन । यहाँ राम्रो परिवेशविधान पनि भएको देखिन्छ ।  हाम्रो देश नेपालको समग्र पक्षको चित्रण गर्नु नै यस खण्डकाव्यको मुख्य उद्देश्य हो । अझ यस खण्डकाव्यमा कवि अर्ज्यालले नेपाल र नेपालीको यथार्थ परिचय दिँदै आफ्नोपन अर्थात मौलिकता  बँचाइराख्नुपर्नेमा जोड दिएका छन् । आफ्नो धर्म, कला संस्कृति, भाषा, वेशभूषा लगायको उत्थानमा कविले जोड दिएको देखिन्छ । मुख्य रूपमा शान्त रसमा लेखिएको यस काव्यमा कतिपय ठाउँमा करुण, वीर र शृङ्गार आदि रसको प्रयोग पनि पढाइन्छ ।

यस काव्यमा शास्त्रीय छन्दको अनुशरण गरिएको छ । मुख्य रूपमा अनुष्टुप् छन्दको प्रयोग गरिएको यस काव्यमा उपजाति, शार्दूलविक्रीडित र शिखरिणी छन्दको पनि प्रयोग भएको देखिन्छ । प्रायः सबै श्लोकहरूमा अन्त्यानुप्रासको योजना रहेको छ भने मध्यानुप्रास र आद्यानुप्रासको पनि प्रयोग विभिन्न ठाउँमा भएको देखिन्छ । त्यसैगरी वर्णहरूको पटक पटकको पुनरावृत्तिले काव्य थप लयात्मक बन्नुका साथै काव्यमा बाह्य सौन्दर्य बढाउने गरी अनुप्रासादि अलङ्कारको प्रयोग गरिएको छ भने आन्तरिक सौन्दर्यलाई अझ उत्कर्ष प्रदान गर्नका लागि स्वभावोक्ति अर्थालङ्कारको पनि संयोजन पाइन्छ । त्यस्तै काव्यमा प्रयोग भएका अनेक प्रकारका बिम्ब तथा प्रतीकको प्रयोगले काव्य थप ओजिलो बनेको छ । संस्कृत भाषासाहित्यका ज्ञाता कवि अर्ज्याल सुरुमा संस्कृत साहित्यतिरै उन्मुख थिए, त्यसैको प्रभावस्वरूप नेपाली भाषामा प्रकाशित पाँचौ खण्डकाव्य **नेपाल दर्शन**मा पनि संस्कृत भाषाको प्रभाव पर्नु स्वाभाविक नै मानिन्छ । तर यस काव्यमा भने तत्सम शब्दको साथसाथै अन्य काव्यको तुलनामा तद्भव तथा मौलिक शब्दहरूको प्रयोग धेरै भएको देखिन्छ । त्यसैले पनि यस काव्य पढ्दा सजिलै बुझिने खालको रहेको छ । खासगरी वर्णनात्मक शैलीमा लेखिएको यस काव्यमा माधुर्य गुण र वैदर्भी रीतिजन्य शब्दहरूको प्रयोगले काव्य प्राञ्जल र ध्वन्यात्मक बनेको छ ।

## ४.४ डिल्लीरमण शर्मा अर्ज्यालका खण्डकाव्यात्मक प्रवृत्तिहरू

कवि डिल्लीरमण अर्ज्याल वि.स.२०२० बाट औपचारिक रुपमा साहित्यका क्षेत्रमा प्रवेश गरेको देखिन्छ । वि.स. २०२० देखि संस्कृत साहित्यमा कलम चलाएका भए पनि नेपाली साहित्यमा भने अर्ज्याल वि.स. २०४६ देखि प्रवेश गरेका बुझिन्छ । आफ्ना बाबुको निधनको शोकको अभिव्यक्तिस्वरूप २०४६ सालमा **वेधनिधि** शोकाकाव्य प्रकाशित गरेर औपचारिक रूपमा कवि अर्ज्याल नेपाली साहित्यमा प्रवेश गरेका हुन् । त्यसपछि उनले थुप्रै साहित्यिक कृतिहरूको प्रकाशन गरेको देखिन्छ । प्रस्तुत शोधपत्रमा अर्ज्यालका प्रकाशित नेपाली खण्डकाव्यहरूमध्ये **थोपल**(२०५७), **रेडक्रस परिचय** (२०६१) र **नेपाल दर्शन**(२०६७) गरी तीनवटाको मात्रै विश्लेषण गरिएको छ । अतः उपर्युक्त तीन खण्डकाव्यका आधारमा अर्ज्यालका खण्डकाव्यात्मक प्रवृतिहरूलाई यस प्रकार निरूपण गर्न सकिन्छ :

### ४.४.१ प्रकृतिप्रेम

प्रकृतिप्रेम डिल्लीरमण शर्मा अर्ज्यालका खण्डकाव्यात्मक प्रवृत्तिहरूमध्ये एक हो । उनका प्रायः सबै जसो खण्डकाव्यमा यो प्रवृत्ति सलवलाएको पाइन्छ । काव्यको विषयवस्तुले जस्तो मोड

लिन्छ सोही किसिमले प्रकृतिलाई उतार्ने कवि कुशलता उनका खण्डकाव्यबाट थाहा पाइन्छ । हिमालयको प्रकृति, हिमालबाट कलकल गर्दै बग्ने नदीहरू, लता, लहराहरू, वन जङ्गल, पर्वत, टाकुरा आदिको मनोहर चित्रण गरिएको छ । **थोपल** र **नेपाल दर्शन** दुबै खण्डकाव्यमा नेपालको सुन्दर प्रकृतिको चित्रण सुन्दर ढङ्गबाट भएको पाइन्छ । यी दुबै खण्डकाव्य प्राकृतिक सौन्दर्यको चित्रणमा अग्रपंक्तिमा रहेको कुरा सहजै बुझ्न सकिन्छ । नेपालको हिमाल, पहाड, तराई, वनजङ्गल, नदीनाला लगायत थुप्रै पक्षको चित्रण यी दुई काव्यमा गरिएको पाइन्छ ।

### ४.४.२ अध्यात्मिक चिन्तन

कवि डिल्लीरमण शर्मा अर्ज्यालका खण्डकाव्य कृतिहरूमा अध्यात्मवादी चिन्तनको सङ्केत पनि पाइन्छ । त्यसोत उनी पूर्वीय अध्यात्मवादी चिन्तनको मूलस्रोतका रूपमा रहेको संस्कृत भाषा साहित्यका विद्यार्थी भएकोले पनि होला उनमा अध्यात्मिक चिन्तनको विकाश भएको । उनको **नेपाल दर्शन** खण्डकाव्य यस दृष्टिकोणबाट बढी महत्त्वपूर्ण रहेको देखिन्छ । यस खण्डकाव्यमा कविले नेपालका विभिन्न मठमन्दिर तथा देवदेवीको भक्तिपूर्वक चर्चा गरेका छन् । जस्तै :

बस्छन् भैरव-भैरवी हित गरी धादिङ्ग गुप्तेश्वरी
हाम्रै रक्षण गर्दछिन् नि जननी नेपाल बाघेश्वरी ।
गौरीघाट बसिन् मृगस्थल घुमी ती राजराजेश्वरी
हाम्रै रक्षण पार्वती लुकिलुकी गर्छिन् नि सिद्धेश्वरी ॥

(नेपाल दर्शन, पृ.१९, श्लो.४)

### ४.२.३ देशभक्तिपूर्ण भावना

देशप्रेम पनि खण्डकाव्यकार डिल्लीरमण शर्मा अर्ज्यालको महत्त्वपूर्ण खण्डकाव्यात्मक प्रवृत्ति हो । उनका सबैजसो खण्डकाव्यहरूमा देशप्रेमले स्थान पाएको देखिन्छ । उनको **थोपल** खण्डकाव्यमा नेपालको प्राकृतिक सुन्दरताको चित्रण गर्दै आफ्नो मातृभूमिप्रति अगाध माया प्रकट गरेका छन् । अर्को खण्डकाव्य **रेडक्रस परिचय**मा पनि अर्ज्यालले रेडक्रस नामक संस्थाको परिचय दिने क्रममा नेपाल र नेपालीप्रति प्रेमभाव प्रकट गरेको स्पष्ट देखिन्छ । अर्ज्यालको **नेपाल दर्शन** खण्डकाव्यमा पनि आफ्नो जन्मभूमिप्रति कविले स्नेह प्रकट गरेको पाइन्छ । सबै खण्डकाव्यरूको तुलना गर्दा सबैभन्दा बढी देशभक्तिपूर्ण भावना कविले **नेपाल दर्शन** खण्डकाव्यमा पोखेको पाइन्छ । देशभक्तिपूर्ण भाव भएका कविताका केही श्लोकहरू यस प्रकार छन् :

उत्साही देखिएका छन् नेपाली जनता सबै
विभिन्न दुःख, पीडामा हट्तैनन् पछि यी कबै ।

(रेडक्रस परिचय, पृ.२८, श्लो.१०)

नेपाल यो सुन्दर शान्त देश
पोसाक नै राष्ट्रिय हुन्छ वेश ।
टोपी र दौरा-सुरुवाल कोट
चाहिन्छ राम्रो बलियो बनोट ॥

(नेपाल दर्शन, पृ.१, श्लो.१)

धोती लगौंटी कति सानदार
मानिन्छ हाम्रो अति स्वास्थकार ।
टनक्क बाँधी पटुका कछाड
नेपालको भेष तिमी नछाड ॥

(नेपाल दर्शन, पृ.१, श्लो.३)

### ४.२.४ कारुणिकता

कारुणिकता पनि खण्डकाव्यकार डिल्लीरमण शर्मा अर्ज्यालको प्रवृत्ति रहेको देखिन्छ । उनले आफ्ना खण्डकाव्यमा कारुणिक भाव पनि प्रस्तुत गर्न सफल भएको देखिन्छ । **नेपाल दर्शन** खण्डकाव्यका तुलनामा **थोपल** र **नेपाल दर्शन** खण्डकाव्यमा कारुणिक भाव अलि बढी रहेको देखिन्छ । यस्ता कविता केही श्लोकहरू यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

उत्ताना बिचरा पकापक लडे व्यर्थै गयो जीवन
दौडादौड भयो टिपाटिप गरे थुप्रो बनाए धन ।
जो होचो उसको दिएर मुखमा घोचो भने झै भयो
माछा मानिसको परेर वशमा क्या जिन्दगी नै गयो ॥

(थोपल, पृष्ठ २, श्लोक ९)

देख्दा लडाइँ ड्यूनाको मन भयो छिया छिया
ठीकै हो हृदयीको यो उर्लन्छ मानसी क्रिया ।

(रेडक्रस परिचय, पृ.२, श्लो.१२)

बोका भेंडा कतै राँगा सुँगुर कुखुरा बलि ।

प्रत्येक घरमा दिन्छन् अष्टमी नै भयो कलि ॥

(नेपाल दर्शन, पृ. ३६, श्लो. ३२)

### ४.२.५ संस्कृत काव्यधाराबाट प्रभावित

कवि डिल्लीरमण शर्मा अर्ज्याल संस्कृत भाषा साहित्यमा विशेष दख्खल भएका व्यक्ति भएकाले उनमा संस्कृत साहित्यका कविहरू कालिदास, भारवि, भास आदिका काव्यशास्त्रीय मान्यताहरूको प्रभाव ग्रहण गरेको पाइन्छ । अलङ्कार, गुण, रीति, छन्द, रस, ध्वनि, वक्रोक्तिजस्ता पूर्वीय काव्यशास्त्रका मान्यता र मर्यादालाई यथासम्भव अनुशरण गरेर उनका खण्डकाव्यहरू रचिएका छन् । यसैले संस्कृत काव्यधाराबाट प्रभावित प्रवृत्ति पनि उनको एक विशिष्ट प्रवृत्ति हो भन्न सकिन्छ ।

### ४.२.६ स्तुतिवादिता

कवि डिल्लीरमण शर्मा अर्ज्यालको अर्को खण्डकाव्यगत प्रवृत्तिका रूपमा स्तुतिवादिता रहेको छ । उनले आफ्नो **थोपल** र **नेपाल दर्शन** खण्डकाव्यमा विभिन्न देवदेवीको स्तुतिवन्दना गरेका छन् । यस दृष्टिले नेपाल दर्शन खण्डकाव्य महत्त्वपूर्ण देखिन्छ । यहाँ विभिन्न देवदेवीका साथै नेपाल आमाको समेत स्तुतिगान गरिएको छ ।

### ४.२.७ मानवतावादी चिन्तन

मान्छेले मान्छेलाई मान्छेकै रूपमा व्यवहार गर्नु पर्छ भन्ने चिन्तन नै मानवतावादी चिन्तन हो । कवि डिल्लीरमण शर्मा अर्ज्याल प्रकृतिका सबै जीवजन्तुलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुन्छ भन्दै उनीहरूलाई स्वतन्त्रतापूर्वक जीउने वातावरण सिर्जना गर्नु पर्नेमा जोड दिएका छन् । उनका खण्डकाव्यहरूमा यसखालको विचार यत्रतत्र भेट्न सकिन्छ । निःस्वार्थ रूपमा सबै प्राणीको सेवा गर्नु

पर्नेमा कविको जोड रहेको छ । उदाहरणका रूपमा केही श्लोकहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

गर्नै हुन्न भेदभाव मानव धर्म मान्नु हो
बराबर सबैलाई गर्नु मानव कर्म हो ।

(रेडक्रस परिचय, पृ.९, श्लो.११)

उद्देश्य जन्मको हुन्छ मान्छेले बुझ्नु पर्दछ
उद्देश्य पूर्तिका लागि सेवा नै गर्नु पर्दछ ।

(रेडक्रस परिचय, पृ.४, श्लो.३०)

डाँडा डाँडा घरघर सबै देशका गाउँ गाउँ
खोला नाला बगरबगरै रोडमा ठाउँठाउँ ।
बाल्ने इच्छा झिलिमिली थियो आँतमा कत्ति कत्ति
ठूला ठूला असल बिजुली योजना ल्याई बत्ती ॥

(थोपल, पृष्ठ १४, श्लोक ६)

### ४.२.८ विकृत राजनीतिप्रति वितृष्णा

कवि डिल्लीरमण शर्मा अर्ज्याले आदर्श राजनीतिका पक्षमा देखिएका छन् । राजनीतिमा देखिएका विकृति-विसङ्गतिप्रति कविले चिन्ता प्रकट गरेका छन् । उनका खण्डकाव्यहरू यस किसिमको भावना पनि कहीँ कतै भेट्न सकिन्छ । राजनीतिमा पनि इमान्दारिता, स्वच्छता र आदर्शता हुनुपर्ने धारणा कविको रहेको देखिन्छ । भ्रष्ट र नैतिकहीनहरूप्रति पनि कवि आक्रामक रूपमा प्रस्तुत भएको देखिन्छ । यस खालका श्लोकहरू केहीलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

मेरो पानी यदि सदुपयो-गै हुने हो भने ता

के के हुन्थ्यो प्रगति अहिले को छ आदर्श नेता ?

पक्कै हुन्थ्यो अमरपुर यो बेस धादिङबेंसी

आई बस्थिन् प्रतिदिन यहीं अप्सरा नै सुकेशी ॥

(थोपल, पृष्ठ १५, श्लोक १२)

उमेदवार आफैंले छाप ठोक्छन् खराखर ।

नामावलि भएसम्म मत हुन्छन् बराबर ॥

(नेपाल दर्शन, पृ. १८, श्लो. ६७)

### ४.२.९ नेपाली जातिको धर्म संस्कृतिप्रति प्रेम

कविले आफ्नो वेशभूषा, धर्म, सस्कृति, रहनसहनप्रति अथाह स्नेह प्रकट गरेका छन् । यस आधारमा हेर्दा कवि डिल्लीरमण शर्मा अर्ज्याल एक सच्चा राष्ट्रवादी कविका रूपमा देखा परेका छन् । यस किसिमको प्रवृत्ति उनका खण्डकाव्यहरूमा भेट्न सकिन्छ । आफ्नो मौलिकतालाई बचाइ राख्नुपर्ने कुरामा कविले जोड दिएका छन् । यस कोणबाट हेर्दा उनको **नेपाल दर्शन** खण्डकाव्य महत्त्वपूर्ण रहेको देखिन्छ । यस्ता कविताका श्लोकहरूमध्ये नमुनाका रूपमा केहीलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

नेपाल यो सुन्दर शान्त देश

पोसाक नै राष्ट्रिय हुन्छ वेश ।

टोपी र दौरा सुरुवाल कोट

चाहिन्छ राम्रो बलियो बनोट ॥

(नेपाल दर्शन, पृ. १, श्लो. १)

धर्म छाड्न हुँदैहुन्न, जस्ले देश बचाउँछ ।

संस्कृति मुटु नै जस्ले देशलाई सजाउँछ ॥

(नेपाल दर्शन, पृ. २७, श्लो. २५)

### ४.२.१० कर्ममुखी भावना

खण्डकाव्यकार डिल्लीरमण शर्मा अर्ज्यालले आफ्ना खण्डकाव्यहरूमा कर्ममुखी विचार प्रकट गरेका छन् । निःस्वार्थ भावले सबै नेपालीले आ-आफ्नो कर्म गरेको खण्डमा देश विकास हुने कुरामा कवि ढुक्क देखिन्छन् । कुरा मात्रै गर्ने तर काम नगर्ने प्रवृत्तिप्रति कवि रुष्ट देखिएका छन् । उनका खण्डकाव्यहरूमा यो प्रवृत्ति पनि भेट्न सकिन्छ । नमुनाका रूपमा कविताका केही श्लोकहरू तल प्रस्तुत गरिएको छ-

स्या स्या स्या मुखले र पाउ करले गर्दै अगाडि बढे
मान्छेका डरले दगुर्न करले थाले उसैमा सडे ।
ओहो ! देश विकास गर्न यसरी एकै मतो भैदिए
नेपालै बनिने थियो सुरपुरी कर्तव्यता सम्झिए ॥

(थोपल, पृष्ठ ४, श्लो.२२)

मेरो जन्म त सापरीतिर भयो अन्त्यै त्रिशुलीतिर
त्यो भन्ज्याङ सदाभरी झलझली सम्झी रहेको छु र ।
ठूलो उन्नति गर्न कोसिस गरें इच्छा भयो निष्फल
ठूलाठालु भनाउँदा घुमी-घुमी गर्थे कुरा केवल ॥

(थोपल, पृष्ठ १, श्लोक १)

च्याङ्ग्रापालनको निम्ति त्यो हो ठाउँ मनोहर ।
याकचौंरी थुपारेर किसान ! फाइदा गर ॥

(नेपाल दर्शन, पृ. १६, श्लो. ५२)

### ४.२.११ थोरै पात्र तथा झिनो आख्यानको प्रयोग

कवि डिल्लीरमण शर्मा अर्ज्यालले आफ्ना खण्डकाव्यमा पात्रहरू खासै प्रयोग गरेको देखिँदैन । **थोपल** खण्डकाव्यमा 'म' पात्रको मात्रै मुख्या भूमिका रहेको देखिन्छ भने **रेडक्रस परिचय** खण्डकाव्यमा कविले वर्णनात्मक शैलीमा रेडक्रस नामक संस्थाको परिचय दिएको पाइन्छ । यहाँ खासै उल्लेखनीय पात्र कविले चयन गरेको देखिँदैन । त्यसैगरी **नेपाल दर्शन** खण्डकाव्यमा पनि कवि स्वयम्  ले नै वर्णनात्मक शैलीमा कथानक अगाडि बढाएको देखिन्छ । यहाँ पनि कविले हाम्रो देश नेपालको विभिन्न कोणबाट परिचय दिने काम गरेका छन् । यहाँ पनि कविले कुनै उल्लेखनीय पात्रको उपस्थिति गराएको देखिदैन ।

त्यसैगरी कविले आफ्ना खण्डकाव्यमा सशक्त आख्यानको प्रयोग गरेको देखिँदैन । **थोपल** खण्डकाव्यमा आख्यानको उपस्थिति सामान्य रहे पनि अन्य दुई खण्डकाव्यहरू (**रेडक्रस परिचय** र **नेपाल दर्शन**) मा आख्यान पक्षमा भन्दा पनि संस्थाको विकासक्रम र नेपाल तथा नेपाली जातिको विविध पक्षको वस्तुपरक रूपबाट वर्णन गर्न कवि तल्लीन भएको देखिन्छ । जेहोस् उनका यी तीनवटा खण्डकाव्यहरूलाई हेर्दा आख्यान पक्ष बेजोड छ भन्ने आधार भेटिँदैन ।

यसरी खण्डकाव्यकार अर्ज्यालका तीनैवटा खण्डकाव्यहरूमा प्रयुक्त प्रवृत्तिहरू फरक-फरक देखिए तापनि प्रकृतिप्रेम, राष्ट्रवादी भावना, आध्यात्मिक चिन्तन, मानवतावादी भावना, नैतिकहीन चरित्रप्रति घृणाजस्ता प्रवृत्तिहरू महत्त्वपूर्ण देखिन्छन् ।

## अध्याय पाँच

# उपसंहार : सारांश तथा निष्कर्ष

### ५.१ सारांश

माता अयोध्यादेवी तथा पिता वेदनिधि अर्ज्यालका माहिला पुत्रका रूपमा वि.स. १९८८ चैत्र ७ गते शनिवारको दिन धादिङ जिल्लाको नलाङ गा.वि.स. वडा नं. २ अन्तर्गत आबृछाप भन्ने गाउँमा जन्मिएका डिल्लीरमण शर्मा अर्ज्यालले संस्कृत साहित्यमा शास्त्री उत्तीर्ण गरी आचार्यसम्मको अध्ययन गरेका थिए । वि.स.२०२० भाद्र १३ गते बिहिवारदेखि संस्कृत माध्यमिक पाठशाला नेवारपानी धादिङमा शिक्षकको रूपमा नियुक्त भई डिल्लीरमण जागिरे जीवनमा प्रवेश गरेको पाइन्छ । त्यसपछि थुप्रै स्कुलमा अध्यापनकार्यमा संलग्न रहँदै वि.स. २०५६ पौष १ गतेदेखि लागू हुनेगरी सरकारी सेवाबाट उनले स्वेच्छिक अवकाश लिएका थिए । त्यसपछि यिनी वि.स. २०५७ मा एक वर्ष धादिङ बोर्डिङ स्कुलको आग्रह बमोजिम सो स्कुलमा अध्यापन कार्यमा संलग्न रहे । यसरी हेर्दा यिनले जम्मा ३७ वर्ष ७ महिना १७ दिनसम्म शिक्षणकार्यमा संलग्न रहेको देखिन्छ । हाल यिनी घरमै अवकाशप्राप्त जीवन बिताइरहेका छन् । संस्कृत साहित्यको राम्रो अध्ययन गरेका अर्ज्याल आफ्नै आन्तरिक खुबीका कारण वि.स. २०२० देखि संस्कृत साहित्यमा कलम चलाएका भए पनि नेपाली साहित्यमा भने अर्ज्याल वि.स. २०४६ देखि प्रवेश गरेको देखिन्छ । प्रकाशनका सन्दर्भमा भन्दा उनको पहिलो प्रकाशित खण्डकाव्य **वेदनिधि** (शोककाव्य) (२०४६) रहेको छ । त्यसपछि उनले थुप्रै साहित्यिक कृतिहरूको प्रकाशन गरेको देखिन्छ । नेपाली भाषामा लिखित काव्यकृतिका अतिरिक्त उनका केही संस्कृत भाषामा लिखित साहित्यिक कृति, व्याकरण र अनुसन्धानमूलक पुस्तकसमेत प्रकाशित भएका छन् । अर्ज्याल साहित्यकार मात्र नभएर सम्पादक, समालोचक, जीवनीकार, टीकाकार, अनुवादक र पुस्तक लेखकका रूपमा समेत दत्तचित्त भएर लागेका व्यक्ति हुन् ।

जीवनजगत्बाट प्राप्त अनुभूतिको भाषाद्वारा गरिने लयात्मक अभिव्यक्ति नै साहित्य हो । साहित्यका विविध विधामध्ये कविता विधा पनि एक हो । यसै कविता विधाको उपविधागत भेद खण्डकाव्य हो । खण्डकाव्य महाकाव्यभन्दा सानो र फुटकर कविताभन्दा ठूलो संरचना भएको कविता विधाको उपविधा हो । पूर्वीय साहित्यशास्त्रमा सर्वप्रथम काव्यको परिभाषा दिने विद्वान् भामह भए पनि खण्डकाव्यलाई खास रूपमा चिनाउने काम विश्वनाथले गरेका हुन् । उनले महाकाव्यको एकादेशको

अनुशरण गर्ने रचना खण्डकाव्य हो भनेका छन् । विश्वनाथ पूर्वका रुद्रट, आनन्दवर्धन आदि विद्वानहरूले पनि प्रत्यक्ष परोक्ष रूपमा खण्डकाव्यको सङ्केत गरेका छन् । पाश्चात्य साहित्यमा खण्डकाव्यका बारेमा स्पष्ट दृष्टिकोण नपाइए पनि २०औं शताब्दीमा कविताका बृहत् रूप र लघु रूपका बीचको संरचना भएका कवितालाई 'लामो कविता' नाम दिइएको छ । यही लामो कविताले नै नेपालीमा प्रचलित 'खण्डकाव्य' नामलाई सम्बोधन गर्ने देखिन्छ । नेपाली साहित्यमा सर्वप्रथम खण्डकाव्यका बारेमा चिन्तन प्रस्तुत गर्ने व्यक्ति सोमनाथ सिग्द्याल हुन् । यिनीपछिका मोहन हिमांशु थापा, माधव घिमिरे आदिले पनि खण्डकाव्यका बारेमा आ-आफ्ना राय व्यक्त गरेका छन् तर खण्डकाव्यसम्बन्धी पूर्वीय र पाश्चात्य दुवै धारणालाई समेटेर वासुदेव त्रिपाठीले खण्डकाव्यका बारेमा उपयुक्त दृष्टिकोण व्यक्त गरेका छन् । यसरी सबै विद्वान्का विचारलाई आधार मान्दा कविताका लघुरूप र बृहत् रूपका बीचको मझौला आयाम भएको आख्यानात्मक वा आख्याननिरपेक्ष लयात्मक भाषिक अभिव्यक्ति खण्डकाव्यमा गरिएको हुन्छ । यी विभिन्न सैद्धान्तिक दृष्टिकोणका आधारमा शीर्षक, कथावस्तु, पात्रविधा, भावविधान, सर्गयोजना, लयविधान, रसविधान, परिवेशविधान, बिम्ब तथा प्रतीकविधान र भाषाशैलीलाई खण्डकाव्यका आधारभूत तत्त्व मान्न सकिन्छ ।

अर्ज्यालको साहित्यिक यात्रा वि.स.२०२० सालमै प्रारम्भ भएको पाइन्छ । सस्कृत भाषामा लेखिएको **श्रीरङ्गस्तुति** खण्डकाव्य प्रकाशन भएबाट नै उनको साहित्यिक यात्रा सुरु भएको देखिन्छ । थालनीदेखि वर्तमान समयसम्म नै उनी लेखनकार्यमा सधनारत रहेका छन् । यस बीचको तीस वर्षको समयावधिमा उनले खण्डकाव्य, महाकाव्य, कविता, कथा, निबन्ध, जीवनी, संस्मरणका साथै साहित्येतर तर्फ व्याकरण आदि विधामा पनि आफूलाई क्रियाशील बनाउँदै ल्याएका छन् । यसका अतिरिक्त उनले आफूलाई समालोचनाका क्षेत्रमा समेत सरिक गराएका छन् । उनको समग्र साहित्यिक लेखनलाई हेर्दा उनी सबैभन्दा बढी कविता विधासँग नजिकिएको पाइन्छ । उनका पुस्तक कृतिका रूपमा प्रकाशित साहित्यिक कृतिहरूमा **श्रीरङ्गस्तुति** (संस्कृत भाषामा लेखिएको खण्डकाव्य), **वेदनिधि** (शोककाव्य) **थोपल** (खण्डकाव्य), **रेडक्रस परिचय** (खण्डकाव्य), **धादिङ-मण्डल-परिचय** (संस्कृत भाषामा लेखिएको खण्डकाव्य), **अयोध्यादेवी** (शोककाव्य) **नेपाल दर्शन** (खण्डकाव्य), **जनआन्दोलन** (महाकाव्य), **गङ्गा जमुना** (कविता सङ्ग्रह), **मेलम्चीको तिर्खा** (कविता सङ्ग्रह), **गुरु दक्षिणा**(कविता सङ्ग्रह), **मुटु खायो** (गीतिसङ्ग्रह), **अष्टचिरञ्जिवी** (कथा सङ्ग्रह), **श्रीमद्भागवतमाहात्म्य** (गद्यानुवाद कथा सङ्ग्रह), **महाभारत विराटपर्व** (गद्यानुवाद कथा सङ्ग्रह), **विद्यार्थीहरूको कर्तव्य** (

निबन्ध सङ्ग्रह), **धातुपरिचय** (व्याकरण), **व्याकरण परिचय** (व्याकरण), **परिमार्जित तथा परिवर्तित व्याकरण परिचय** (व्याकरण), **छन्द परिचय** (व्याकरण), **जीवनका कथा व्याथाहरू** (संस्मरण सङ्गालो), **अर्ज्याल वंशक्रम** (अनुसन्धानमूलक कृति) र हस्तलिखित संस्कृत त्रिशद्श्लोकी र दशश्लोकी (अनुवाद) तथा हस्तलिखित संस्कृत जन्मोत्सवविधि र लक्ष्मीपूजाविधि लगायत प्रकाशित रहेका छन् । यस बाहेक उनका फुटकर कविता, समालोचना, निबन्धात्मक रचनाहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित छन् ।

नेपाली खण्डकाव्य लेखनमा अर्ज्यालको उदय प्रजातन्त्रको स्थापनासँगै भएको देखिन्छ । वि.स.२०४६ मा **वेदनिधि** शोककाव्य प्रकाशन हुन पुगेको थियो । त्यसैगरी अर्ज्यालका **थोपल** ( वि.स.२०५७), **रेडक्रस परिचय** (वि.स.२०६१), **अयोध्यादेवी** (वि.स.२०६६) र **नेपाल दर्शन** (वि.स.२०६७) खण्डकाव्य पनि प्रकाशित भइसकेको देखिन्छ । यसरी हेर्दा अर्ज्यालका नेपाली भाषामा जम्मा पाँचवटा खण्डकाव्य प्रकाशित भएका छन् । उनका पाँचवटा खण्डकाव्यमध्ये तीनवटालाई मात्रै हेर्दा **थोपल**मा प्रकृतिको महिमागान गर्दै प्रकृतिप्रति अगाध स्नेह प्रकट गरिएको छ भने **रेडक्रस परिचय**मा रेडक्रस नामक संस्थाका बारेमा चर्चा गर्दै मानवतावादी भाव प्रस्तुत गरिएको छ । त्यसैगरी उनको हालसम्मको अन्तिम खण्डकाव्य **नेपाल दर्शन**मा हाम्रो मातृभूमि नेपालको विविध पक्षको बडो सुन्दर ढङ्गले प्रस्तुति भएको पाइन्छ । उनका यी खण्डकाव्यहरूमा मुख्य रूपमा छन्दको परिष्कृत प्रयोग गरिएको छ । यी खण्डकाव्यलाई हेर्दा कवि अर्ज्याललाई परिष्कारवादी, स्वच्छन्दतावादी र सुधारवादी कविका रूपमा स्थान दिन सकिन्छ ।

अर्ज्यालका खण्डकाव्यहरूमध्ये **थोपल** (२०५७) प्रकृतिलाई विषयवस्तु बनाएर लेखिएको काव्य हो । विशेषगरी धादिङ जिल्लामा पर्ने थोपल नदीलाई नै मुख्य आधार मान्दै यस खण्डकाव्यको रचना भएको देखिन्छ । यस काव्यमा प्रकृतिको महिमागान गर्दै यसको संरक्षणमा जोड दिइएको छ । नेपालको पहाडी परिवेशलाई मुख्य आधार बनाएर सृजना गरिएको यस काव्यमा नेपाली सुन्दर प्रकृतिको गुणग्राही ढङ्गले चित्रण गरिएको छ । प्रकृतिमा भएका अथाह शक्तिलाई सदुपयोग गरी मानव हितमा लगाइ देश विकास गर्न अभिप्रेरित गर्नु नै यस काव्यको मुख्य उद्देश्य हो । मुख्य रूपमा करुण रसमा लेखिएको यस काव्यमा कतिपय ठाउँमा शान्त, शृङ्गार, बीभत्स आदि रसको प्रयोग पनि पाइन्छ । सानै आकार भए पनि यस खण्डकाव्यको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा सरल रैखीय ढाँचामा अगाडि बढेको छ । प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको यस काव्य वर्णनात्मक शैलीमा आधारित छ । प्रस्तुत काव्यमा प्रकृतिलाई मानवीकरण गरी पात्र चयन गरिएको छ । 'म' पात्र अर्थात थोपल नदी

एक्लैले सम्पूर्ण घटनाको वर्णन गरेको छ । 'म' पात्रले कथानक अगाडि बढाउने क्रममा ब्याधा, अप्सरा, इन्द्र, चराचुरुङ्गी, साँखु खोला, पलाँखु खोला, बुङ्चुङ खोला, अरुड खोला आदिका क्रियाकलापको वर्णन गरेकाले तिनलाई पनि मानवीय, दैवी, मानवेतर र निर्जीव आदि गौण पात्रका रुपमा चित्रण गर्न सकिन्छ । यस काव्यमा मुख्य रूपमा शार्दूलविक्रीडित, अनुष्टुप् र मन्दाक्रान्ता छन्दको प्रयोग गरिनुका साथै उपजाति, मालिनी र वसन्ततिलका छन्दले पनि थोरै भएपनि यस काव्यमा ठाउँ पाएको देखिन्छ । प्रायः सबै श्लोकहरूमा अन्त्यानुप्रासको योजना रहेको छ भने मध्यानुप्रास र आद्यानुप्रासको पनि प्रयोग विभिन्न ठाउँमा भएको देखिन्छ । त्यसैगरी वर्णहरूको पटक पटकको पुनरावृत्तिले काव्य थप लयात्मक बनेको काव्यमा बाह्य सौन्दर्य बढाउने गरी अनुप्रासादि अलङ्कारको प्रयोग गरिएको छ भने आन्तरिक सौन्दर्यलाई अझ उत्कर्ष प्रदान गर्नका लागि उपमा, दृष्टान्त, रूपक, विषयादि अर्थालङ्कारको पनि संयोजन पाइन्छ । तत्सम शब्दहरूको प्रयोग बढी मात्रामा भए पनि यस काव्य पढ्दा सजिलै बुझिने खालको रहेको छ । खासगरी वर्णनात्मक शैलीमा लेखिएको यस काव्यमा माधुर्य गुण र वैदर्भी रीतिजन्य शब्दहरूको प्रयोगले काव्यको उचाइ झनै बढ्न पुगेको छ ।

अन्तराष्ट्रिय मानवतावादी संस्था रेडक्रसका गतिविधिलाई प्रकाश पार्ने उद्देश्यले **रेडक्रस परिचय** (२०६१) नामक खण्डकाव्यको पनि प्रकाशन भएको देखिन्छ । विशेषगरी यस खण्डकाव्य संस्थापरक ऐतिहासिक विषयवस्तुमा आधारित मानवीय सेवा भावले ओतप्रोत रहेको छ । कविप्रौढोक्ति कथनढाँचामा लेखिएको यो काव्य वर्णनात्मक शैलीमा आधारित छ । प्रस्तुत काव्यमा 'म' पात्र अर्थात कवि एक्लैले सम्पूर्ण घटनाको वर्णन गरेका छन् । जसरी जाँ हेनरी ड्युनाले विश्व मानवको सेवामा समर्पित भएर रेडक्रस जस्तो परोपकार संस्थाको स्थापना गरे त्यसै गरी आजका सम्पूर्ण हामी मानवले पनि सबै मानवको सेवामा दत्तचित्त भएर काम गर्नका लागि अभिप्रेरित गर्नु नै यस खण्डकाव्यको मुख्य उद्देश्य हो । अझ यस खण्डकाव्यमा कवि अर्ज्यालले रेडक्रसको यथार्थ परिचय दिँदै यथार्थवादी-प्रगतिशील मूल स्वरमा समाज र राष्ट्रलाई परोपकारको भावनाबाट सुधारको चाहना राखेको पाइन्छ । मुख्य रूपमा शान्त रसमा लेखिएको यस काव्यमा कतिपय ठाउँमा करुण, वीर, बीभत्स आदि रसको प्रयोग पनि पाइन्छ । मुख्य रूपमा अनुष्टुप् छन्दको प्रयोग गरिएको देखिन्छ । प्रायः सबै श्लोकहरूमा अन्त्यानुप्रासको योजना रहेको छ भने मध्यानुप्रास र आद्यानुप्रासको पनि प्रयोग विभिन्न ठाउँमा भएको देखिन्छ । त्यसैगरी वर्णहरूको पटक पटकको पुनरावृत्तिले काव्य थप लयात्मक बन्नुका साथै काव्यमा बाह्य सौन्दर्य बढाउने गरी अनुप्रासादि

अलङ्कारको प्रयोग गरिएको छ भने आन्तरिक सौन्दर्यलाई अझ उत्कर्ष प्रदान गर्नका लागि संशय, अतिशयोक्ति अर्थालङ्कारको पनि संयोजन पाइन्छ । त्यस्तै काव्यमा प्रयोग भएका अनेक प्रकारका बिम्ब तथा प्रतीकको प्रयोगले काव्य थप ओजिलो बनेको छ । यस काव्यका पनि थुप्रै ठाउँमा तत्सम शब्दको प्रयोग गरिएको छ । तत्सम शब्दको बढी प्रयोग भए पनि काव्य पढ्दा सजिलै बुझिने खालको रहेको छ । खासगरी वर्णनात्मक शैलीमा लेखिएको यस काव्यमा माधुर्य गुण र वैदर्भी रीतिजन्य शब्दहरूको प्रयोगले काव्य थप मिठासपूर्ण बनेको छ ।

वि.स. २०६७ मा प्रकाशित खण्डकाव्य **नेपाल दर्शन** कवि डिल्लीरमण शर्मा अर्ज्यालको पाँचौ तथा हालसम्मको अन्तिम प्रकाशित नेपाली खण्डकाव्य हो । यस खण्डकाव्य नेपाल र नेपालीको यथार्थ चित्रणमा केन्दित भएको देखिन्छ । छवटा विश्राममा विभाजित यस खण्डकाव्य अर्ज्यालको नितान्त मौलिक काव्य हो । यहाँ हाम्रो देश नेपाल र नेपालीको लगभग समग्र पक्षको चर्चा परिचर्चा गर्दै यसको महिमागान गरिएको छ । काव्यको  मूल विषयवस्तु जम्मा ४० पृष्ठमा समेटिएकाले यसको आकार मध्यम छ ।  कविप्रौढोक्ति कथनढाँचामा लेखिएको यो काव्य वर्णनात्मक शैलीमा आधारित छ । प्रस्तुत काव्यमा ‘म’ पात्र अर्थात कवि एक्लैले सम्पूर्ण घटनाको वर्णन गरेका छन् । यस काव्यमा खासै उल्लेखनीय पात्रको उपस्थिति भएको देखिँदैन । यहाँ राम्रो परिवेशविधान पनि भएको देखिन्छ ।  हाम्रो देश नेपालको समग्र पक्षको चित्रण गर्नु नै यस खण्डकाव्यको मुख्य उद्देश्य हो । अझ यस खण्डकाव्यमा कवि अर्ज्यालले नेपाल र नेपालीको यथार्थ परिचय दिँदै आफ्नोपन अर्थात मौलिकता  बँचाइराख्नुपर्नेमा जोड दिएका छन् । आफ्नो धर्म, कला संस्कृति, भाषा, वेशभुषा लगायको उत्थानमा कविले जोड दिएको देखिन्छ । मुख्य रूपमा शान्त रसमा लेखिएको यस काव्यमा कतिपय ठाउँमा करुण, वीर र शृङ्गार आदि रसको प्रयोग पनि पाइन्छ । मुख्य रूपमा अनुष्टुप् छन्दको प्रयोग गरिएको यस काव्यमा उपजाति, शार्दूलविक्रीडित र शिखरिणी छन्दको पनि प्रयोग भएको देखिन्छ । प्रायः सबै श्लोकहरूमा अन्त्यानुप्रासको योजना रहेको छ भने मध्यानुप्रास र आद्यानुप्रासको पनि प्रयोग विभिन्न ठाउँमा भएको देखिन्छ । त्यसैगरी वर्णहरूको पटक पटकको पुनरावृत्तिले काव्य थप लयात्मक बन्नुका साथै काव्यमा बाह्य सौन्दर्य बढाउने गरी अनुप्रासादि अलङ्कारको प्रयोग गरिएको छ भने आन्तरिक सौन्दर्यलाई अझ उत्कर्ष प्रदान गर्नका लागि स्वभावोक्ति अर्थालङ्कारको पनि संयोजन पाइन्छ । त्यस्तै काव्यमा प्रयोग भएका अनेक प्रकारका बिम्ब तथा प्रतीकको प्रयोगले काव्य थप ओजिलो बनेको छ । यस काव्यमा भने तत्सम शब्दको साथसाथै अन्य

काव्यको तुलनामा तद्भव तथा मौलिक शब्दहरूको प्रयोग धेरै भएको देखिन्छ । त्यसैले पनि यो काव्य पढ्दा सजिलै बुझिने खालको रहेको छ । खासगरी वर्णनात्मक शैलीमा लेखिएको यस काव्यमा माधुर्य गुण र वैदर्भी रीतिजन्य शब्दहरूको प्रयोग बढी देखिन्छ ।

यसरी फुटकर कविताबाट नेपाली साहित्यमा प्रवेश गरेका अर्ज्याललले साहित्यका सम्पूर्ण विधामा आफ्नो कलम चलाउँदै आएका छन् । प्रकाशित रचनाहरूका आधारमा मुख्य रूपमा सशक्त कवि, कथाकार, व्याकरणकार र गौण रूपमा निबन्धकार, जीवनीकार, समालोचक र सम्पादकको रूपमा उनको महत्त्वपूर्ण स्थान रहेको छ । आफ्नो साहित्य यात्राको प्रारम्भदेखि हालसम्म निरन्तर साहित्यलेखमा साधनारत अर्ज्याल यस क्षेत्रका दीर्घ साहित्यसेवी हुन् । उनले स्थानीय तहदेखि राष्ट्रिय तहसम्मका विभिन्न शैक्षिक, सामाजिक र साहित्यिक क्षेत्रमा योगदान पुऱ्याउँदै आएका छन् । उनका दर्जनबढी कृति र दर्जनौ फुटकर रचनाहरूले उनलाई नेपाली साहित्यका अथक साधकका रूपमा स्थापित गराएका छन् । उनको जीवनी र व्यक्तित्वले सार्वजनिक रूपमा आदर्श छविलाई स्थापित गराएको छ भने उनको साहित्यसाधना नेपाली साहित्यको इतिहासमा उपलब्धिपूर्ण रहेको छ । अझ अर्ज्यालका प्रकाशित खण्डकाव्यका आधारमा उनलाई नेपाली खण्डकाव्य साहित्यका क्षेत्रमा स्थापित साहित्यकारका रूपमा हेर्न सकिन्छ ।

डिल्लीरमण शर्मा अर्ज्यालका नेपाली भाषामा प्रकाशित उपर्युक्त तीन खण्डकाव्यलाई अध्ययन गर्दा तिनमा विभिन्न प्रवृत्तिहरू भेट्न सकिन्छ । प्रकृतिप्रेम, आध्यात्मवादी चिन्तन, संस्कृत काव्यधाराको अनुसरण, प्राचीन आर्य सभ्यताप्रतिको मोह, देशभक्तिपूर्ण भावना, झिनो कथानकको प्रयोग, लयगत विविधता आदि उनका खण्डकाव्यगत प्रवृत्तिका रूपमा देखापर्छन् ।

## ५.२ निष्कर्ष

उपर्युक्त अध्ययन-अनुसन्धानबाट प्राप्त समष्टि निष्कर्षलाई निम्न लिखित बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ :

– डिल्लीरमण शर्मा अर्ज्याललले पूर्वीय काव्यसिद्धान्त अनुसार काव्यको रचना गरेका छन् ।

– उनले सामाजिक घटना र समाजभित्रैका यथार्थ पात्रको चयन गरी काव्यको रचना गरेका छन् ।

– उनले प्राकृतिक, ऐतिहासिक, पौराणिक तथा जीवनको यथार्थलाई विषयवस्तुका रूपमा लिएका छन् ।

– समसामयिक धारामा देखापरेका कवि भए पनि अर्ज्यालले परिष्कारवादी प्रवृत्तिलाई नै अँगालेको देखिन्छ ।

– उनका काव्यहरूमा देशभक्तिपूर्ण भावना, नीतिवादी चेतना, स्तुतिवादिता र आध्यात्मिक चिन्तनको स्पष्ट छाप पाइन्छ ।

– उनका काव्यकृति करुण र शान्त रसलाई मुख्य रसका रूपमा लिइएको पाइन्छ ।

– खण्डकाव्यमा कम पात्रको प्रयोग गरेर पनि सशक्त काव्यात्मक अभिव्यक्ति दिन अर्ज्याल सफल रहेको देखिन्छ ।

– उनका काव्यमा छन्द, रस, गुण र अलङ्कार आदिको बौद्धिक प्रयोगमा जोड दिइएको पाइन्छ ।

– विविध लयढाँचाका प्रयोक्ता अर्ज्याल शास्त्रीय बद्ध लयढाँचाका सफल प्रयोक्ता मानिन्छन् ।

– प्रकृतिलाई विषयवस्तु बनाएका उनका खण्डकाव्यहरू बढी रहेका छन् ।

– अर्ज्यालका काव्यहरूमा तत्सम र तद्भवनिष्ठ भाषाशैलीको प्रयोग अधिक देखिन्छ ।

– उनका काव्यमा शीर्षक र विषयवस्तुका बीचमा तालमेल रहेको देखिन्छ ।

– अर्ज्यालका काव्यमा समाजका विकृति, विसङ्गति, कुसंस्कारप्रति विरोध गर्दै मानवतावादी चिन्तनको विकासमा जोड दिइएको पाइन्छ ।

– आफ्नो राष्ट्र, राष्ट्रियता, धर्म, भाषा, कला-संस्कृति, वेशभुषा, रहनसहनप्रति अगाध स्नेह प्रकट गरिएको पाइन्छ ।

– उनले नैतिकताको मार्गबाट कहिल्यै पछि हट्न नहुने कुरामा जोड दिइएको पाइन्छ ।

– उनका खण्डकाव्यहरूमध्ये **नेपाल दर्शन** विशेष शक्तिशाली रहेको छ ।

यसरी पूर्वीय काव्यकलाका प्रयोक्ता खण्डकाव्यकार डिल्लीरमण शर्मा अर्ज्यालको खण्डकाव्यकारितामाथि यो शोध अध्ययन गरिएको छ । यस शोधकार्यका अध्यायहरूबाट उनको खण्डकाव्यकारिताका बारेमा एउटा स्पष्ट दृष्टिकोण प्राप्त गर्न सकिन्छ । अर्ज्यालका खण्डकाव्यका अन्य

धेरै पक्षहरूमाथि शोधकार्य वा गहन अध्ययन गर्न सकिने सम्भावना रहिरहेकै छ । डिल्लीरमण शर्मा अर्ज्यालका खण्डकाव्यहरूसँग सम्बन्धित अध्ययनका सम्भावित शीर्षकहरू निम्नानुसारका छन्-

क) डिल्लीरमण शर्मा अर्ज्यालका खण्डकाव्यहरूमा समाजिकता,

ख) छन्द प्रयोगका दृष्टिले डिल्लीरमण शर्मा अर्ज्यालका खण्डकाव्यहरूको अध्ययन,

ग) चरित्रचित्रणका दृष्टिकोणबाट डिल्लीरमण शर्मा अर्ज्यालका खण्डकाव्यहरूको अध्ययन ।

**–समाप्त–**

## सन्दर्भग्रन्थ सूची

### (क) पुस्तक सूची


अधिकारी, हेमाङ्गराज. **पूर्वीय समालोचना सिद्धान्त.** चौ.सं., काठमाडौँ : कर्जना प्रिन्टिङ्ग प्रेस, २०५० ।

______________ र बद्रीविशाल भट्टराई. **प्रयोगात्मक नेपाली शब्दकोश**. काठमाडौँ : विद्यार्थी प्रकाशन, २०६८ ।

अर्ज्याल, डिल्लीरमण शर्मा. **गङ्गा जमुना.** धादिङ : लेखक स्वयम्, २०५८ ।

______________ .**छन्दपरिचय.** धादिङ : लेखक स्वयम्, २०५७ ।

______________.**जीवनको कथाव्यथाहरू.** धादिङ : लेखक स्वयम्, २०५८ ।

______________ .**थोपल.** धादिङ : लेखक स्वयम्, २०५७ ।

______________ .**नेपाल दर्शन**. धादिङ : लेखक स्वयम्, २०६७ ।

______________ .**मुटु खायो**. धादिङ : लेखक स्वयम्, २०५७ ।

______________ .**रेडक्रस परिचय.** धादिङ : लेखक स्वयम्, २०६१ ।

______________.**श्रीमदभागवत् माहात्म्य** (गद्यानुवाद कथा). धादिङ : स्वयम्, २०६२ ।

अवस्थी, महादेव. **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**. काठमाडौँ : इन्टलेक्च्युअल बुक प्यालेस, २०६४ ।

आचार्य, कृष्णप्रसाद. **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**. काठमाडौँ : क्षितिज प्रकाशन, २०६४ ।

उपाध्याय, केशवप्रसाद. **साहित्य प्रकाश** (चौ.सं.). काठमाडौँ : क्षितिज प्रकाशन, २०४४ ।

गुप्ता, शान्तिस्वरूप. **पाश्चात्य काव्य शास्त्रको सिद्धान्त** (दो.सं.). दिल्ली : अशोक प्रकाशन, सन् १९९२ ।

घिमिरे, माधव (सम्पा.). **पच्चीस वर्षका खण्डकाव्य.** काठमाडौँ : ने.रा.प्र.प्र., २०३९ ।

जगन्नाथ. **रसगङ्गाधर** (ते.सं.). वाराणसी : चौखम्बा विद्याभवन, सन् १९८८ ।

ज्ञवाली, रामप्रसाद र अन्य. **नेपाली कविता-काव्य**. काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०६४ ।

ढुङ्गाना, लवण्यप्रसाद र घनश्याम दाहल. **खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य**. काठमाडौँ : भुँडी पुराण प्रकाशन, २०५७ ।

त्रिपाठी, वासुदेव. **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** भाग १ (ते.सं.).काठमाडौँ : साझा प्रकाशन, २०४८ ।

______________ र अन्य (सम्पा.)... **नेपाली कविता** भाग ४ (चौ.सं.). काठमाडौँ : साझा प्रकाशन, २०६० ।

______________.**नेपाली बृहत् शब्दकोश**. काठमाडौँ : ने.प्र.प्र., २०४० ।

थापा, हिमांशु. **साहित्य परिचय** (चौ.सं.). काठमाडौँ : साझा प्रकाशन, २०५० ।

नेपाल, देवी. **छन्द-पराग**. काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०६२ ।

न्यौपाने, टङ्कप्रसाद. **साहित्यको रूपरेखा** (दो.सं.). काठमाडौँ : साझा प्रकाशन, २०४९ ।

पोखरेल, भानुभक्त. **सिद्धान्त र साहित्य**. विराटनगर : कुलचन्द्र शर्मा, २०४० ।

बराल, कृष्णहरि. **गजल : सिद्धान्त र परम्परा.** काठमाडौँ : साझा प्रकाशन, २०६४ ।

शर्मा, मोहनराज. **शैली विज्ञान**. काठमाडौँ : ने.रा.प्र.प्र, २०४८ ।

______________र खगेन्द्रप्रसाद लुइटेल..**पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

______________. **शोधविधि** (दो.सं.). काठमाडौँ : साझा प्रकाशन, २०५५ ।

सिग्द्याल, सोमनाथ. **साहित्य प्रदीप.** काठमाडौँ : नेपाल एकेडमी, २०१६ ।

सिंह, सुरेन्द्रनाथ. **काव्यका शास्त्रीय अध्ययन**. दिल्ली : राधाकृष्ण प्रकाशन, सन् १९७२ ।

**श्रीमद्भागवद् गीता**. गोरखपुर : गीता प्रेस, सन् १९४७ ।

**(ख) शोधपत्र सूची**

अर्याल, रामप्रसाद. "वेणीमाधव ढकालको खण्डकाव्यकारिता". अप्रकाशित स्नातकोत्तर शोधपत्र.नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०६५ ।

पौडेल, डिल्लीराज. "डिल्लीरमण शर्मा अर्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन". अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग, त्रि.वि.,२०६२ ।

लम्साल, रामहरि. "धादिङ साहित्यकारको अध्ययन". अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०५३ ।

लामिछाने, माधवप्रसाद. "भुवनहरि सिग्देलको खण्डकाव्यकारिता". अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०६५ ।

**(ग) पत्रपत्रिका सूची**

घिमिरे, कपिल (सम्पा.). 'कीर्ति कमाउन म साहित्यमा निरन्तर लागि रहेछु'. **मधुपर्क**. २०६० चैत्र ।

थापामगर, सुरेन्द्रकुमार र अन्य. 'धादिङ जिल्लाको साहित्यिक इतिहास'. **आँखुको सुसेली.** धादिङ : कर्मचारी मिलन, २०५५ ।

श्रेष्ठ, भारती. 'शङ्कै शङ्कामा कवि किसान' **जनमत**. (मासिक), काठमाडौ : प्रकाशन, २०६० चैत्र ।

————— .'खाँडी'. **जनमत** (मासिक). काठमाडौं : प्रकाशन २०६१ असार ।